पूर्णाङ्क ५५, २०७८ भदौ

# सहभागिता

सहभागीमूलक विकास पत्रिका (त्रैमासिक)

## दिगो विकास लक्ष्य र स्थानीयकरण विशेषाङ्क



# सहभागिता भित्र कहाँ के छ ?

*नेपालमा दिगो विकास लक्ष्यको स्थानीयकरण- एक आमनागरिकको आँखामा*
डा. शिवेशचन्द्र रेग्मी ........ २

*दिगो विकास लक्ष्यका सन्दर्भमा स्थानीय सरकारमा सूचनाको हक प्रचलन*
कृष्णहरि बास्कोटा ........ ८

*दिगो विकास र समृद्धिका लागि 'दिगो पर्यटन'को सोच र स्थानीय अभ्यास*
चेतनाथ कणेल ........ १५

*भोकमरी अन्त्य गर्न खाद्य तथा पोषण सुरक्षामा दिगो विकास लक्ष्यको स्थानीयकरण*
प्रा.डा. नरविक्रम थापा ........ २२

*दिगो विकासका लक्ष्यहरूको स्थानीयकरणमा देखिएका चुनौती र अवसरहरू*
भोला भट्टराई ........ ३४

*जनमुखी भूमि व्यवस्था र दिगो विकास*
जगत देउजा ........ ३७

*दिगो विकासका लागि अनुगमन संयन्त्रको भूमिका*
डा. मीनाक्षी दाहाल ........ ४२

*दिगो विकास लक्ष्यको स्थानीयकरण : किन र कसरी ?*
दीपक श्रेष्ठ ........ ४६

*दिगो विकास र सार्थक विद्यालय भर्ना*
विनोद तिमिल्सेना ........ ५१

*स्थानीय विकास र सकारात्मक सोच*
डा. चण्डीप्रसाद चापागाईं ........ ५५

*दिगो विकासका लागि लघुवित्त सेवा*
गोकुलचन्द्र अधिकारी ........ ६०

*नेपालमा दिगो विकासका लागि दिगो सडक निर्माण : अवसर र चुनौतीहरू*
गोपीकृष्ण ढुङ्गाना ........ ७०

*दिगो विकास लक्ष्यको स्थानीयकरण र छत्रकोटको सन्दर्भ*
प्रदीप पन्थ ........ ८०

*दिगो विकास लक्ष्य र नेपालमा मानसिक स्वास्थ्य*
ज्योत्स्ना डाँगी/ डा.नरेन्द्र सिंह ठगुन्ना ........ ८३

## अन्य स्तम्भहरू

● नेपानको २६ औं कार्यकारिणी समितिको चिनारी ● पुस्तक समीक्षा ● नेपान गतिविधि
● नेपान स्रोतकेन्द्रमा उपलब्ध नयाँ सामग्रीहरू ● नेपान अक्षय-कोष : जानकारी र अनुरोध

## सम्पादकीय

# नेपान र दिगो विकास लक्ष्यको स्थानीयकरणमा समर्पित अङ्क

नेपाल सहभागीमूलक कार्य समूह (नेपान) हरेक क्षेत्रमा सहभागितामूलक पद्धतिको प्रवर्द्धनमा विशिष्ट ढङ्गले सक्रिय रहँदै आएको छ। यो संस्था विकास, सामाजिक रूपान्तरण एवम् क्षमता अभिवृद्धिका सवालहरूमा विगत अढाई दशकभन्दा अघिदेखि कार्यरत विशेषज्ञतापूर्ण संस्थाको रूपमा परिचित छ। विभिन्न क्षेत्रका करिब ४०० विज्ञहरू र नेपालको सामाजिक रूपान्तरणका क्षेत्रमा ख्यातिप्राप्त केही संस्थाहरू समेत सदस्य रहेको नेपानले राष्ट्रका नीति-निर्माणका सन्दर्भमा पनि योगदान गर्दै आएको छ। सहभागितामूलक पद्धति प्रवर्द्धन र ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षाका लागि उपयुक्त नीति-निर्माणमा नेपानले विगतमा खेलेको भूमिका बेलाबखत चर्चाको विषयसमेत बन्ने गरेको छ। यसैवर्ष पनि राष्ट्रिय योजना आयोगसँगको सहकार्यमा नेपानले नेपालको वर्तमान शासकीय प्रणालीसँग मेल खाने किसिमको राष्ट्रिय एकीकृत प्रतिवेदन ढाँचा निर्माण गरेको कार्य नेपानका विशिष्ट किसिमका सक्रियताको एउटा पछिल्लो महत्वपूर्ण उदाहरण हो। यस संस्थाले राष्ट्रिय स्तरमा विचार र बहस निर्माणका लागि आफ्नो मासिक अन्तरक्रिया कार्यक्रमलाई अगाडि बढाइरहेको छ भने अध्ययन, अनुसन्धान र विभिन्न संस्थाहरूको क्षमता अभिवृद्धिका विविध क्रियाकलापहरूलाई पनि यो संस्था कोभिड-१९ जस्तो समाजलाई नै अस्तव्यस्त बनाइरहेको अवस्थामा समेत सक्रिय रहेको छ। यसले लोकतन्त्र र संघीयताको मूल मर्मको सम्वर्द्धनका लागि तृणमूल तहका आवाजहरूलाई समेत उठान गर्ने प्रयत्न गरेको छ। नेपालमा संघीयताको कार्यान्वयनका सवालहरूमा वडा तहका प्रतिनिधिमूलक आवाजहरूलाई समेट्दै हालसालै सञ्चालन गरेको राष्ट्रिय स्तरको छलफल पनि यस दिशाको एउटा कोशेढुङ्गाको रूपमा रहेको छ।

उल्लिखित अनेक क्रियाशिलताहरूका साथसाथै गएको वर्षदेखि नेपानले विश्वव्यापी दिगो विकास लक्ष्यको स्थानीयकरणलाई विशेष जोड दिएर आफ्ना क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ। यूएनडीपीको सहयोग र राष्ट्रिय योजना आयोगसँगको सहकार्यमा नेपान अहिले पनि नेपालका सातवटै प्रदेश र प्रतिनिधिमूलक २८ वटा पालिकाहरूमा दिगो विकास लक्ष्यको स्थानीयकरणको हालको अवस्थाको समग्र अध्ययन, विश्लेषण गरी आगामी दिनमा नेपालमा दिगो विकास लक्ष्यलाई प्रभावकारी रूपमा स्थानीयकरण गर्नका लागि सिफारिससहितको प्रतिवेदन तयार गर्ने कार्यमा जुटिरहेको छ।

यिनै क्रियाशीलताहरूका बीच नेपानको महत्वपूर्ण प्रकाशनको रूपमा रहेको 'सहभागिता'को यस ५५ औं पूर्णाङ्कलाई पनि हामीले 'दिगो विकास लक्ष्यको स्थानीयकरण' विशेषाङ्कका रूपमै प्रकाशन गर्ने निधो गर्‍यौं। यसमा दिगो विकास लक्ष्यलाई हेर्ने आमनागरिकको आँखादेखि दिगो विकास लक्ष्यलाई अगाडि बढाउने सन्दर्भमा रहेका राष्ट्रका प्रयत्न र कमीकमजोरीहरूको समेत विभिन्न लेखकहरूको आँखाबाट विवेचना गर्ने कार्य गरिएको छ। यस अंकमा समेटिएका लेखहरूमा प्रस्तुत विचार र विवरणहरू भने नेपानका नभई लेखकहरूकै निजी हुन्। त्यसैले हामीले सम्पादनका सिलसिलामा पनि तिनलाई नेपानीकरण गर्ने प्रयत्न नगरी एउटा सुन्दर बगैंचामा थरिथरिका फूलहरू आ-आफ्नै ढङ्गले हुर्कन र फुल्न पाउनु पर्छ मान्यतालाई रोज्यौं। हामीलाई आशा एवम् विश्वास छ, यस अंकमा प्रस्तुत सामग्रीहरूबाट दिगो विकास लक्ष्यको स्थानीयकरणका लागि ध्यान दिनैपर्ने थुप्रै महत्वपूर्ण विचार, तर्क र तथ्यहरू जो जसलाई सम्बन्धित छ, तत्तत् निकाय, पदाधिकारी र इच्छुक महानुभावहरूले पाउनु हुनेछ। ती विचार, तथ्य र तर्कहरू मननीय र ग्रहणीय छन्, यत्ति कुरा चाहिँ हामी निसंकोच भन्न सक्दछौं। यहाँहरूको सुझावको हामी सदैव अपेक्षा गर्दछौं।

अन्तमा, यस अंकका लागि आवश्यक लेख तथा सामग्रीहरू निशुल्क उपलब्ध गराएर हामीलाई गुन लगाउनु हुने लेखक महानुभावहरू, आवरण तस्वीर उपलब्ध गराइदिनु हुने रामचन्द्र सेढाई, माउन्टेन हेरिटेज, काठमाडौं, यसको प्रकाशनको चाँजोपाँजो मिलाउने नेपान सचिवालयका साथीहरू, डिजाइन कार्यमा योगदान गर्ने ड्रिमवर्क्स प्रिन्टर्स एवम् सम्पूर्ण सहयोगी हातहरूलाई सहभागिताको यस अंकको सम्पादक मण्डल र नेपानको वर्तमान कार्यसमिति हार्दिक आभार व्यक्त गर्दछ। धन्यवाद।

**तोया गौतम**
**प्रधान-सम्पादक**


**सहभागिता**

वर्ष २५: अङ्क १-४ (संयुक्ताङ्क)
पूर्णाङ्क ५५, २०७८ भदौ
जि.प्र.का. काठमाडौं दर्ता नं.: १५५/२०५६/०५७

**प्रधान-सम्पादक**
तोया गौतम

**सम्पादन सल्लाहकार**
डा. फविन्द्र भण्डारी
चेतनाथ कणेल

**सम्पादकहरू**
विनोदकुमार तिमिल्सेना
श्रीराम के.सी.

**व्यवस्थापन सहयोगी**
तुलसी सापकोटा

**प्रकाशक**
नेपाल सहभागीमूलक कार्य समूह (नेपान)


धोमान टोल, सहयोगी नगर, जनता सडक,
कोटेश्वर, काठमाडौं-३२, नेपाल
पो.ब.नं.: १३७९१, काठमाडौं।
फोन नं.: (९७७) ०१ ४१५४९३८
इमेल: nepan2021@gmail.com
वेबसाइट: www.nepan.org.np


**प्रेस**
ड्रिमवर्क्स प्रिन्टर्स
काठमाडौं, ९८५१००५१७७

आवरण तस्विर
कैलालीको भादागाउँमा सञ्चालित
थारु सामुदायिक होमस्टेका महिला सञ्चालकहरू
लाठीनृत्यमा रमाउँदै।
(तस्विर सौजन्य : रामचन्द्र सेढाई,
माउन्टेन हेरिटेज, काठमाडौं)



सहभागितामा प्रकाशित विचारहरू
लेखकका निजी विचार हुन्। यसले
नेपानको कुनै प्रतिनिधित्व गर्दैन।



यस अङ्कको लागि
व्यक्तिगत मूल्य रू. १००/-
संस्थागत मूल्य रू. २००/-

# नेपालमा दिगो विकास लक्ष्यको स्थानीयकरण- एक आमनागरिकको आँखामा



डा. शिवेशचन्द्र रेग्मी

यो लेखमा उच्च शिक्षा तथा लामो अनुभवप्राप्त व्यक्तिको दृष्टिकोण नभई एउटा साधारण तर सचेत व्यक्तिको दृष्टिकोण राख्ने जमर्को गरेको छु। त्यसैले, यो लेखमा दिगो विकास लक्ष्यको जन्म कसरी भयो, यसले नेपाल लगायत विश्वमा के कस्ता लक्ष्यहरू प्राप्त गर्न खोजेको छ, कस्ता विषय/लक्ष्यहरू यसभित्र समेटिएका छन् र यससम्बन्धी दक्षता हासिल गरेका विशेषज्ञहरू, ख्यातिप्राप्त युनडीपीदेखि द्विपक्षीय र बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरू, गैरसरकारी संस्थाहरू लगायत अनुसन्धान र बौद्धिक क्षेत्रले के गरिरहेका छन्, उनीहरूको विश्लेषण के छ आदि कुराहरूको सैद्धान्तिक पक्ष समावेश गरिएको छैन। साथै, यो लेखमा दिगो विकास लक्ष्यअन्तर्गतका १७ वटा लक्ष्यहरूको विश्लेषण पनि गरिएको छैन। मैले यो लेखलाई नितान्त वैचारिक चिन्तनको लागि एउटा साधारण नागरिकको तर्फबाट गरिने एउटा अनौपचारिक छलफलको रूपमा मात्र प्रस्तुत गर्न खोजेको छु। त्यसैले, यो लेख तयार गर्ने सन्दर्भमा मैले दिगो विकास लक्ष्यसम्बन्धी कुनै पनि किताब, प्रतिवेदन, प्रकाशित लेख र सन्दर्भ सामग्रीहरूको अध्ययन गरिनँ। यो लेख नितान्त रूपमा दिगो विकाससम्बन्धी रेडियो तथा टेलिभिजनबाट सम्प्रेषण गरिएका यदाकदा सुनिएका समाचारहरू, पत्रपत्रिका पढ्दा यससम्बन्धी आकस्मिक रूपमा पढिएका खबरहरू, कुनै अनौपचारिक छलफलमा बस्दा सहभागीहरूले व्यक्त गरेका विचारहरूलाई आफू बसेको समाजको वरिपरि घटित केही घटनाहरूसँग जोड्ने प्रयास गर्दै दिगो विकास लक्ष्यको स्थानीयकरणमा नेपाल कहाँ छ भन्ने प्रश्नलाई केलाउने प्रयास मात्र गरिएको छ।

> 'मैले यो लेखलाई नितान्त वैचारिक चिन्तनको लागि एउटा साधारण नागरिकको तर्फबाट गरिने एउटा अनौपचारिक छलफलको रूपमा मात्र प्रस्तुत गर्न खोजेको छु।'

संयुक्त राष्ट्रसंघसँग जोडिएका सयौं राष्ट्रहरूको झन्डै १५ वर्षको सहश्राव्दी विकास लक्ष्य प्राप्त गर्ने सन्दर्भका सबल र कमजोर पक्षहरूको अनुभवलाई समेटी, विश्लेषण गरी यसलाई अझ बढी परिपक्व बनाउँदै पस्किएको दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) नेपालजस्ता अविकसित र विकासोन्मुख देशका लागि ज्यादै महत्वपूर्ण, सान्दर्भिक र उपयुक्त छ भन्ने कुरामा शायद नै कुनै बहसको आवश्यकता पर्न जाला। त्यसैअनुरूप नेपालको संविधान, वि.सं. २०७२ र त्यसपछि ल्याइएका सबै महत्वपूर्ण राष्ट्रिय दस्तावेजहरूले (दीर्घकालीन योजनाहरू, राष्ट्रिय नीतिहरू, विषयगत नीति तथा कार्यक्रमहरू आदि) पनि

दिगो विकास लक्ष्यलाई पूर्ण रूपमा अपनाइसकेका छन् । देशको मूल कानुनको रूपमा रहेको नेपालको संविधान, वि.सं. २०७२ ले दिगो विकास लक्ष्यलाई पूर्णत: स्वीकारिसकेको अवस्था र यस दस्तावेजले नेपाललाई संघीयतातर्फ धकेली पनि सकेको सन्दर्भमा यी दुई पक्षहरूको तालमेललाई राम्रोसँग केलाएरमात्र नेपालले दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरी तोकिएको समयभित्रै दिगो विकास लक्ष्य प्राप्त गर्न सक्छ वा सक्दैन भन्न सकिन्छ ।

नेपालको संविधानले नेपाललाई संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तीन तहको शासन प्रणाली दिएको सन्दर्भमा यो शासन प्रणालीअन्तर्गत नेपालले दिगो विकास लक्ष्य कसरी प्राप्त गर्न सक्छ र त्यसको लागि यसले के गर्नु पर्छ भन्ने कुरा बुझ्नु उपयुक्त हुन्छ । सरल अर्थमा भन्नुपर्दा देशको ऐन, कानुन, वित्त र वित्तीय व्यवस्था, सामरिक महत्वका विषयहरू, अन्तर्राष्ट्रिय सम्बन्ध र छिमेकी राष्ट्रहरूसँगको सीमा लगायतका सम्बन्धहरू, राष्ट्रिय सुरक्षाका सवालहरू र राष्ट्रिय गौरवका कार्यक्रमहरू, संघीय सरकारको जिम्मेवारी, स्थानीय स्तरमा गरिनु पर्ने विकासका सम्पूर्ण कामहरू स्थानीय सरकारको जिम्मेवारी र यी दुई तहका सरकारको बीच समन्वय गर्ने जिम्मेवारी प्रदेश सरकारको हो । (प्रदेश सरकारको कुरा गर्दा यो तह आवश्यक हो वा होइन भन्ने विषयलाई यस लेखमा समेटिने छैन किनकि यो बीचको सरकारलाई राजनीतिक दलहरूले आफ्नो राजनीतिक उद्देश्य पूरा गर्ने र आफ्ना कार्यकर्ताहरूलाई रोजगारी दिलाउने, ठेक्कापट्टा मिलाइदिने, दलीय स्वार्थ पूरा गर्ने राजनीतिको अखडा बाहेक यसको अरू कुनै अर्थ छैन भन्ने बहस आमनागरिकहरूका बीच धेरै नै भइसकेको छ ।) यस अर्थमा दिगो विकास प्राप्तिका लागि राष्ट्रिय तहको उपयुक्त ढाँचा तयार गर्ने, कार्यान्वयनको रूपरेखा तयार गर्ने, राष्ट्रियस्तरका निकाय तथा संरचनाहरू आवश्यकताअनुसार निर्माण गर्ने, उद्देश्य प्राप्त भएको नभएको अनुगमन गर्न अनुगमन तथा मूल्याङ्कनको ढाँचा, विधि र तौरतरिकाहरू तयार गर्ने, त्यसका लागि आवश्यक संरचना तयार गर्ने जिम्मेवारी संघीय सरकारको रहेपनि ती लक्ष्यहरू प्राप्तिका लागि स्थानीयस्तरमा गरिनु पर्ने सम्पूर्ण कामहरूको जिम्मेवारी स्थानीय सरकारको हो । अर्थात्, स्थानीय तहमा स्थानीय सरकारहरूले दिगो विकास लक्ष्य प्राप्तिका लागि गरेका कार्यहरूको संयुक्त प्रयास र उपलब्धिले नै नेपालले उक्त लक्ष्य प्राप्त गर्न सक्छ वा सक्दैन भन्ने कुराको सुनिश्चितता हुन्छ ।

> 'जबसम्म नेपालले प्राप्त गर्न खोजेको दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरिँदैन, उक्त लक्ष्य पूरा हुने सम्भावना रहँदैन ।'

तसर्थ, जबसम्म नेपालले प्राप्त गर्न खोजेको दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरिँदैन, उक्त लक्ष्य पूरा हुने सम्भावना रहँदैन । यसको मतलब यो हो कि कुनै पनि लक्ष्यलाई पूरा गर्न उक्त लक्ष्यलाई नेपालका हरेक गाउँपालिका, नगरपालिका र यी पालिकाहरूअन्तर्गतका वडाहरूको स्तरमा पनि गएर परिभाषित गरिनु आवश्यक छ । राष्ट्रियस्तरमा परिभाषित लक्ष्यलाई पालिका र वडास्तरमा कसरी बुझने र बुझाउने ? कसको जिम्मेवारी के हो ? के कस्ता काम गर्दा ती लक्ष्यहरू पूरा हुन सक्दछन् ? काम गर्ने क्षेत्र के हुन् ? कसरी काम गर्दा लक्ष्य पूरा हुन सक्ला ? कामका लागि आवश्यक स्रोत, साधन, पुँजी, कहाँबाट जुटाउने ? काम भए नभएको हेर्ने जिम्मेवारी कसको हो ? कामको प्रगतिसम्बन्धी तथ्याङ्कको संकलन कसले र कसरी गर्ने ? संकलित तथ्याङ्कलाई कहाँ बुझाउने ? आदि कुराहरूमा स्पष्टता भै ती कुराहरूलाई स्थानीय सरकारको वार्षिक नीति तथा कार्यक्रममा समावेश गराउन सकेमा त्यसलाई नै एक आमनागरिकले दिगो विकास लक्ष्यको स्थानीयकरण भन्ने बुझ्नु पर्दछ । दिगो विकास लक्ष्यका १७ वटै लक्ष्यहरूलाई स्थानीयस्तरमा कसरी बुझिएको छ र तिनको स्थानीयकरण भएको छ वा छैन भन्ने कुराको विश्लेषण यस लेखको दायराबाट बाहिर भएकाले यस लेखले तीमध्येका तीनवटा लक्ष्यहरूलाई मात्रै समेट्ने प्रयास गरेको छ, जुन निम्नबमोजिम छन् :

- दिगो विकास लक्ष्य ३- सबै उमेरका व्यक्तिहरूको स्वास्थ्य र कल्याण सुनिश्चित गर्ने ।
- दिगो विकास लक्ष्य ५ - लैङ्गिक समानता तथा सबै महिला र बालिकाहरूको सशक्तीकरण ।
- दिगो विकास लक्ष्य १५- वातावरण, पर्यावरण, वन-जंगल तथा जैविक विविधताको उचित प्रवर्द्धन तथा व्यवस्थापन र भू-क्षय तथा मरुभूमिकरणको नियन्त्रण तथा रोकथाम ।

## दिगो विकास लक्ष्य ३ : सबै उमेरका व्यक्तिहरूको स्वास्थ्य र कल्याणको सुनिश्चितता

नेपालको संघीय प्रणालीअन्तर्गत सबैको सुस्वास्थ्यसम्बन्धी लक्ष्य प्राप्त गर्ने भन्नाले प्रत्येक गाउँपालिका, नगरपालिका र ती अन्तर्गतका वडाहरूले आ-आफ्नो कार्य क्षेत्र/चुनावी क्षेत्रभित्र संघीय सरकार र सो मातहतको मन्त्रालय र अन्य सम्बन्धित निकायहरूले तोकिदिएका स्वास्थ्यसम्बन्धी, नीति र मापदण्डभित्र रहेर स्वास्थ्यसम्बन्धी सम्पूर्ण कार्यक्रम सञ्चालन

गर्ने भन्ने बुझिन्छ । साथसाथै, ती कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक पूर्वाधार, दक्ष जनशक्ति, बजेट र अन्य आवश्यक स्रोत-साधनहरूको उपलब्धतालाई सुनिश्चित गर्ने कुरालाई पनि बुझिन्छ । यो पृष्ठभूमिमा यस लेखले जनताको स्वस्थ रहने अधिकार एकातिर र यो अधिकारलाई स्थानीयकरण गरिनुपर्ने स्थानीय सरकारको दायित्व अर्कोतिर, यी दुई कुरालाई ध्यान दिई २०७६ सालको पुस महिनादेखि विश्वमा नै महामारीको रूपमा देखिएको कोरोना रोकथाम र नियन्त्रणमा नेपालको स्थानीय सरकारले खेल्नुपर्ने भूमिकामाथि केही विवेचना गर्ने प्रयास गरिएको छ । कोरोना संक्रमणको कहालीलाग्दो प्रभावले छिमेकी राष्ट्रहरू लगायत विश्वका विभिन्न मुलुकहरू क्षतविक्षत हुँदा र यसको असर उनीहरूले सामाजिक, आर्थिक, राजनीतिक, रोजगारी, जीविकोपार्जन आदि समस्त क्षेत्रहरूमा भोगिरहँदा नेपाल पनि त्यसको डरलाग्दो असरको चपेटामा पर्नसक्ने हुनाले त्यसका लागि आवश्यक तयारी गर्न स्वास्थ्य विशेषज्ञहरूले सचेत गरिरहँदा पनि न त नेपालको स्थानीय सरकार, न त संघीय सरकार नै यसबारे गम्भीर भएको पाइयो । फलस्वरूप, 'पर्ख र हेर' को अवस्थामा नेपालले सुरुको तीन महिना त्यत्तिकै गुमायो र त्यसपछि पनि ' पर्ख र हेर' कै स्थितिमा २०७६ साल चैत महिनामा सुरु गरेको लकडाउनमा अर्को तीन महिना बितायो ।

> 'नेपाली चेलीहरूको भित्री अवस्थालाई नियालेर हेर्ने हो भने वास्तविकता अर्कै छ - यो कहालीलाग्दो छ, यो डरलाग्दो छ र यो लाजलाग्दो छ ।'

कोरोनाको प्रभाव देखिनु अगाडि र देखिसकेपछि गरी सुरुको छ महिनामा नेपालको कुनै पनि तहको सरकारबाट कोरोना नियन्त्रण र रोकथामका लागि खासै पहल भएन जबकि यो समयमा हरेक स्थानीय सरकारले आ-आफ्नो चुनावी क्षेत्रसँग जोडिएका सीमा क्षेत्रको आवतजावतलाई व्यवस्थापन गर्ने, क्वारेन्टाइन बनाउने, सीमापारिबाट आएका मान्छेहरूको अभिलेख राख्ने र कन्ट्र्याक ट्रेसिङ्ग गर्ने आदि कामहरू गरेको भए नेपालले कोरोनाको कारणले ठूलो नोक्सानी ब्यहोर्नु पर्ने स्थिति हुँदैन थियो । तर, स्थानीय निकाय र प्रदेश सरकार दुवैले कोरोना रोकथाम र नियन्त्रण आफ्नो पनि जिम्मेवारी भएको भन्नेबारे जनतालाई समयमै महसुस गराउन सकेनन् । अझ भन्ने हो भने, कोरोनाको पहिलो प्रजाति आएको झण्डै १६ महिनामा दोस्रो प्रजाति विश्वमा र साथै छिमेकी मुलुक भारतमा देखिएको र भारतमा लकडाउन गरेपछि नेपालले पनि लकडाउन गर्न थालेको बाहेक पहिलो र दोस्रो चरणको कोरोनाको आक्रमणको बीचको १४ महिनामा स्थानीयस्तरमा माथि उल्लिखित, विशेषतः सीमा व्यवस्थापनसम्बन्धी कुनै तयारी नगरेकाले, कोरोना आक्रमणको दोस्रो चरणमा नेपालले मानवीय र अन्य क्षति धेरै नै ब्यहोर्नु पऱ्यो ।

यदि स्थानीय सरकार जिम्मेवार भएको भए र अन्य सरकारले उचित समन्वय, सहयोग र नीतिगत तालमेल मिलाउन सकेको भए १० हजारभन्दा बढी मान्छेले ज्यान गुमाउने अवस्था, लाखौं मान्छेले रोजगारी गुमाउने अवस्था, अकल्पनीय आर्थिक, सामाजिक र राजनीतिक संकट भोग्नु पर्ने अवस्था हुँदैन थियो । कुनै पनि तहको सरकारले यो बुझ्न सकेनन् कि स्थानीय स्तरमा आ-आफ्नो चुनावी क्षेत्रभित्र क्वारेन्टाइन, आइसोलेसन र कन्ट्र्याक ट्रेसिङ्गलाई मात्र प्रभावकारी बनाउन सकेको भए यत्रो संख्यामा नेपालीले ज्यान गुमाउनु पर्दैन थियो । साथै, कोरोनाको उपचारका लागि जति खर्च भयो त्यसको धेरै कम गुनामा यसलाई व्यवस्थापन गर्न सकिन्थ्यो । समयमा रोकथाममा ध्यान दिए कम खर्च लाग्ने तर त्यही कुरा भैसकेपछि काम गर्दा सयौं गुना बढी खर्च हुनसक्ने विश्वमान्य तथ्यलाई नेपालले महसुस गर्न सकेन । फलस्वरूप: नेपालजस्तो विकासोन्मुख देश, जसले विस्तारै विकासका गतिविधिलाई अगाडि बढाइरहेको थियो, अब आएर कोरोना प्रभावको कारणले झन्डै २५औं वर्ष पछाडि धकेलिएको महसुस गर्न थालिएको छ । त्यसमाथि पनि जुन मानवीय क्षति भएको छ त्यसको पूर्ति त कुनै हालतमा हुने कुरै भएन । तसर्थ, माथि उल्लेखित छलफललाई विचार गर्दा यति भन्नु अन्यथा नहोला - नेपालले दिगो विकास लक्ष्यको तेस्रो लक्ष्य अर्थात् सबै नेपालीको सुस्वास्थ्य र कल्याणलाई सुनिश्चित गर्ने कुरालाई स्थानीयकरण गर्न सक्ने आधार तयार गरेको अवस्था छैन ।

## दिगो विकास लक्ष्य ५- लैङ्गिक समानता तथा सबै महिला र बालिकाहरूको सशक्तीकरण

नेपालको संविधान, वि.सं. २०७२ ले जातजाति, धर्म, वर्ण, लिङ्ग, भाषा, शारीरिक अवस्था, भौगोलिक अवस्था, अल्पसंख्या आदिको कारणले कुनै पनि वर्ग, जातजाति, पक्ष वा व्यक्तिले अर्को वर्ग, जातजाति, पक्ष र व्यक्तिमा भेदभाव, थिचोमिचो, हिनताबोध आदि गर्न गराउन नपाउने व्यवस्था गरेको छ । अझ, महिलाहरूको हक, हित, अधिकार र सम्मानको सवालमा

नेपालको संविधान, वि.सं. २०७२ लाई अगाडिका संविधानहरूको तुलनामा प्रगतिशील, उदाहरणीय र लैङ्गिक समानताको जगमा गाडिएको दस्तावेजको रूपमा लिइएको छ। यी सबै कुराहरूलाई विचार गर्दा नेपालका महिलाहरूले पुरुषसरह हरेक क्षेत्रमा समानता पाइसकेको वा पाउन उन्मुख रहेको बुझाउँछ । साथै, नेपालको संविधानले नेपाली चेलीहरूलाई सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक रूपमा पनि सशक्त गराउँदै आइरहेको छ भन्ने सन्देश विश्वलाई दिन खोजेको भान हुन्छ । तर, बिडम्बना, नेपाली चेलीहरूको भित्री अवस्थालाई नियालेर हेर्ने हो भने वास्तविकता अर्कै छ - यो कहालीलाग्दो छ, यो डरलाग्दो छ र यो लाजलाग्दो छ । नेपाली चेलीहरू बस्ने नेपालभित्रको कुनैपनि ठाउँ कुनै न कुनै गाउँपालिका, नगरपालिका र तीअन्तर्गतका वडाहरूभित्र पर्दछन् । यसको मतलब ती नेपाली चेली बस्ने ठाउँहरूमा कुनै न कुनै स्थानीय सरकार वा प्रदेश सरकार वा संघीय सरकारको उपस्थिति छ। तर पनि, जुन किसिमले नेपाली चेलीहरूले आफ्नै घरपरिवार र समाजमा बस्दाबस्दै आफ्नो आत्मसम्मान गुमाउनु परेको छ, बलात्कृत हुनु परेको छ, विभिन्न खालका हिंसाका शिकार हुनु परेको छ, त्यसले ती क्षेत्रहरूमा न त स्थानीय सरकार, न अन्य कुनै सरकार नै छ भन्ने भान हुन गएको छ। उदाहरणका लागि तल केही घटनाहरू प्रस्तुत गरिएका छन्:

सेप्टेम्बेर २३, २०२० मा बझाङको एउटा गाउँको दलित परिवारको १२ वर्षकी बालिका पहिला हराउँछिन् र पछि बलात्कृत भै मृत अवस्थामा फेला पर्छिन्। त्यसको दुई दिनपछि, सुनसरी जिल्लाको पूर्वीय क्षेत्रकी अर्की १२ वर्षकी बालिका नग्न, बलात्कृत र मृत अवस्थामा फेला पर्छिन् जसलाई यौन कार्यमा संलग्न हुन नमानेकाले मारिएको जानकारी आउँछ। त्यस्तैगरि, कञ्चनपुर जिल्लाको महेन्द्रनगरकी १४ वर्षकी निर्मला पन्त यो लेख लेखिनुभन्दा दुई वर्ष अगाडि बलात्कृत हुन्छिन् र मारिन्छिन् । यी सबै घटनाहरूमा न त दोषी पत्ता लाग्छ, न त पीडित र पीडितको परिवारले कहिल्यै न्याय पाउँछन् । सात वर्षकी अबोध बालिकादेखि ७५ वर्षकी वृद्धासम्मले हाम्रो देशका विभिन्न भागहरूमा बलात्कृत हुनु परिरहेको समाचार हामी बारम्बार सुनि नै रहन्छौं । त्यस्तैगरि, नेपालका विभिन्न क्षेत्रहरूमा नेपाली चेलीहरूले बोक्सीको आरोप लागि मलमूत्र खानु पर्ने र गाउँबाट निकालिने दर्दनाक अवस्था आउँछ भने कतिपय ठाउँमा हाम्रा चेलीहरू यौन कार्य गर्न नचाहेर वा माइतबाट दाइजो वा सम्पत्ति ल्याउन नसकेर मुख र शरीरभरि एसिडको सिकार भै जिन्दगीभरका लागि अपाङ्ग, अपहेलित र हिनताबोधमा बाँचिरहनु पर्ने बाध्यतामा पर्दछन् । यी सबै प्रतिनिधि घटनाहरूले दिगो विकास लक्ष्य ५ को लैङ्गिक समानता र सबै महिला र बालिकाहरूको सशक्तीकरणको नेपालले राखेको लक्ष्य एउटा मजाक मात्र भएको अवस्थालाई इङ्गित गर्दछ । नेपाल प्रहरीको एउटा तथ्याङ्कअनुसार सन् १९९८ मा ११२ वटा बलात्कारका घटनाहरू उजुरीमा परेकोमा सन् २०२१ मा बलात्कारका २,१४४ घटनाहरू उजुरीमा आएकाछन्। आफू वा आफ्नो परिवारका अन्य सदस्यलाई मारिदिने वा अङ्गभङ्ग गरिदिने धम्कीको डर र त्रासका कारणले बलात्कृत भएर पनि प्रहरीलाई उजुरी नगर्ने नेपाली चेलीहरूको संख्या त कति छ कति, जुन कुरा मानवअधिकार तथा महिला अधिकारमा कार्यरत संस्थाहरूले बेला-बेलामा सार्वजनिक गरेका प्रतिवेदनहरूबाट थाहा पाइन्छ नै ।

> ‘२१औँ शताब्दीमा आएर नेपालमा पनि “बलात्कारीलाई मृत्युदण्ड”को माग राख्न थालेको अवस्थाले नेपाली समाज लैङ्गिक समानता र महिला सशक्तीकरणमा कहाँ छ भन्ने तीतो सत्यलाई स्पष्ट पारेको छ ।’

माथि उल्लिखित घटनाहरू चाहे त्यो बलात्कारको होस् वा बलात्कारपछिको हत्याको होस् वा मुहार र शरीरमा एसिड फ्याँकिएको अवस्था होस् वा बोक्सीको आरोप लागेर मलमूत्र खाने वा गाउँ निकाला हुने अवस्था होस् यी घटनाहरू नेपालको कुनै न कुनै गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकामै घटेका हुन्। यदि लैङ्गिक समानता र महिला तथा बालिकाहरूको सशक्तीकरणको दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गर्न सकेको भए, स्थानीय सरकारका वा अन्य तहका निर्वाचित पदाधिकारीहरू महिला र बालिकाप्रति संवेदनशील हुन्थे, हरेक स्थानीय प्रशासनले महिला र बालिकाहरूको सुरक्षा आफ्नो कर्तव्य, दायित्व र जिम्मेवारी भएको महसुस गर्थे र हरेक पुरुष पात्रले नेपाली चेलीहरूप्रति आदर, सम्मान, सेवा र सहयोगको भावनाले हेरेका हुन्थे न कि यौन, शोषण, बलात्कार, अत्याचार र हिंसाको भावले । नेपालजस्तो शान्त देश र नेपालीजस्ता सहनशील व्यक्तिहरूले अहिलेको २१औँ शताब्दीमा आएर नेपालमा पनि ‘बलात्कारीलाई मृत्युदण्ड’को माग राख्न थालेको अवस्थाले नेपाली समाज

लैङ्गिक समानता र महिला सशक्तीकरणमा कहाँ छ भन्ने तीतो सत्यलाई स्पष्ट पारेको छ। नीति, नियम, ऐन, कानुन महिलामैत्री वा महिलाप्रति संवेदनशील भएपछि देशमा लैङ्गिक समानता प्राप्त हुन्छ र सबै महिला तथा बालिकाहरूको सशक्तीकरण हुन्छ भन्ने भ्रमबाट बाहिर आई नेपालमा ती नीति, नियम, ऐन र कानुनको प्रभावकारी कार्यान्वयन पक्षलाई जोड दिनुपर्ने वास्तविकता अहिलेको नेपाली चेलीको अवस्थाले बुझाएको छ। तसर्थ, महिला बलात्कारप्रति शून्य सहनशीलता भन्ने सिद्धान्तलाई जबसम्म नेपाल सरकारले अपनाउँदैन र त्यसको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउँदैन लैङ्गिक समानता र महिला सशक्तीकरणको स्थानीयकरण खोक्रो नारामा मात्र सीमित रहन्छ।

> 'स्थानीय सरकारले आफ्नो अधिनमा रहेका वन-जंगल तथा प्राकृतिक स्रोत-सम्पदाको समुचित प्रयोग गरी जनताको जीवनस्तर उठाउने कोशिश गर्नु पर्दछ।'

## दिगो विकास लक्ष्य १५- वातावरण, पर्यावरण, वन-जंगल, जैविक विविधताको उचित प्रवर्द्धन तथा व्यवस्थापन र भू-क्षय तथा मरुभूमिकरणको नियन्त्रण तथा रोकथाम (छोटकरीमा वन-जंगल तथा वातावरणको उचित व्यवस्थापन)

ग्रामीण विशेषताले भरिएको, करिब ८३% क्षेत्रफल हिमाल र पहाडले ढाकिएको, हिमाललाई मुहान बनाई बग्ने नदीहरूले भरिपूर्ण भै जलस्रोतमा विश्वमा नै अग्रपंक्तिमा रहेको, तर नदी-नाला, खोला, पहाड, हिमाल प्रचूर मात्रामा भएकाले भू-क्षय, पहिरो र बाढीको जोखिममा सधैँ परिरहेको र विश्वभरि नै सामुदायिक वनको भण्डारको रूपमा चिनिएको कारणले गर्दा 'वन-जंगल तथा वातावरणको उचित व्यवस्थापन तथा प्रवर्द्धन'सम्बन्धी दिगो विकास लक्ष्य नेपालका लागि ज्यादै महत्वपूर्ण छ। धेरै नेपालीको जीविकोपार्जनमा र देशको अर्थतन्त्रमा पनि ठूलो प्रभाव पार्नसक्ने यो दिगो विकासको लक्ष्यलाई नेपाल र नेपालीले निकै गम्भीर रूपमा लिनुपर्ने वास्तविकतालाई नकार्न सकिँदैन। यस परिप्रेक्ष्यमा आफ्नो कार्य क्षेत्र/चुनावी क्षेत्रभित्र रहेका वन-जंगल, नदी-नाला, खोला र अन्य प्राकृतिक स्रोत-सम्पदाको समुचित प्रयोग, विकास, प्रवर्द्धन र व्यवस्थापन गरी स्थानीयस्तरमा उद्योगहरू सञ्चालन गर्ने वातावरण बनाउँदै उक्त क्षेत्रका वासिन्दाहरूको जीविकोपार्जनलाई सुनिश्चित गर्ने र स्थानीय अर्थतन्त्रलाई मजबुत बनाउने स्थानीय सरकारको जिम्मेवारी हो।

यो लक्ष्य प्राप्त गर्ने सन्दर्भमा स्थानीय सरकार अर्थात् गाउँपालिका, नगरपालिका र ती भित्रका वडाहरूले सुशासनका सबै सूचकहरू (पारदर्शिता, जवाफदेहिता, सहभागिता, विधिको शासन) आदिलाई समेट्दै, जिम्मेवारीको बोध गर्दै, आफ्नो कटिबद्धतालाई जनताका सामु जाहेर गर्दै सबै तह र तप्काका जनतालाई समेटेर अगाडि बढ्नु आवश्यक छ। संघीय सरकारको निर्देशन र सहजीकरणमा स्थानीय सरकारले आफ्नो अधिनमा रहेका वन-जंगल तथा प्राकृतिक स्रोत-सम्पदाको समुचित प्रयोग गरी जनताको जीवनस्तर उठाउने कोशिश गर्नु पर्दछ। र, ती स्रोत-सम्पदाले दीर्घकालीन फाइदा दिउन् भन्नका लागि तिनको उचित व्यवस्थापन र निरन्तर विकास पनि गर्नु पर्दछ। गरिब, सिमान्तकृत, पछाडि परेका, पछाडि पारिएका, दलित, अल्पसंख्यक, आदिवासीहरूको जीविकोपार्जन वन-जंगल र प्राकृतिक श्रोत सम्पदासँग जोडिने भएकाले यी स्रोत-सम्पदाको सन्तुलित प्रयोग गर्न स्थानीय सरकारले उपयुक्त योजनाहरू बनाउनु र तिनको प्रभावकारी कार्यान्वयन गर्नु जरुरी छ। साथै, आफ्नो क्षेत्रको वन-जंगल र प्राकृतिक स्रोत-सम्पदाको अवस्था के कस्तो छ, त्यससम्बन्धी कार्यक्रमहरूले के प्रभाव पारेको छ, तिनबाट के कस्ता उपलब्धिहरू प्राप्त भएका छन्, विद्यमान चुनौतीहरू के के छन् आदिबारे जानकारी थाहा पाउन स्थानीयस्तरमा अनुगमन तथा मूल्याङ्कन संरचना तथा ढाँचा तयार गर्ने र उपलब्धिहरूबारे जानकारी संकलन गर्न आवश्यक फाराम, विधि र तौर-तरिकाहरूको पनि तयारी गर्नु पर्दछ।

तर, दुर्भाग्यवश, वन-जंगल तथा प्राकृतिक स्रोत-सम्पदाको प्रवर्द्धन, विकास तथा व्यवस्थापनसम्बन्धी दिगो विकास लक्ष्यको महत्व नेपालजस्तो मुलुकलाई एकदम बढी हुँदाहुँदै पनि स्थानीय सरकारले जुन तरिकाले जथाभावी सडक बनाउन 'डोजर संस्कार'को सुरुवात गरेको छ, वन-जंगल र प्राकृतिक स्रोत-सम्पदाको विनाश गरेको छ र नदी-नाला, खोला र पहाडी क्षेत्रबाट गिट्टी, बालुवा, ढुंगा आदि जथाभावी तरिकाले निकाल्ने काम गरेको छ, त्यसले भू-क्षय, बाढी र पहिरोलाई मात्र निम्त्याएको छैन कि यसले स्थानीय गरिब, सिमान्तकृत, आदिवासी, दलित आदिको जीविकोपार्जनमा पनि नकारात्मक असर पारेको छ। साथै, यसले स्थानीय अर्थतन्त्रमा पनि ठूलो नोक्सानी पुऱ्याएको छ। यसरी नदी-नाला, खोला र पहाडको अनुचित दोहनबाट जुन क्षति देशले भोग्नु परेको छ त्यसलाई ध्यान दिँदै विगत छ-सात वर्षदेखि प्रतिनिधिसभाको

सम्बन्धित समितिले यो दोहन कार्यलाई र दोहनबाट निस्किएका वस्तुहरूलाई निर्यात गर्न नेपाल सरकारमार्फत बन्देज लगाएको थियो । तर पनि, स्थानीय सरकारले या त आफ्नो लाचारीले या त दोहन कार्यका माफियासँगको मिलोमतोमा दोहन कार्यलाई लुकिछिपी ठाउँ-ठाउँमा चल्न दिइरहेको थियो । यस्तो तीतो सत्य आफ्नो जानकारीमा हुँदाहुँदै पनि हालसालै मात्र संघीय सरकारले देशको अर्थतन्त्रलाई बलियो बनाउने बहानामा यो दोहन कार्यको बन्देजलाई फुकुवा गऱ्यो । दोहनप्राप्त वस्तुहरूलाई भारत निर्यात गर्ने बाटो खोलिदियो । परिणामको रूपमा, नेपालको चुरे पहाड यो निर्णयको पहिलो शिकार हुने निश्चितप्राय: देखियो । यद्यपि यसको चर्को विरोध भयो र पछि गएर सरकार पछि हट्न बाध्य हुनुपऱ्यो ।

भू-क्षय, बाढी र पहिरो सामान्यतया: नेपालमा वर्षायाममा भैरहने भएतापनि यसपालि वर्षायामको सुरुआतमै यी समस्याहरू नेपालका विभिन्न ठाउँहरूमा भैसकेका समाचारहरू आइरहेका छन् । आषाढ महिना सुरु हुनुअगाडि नै सिन्धुपाल्चोक जिल्लाको मेलम्ची बजार लगायत विभिन्न ठाउँहरूमा मेलम्ची नदीले पारेको ठूलो नोक्सानी र त्रासदी, मनाङ्ग जिल्लाको चामे बजार लगायत विभिन्न ठाउँहरूमा मर्स्याङ्दी नदीले पुऱ्याएको क्षति र कहर, रुपन्देही जिल्लाको बुटवल लगायतका क्षेत्रहरूमा तिनाउ नदीले पारेको असर आदि नेपालको स्थानीय सरकारले जथाभावी तरिकाले वन-जंगल, प्राकृतिक स्रोत-सम्पदा मासेर, फँडानी गरेर सडक बनाएकाले अर्थात् 'डोजर संस्कार'को थालनी गरेकाले नै हो भन्ने तथ्यहरू प्रशस्त भेटिएका छन् । तसर्थ, यी दृष्टान्तहरूले नेपालको वन-जंगल, तथा प्राकृतिक स्रोत-सम्पदासम्बन्धी दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी सो लक्ष्य पूरा गर्ने सोच कागजमा मात्र सीमित रहेको पुष्टि भएको छ । जनताको घर-दैलोमा सडक पुऱ्याउने नाममा, जननिर्वाचित पदाधिकारीहरूसँगको मिलोमतोमा सीमित व्यक्तिहरूले मात्र फाइदा पाउनका लागि वातावरणीय असरको कुनै लेखाजोखा नगरी, मनलाग्दो र जथाभावी तरिकाले वन-जंगल फँडानी गर्ने जुन काम संघीयताको आडमा कतिपय स्थानीय सरकारहरू र यिनका मतियारहरूले गरिरहेका छन् त्यसको नकारात्मक असर स्थानीय बासिन्दा, विशेषत: गरिब, सीमान्तकृत, दलित, अल्पसंख्यक र आदिवासी जनताले भोग्नु परिरहेको छ भने कालान्तरमा त्यसको नकारात्मक प्रभाव पूरा देशलाई नै पर्ने निश्चित प्राय: छ । यो तीतो सत्यलाई विचार गर्दा वन-जंगल तथा प्राकृतिक स्रोत-सम्पदाको उचित प्रवर्द्धन, विकास तथा व्यवस्थापन गर्ने दिगो विकासको लक्ष्यलाई नेपालमा स्थानीयकरण गरिएको छ वा स्थानीय सरकारले त्यसलाई बजारीकरण र विध्वंसीकरण गर्नेतिर लागेको छ सो कुराको जवाफ सम्बन्धित पक्षले दिनुपर्ने हुन्छ ।

> 'भू-क्षय, बाढी र पहिरो सामान्यतया: नेपालमा बर्षायाममा भैरहने भएतापनि यसपालि बर्षायामको सुरुआतमै यी समस्याहरू नेपालका विभिन्न ठाउँहरूमा भैसकेका समाचारहरू आइरहेका छन् ।'

## निष्कर्ष

यो लेखमा छलफलमा ल्याइएका तीनवटै दिगो विकासका लक्ष्यहरूको - सम्पूर्ण जनताको सुस्वास्थ्यको सुनिश्चितता गर्ने, लैङ्गिक समानता तथा सबै महिला तथा बालिकाहरूको सशक्तीकरण गर्ने र वन-जंगल तथा वातावरणको उचित प्रवर्द्धन र व्यवस्थापन गर्ने- सैद्धान्तिक पक्ष र व्यावहारिक पक्षलाई केलाउँदा नेपाल सरकारले ती लक्ष्यहरूलाई स्थानीयकरण गर्न नसकेको स्पष्ट हुन्छ । महत्वपूर्ण दस्तावेजहरूमा जेसुकै लेखिएको भएतापनि कोरोनाको रोकथाम र नियन्त्रणमा समयमा परिणाममुखी काम हुन नसक्नु, महिला तथा बालबालिकाहरूले आजका दिनसम्म पनि बलात्कार, हत्या, र विभिन्न खालका हिंसाका शिकार भैरहनु र न्याय प्राप्त गर्न नसक्नु एवम् वन-जंगल तथा वातावरणको निरन्तर रूपमा विनाश भैरहनु र त्यसको प्रभाव झन् झन् डरलाग्दो रूपमा आमनागरिकले भोगिरहनु पर्ने अवस्था आउनुले नेपालले दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न नसकेको तथ्यलाई उजागर गरेको छ ।

साथै, दिगो विकास लक्ष्यको स्थानीयकरणबिना उक्त लक्ष्यहरू पूरा हुने सम्भावना न्यून भएकाले सबै तहका सरकारहरू आगामी दिनहरूमा बढी जिम्मेवार, गम्भीर र प्रतिबद्ध हुनु जरुरी छ । त्यस्तैगरि, सबै तहका सरकारहरूले विद्यमान दण्डहीनताको उद्दण्ड अवस्थालाई समयमा नै समाधान गर्नु पर्दछ । र, अन्त्यमा, दिगो विकासका लक्ष्यहरूलाई स्थानीय निकायका वार्षिक कार्यक्रमहरूमा समावेश गरी त्यसको परिणाम आशा गरेअनुरुप भए-नभएको समयावधिक रूपमा अनुगमन तथा मूल्याङ्कनबाट थाहा पाई, आवश्यकताअनुसार ती कारणहरूको उचित विश्लेषण गर्दै 'दण्ड तथा पुरस्कारको' प्रावधानमार्फत अगाडि बढेमा मात्र ती दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण सम्भव भै तिनले सोचेअनुसारको उपलब्धि दिनसक्ने सम्भावना रहन्छ ।

---

***लेखक डा. शिवेशचन्द्र रेग्मी नेपानका संस्थापक सदस्य तथा नेपानका पूर्व अध्यक्ष हुनुहुन्छ ।***

दिगो विकास लक्ष्यका सन्दर्भमा

# स्थानीय सरकारमा सूचनाको हक प्रचलन



कृष्णहरि बास्कोटा

लोकतन्त्रमा सूचनाको हकलाई यसको प्राणवायुका रूपमा वुझिन्छ । यसको विश्वव्यापी इतिहासलाई कोट्याउँदा सन् १७६६ मा पहिलोपटक स्वीडेनले यससम्वन्धी कानून जारी गरेको पाइन्छ। तत्पश्चात सन् १९५१ मा फिनल्याण्डले, सन् १९६६ मा अमेरिकाले र सन् १९७० मा डेनमार्क र नर्वेले यो कानून जारी गरेका हुन् । हाल विश्वका करिब १३१ वटा मुलुकले यससम्बन्धी छुट्टै कानून जारी गरेको अनुमान छ । यो कानून मूलत: 'विश्वव्यापी मानव अधिकार घोषणापत्र, सन् १९४८' को धारा १९ मा आधारित छ ।

> 'स्थानीय तह आम नागरिकको सबैभन्दा नजिकको र पहुँचमा रहेको सरकार अर्थात् "सिंहदरवार" हो । यसर्थ, स्थानीय तहले आम नागरिकको सूचना पाउने हकको पूर्ण सम्मान गर्नुपर्छ ।'

## नेपालमा सूचनाको हकको थालनी

नेपालमा २०४७ सालमा जारी भएको नेपाल अधिराज्यको संविधानको धारा १६ मा सार्वजनिक महत्वको सूचनामा नागरिकको हक स्थापित गरिएको थियो। त्यसपछि २०६३ सालमा जारी भएको अन्तरिम संविधानमा सार्वजनिक महत्वको विषयका साथै व्यक्तिसँग सम्बन्धित विषयलाई पनि सूचनाको हकमा समावेश गरियो । यसैलाई २०७२ सालमा जारी भएको वर्तमान संविधानले पनि निरन्तरता दिएको छ। हाल नेपालमा सूचनाको हकको विषय स्कूलको पाठ्यक्रममा पनि समावेश भएको छ। हाल यो मुलुकमा निकै चर्चामा रहेको विषय भएको छ। यसर्थ, ७५३ वटा स्थानीय तहले पनि यसलाई आत्मसात् गरी अघि बढ्नु पर्छ।

## पारदर्शिताको महत्व

स्थानीय तह आम नागरिकको सबैभन्दा नजिकको र पहुँचमा रहेको सरकार अर्थात् 'सिंहदरवार' हो । यसर्थ, स्थानीय तहले आम नागरिकको सूचना पाउने हकको पूर्ण सम्मान गर्नुपर्छ। साथै, पालिका आफूले पनि हासिल गर्नुपर्ने सूचनाबाट वञ्चित हुनु हुँदैन । यथार्थमा, स्थानीय तह जति बढी खुला र पारदर्शी भयो, उति नै जनताको मन जित्नसक्ने हुन्छ। स्थानीय तहले जनताको मन जित्ने भनेको आफ्नो क्रियाकलापमा जनताको सहभागिता अभिवृद्धि गर्ने नै हो । यसबाट आमजनताले लोकतन्त्र प्राप्तिको र

घरआँगनमै 'सिंहदरबार' आएको अनुभूति गर्नेछन् । यस निमित्त सबै ७५३ वटा पालिकाहरूले प्रत्येक तीन-तीन महिनामा सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुसार नियमित रूपमा स्वतः प्रकाशन जारी गर्नु पर्छ । यसमा संयुक्त राष्ट्रसंघबाट जारी भै नेपालले पनि लागू गरेको दिगो विकासका १७ वटा लक्ष्यहरूलाई पनि आत्मसात् गर्नु पर्छ ।

## स्वतः प्रकाशन

सबै अर्थात् ७५३ वटा पालिकाहरूले जारी गर्ने स्वतः प्रकाशनमा २० वटा बुँदा समेटिइनु पर्छ । यसमा, पालिकाको स्वरूप र प्रकृति उल्लेख गर्नु पर्छ, जसमा गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका के हो ? खुलाउनु पर्छ । यसमा पालिकाको छोटो इतिहास अर्थात् पालिकाको परिचयको वर्णन गर्नु पर्छ । यसैगरी, साबिकका कुन कुन पालिका मिलेर वर्तमान पालिका निर्माण भएको हो, पालिकाभित्र कतिवटा वडा छन्, पालिकाको भूगोल र आकार कस्तो छ, पालिकाभित्र जनसंख्याको स्थिति के छ जस्ता सूचना यस बुँदामा समावेश गर्नु पर्छ । यस खण्डमा छोटकरीमा लेखिने पालिकाको विवरणले पाठकहरूलाई थप जान्न मन लाग्नेगरी कौतुहलता बढाउनु पर्छ । तत्पश्चात पालिकाको काम, कर्तव्य र अधिकारको व्याख्या गर्नु पर्छ । यसका लागि नेपालको संविधानको अनुसूची ८ को एकल अधिकारको सूची र स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४ मा लेखिएका पालिकासम्बन्धी विस्तृत काम, कर्तव्य र अधिकार समावेश गर्नु पर्छ ।

> 'सबै अर्थात् ७५३ वटा पालिकाहरूले जारी गर्ने स्वतः प्रकाशनमा २० वटा बुँदा समेटिइनु पर्छ ।'

सबै पालिकाहरूले तीन-तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने विवरणमा आफ्ना कर्मचारीको संख्या र कार्यविवरण पनि समावेश गर्नु पर्दछ । यसबाट नागरिकलाई कुन कामका लागि कोसँग भेट्ने भन्ने सूचना हासिल हुनेछ । यसैगरी पालिकाले आफूले प्रदान गर्ने सेवाको सूची सार्वजनिक गर्नु पर्छ । यसका लागि नागरिक बडापत्र र कार्यप्रवाह तालिका सार्वजनिक गर्नु पर्छ । यसबाट नागरिकलाई कुन सेवाका लागि कति समय लाग्ने, कति दस्तुर बुझाउनु पर्ने र के के कागजात जुटाउनु पर्ने भन्ने जानकारी हुने गर्दछ । यस अतिरिक्त पालिकाले सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरण सार्वजनिक गर्नु पर्छ । यसबाट समयमा सेवा दिनेलाई स्याबासी दिन र सेवा प्रवाहमा कठिनाइ खडा गर्नेका विरुद्ध उजुरी दिन सहजता हुनेछ । पालिकाले सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि खुलाउनु पर्छ । सामान्यतः कम लागतमा अधिक सेवा प्राप्त हुने लक्ष्य राख्नु पर्छ । आमनागरिकको समय पनि मूल्यवान भएको पालिकाले बुझ्नु पर्छ । सामान्यतः 'फर्स्ट कम फर्स्ट सर्व'को नीति लिनु पर्छ । यसका लागि आवश्यकताअनुसार 'टोकन प्रणाली' लागू गर्नु पर्छ । यसबाट पालिकाहरू सुशासनतर्फ अग्रसर हुनेछन् ।

हरेक पालिकाले आफूलाई पारदर्शी देखाउने भनेको निर्णय गर्ने प्रक्रिया र सोको अधिकारीबारे आम जनतालाई पनि जानकारी दिनु हो । यसमा के कति चरणमा निर्णयका लागि टिप्पणी एक पदाधिकारीबाट अर्को पदाधिकारीमा सर्छ भन्ने सम्मको सूचना दिन सकिन्छ । सामान्यतः पालिकाहरूले प्रक्रियागत पारदर्शिता समेत अपनाउनु पर्छ । निर्णयकर्ताले कानूनद्वारा प्राप्त अधिकार प्रयोग गरेका हुन् वा प्रत्यायोजित अधिकार भन्ने कुरा खुलाउने कार्यप्रक्रियाले निर्णयकर्तालाई पनि सहजता प्रदान गर्दछ । यसरी भएको निर्णयउपर कसैले उजुरी गर्न चाहेमा सोको उजुरी सुन्ने अधिकारीको विवरण सार्वजनिक गरिदिनु पर्छ । यी सबै पारदर्शिताले गल्ती हुने सम्भावनालाई न्यून गराइदिन्छन् ।

## सूचना प्रवाह गर्ने विधि

सामान्यतः सूचनाको हकसम्बन्धी ऐनमा सूचना अधिकारीसँग माग गरिएको सूचना १५ दिनभित्र उपलब्ध नभएमा कार्यालय प्रमुख समक्ष उजुरी गर्न सकिन्छ । यसरी उजुरी परेपछि निज प्रमुखले सात दिनभित्र सूचना उपलब्ध गराउनु पर्छ । निजले पनि सूचना उपलब्ध नगराएमा ३५ दिनभित्र राष्ट्रिय सूचना आयोगमा उजुरीरूपी पुनरावेदन पेश गर्नु पर्छ र आयोगले पनि ६० दिनभित्र उक्त पुनरावेदन फछ्र्यौट गरिसक्नु पर्छ । यस्ता कानूनी र कार्यविधिका प्रावधानबारे जनतालाई जानकारी दिन कुनैपनि पालिका पछि पर्नु हुँदैन । यिनै पालिकाका गुणले तिनलाई जीवन्त राख्न सघाउने हुन्छ ।

## सञ्चार माध्यमको प्रयोग

प्रत्येक पालिकाले आफूले सम्पादन गरेको कामको विवरण आम जनतालाई नियमित रूपमा प्रवाह गरिरहनु पर्छ । यसका लागि कुनैपनि नयाँ निर्णय गर्दा वा नयाँ काम आरम्भ गर्दा 'मिट द प्रेस' गर्ने वा 'प्रेस विज्ञप्ति' जारी गर्ने वा अन्य उपयुक्त माध्यमबाट सूचना प्रवाह गर्नु पर्छ । सबै पालिकाहरूले अनिवार्यरूपमा सूचना अधिकारी तोक्नु पर्छ । तीन महिने स्वतः प्रकाशनमा सूचना अधिकारी र प्रमुखको नाम र पद सार्वजनिक गर्नु पर्छ । सामान्यतः सूचना अधिकारी कार्यालय प्रमुखपछिको दोस्रो वा

तेस्रो वरियताको पदाधिकारीलाई तोक्नु पर्छ र निजलाई नियमित रूपमा पालिकाका सबै सूचना उपलब्ध गराउनु पर्छ। निज सूचना अधिकारीले आफूलाई उपलब्ध सूचना बिनासंकोच मागकर्ता नागरिकलाई उपलब्ध गराउनु पर्छ। यसैगरी पालिकाले आफ्नो कामसँग सम्बन्धित ऐन, नियम, विनियम वा निर्देशिकाको सूची पनि प्रकाशित गर्नु पर्छ। यसबाट स्वयम् पालिका पनि आफूसँग के कति कानूनी सञ्जाल छ भन्ने कुरासँग अद्यावधिक भैरहन मद्दत पुग्छ। यस्ता असल अभ्यास गर्ने पालिकाहरू उत्कृष्टताको पंक्तिमा पर्दछन्।

## योजना तर्जुमामा जनसहभागिता

नेपालमा स्थापना भएका ७५३ वटा पालिकाहरूले योजना तर्जुमा गर्दा पालना गर्नुपर्ने चरणहरूको मार्गनिर्देशन राष्ट्रिय योजना आयोगबाट जारी भएको छ। यस अनुसार प्रत्येक वडामा जनभेला गराई विगत वर्षमा सम्पन्न भएका काम, चालू वर्षमा भैरहेका काम र तिनको आधारमा आगामी वर्षका प्रस्तावित कार्यक्रमहरू जनता समक्ष प्रस्तुत गरी राय सुझाव लिनु पर्छ। यसैगरी पालिकाका सबै वडामा सार्वजनिक सुनुवाइ गरी आफूले सम्पादन गरेका कामको जानकारी दिने र गुनासोहरू सुन्ने गर्नु पर्छ। यस अतिरिक्त सबै वडा कार्यालयमा नागरिक वडापत्रमा जनतामा प्रवाह गरिने सेवा-सुविधाबारे विस्तृत जानकारी दिनु पर्छ। सम्भव भएसम्म नागरिक वडापत्रमा राखिएका सेवाहरू प्रदान गर्ने क्रममा अवलम्बन गरिने कार्यप्रवाह तालिकाको जानकारी पनि सेवाग्राही जनतालाई दिनु पर्छ। हरेक पालिकाले वर्षभरिको क्यालेण्डर प्रकाशित गरी पालिकाका वार्षिक कार्यक्रम, विदाको सूचना, आवश्यक टेलिफोन नम्बर लगायतका सूचना समेत प्रवाह गर्नु पर्छ। यसबाट पालिकाहरू आमसेवाग्राही जनताको मनभित्र अटाउन पुग्छन्।

> 'संयुक्त राष्ट्रसंघले जारी गरेको दिगो विकास लक्ष्य (एसडीजी) का १७ वटा लक्ष्यसम्बन्धी जानकारी सबै पालिकाले लिनु पर्छ। ती निकायले यसलाई स्थानीयकरण गरी लागू गर्नु पर्छ।'

अधिकांश स्थानीय तहले दीर्घकालीन सोच सहित 'भिलेज वा नगर प्रोफाइल' तयार गरेका छन्। यो पालिकाका जनताका हात-हातमा पुऱ्याउनु पर्छ। यसलाई आमजनताले 'इण्डिकेटिभ प्लान'को रूपमा बुझी सोही अनुरूप अघि बढ्नेछन्। यसैगरी पालिकाहरूले पाँचवर्षे आवधिक योजना र तीनवर्षे मध्यकालीन खर्च संरचना पनि निर्माण गरेका छन्। यी दस्तावेज जनताका सम्पत्ति हुन्। यसर्थ, यस्ता कागजात जनताले जान्न र पढ्न पाउनु पर्छ। सबै पालिकाले आ-आफ्नो प्रत्येक वर्षको नीति र कार्यक्रम तथा बजेट वक्तव्यको पुस्तिका पनि व्यापक रूपमा वितरण गर्नु पर्छ।

## कर प्रणालीको पारदर्शिता

सबै पालिकाले जारी गर्ने कर आमजनताले तिर्ने हो, यसर्थ यस्ता करका दररेट पालिकाभित्रका मुख्य-मुख्य स्थानमा होर्डिङ्ग बोर्डमा राख्नु पर्छ। सबै पालिकाले वडागत रूपमा विभक्त वार्षिक बजेट र कार्यक्रमको होर्डिङ्ग बोर्ड पनि वडा कार्यालयको परिसरमा राख्नु पर्छ। पालिकाले जनतालाई राहतका लागि कुनै नीति जारी गरेको छ भने, सो नीतिगत व्यवस्था सर्वसाधारणले थाहा पाउने गरी माइकिङ्ग गर्ने, पर्चा छर्ने वा भित्ते लेखन गर्ने काम गर्नु पर्छ। पालिकाबाट गरिने सबै निर्माण स्थलमा अनिवार्य रूपमा होर्डिङ्ग बोर्ड हुनुपर्छ। पालिकाको वेभसाइट सधैँ चुस्त र दुरूस्त हुनुपर्छ। सबै पालिकाले सूचना पाटीको प्रयोग गरी नागरिकलाई दिनुपर्ने सूचना यसै माध्यमबाट प्रवाह गर्नु पर्छ।

## दिगो विकासका लक्ष्यहरू

संयुक्त राष्ट्रसंघले जारी गरेको दिगो विकास लक्ष्य (एसडीजी) का १७ वटा लक्ष्यसम्बन्धी जानकारी सबै पालिकाले लिनु पर्छ। ती निकायले यसलाई स्थानीयकरण गरी लागू गर्नु पर्छ। यसरी नागरिकलाई सूचना दिन र आफूले पनि आवश्यक सूचना हासिल गर्न पालिकाहरू अग्रसर हुनुपर्छ। जसअनुसार एसडीजीको पहिलो उद्देश्य भनेको सन् २०३० सम्ममा विश्वमा विद्यमान गरिबीको अन्त्य गर्नु हो भनी बुझ्न ढिला गर्नु हुँदैन।

विश्वका नेताहरूले मानिस, पृथ्वी र समृद्धिका लागि एक कार्ययोजना तयार गरेका छन्। चरम गरिबी लगायत गरिबीका सबै स्वरूप तथा आयामहरूको उन्मूलन गर्नु विश्वको सबैभन्दा ठूलो चुनौती रहेको छ र दिगो विकासका लागि गरिबीको अन्त्य एउटा अपरिहार्य आवश्यकता बनेको छ। यी १७ वटा विकास लक्ष्यहरूले सहस्राब्दी विकास लक्ष्य (एमडीजी)हरूको उपलब्धिमा टेकेर त्यसबाट हासिल हुन नसकेका कुराहरूलाई पूरा गर्न खोजेका छन्।

सबैका लागि मानवअधिकार प्राप्त गर्ने र सबै महिला तथा बालिकाका लागि लैङ्गिक समानता तथा सशक्तीकरण हासिल गर्नु पनि तिनको उद्देश्य रहेको छ। यी लक्ष्यहरू एकीकृत तथा

अविभाज्य छन् र तिनले दिगो विकासका तीन आयाम- आर्थिक, सामाजिक र वातावरणीय पक्षलाई सन्तुलित गर्दछन् ।

यी सबै १७ वटा लक्ष्यलाई राष्ट्रिय योजना आयोगले निम्नानुसार दिशा निर्देश गरेबमोजिम यसको अनुसरण गर्नु सबै पालिकाको कर्तव्य हो । यसर्थ, सबै १७ वटा लक्ष्यको जानकारी हासिल गर्नु जरुरी छ ।

### पहिलो लक्ष्य

यसको पहिलो लक्ष्य गरिबीको अन्त्य गर्ने अर्थात् सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने रहेको छ । यसको दिशा निर्धारण निम्नानुसार गरिएको छ :

- कुनै पनि प्रकारको गरिबीमा बाँचेका मानिसहरूको अनुपातलाई कम्तीमा आधा कम गर्ने ।
- सबैका लागि सामाजिक संरक्षण प्रणाली र उपाय लागू गर्ने र गरिब तथा जोखिममा रहेकाहरूलाई उल्लेख्य रूपमा समेट्ने ।
- गरिब र जोखिमपूर्ण स्थितिमा रहेका मानिसहरूको सामना गर्ने क्षमता निर्माण गर्ने र वातावरणसँग सम्बन्धित विपत्तिजन्य प्रकोप तथा अन्य आर्थिक, सामाजिक र वातावरणीय असर तथा विपद्‌सँगको उनीहरूको संसर्गलाई न्यून गर्ने ।

यसको प्राप्तिका लागि पालिकाहरूले आफ्नो दीर्घकालीन सोच, आवधिक योजना, तीनवर्षे बजेट, वार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेटमा यी कुरालाई समेट्नु पर्छ ।

### दोस्रो लक्ष्य

दिगो विकासको दोस्रो लक्ष्य शून्य भोकमरी अर्थात् भोकमरीको अन्त्य गर्ने, खाद्यसुरक्षा तथा उन्नत पोषण हासिल गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने नै हो । यसको दिशा निर्धारण निम्नानुसार गरिएको छ :

- सबै प्रकारका कुपोषणको अन्त्य गर्ने र किशोरी, गर्भवती तथा सुत्केरी महिला र अन्य व्यक्तिका पोषणसम्बन्धी आवश्यकतालाई सम्बोधन गर्ने ।
- विकासोन्मुख देशहरूमा कृषि उत्पादकत्व क्षमता वृद्धि गर्न ग्रामीण पूर्वाधार, कृषि अनुसन्धान, प्रविधि विकास, वनस्पति तथा चौपायाको 'जीन बैंक' स्थापनामा लगानी वृद्धि गर्ने ।
- खाद्यमूल्यको चरम अस्थिरतालाई सीमित गर्ने कार्यमा मद्दत पुऱ्याउन खाद्यवस्तु, बजार र तत्सम्बन्धी कारोबारहरूको समुचित सञ्चालन हुने गरी उपायहरू अवलम्बन गर्ने ।

यो लक्ष्य हासिल गर्न पालिकाहरूले निर्वाहमुखी कृषिलाई व्यावसायीकरणमा र परम्परागत खेती प्रणालीलाई यान्त्रिकीकरणमा रूपान्तरित गर्नु पर्छ । नेपाल कृषि प्रधान देश भएकाले कम्तीमा खाद्यान्न, हरियो तरकारी, फलफूल, माछा-मासु र दुग्धजन्य पदार्थ लगायत दैनिक आवश्यकताका कृषिजन्य उत्पादनमा आत्मनिर्भर हुनुपर्छ ।

### तेस्रो लक्ष्य

यसको तेस्रो लक्ष्य आरोग्यता तथा कल्याण अर्थात् स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै मानिसको कल्याणको प्रवर्द्धन गर्ने नै हो । यसको दिशा निर्धारण निम्नानुसार गरिएको छ :

- नवजात शिशु र पाँच वर्षमुनिका बालबालिकाको रोक्न सकिने मृत्युको अन्त्य गर्ने ।
- परिवार नियोजन लगायत यौन तथा प्रजननसम्बन्धी स्वास्थ्य सेवा र सूचना तथा शिक्षामा सर्वसुलभ पहुँचका साथै प्रजनन् स्वास्थ्यलाई राष्ट्रिय रणनीति तथा कार्यक्रममा समायोजन गर्ने कार्यलाई सुनिश्चित गर्ने ।
- सर्वसुलभ स्वास्थ्य सेवा, गुणस्तरीय स्वास्थ्यसेवामा पहुँच तथा सबैका लागि सुरक्षित, प्रभावकारी, गुणस्तरीय र उचित मूल्यमा अत्यावश्यक औषधी तथा खोपहरूमा पहुँच हासिल गर्ने ।

यसरी पालिकाले आफ्नो क्षेत्रभित्र कम्तीमा २५ शैयाको अस्पताल स्थापना गरी चिकित्सक र सबै प्रकारका आधारभूत स्वास्थ्य सेवा प्रदान हुने सुनिश्चितता गर्नु पर्छ ।

### चौथो लक्ष्य

दिगो विकासको चौथो लक्ष्य गुणस्तरीय शिक्षा प्रदान गर्नु हो अर्थात् सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने नै हो । यसको दिशा निर्धारण निम्नानुसार गरिएको छ :

- सबै किशोर तथा किशोरीहरूले निःशुल्क, समतामूलक तथा गुणस्तरीय प्राथमिक तथा माध्यमिक शिक्षा प्राप्त गर्ने कुरालाई सुनिश्चित गर्ने ।
- शिक्षामा लैङ्गिक असमानता उन्मूलन गर्ने र अपाङ्गता भएका व्यक्ति लगायत जोखिममा रहेका व्यक्तिहरू, आदिवासी तथा जनजाति र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकालाई सबै तहको शिक्षा तथा व्यावसायिक तालिममा समान पहुँच सुनिश्चित गर्ने ।

- दिगो विकास तथा दिगो जीवनशैली, मानवअधिकार, लैङ्गिक समानता, शान्ति तथा अहिंसाको संस्कृतिको प्रवर्द्धन, वैश्विक (Global) नागरिकता र सांस्कृतिक विविधताको सहाहनाका लागि शिक्षा लगायतका माध्यमबाट सिक्न चाहने सबैले दिगो विकास प्रवर्द्धनका लागि आवश्यक ज्ञान तथा सीप प्राप्त गर्ने कुरालाई सुनिश्चित गर्ने ।

यस क्षेत्रमा पालिकाले नेपालको संविधानले व्यवस्था गरेअनुसार आधारभूत शिक्षालाई निशुल्क र अनिवार्य तथा माध्यमिक शिक्षालाई निशुल्क गराउने हरप्रयास गर्नु पर्छ ।

**पाँचौं लक्ष्य**

यसको पाचौं लक्ष्य लैङ्गिक समानता अर्थात् लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तीकरण गर्ने हो । यसको दिशा निर्धारण निम्नानुसार गरिएको छ :

- ओसारपसार तथा यौनशोषणलगायत सार्वजनिक तथा निजी क्षेत्रहरूमा सबै महिला तथा किशोरीविरुद्ध हुने सबै प्रकारका हिंसाको उन्मूलन गर्ने ।
- राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागि महिलाहरूको प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गर्ने ।
- सबै तहमा लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तीकरणको प्रवर्द्धनका लागि नीति तथा कानूनहरूको अवलम्बन गर्ने र तिनलाई सबल बनाउने ।

यी लक्ष्य प्राप्तिका लागि सबै पालिकाहरूले लैङ्गिक उत्तरदायी एवम् समावेशी बजेट लागू गर्नुका साथै महिलाको पक्षमा सकारात्मक विभेदका नीतिहरू लागू गर्नु पर्छ ।

**छैठौं लक्ष्य**

दिगो विकासको छैठौं लक्ष्य सफा पानी तथा सरसफाइ अर्थात् सबैका लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने नै हो । यसको दिशा निर्धारण निम्नानुसार गरिएको छ :

- सबैका लागि सुरक्षित तथा खर्चले धान्नसक्ने मूल्यमा पिउने पानीमा सर्वसुलभ तथा समतामूलक पहुँच हासिल गर्ने ।
- सबैका लागि पर्याप्त तथा समतामूलक सरसफाइ र स्वच्छतामा पहुँच हासिल गर्ने र खुला ठाउँमा दिसा गर्ने चलनको अन्त्य गर्ने ।
- पानी तथा सरसफाइ व्यवस्थापनको सुधारका लागि स्थानीय समुदायहरूको सहभागितालाई साथ दिई त्यसलाई अझ सबल बनाउने ।

यी लक्ष्य प्राप्तिका लागि पालिकाले पानीका मुहानहरूको संरक्षण गर्नुपर्छ । अर्को पालिकाको मुहानबाट पानी ल्याउनु पर्ने भएमा अर्को पालिकाका जनतालाई आफ्नो पालिकाको मुहानबाट पानी दिनु पर्ने भएमा समयमै उचित सम्झौता गर्नु पर्छ ।

**सातौं लक्ष्य**

यसको सातौं लक्ष्य खर्चले धान्नसक्ने स्वच्छ ऊर्जा अर्थात् सबैका लागि खर्चले धान्नसक्ने, भरपर्दो, दिगो तथा आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने नै हो । यसको दिशा निर्धारण निम्नानुसार गरिएको छ :

- खर्चले धान्न सक्ने, भरपर्दो र आधुनिक ऊर्जा सेवामा सर्वसुलभ पहुँच सुनिश्चित गर्ने ।
- सन् २०३० सम्ममा विश्वव्यापी ऊर्जाको उपलब्धतामा नवीकरणीय ऊर्जाको अंशलाई उल्लेख्य रूपमा वृद्धि गर्ने ।
- नवीकरणीय ऊर्जा, ऊर्जा बचत तथा त्यसको व्यवस्थापन र अत्याधुनिक तथा स्वच्छ जीवाश्म इन्धन (Fossil fuel) प्रविधिहरू लगायत स्वच्छ ऊर्जा अनुसन्धान तथा प्रविधिहरूमा हुने पहुँचलाई सहज तुल्याउन र ऊर्जा पूर्वाधार तथा स्वच्छ ऊर्जा प्रविधिमा लगानी प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गर्ने ।

यी लक्ष्य प्राप्तिका लागि पालिकाहरूले सौर्य ऊर्जामा लगानी वृद्धि गर्नुका साथै अन्य वैकल्पिक ऊर्जाको उपलब्धताको पहल गर्नु पर्छ ।

**आठौं लक्ष्य**

दिगो विकासको आठौं लक्ष्य मर्यादित काम तथा आर्थिक वृद्धि अर्थात् सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्द्धन गर्ने नै हो । यसको दिशा निर्धारण निम्नानुसार गरिएको छ :

- एक घर एक रोजगार कार्यक्रम लागू गर्ने ।
- स्वरोजगार कार्यक्रमका लागि सहज रूपमा श्रृण प्रवाह गर्ने ।
- कोशेली घर सञ्चालनमा ल्याउने ।
- सीपमूलक तालीम दिने ।
- विकास र रोजगारमा विशेष बजेटको व्यवस्था गर्ने ।

यी लक्ष्य प्राप्तिका लागि पालिकाहरूले 'च्यालेन्ज फण्ड'का माध्यमबाट बीउ-पुँजी उपलब्ध गराई पालिकाभित्रका बेरोजगार हरूलाई स्वरोजगारीमा रूपान्तरित गर्नु पर्छ ।

#### नवौं लक्ष्य

यसको नवौं लक्ष्य उद्योग, नवीन खोज र पूर्वाधार अर्थात् बलियो पूर्वाधार निर्माण गर्ने, औद्योगिकीकरणलाई दिगो बनाउने तथा नवीन खोजलाई प्रोत्साहन गर्ने नै हो । यसको दिशा निर्धारण निम्नानुसार गरिएको छ :

- कृषि उत्पादनमा आधारित ग्रेडिङ्ग गर्ने, प्रोसेसिङ्ग गर्ने र 'रेडी टू कुक'का उद्योग सञ्चालनमा ल्याउने ।
- यसैगरी ग्रेडिङ्ग गर्ने र प्याकेजिङ्ग गर्ने उद्योग सञ्चालनमा ल्याउने ।
- लगानी सम्मेलन गर्ने ।
- उपलब्ध खानीको सञ्चालनमा जोड दिने ।
- कृषिमा ब्लक प्रणाली वा जोनिङ्ग प्रणाली लागू गर्ने ।
- स्वदेशी उत्पादनको खपतलाई संरक्षण दिने ।

यी लक्ष्यहरूको कार्यान्वयनका लागि पालिकाहरूले सहकारीका माध्यमद्वारा कृषि उत्पादनको बजारीकरण गर्नु पर्छ । यसैगरी, संघीय र प्रदेश सरकारसँगको सहकार्यमा खानी सञ्चालन र कृषिको जोनिङ्गमा प्रवेश गर्नु पर्छ ।

#### दशौं लक्ष्य

दिगो विकासको दशौं लक्ष्य न्यून असमानता अर्थात् देशभित्रै वा देशहरूबीच रहेको असमानतालाई न्यून गर्ने नै हो । यसको दिशा निर्धारण निम्नानुसार गरिएको छ :

- उमेर, लिङ्ग, अपाङ्गता, जातियता, उत्पत्ति, धर्म वा आर्थिक वा अन्य हैसियत जेसुकै भए तापनि सबैका लागि सामाजिक तथा राजनीतिक समावेशितालाई प्रवर्द्धन गरी त्यसलाई सशक्त पार्ने ।
- विभेदपूर्ण कानून, नीति र प्रचलनहरूको अन्त्य तथा तत्सम्बन्धी उपयुक्त कानून, नीति र प्रचलनको प्रवर्द्धन गर्ने लगायतका काम गरी सबैलाई समान अवसर सुनिश्चित गर्ने र परिणाममा असमानता कम गर्ने ।
- क्रमशः बृहत्तर समानता हासिल गर्न वित्तीय, ज्यालासम्बन्धी र सामाजिक संरक्षण नीतिहरू अवलम्बन गर्ने ।

यी लक्ष्यहरू हासिल गर्न पालिकाहरूले लक्षित समुदाय र वर्गका कार्यक्रममा जोड दिनु पर्छ । विकासको लाभ ती समुदायमा पुग्नु पर्छ ।

#### एघारौं लक्ष्य

यसको एघारौं लक्ष्य दिगो सहर र समुदायहरू अर्थात् सहरहरूलाई समावेशी, सुरक्षित, सबल र दिगो बनाउने हो । यसको दिशा निर्धारण निम्नानुसार गरिएको छ :

- पर्याप्त, सुरक्षित तथा खर्चले धान्न सक्ने आवास र आधारभूत सेवाहरूमा सबैको पहुँच सुनिश्चित गर्ने र भुपडबस्तीहरूको स्तरोन्नति गर्ने ।
- सडक सुरक्षामा सुधार गर्दै सुरक्षित, धान्न सकिने, सहज र दिगो यातायात व्यवस्थामा पहुँच उपलब्ध गराउने ।
- विपद्का कारण हुने मृत्यु, प्रभावित व्यक्तिहरूको सङ्ख्या र आर्थिक क्षतिलाई उल्लेख्य रूपमा कम गर्ने ।

यी लक्ष्य प्राप्तिका लागि पालिकाहरूले जनता आवास कार्यक्रम लगायत संविधानले व्यवस्था गरेअनुसार सबैलाई आवासको प्रबन्ध गर्नु पर्छ ।

#### बाह्रौं लक्ष्य

दिगो विकासको बाह्रौं लक्ष्य जिम्मेवारपूर्ण उपभोग तथा उत्पादन अर्थात् दिगो उपभोग तथा उत्पादनको ढाँचा सुनिश्चित गर्ने हो । यसको दिशा निर्धारण निम्नानुसार गरिएको छ :

- प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन तथा चुस्त प्रयोग हासिल गर्ने ।
- स्रोतमै फोहोरको कम उत्पादन, न्यूनीकरण, पुनर्उत्पादन (रिसाइकल) र पुनःप्रयोग मार्फत् फोहोर उत्पादनमा उल्लेख्य मात्रामा कमी ल्याउने ।
- दिगो विकास र जीवनशैलीबारे सबै ठाउँका मानिसहरूमा आवश्यक जानकारी र सचेतना होस् भन्ने सुनिश्चित गर्ने ।

यी लक्ष्य हासिल गर्न सबै पालिकाहरूले नागरिकको घर-घरमा फोहोरका रङ्गीन बाल्टिनहरू राख्ने र ल्याण्डफिल्ड साइटको व्यवस्थापन गर्ने काम गर्नु पर्छ ।

#### तेह्रौं लक्ष्य

दिगो विकासको तेह्रौं लक्ष्य जलवायुसम्बन्धी कारबाही अर्थात् जलवायु परिवर्तन तथा यसका प्रभावहरू विरुद्ध लड्न तत्काल कारबाही थाल्ने हो । यसको दिशा निर्धारण निम्नानुसार गरिएको छ :

- सबै मुलुकमा प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको सामना गर्नसक्ने र अनुकूलन क्षमता वृद्धि गर्ने ।
- जलवायु परिवर्तनसम्बन्धी उपायहरूलाई राष्ट्रिय नीति, रणनीति र योजनाहरूमा समायोजन गर्ने ।
- जलवायु परिवर्तन न्यूनीकरण, अनुकूलन, प्रभाव न्यूनीकरण तथा पूर्व चेतावनी दिने सम्बन्धमा शिक्षा, जनचेतना अभिवृद्धि र संस्थागत क्षमतामा सुधार गर्ने ।

यी लक्ष्य हासिल गर्न पालिकाले वातावरण संरक्षणमा लगानी गर्नु पर्छ । वातावरणीय प्रभाव अध्ययन बेगर प्रकृतिलाई असर पर्ने गरी कुनै पनि काम गर्नु हुँदैन ।

**चौधौं लक्ष्य**

यसको चौधौं लक्ष्य जलमुनिको जीवन अर्थात् समुद्र, महासागर र समुद्री स्रोतहरूको संरक्षण तथा दिगो प्रयोग नै हो । नेपाल भूपरिवेष्ठित मुलुक भएकाले पालिकाकै तहमा यसमा खासै गर्नु परोइन ।

**पन्धौं लक्ष्य**

दिगो विकासको पन्धौं लक्ष्य जमिनमाथिको जीवन अर्थात् वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरणविरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने हो । यसको दिशा निर्धारण निम्नानुसार गरिएको छ :

- सन् २०२० सम्ममा, मरुभूमीकरणविरुद्ध लड्ने र खडेरी तथा बाढीप्रभावित भूमिलगायत अन्य भूमि तथा माटोमा आएको ह्रासलाई सुधार गरी पहिलेकै अवस्था पुऱ्याउने ।
- दिगो विकासका लागि अत्यावश्यक लाभहरू उपलब्ध गराउने हिमाली पारिस्थितिकीय प्रणाली (इकोसिस्टम)को क्षमता अभिवृद्धि गर्न जैविक विविधतासहित तिनको संरक्षण सुनिश्चित गर्ने ।
- संरक्षित जीवजन्तु तथा वनस्पतिको चोरी सिकार तथा अवैध ओसारपसार अन्त्य गर्न तत्काल कारवाही थाल्ने ।

यी लक्ष्य हासिल गर्न पालिकाले आम जनतामा सचेतनाका कार्यक्रम सञ्चालन गर्ने र पर्यावरणको संरक्षणमा लगानी गर्ने काम गर्नु पर्छ ।

**सोह्रौं लक्ष्य**

यसको सोह्रौं लक्ष्य शान्ति, न्याय र सशक्त संस्थाहरू अर्थात् न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्नै हो । यसको दिशा निर्धारण निम्नानुसार गरिएको छ :

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा कानूनी शासनको प्रवर्द्धन गर्ने र सबैका लागि न्यायमा समान पहुँच सुनिश्चित गर्ने ।
- सबै प्रकारका भ्रष्टाचार तथा घुसखोरीलाई उल्लेख्य मात्रामा घटाउने ।
- जन्म-दर्ता लगायतको कानूनी पहिचान सबैलाई प्रदान गर्ने ।

यी लक्ष्य हासिल गर्न पालिकाले विधिको शासन सञ्चालन गर्नु पर्छ र सबै जनप्रतिनिधिको आचार-संहिता निर्माण गर्नु पर्छ ।

**सत्रौं लक्ष्य**

दिगो विकासको सत्रौं लक्ष्य माथि उल्लिखित अन्य लक्ष्यहरूका लागि साझेदारी अर्थात् दिगो विकासका लागि विश्वव्यापी साझेदारीलाई पुनर्जीवन दिने हो । यसको दिशा निर्धारण निम्नानुसार गरिएको छ :

- कर तिर्ने र सदुपयोग गर्ने बिषयमा नागरिकमा सचेतना कार्यक्रम गर्ने ।
- विश्वव्यापी सञ्जालमा आबद्ध रहने ।
- व्यापार सन्तुलनका क्षेत्रमा पहल गर्ने ।
- विश्वमा पहिचानका लागि उत्पादनमा जोड दिने ।
- आफ्नो सीप र प्रविधिको जगेर्ना गर्ने ।

यी लक्ष्य हासिल गर्न पालिकाले आन्तरिक राजश्व प्रणालीलाई मजबुत तुल्याउनु पर्छ ।

यसरी नेपालभरिका ७५३ पालिकाले सूचनाको हकको प्रचलनमा आमजनतालाई सुसूचित गर्ने कुरा त छँदैछ त्यसमा पनि दिगो विकासका लक्ष्यहरूका विषयमा समेत आफू पनि सुसूचित भई जनसाधारणलाई समेत सुसूचित तुल्याउने र के कस्ता दिगो विकास लक्ष्यहरूका लागि स्थानीय तहबाट के कस्ता कामहरू गरिँदैछन् वा गरियो भन्ने कुराको जानकारी प्रवाह गर्ने काम पनि गर्नु पर्दछ । यसका साथै हरेक स्थानीय तहले दिगो विकास लक्ष्यका सन्दर्भमा आफूले गरेका कामहरू प्रदेश तथा सङ्घीय सरकार र योजना आयोगहरूलाई पनि नियमित रूपमा उपलब्ध गराउने काम गर्नु उपयुक्त हुन्छ ।

यसरी विभिन्न दिगो विकास तथा सकारात्मक सामाजिक रूपान्तरण वा हितका क्रियाकलाप सञ्चालन गर्ने र तत्सम्बन्धी सूचना प्रवाहलाई नियमितता दिने कार्यहरूमा विशेष ध्यान दिँदै मुलुकले अख्तियार गरेको समृद्ध नेपाल र सुखी नेपालीको ध्येय प्राप्तिका लागि मन, वचन र कर्मले ईमान्दार प्रयास गर्नु समयको महत्वपूर्ण माग पनि हो । यसतर्फ सबै स्थानीय तहहरूको ध्यान जानु र उनीहरूलाई सम्बद्ध पक्षले सहयोग वा सहजीकरण गर्नु जरूरी छ ।

*लेखक कृष्णहरि बास्कोटा नेपालका पूर्वप्रमुख सूचना आयुक्त एवम् नेपाल सरकारका पूर्वसचिव हुनुहुन्छ ।*

# "दिगो पर्यटन"को सोच र स्थानीय अभ्यास



चेतनाथ कणेल

सन् २०३० सम्ममा विश्वबाट भोक र गरिबी अन्त्य गर्ने महान लक्ष्यका साथ अघि बढ्ने प्रतिबद्धताअनुरूप संयुक्त राष्ट्रसङ्घसँग आबद्ध विश्वका सम्पूर्ण देशले आआफ्ना परिवेश र परिस्थिति अनुकूल हुने गरी दिगो राष्ट्रिय विकासका लक्ष्यहरू तय गरेका छन् । सन् २०१५ को सेप्टेम्बर महिनामा विश्वव्यापी लक्ष्य तय भएपछि हरेक देशले आआफ्ना देशीय लक्ष्य, उद्देश्य र कार्यक्रमहरू तयार पारेका छन् । नेपालमा पनि राष्ट्रिय योजना आयोगको अगुवाइमा सन् २०१६ देखि २०३० सम्मको १५ वर्षे दिगो विकास लक्ष्यको दस्तावेज तयार भएको छ। यस दस्तावेजलाई हरेक मन्त्रालयले आफ्नो मूल दस्तावेज मानी त्यो समयदेखि नै कार्यान्वयनमा उत्रेको अवस्था छ । तर नेपालको संघीय संरचनाअनुसार ७ प्रदेश र ७५३ पालिकामा पनि ***दिगो विकास लक्ष्य (एसडीजी)*** जुन किसिमले मूलप्रवाहीकृत गर्नुपर्ने थियो, त्यसअनुसार भने काम हुन सकेको छैन ।

> 'नेपालको संघीय संरचनाअनुसार ७ प्रदेश र ७५३ पालिकामा पनि दिगो विकास लक्ष्य (एसडीजी) जुन किसिमले मूलप्रवाहीकृत गर्नुपर्ने थियो, त्यसअनुसार भने काम हुन सकेको छैन ।'

एसडीजीको स्थानीयकरणका लागि संघीय संरचनाले कार्यमूलक बाटो पक्रनुपर्ने थियो, प्रदेश तह तथा स्थानीय तहको पनि चुनाव सम्पन्न हुनुपर्ने थियो । सन् २०१७ (वि.सं. २०७४) मा त्यस्ता चुनाव सम्पन्न भए । तथापि संघीय संरचना (फेडेरालिजम) को शासकीय रूपरेखा नेपालका लागि नितान्त नौलो हुनु, स्थानीय तथा प्रदेश सरकारमा विजयी भई आउने जनप्रतिनिधिहरूको दिगो विकासमैत्री अभिमुखीकरण समयमा हुन नसक्नुजस्ता विविध कारणले गर्दा एसडीजीको दस्तावेज र भावना तल्ला तहसम्म पुग्न धेरै समय लागेको अवस्था छ। अहिले हामी सन् २०२१ को अन्तिम प्रहरतिर आइसकेका छौं, अद्यापि प्रदेश सरकार र स्थानीय सरकारमा संलग्न कर्मचारी र जनप्रतिनिधिहरूलाई आवश्यक मात्रामा अभिमुखित गर्ने र कार्यक्रमिक ढंगले संलग्न गराउने काममा हामी धेरै पछि परेका छौं । जसले गर्दा प्रदेश तथा स्थानीय तहका दीर्घकालीन योजना, वार्षिक कार्यक्रम तथा अन्य नीतिगत दस्तावेजहरूमा एसडीजीका लक्ष्य र भावनाहरूलाई आत्मसात गर्न र मूलप्रवाहीकृत गर्न नसकिएको अवस्था छ ।

राष्ट्रिय योजना आयोगले २०७७ को पुस महिनामा मात्र दिगो विकास लक्ष्यको स्थानीयकरण कसरी गर्ने भनेर एक 'स्रोत पुस्तिका' तयार पारेको सन्दर्भले पनि स्पष्ट पार्छ सन् २०१६ देखि सन् २०२० को अन्त्यसम्मको (५ वर्ष) अवधि दिगो विकास लक्ष्यप्राप्तितर्फ खासै अघि बढ्न सकेन । देशभरका गतिविधि हेर्दा सन् २०२१ मा आएर मात्र एसडीजीलाई स्थानीय तहले बुझ्ने, बुझाउने र कार्यक्रमिक ढंगले आत्मसात गर्ने प्रयास गरेको देखिन्छ । सायद सन् २०२२ पनि बुझ्ने र बुझाउने कार्यमा नै सिद्धिन्छ । बाँकी रहनेछ हामीसँग नौ वर्ष । अझ यो समयमा भोग्नुपरिरहेको वैश्विक महामारी कोरोना ('कोभिड-१९ प्यान्डेमिक') ले हामीलाई कहिले छुटकारा दिने हो त्यो अझै पनि अनिश्चयको घडीमा छ। हरेक देशका स्वास्थ्य मन्त्रालय रनभुल्ल र अलमलमा छन्, अझ विश्व स्वास्थ्य संगठन नै पनि चकित छ।

## १७ लक्ष्य, गरिबी निवारण र दिगो पर्यटन

दिगो विकास लक्ष्यमा अंकित विश्वव्यापी १७ लक्ष्य (नेपालको सन्दर्भमा जम्मा १६ वटा) मा के के कुरा उल्लेख छ भनेर विस्तृतमा चर्चा गर्ने वा व्याख्या गर्ने यस आलेखको आशय अवश्य होइन । त्यसको सट्टामा यहाँ मैले एसडीजीको कुन लक्ष्यले पर्यटन विकासको कुरा समेट्छ र त्यस्तो पर्यटनले गरिबी निवारण वा समग्र समृद्धिमा टेवा पुऱ्याउन सक्छ भन्ने कुराको सन्दर्भ उठाउँदै स्थानीय सरकारहरूले ती टेवामूलक पहल र अभ्यासलाई के-कसरी दिगो बनाइराख्न सक्छन् भन्ने कुरामा विशेष प्रकाश पार्न खोजेको हुँ । दिगो पर्यटन विकासको सोच र अभ्यास मूलतः 'एसडीजी' बन्नुअघि नै अर्थात् सन् १९९२ पछि (ब्राजिलको रियो डे जेनेरियो सहरमा दिगो विकाससम्बन्धी विश्व सम्मेलन सम्पन्न भएपछि) नै निरन्तर भइआएको छ । तथापि सन् २०१६-२०३० को 'एसडीजी दस्तावेज'को मूल भावना प्रतिविम्बित हुनेगरी हाम्रा प्रयासहरूलाई कसरी समाहित र मूलप्रवाहीकृत गरिँदैछ भन्ने कुराको विश्लेषणात्मक चर्चा गर्नु यस आलेखको मूल अभिप्राय हो । यस सन्दर्भमा यस पंक्तिकारले राष्ट्रिय दस्तावेजहरूको अध्ययन-शोध, विभिन्न सन्दर्भमा गाउँपालिका तथा नगरपालिकाका जनप्रतिनिधि एवम् त्यहाँ कार्यरत कर्मचारीहरूसँग भएका अन्तर्क्रिया तथा भलाकुसारी र गरिबी निवारणउन्मुख पर्यटन विकास विषयमा लेखकको आफ्नै करिब दुई दशकको अनुभवसमेत प्रतिविम्बित गर्ने प्रयास भएको छ।

> 'दिगो पर्यटन विकासको सोच र अभ्यास मूलतः "एसडीजी" बन्नुअघि नै अर्थात् सन् १९९२ पछि (ब्राजिलको रियो डे जेनेरियो सहरमा दिगो विकाससम्बन्धी विश्व सम्मेलन सम्पन्न भएपछि) नै निरन्तर भइआएको छ ।'

विषयवस्तुमा सोधखोज गर्ने र अनुभव दस्तावेजीकरण गर्ने सिलसिलामा मूलरूपमा निम्न चारवटा सवालहरू (प्रश्न) मा केन्द्रित रही सोच र अभ्यासका आयामहरू छलफल गरिएका छन् :

१. नेपालको सन्दर्भमा एसडीजीका कुन कुन लक्ष्यहरूले पर्यटन विषयलाई अर्थोपार्जन (समृद्धि) तथा गरिबी निवारणको माध्यम बनाउने सोच अघि सारेका छन् ?
२. 'दिगो पर्यटन' अर्थात् पर्यटन विकासमा दिगोपनाका लागि अपनाइएका व्यावहारिक अभ्यासहरू के के छन् ?
३. दिगो पर्यटन विकासका लागि देखिएका चुनौतीहरू के के छन् र स्थानीय सरकारले कसरी हेर्छन् ?
४. पर्यटन विकास कार्यलाई साँच्चिकै गरिबमैत्री र गरिबी निवारणको लक्ष्योन्मुख बनाउन के के गर्नुपर्ला ?

अब तलका परिच्छेदहरूमा क्रमशः माथिका प्रश्न (सवाल) हरूको जवाफ खोज्ने प्रयास गरिनेछ ।

## १. नेपालको सन्दर्भमा एसडीजीको कुन कुन लक्ष्यहरूले पर्यटन विषयलाई अर्थोपार्जन (समृद्धि) तथा गरिबी निवारणको माध्यम बनाउने सोच अघि सारेका छन् ?

माथि पनि भनियो एसडीजीमा संसारव्यापी लक्ष्य १७ वटा छन्, तर नेपालले लक्ष्य नं. १४ (महासागर/समुद्र संरक्षणसम्बन्धी) लाई अलग्याई अन्य १६ वटा लक्ष्य हासिल गर्ने सोचअनुरूप विस्तृत कार्यरूप तयार गरेको छ । विश्वव्यापीरूपमा हेर्दा एसडीजीको स्थानीयकरण (अर्थात् राष्ट्रियकरण) भनेकै त्यही हो । मूल ('ग्लोबल') दस्तावेजलाई आधार बनाई कार्यान्वयनमैत्री र व्यवहारसुलभ स्थानीय ('लोकल') दस्तावेज तयार पार्ने र अघि बढिरहने । राष्ट्रिय हिसाबले ग्लोबल डकुमेन्टलाई लोकलाइज गरेपछि पुनः त्यही राष्ट्रिय लोकलाइज्ड डकुमेन्टलाई विभिन्न प्रदेशले आफ्नो परिवेशअनुरूप बनाउने र फेरि प्रादेशिकृत दस्तावेजलाई पालिकाहरूले आफ्नो ढंगमा ढाली जनताको घर-आँगन (तृणमूल) मा पुग्नेगरी स्थानीयकृत (स्थानीयकरण) गर्ने काम गर्नु अति जरुरी छ । सन् २०२१ को आरम्भसँगै यो अभियान प्रदेश-प्रदेश र पालिका-पालिकामा पुगेको छ ।

नेपालमा यूएनडीपीको सहयोगमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको अगुवाइमा कार्यान्वयन हुने गरी भर्खर

सञ्चालनमा आएको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (पीएलजीएसपी) ले एसडीजीलाई प्रदेश तथा स्थानीय सरकारहरूमा स्थानीयकरण तथा मूलप्रवाहीकृत गर्नका लागि सक्रियरूपले काम गरिरहेको छ । तर एसडीजीले अपेक्षा गरेअनुसार गति समात्न नसकेको कुरा पनि बेलाबेलामा चर्चामा आउने गरेको छ । जे भए पनि सघन प्रयास हरेक तह र तप्काबाट हुनैपर्छ । विश्वव्यापी लक्ष्यमा नेपाल पछि पर्नु हुँदैन । पहिले 'मिलेनियम डेभलपमेन्ट गोल' (सहश्राब्दी विकास लक्ष्य/एमडीजी, सन् २०००-२०१५) मा पनि नेपालले राम्रै प्रगति गरेको थियो । बालबालिका तथा महिलासम्बद्ध कतिपय लक्ष्यमा अन्तर्राष्ट्रिय पुरस्कारसमेत प्राप्त गरेको थियो । त्यो निश्चय नै हामी सबैका लागि खुसीको कुरा थियो, शानको कुरा थियो ।

दिगो विकास लक्ष्यको पहिलो (नम्बर १) लक्ष्य गरिबी निवारण अर्थात् 'सबै प्रकारका गरिबीको अन्त्य' गर्ने हो । दोस्रो लक्ष्य भोकमरी अन्त्य तथा पोषण अभिवृद्धि हो । तेस्रो लक्ष्यले 'स्वस्थ जीवन' बनाउने कुरा गर्दछ भने चौथोले सबैलाई सुलभ र गुणस्तरीय शिक्षा प्रदान गर्ने कुरा उल्लेख गर्दछ । त्यस्तै पाँचौं लक्ष्यले लैंगिक समानता तथा महिला सशक्तीकरणको लक्ष्य बोकेको छ भने छैटौं लक्ष्यले स्वच्छ पिउने पानी तथा सरसफाइको सुनिश्चितताका कुरा गर्दछ । सातौं लक्ष्यले ऊर्जामा सबैको पहुँच, आठौंले रोजगारीको ग्यारेन्टी र सम्मानजनक कामप्राप्ति, नवौंले विपद् प्रतिरोधी संरचना तथा औद्योगिकीकरण, दशौंले देशभित्र र देशहरूबीचको असमानता हटाउने, एघारौंले दिगो बस्ती तथा सहरीकरण विकास र बाह्रौं लक्ष्यले दिगो उत्पादन तथा उपभोग सुनिश्चितताको कुरा गर्दछ । यसैगरी, तेह्रौं लक्ष्यले जलवायु परिवर्तनमैत्री विकासको कुरा गर्छ भने पन्ध्रौं लक्ष्यले वनजङ्गल संरक्षण तथा जैविक विविधता विकास, सोह्रौं लक्ष्यले समावेशी विकास तथा न्यायपूर्ण समाज बनाउने कुरालाई जोड दिएको छ । र, अन्तमा सत्रौं लक्ष्यले विश्वव्यापी साझेदारी अभिवृद्धि, भातृत्व-भगिनीत्व विस्तारको लक्ष्य हासिल गर्ने अभिप्राय राखेको छ ।

> 'भनिन्छ, पर्यटन उद्योग धुवाँरहित उद्योग हो, एकजना पर्यटकले १० देखि १३ जना व्यक्तिलाई रोजगारी दिन सक्छ, विदेशी मुद्रा भित्र्याउन सक्छ, युवादेखि वृद्धवृद्धालाई संलग्न गराउन सक्छ ।'

यसरी नेपालले 'स्थानीयकरण' गरेका १६ वटै लक्ष्यको मूल अभिप्राय केलाउँदा पर्यटन विकास गर्ने कुरा कुन लक्ष्यसँग सम्बन्धित हुन्छ त भन्ने जटिल प्रश्न हाम्रो मनमा उठ्न सक्छ । तर यसको ठ्याक्कै जवाफ भने आउँदैन । किनकि पर्यटन व्यवसाय, वा उद्योग/उद्यम यस्तो प्रकृतिको छ कि यसले सम्बद्धता नराख्ने सायदै कुनै विषय र लक्ष्य होला । किनकि, पर्यटन मूलतः आर्थिक उपार्जन गर्ने साधन देखिए पनि पर्यटनले विश्वमा धेरै कुरा दिने गरेको छ । त्यही भएर नै होला विश्वका हरेक देशले (केही अपवादबाहेक, जस्तै : उत्तर कोरिया) पर्यटन उद्योगलाई प्राथमिकतामा राख्ने गरेका छन् ।

भनिन्छ, पर्यटन उद्योग धुवाँरहित उद्योग हो, एकजना पर्यटकले १० देखि १३ जना व्यक्तिलाई रोजगारी दिन सक्छ, विदेशी मुद्रा भित्र्याउन सक्छ, युवादेखि वृद्धवृद्धालाई संलग्न गराउन सक्छ । संक्षेपमा भन्नुपर्दा पर्यटन बहुआयामिक विकासको साधन भएकोले यसले आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यावरणीय, कुटनीतिक, शैक्षिक तथा भाषिकजस्ता अनेक विषय र आयामलाई टेवा पुऱ्याउँछ । अझ पर्यटनलाई पनि साँच्चिकै दिगो र समावेशी बनाउँदै अगाडि बढाउन सकियो भने यसले समग्रमा एसडीजीका सबै १६ वा १७ लक्ष्यप्राप्तिमा नै गहन भूमिका खेल्नसक्ने कुरा धेरै अभ्यास र घटना (केस) हरूबाट सार्थक भएको पाइन्छ । दिगो हिसाबले पर्यटन अघि बढिरहेको ठाउँमा गरिबी घट्छ, रोजगारी बढ्छ, कोही भोकै बस्नुपर्दैन, आत्मसम्मान र पहिचान बढ्छ, संस्कृति तथा वातावरणको संरक्षणमा टेवा पुग्छ, विश्व भाइचारा/'भगिनीचारा' बढ्छ, महिला सशक्तीकरण र समानता बढ्छ, शिक्षामा पहुँच बढ्छ, खानेपानी तथा सरसफाइको संयन्त्र सुदृढ हुन्छ, पर्यावरणीय विकास तथा जैविक विविधता बढ्न थाल्छ, र, समग्रमा भन्नुपर्दा कुनै पनि स्थानको बहुआयामिक सामुदायिक विकास र समृद्धि ह्वात्तै बढ्छ । उदाहरणका लागि खुम्बू क्षेत्र, लाङटाङ क्षेत्र, पोखरा तथा एक्याप क्षेत्र, हेलम्बू, बन्दीपुर, सौराहा, लुम्बिनी क्षेत्र, आदिलाई लिन सक्छौं । यद्यपि यी स्थानमा पनि अझ हामीले सोचेअनुसार 'दिगो पर्यटन'का सिद्धान्त पूर्ण परिपालना भने भएका छैनन् । पर्यटनलाई दिगोरूपमा कसरी अगाडि बढाउने भन्ने चिन्ता खुम्बूदेखि खप्तडसम्म र शुक्लाफाँटादेखि कोशीटप्पुसम्म नै छ ।

यिनै कुरालाई महसुस गरेर *नेपालको पर्यटन नीति*, २०६५ ले दिगो पर्यटन विकासलाई निकै जोड दिएको छ । पर्यटनलाई दिगो विकासको आधार बनाउने, गाउँगाउँमा पर्यटकीय क्षेत्र विस्तार गर्ने, होमस्टे विकास गर्ने, महिला सहभागिता

बढाउने, वातावरणमैत्री पर्यापर्यटनको विकासमा जोड दिने कुरा सो पर्यटन नीतिमा उल्लेख्यमात्रामा चर्चा भएको छन् । सो नीतिको मस्यौदाकार/टिप्पणीकारमध्ये आफू पनि एक भएकोले आजभन्दा १३ वर्षअघि नै बनेको भए पनि उक्त नीति निकै प्रगतिशील मानिन्छ । तर विडम्बना, सो नीतिको सही कार्यान्वयन भने अहिलेसम्म पनि हुन सकेन । नीतिमा भएका कैयौं प्रावधानहरू पटक्कै लागू नभएको पनि यस पंक्तिकारले समीक्षा गरिसकेको छ । तर यस छोटो आलेखमा ती सबै कुरा यहाँ राख्न सम्भव छैन । पर्यटन नीतिको पुनरावलोकन र परिमार्जन अहिलेको आवश्यकता बनेको छ । तर, राजनीतिक हलचल र अस्थिरतावीच त्यस्ता नीतिलाई दीर्घकालीन प्रभाव पर्ने गरी नचलाउनु नै वेश, जति सकिन्छ त्यति कार्यान्वयन गर्नु नै वेश !

## २. 'दिगो पर्यटन' अर्थात् पर्यटन विकासमा दिगोपनाका लागि अपनाइएका व्यावहारिक अभ्यासहरू के के छन् ?

वर्तमान पुस्ताले प्रयोग गरिरहेका स्रोत, साधन र सुविधा अर्को पुस्ताले पनि नबिग्रेको हालतमा प्रयोग गर्न पाउनु नै दिगो विकासको अवधारणा हो । अत: पर्यटन विकासमा पनि यी सिद्धान्त र दर्शन लागू हुन्छन् । पर्यटनमा 'सम्पदा'/उपज (स्रोत) को महत्वपूर्ण स्थान हुन्छ । भनिन्छ, पर्यटनको सुरुवात सम्पदाबाट नै हुन्छ । 'जहाँ सम्पदा, त्यहाँ पर्यटन' भन्ने भनाइ विश्वचर्चित छ । सम्पदा भन्नाले प्राकृतिक, मानवनिर्मित, सांस्कृतिक/धार्मिक/आध्यात्मिक, ऐतिहासिक, पुरातात्विक आदि जे पनि हुन सक्छन् । ती सम्पदामा ह्रास नल्याई (सकेसम्म 'स्केलअप' गरेर वा बढाएर) पर्यटनका गतिविधि चलाइरहनु नै पर्यटनमा दिगो सोच हो ।

> 'वर्तमान पुस्ताले प्रयोग गरिरहेका स्रोत, साधन र सुविधा अर्को पुस्ताले पनि नबिग्रेको हालतमा प्रयोग गर्न पाउनु नै दिगो विकासको अवधारणा हो ।'

सगरमाथामा सन् १९९० को दशकमा फोहोर थुप्रिएर यसको छविमाथि नै प्रश्नचिन्ह उठाइएको हामी सबैको दिमागमा ताजा छ । पछि सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपीसीसी) ले विशेष पहल गऱ्यो । सगरमाथा राष्ट्रिय निकुञ्ज र पर्यटन मन्त्रालयले विशेष ध्यान दिए । प्रदूषण तथा फोहोरमैला नियन्त्रणका लागि अनेक नीतिगत प्रावधान बने । जसले गर्दा सगरमाथा अहिले सफा छ, पहिलेका आरोप हटे । सगरमाथाको प्रवेशद्वार लुक्लाबाटै त्यस्ता असल अभ्यास लागू हुने गरेका छन् । खुम्बू क्षेत्रमा कमभन्दा कम प्लास्टिकको प्रयोग, सिसाका बोतलमा आउने पेय तथा खाद्यपदार्थ आयातमा प्रतिबन्ध, पर्यटक टोलीले लगेको फोहोर आफैंले फिर्ता ल्याउनुपर्ने प्रावधान; स्थानीयस्तरमै विद्युत उत्पादन गरी दाउरा, मट्टितेल, डिजेल, पेट्रोलजस्ता प्रदूषण बढाउने वस्तुको उपयोग कम गर्ने नीति; हरियाली प्रवर्द्धन, पर्यावरण तथा जैविक विविधता संरक्षणमुखी क्रियाकलापमा बढोत्तरी, संरक्षणमुखी परम्परागत संस्कार उत्थान, आदिले गर्दा सगरमाथा क्षेत्रमा दिगो पर्यटनको अभ्यास राम्रोसँग भइरहेको छ । पूर्णत: नियन्त्रण गर्न केही समय लाग्ने भए पनि नकारात्मक असर कम हुँदै जानु र सकारात्मक प्रभाव बढ्दै जानु भनेको दिगो विकासको लक्ष्यतर्फ उन्मुख हुनु हो ।

खुम्बू क्षेत्रको पाठले अहिले नेपालका धेरै ठाउँमा सिकाइको काम गरेको छ । अन्नपूर्ण (एक्याप) क्षेत्र र अन्य संरक्षित क्षेत्रहरूले पनि दिगो संरक्षण र विकासलाई आफ्ना मूल रणनीति बनाउँदै आएको अवस्था छ । एक्याप क्षेत्रका कतिपय अभ्यास विश्व पर्यटनका लागि सिकाइ-स्रोत बनेका छन् । नेपालका अन्य सहरी तथा ग्रामीण गन्तव्यहरूमा पनि वातावरणमैत्री अर्थात् जलवायु अनुकूलन पर्यटनको अभ्यासको प्रयास भइरहेको छ ।

दाउराको प्रयोग घटाउने, बिजुली तथा बायोग्याँसजस्ता स्थानीयस्तरमा उत्पादन हुने र पुन:उत्पादन गर्न सकिने जैविक विकल्पको अधिकाधिक प्रयोग गर्ने, प्लास्टिक तथा नकुहिने फोहोर कमभन्दा कम प्रयोग गर्ने, 'रिसाइकल' (पुन:चक्रण) गर्ने, पर्यटकलाई पनि 'इकोटुरिस्ट' (वातावरणप्रति सचेत पर्यटक) बन्न उत्प्रेरित गर्ने, खाली ठाउँ तथा घरवरिपरि हरियाली प्रवर्द्धन गर्ने/वृक्षरोपण गर्ने, निर्माण कार्यमा पनि रुख काटेर काठ प्रयोग गर्ने परम्परा घटाउने वा विकल्प प्रयोग गर्ने, रासायनिक पदार्थको प्रयोग घटाई अर्गानिक पद्धतिलाई बढावा दिने, पानीको बहुप्रयोग गर्ने अभ्यास बढाउने, सोलार पद्धतिको प्रयोगमा जोड दिने, आदि विविध उपाय पर्यटकीय क्षेत्रमा भइरहेको पाइन्छ । म आफैं पनि विभिन्न ठाउँमा पुग्दा पाहुनालाई पहिले-पहिले 'क्याम्पफायर'मा प्रेरित गर्ने गरेकोमा अहिले 'भो त्यो नगरौं' भन्ने अभ्यास भेट्ने गरेको छु । यी सबै प्रयास हरियाली बढाउने, प्रदूषण घटाउने रणनीति तथा कार्यनीतिअन्तर्गतका प्रशंसनीय अभ्यास हुन् । कतिपय व्यवसायीले 'दिगो' भन्ने शब्द उच्चारण नगरे पनि त्यसतर्फको सकारात्मक बाटो भने अपनाइरहेका छन् । यो राम्रो कुरा हो ।

## ३. दिगो पर्यटन विकासका लागि देखिएका चुनौतीहरू के के छन् र स्थानीय सरकारले कसरी हेर्छन् ?

पर्यटन विकाससमा खपत बढ्ने, उपभोगकर्ता बढ्ने, तर स्रोत भने नबढ्ने स्थिति आउँदा 'दिगो' बनाउने चुनौती सर्वत्र आइपर्छ । सगरमाथामा पनि अप्रिल तथा मे (वैशाख-जेठ) महिनामा हुलका हुल आरोही पुग्दा थामिनसक्नुको अवस्था आउने गर्छ । खुम्बु क्षेत्रमा पर्यटक आउने समय भनेकै शरद ऋतु र वसन्त तथा ग्रीष्म ऋतु हुन् । यी समयमा अत्यधिक पर्यटक आउने हुँदा व्यवस्थापन पक्ष र सेवाको स्तर चुनौतीपूर्ण बन्छ । यस्तो मौसमी प्रभाव अधिकांश गन्तव्यमा पर्ने गर्छ । कुनै मौसममा थेगिनसक्ने पाहुना हुने र कुनै सिजनमा 'शून्यराम' हुने चुनौती नेपालका लागि ठूलै चुनौती हो । मंसिर, पुस, माघ महिनामा लुक्ला, नाम्चे, हेलम्बु, लाङटाङ, मनाङजस्ता उच्च क्षेत्रमा सुनसान हुन्छ, असार, साउन, भदौ महिनामा सौराहा, बर्दिया, लुम्बिनी, जनकपुरजस्ता ठाउँमा सुनसान हुन्छ । त्यो समयमा ती क्षेत्रका सबै व्यवसाय ठप्पप्रायः हुन्छन् । यसरी सीमित समय र सिजनमा चल्ने पर्यटनमा जनशक्ति थमाउन गाह्रो हुन्छ, साथै सिजनमा मात्र पाहुना थुप्रिँदा स्थानीय उत्पादनले पुऱ्याउन, गुणस्तर कायम गर्न र अपेक्षित तहको आतिथ्य व्यवस्थापनमा कठिनाइ हुन्छ । उदाहरणका लागि, गंगादशहरा तथा जनैपूर्णिमाका बेलामात्र हुलका हुल तीर्थालु/पर्यटक पुग्ने, अरू बेला अपेक्षा गरेजति वा न्यूनसंख्यामा पनि पर्यटक नपुग्ने समस्याले रसुवाको गोसाइँकुण्ड क्षेत्र पिरोलिएको छ । 'मौकामा चौका हान्ने संस्कार छ' भनेर वर्षेनि स्थानीय पर्यटन व्यवसायीहरूमाथि आरोप लाग्ने गरेको छ । यहाँको पर्यटनमा 'सिजनल' विविधता ल्याउन सकियो भने व्यवसायी तथा पर्यटक दुवै पक्षलाई राम्रो हुने थियो । अब बन्न लागेको केबलकार तथा दक्षिणी बेल्टबाट आउँदै गरेको मोटरबाटोले त्यो अवसर दिने अपेक्षा गरौं ।

> 'चितवनका एक गाउँपालिका प्रमुख भन्नुहुन्छ, "बाटो, खाने पानी, सडक, शिक्षा भन्दाभन्दै हाम्रो समय जान लागिसक्यो, पर्यटनका बारेमा त सोच्ने समय पनि भएन, अझ दिगो पर्यटनबारे त आफैंले नै बुझ्न बाँकी छ ।'

दिगो अभ्यासका लागि देखिएका अन्य चुनौतीमा व्यवसायी, कर्मचारी तथा स्थानीय जनता (सरोकारवाला) बीचको बुझाइमा कमी तथा बुझेकाहरूबाट पनि अभ्यासप्रतिको प्रतिबद्धतामा कमी, वातावरण तथा जैविक विविधता जोगाएबापत कतिपय स्थानीय व्यक्तिले नियमितजसो सहनुपर्ने वन्यजन्तुबाट हुने क्षति, स्रोत उपयोगको परम्परागत पद्धतिमा रोकावट, जसका कारण द्वन्द्व बढ्ने सम्भावना आदि देखिएका छन् । हरेक पर्यटकीय गन्तव्यमा वैकल्पिक ऊर्जाको व्यवस्था भइसकेको छैन, जसले गर्दा अत्यधिक दाउरा खपत हुने र वनजङ्गल विनाश बढेको पनि भेटिन्छ । ग्यासको भाउ अत्यधिक महँगो हुँदा दाउरा बाल्नुको विकल्प पनि देखिएको छैन । जसले गर्दा पर्यटनका नाममा धमाधम जङ्गल काट्ने र हरियाली डाँडालाई नाङ्गो पार्दै जाने प्रवृत्ति बढेको छ । हुम्लाका सिमकोटजस्ता सुन्दर ठाउँलाई हरियाली विनाश हुनबाट कसरी जोगाउने ? चुनौती छ । सिमकोटजस्तै अरू पनि थुप्रै ठाउँ छन्, जहाँ दाउराको विकल्प सोच्न ढिला गर्न हुन्न ।

व्यवस्थित तरिकाले फोहोरमैला व्यवस्थापन गर्न नसक्दा, प्लास्टिकजन्य पदार्थको खपत नियमन गर्न नसक्दा र ढलको उचित प्रबन्ध गर्न नसक्दा कतिपय गन्तव्य बढी प्रदूषित देखिन्छन् । यसतर्फ पनि हाम्रो ध्यान र सोच जानुपर्छ ।

पछिल्लो समय यी सबै काम स्थानीय सरकारले गरोस् भन्ने चाहना हामीमा छ । तर पालिकाका कतिपय प्रमुख तथा अध्यक्षहरूले दीर्घकालीन योजना बनाउन नसकिएको; जनस्तरमा सचेतना बढाउन नसकिएको, नियमनलाई कडा बनाउन आन्तरिक नीति, रणनीति, कार्यविधि तयार पार्न र लागू गर्न नसकिएको; पालिकामा पर्यटन बुझ्ने जनशक्तिको अभाव भएको, पालिकाका जनप्रतिनिधिहरूमा नै दिगो पर्यटनसम्बन्धी 'एक्पोजर' कम भएको भन्नेजस्ता गुनासाहरू सुनाउने गर्नुहुन्छ । आफ्नो कार्यकाल नै पहिलोपटक भएकोले पर्यटनका बारेमा विस्तृत बुझ्न र कार्यमा उत्रन नसकेको पनि उहाँहरूको अनुभव छ । चितवनका एक गाउँपालिका प्रमुख भन्नुहुन्छ, 'बाटो, खानेपानी, सडक, शिक्षा भन्दाभन्दै हाम्रो समय जान लागिसक्यो, पर्यटनका बारेमा त सोच्ने समय पनि भएन, अझ दिगो पर्यटनबारे त आफैंले नै बुझ्न बाँकी छ । केन्द्र र प्रदेशले पनि हामीलाई यस दिशामा खासै सहयोग गरेनन् । हामी कहिलेकाहीँ त कुहिरोभित्रका कागभैंm हुने गरेका छौं । अझ कोरोना आएपछि त पर्यटनका बारेमा सोच्न नै छाडियो । अब अर्को पालि जितेर आउन सकियो भने सुरुदेखि नै पर्यटनमा लाग्नुपर्ला । यसपालि यस्तै भयो ।'

वास्तवमा उहाँको भनाइ धेरै पालिकाका लागि लागू हुन्छ । पर्यटनबारेमा बुझ्न र सम्भावना केलाउन बाँकी

नै छ । योजनाबद्ध ढंगबाट अगाडि बढ्न बाँकी नै छ । तर कतिपय पुराना ठाउँमा भएका सफल अभ्यास लागू गर्न भने यी पालिकालाई सहज हुनेछ ।

## ४. पर्यटन विकास कार्यलाई साँच्चिकै गरिबमैत्री र गरिबी निवारण लक्ष्योन्मुख बनाउन के के गर्नुपर्ला ?

सन् २०३० सम्ममा गरिबी अन्त्य गर्ने सोचका लागि पर्यटनको भूमिका अहम् हुन्छ । सहरदेखि गाउँसम्म, सुगमदेखि दुर्गमसम्म, पूर्वदेखि पश्चिमसम्म, उत्तरदेखि दक्षिणसम्म नै पर्यटन विकासका क्रियाकलाप सञ्चालन हुन सक्ने हुँदा गरिबी निवारणमा पर्यटनको भूमिका बढेको हो । अहिले नेपालको राष्ट्रिय आय (जीडीपी)मा पर्यटनको योगदान करिब ३ प्रतिशतमात्र रहेको छ। यो प्रतिशतमा रहेको अवस्थामा पनि पर्यटनले राष्ट्र विकासमा पुऱ्याएको योगदानको उल्लेख्य चर्चा गर्ने गरिन्छ । तर, सन् २०३० सम्ममा यो प्रतिशतलाई कम्तीमा १० प्रतिशतको हाराहारीमा पुऱ्याउन सकियो भने (यद्यपि यो लक्ष्य सन् २०२५ तिरै प्राप्त हुनेछ भन्ने सन् २०१९ कै अनुमान थियो, तर कोरोनाले अब सबै अपेक्षामा तुषारापात गरिदिएको छ) नेपालको गरिबी उन्मूलनमा ठूलो योगदान पुग्नेछ ।

> 'यी सबै प्रयास सार्थक हुन सके भने पर्यटनका माध्यमबाट गरिबी घटाउने/हटाउने अभियानमा ठूलो आड मिल्नेछ ।'

राजस्व वृद्धि, रोजगारी तथा आय अभिवृद्धि, स्थानीय उत्पादन तथा उद्यम व्यवसायमा बढोत्तरी, पर्यटनमार्फत् एकीकृत पूर्वाधार तथा ज्ञान अभिवृद्धिमा सहयोग पुग्नाले नै प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा गरिबी निवारणमा टेवा पुग्ने हो । अहिलेसम्मकै पर्यटनको उत्तम वर्ष सन् २०१९ लाई मानिन्छ, जुन वर्ष नेपालमा करिब १२ लाख विदेशी पर्यटक नेपाल घुम्न आएका थिए । ती पर्यटकबाट कुल विदेशी मुद्रा करिब ७२ करोड ४३ लाख अमेरिकी डलर आम्दानी भयो। सन् २०१८ मा सो आम्दानी ७० करोड ३० लाख अमेरिकी डलरमात्र थियो (स्रोतः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सन् २०२०) । अघिल्लो वर्षको तुलनामा झण्डै १० प्रतिशतको वृद्धिको संकेत के हो भने, सन् २०२० र २०२१ मा कोरोनाका कारण हाम्रो पर्यटन थला नपरेको भए, पर्यटन क्षेत्र नगाँजिएको भए निरन्तर वृद्धि सुनिश्चित थियो र सन् २०३० सम्ममा एउटा ठूलो परिमाणको आम्दानी पर्यटनबाटै हुन्थ्यो । जसले नेपालको गरिबी निवारणमा उल्लेख्य टेवा पुऱ्याउने कुरामा दुईमत थिएन ।

विश्व अनुभवका आधारमा पर्यटनविद्हरू भन्छन्, कोरोनापछिको पर्यटन पुरानो लयमा फर्कन कम्तीमा दुई-तीन वर्ष लाग्नेछ । यदि त्यसो हो भने सन् २०१९ को हालतमा फर्कन हामीलाई सन् २०२५ पर्खनुपर्ने हुन्छ । सन् २०२५ पछिको पाँच वर्षको समयमा विश्वभर नै पर्यटनले राम्रो गति र लय पक्रन सक्यो भने नेपालमा पनि कम्तीमा २५ लाख पर्यटक अपेक्षा गर्ने, करिब डेढ अर्ब अमेरिकी डलर आम्दानी पर्यटनबाटै प्राप्त हुने अपेक्षा गर्ने, हालको प्रतिपर्यटक खर्च गर्ने क्षमता ४८ डलरबाट ६०/६५ डलरमा पुऱ्याउने, नेपालमा आएपछि औसतमा हाल १२ दशमलव ७ दिन बस्ने गरेकोमा सन् २०३० सम्ममा औसतमा १४ दिन पुऱ्याउनेजस्ता अपेक्षा राख्नु अन्यथा नठहर्ला । हाल रहेको करिब तीन लाख जनाको प्रत्यक्ष पर्यटन रोजगारी सन् २०३० सम्ममा कम्तीमा १० लाख पुऱ्याउनुपर्ने अपेक्षा पनि नेपालको पर्यटनले राखेको छ ।

यी सबै प्रयास सार्थक हुन सके भने पर्यटनका माध्यमबाट गरिबी घटाउने/हटाउने अभियानमा ठूलो आड मिल्नेछ । खासगरी गरिब वर्गलाई पनि पर्यटनको प्रभावले छोओस् भन्नाका लागि ग्रामीण गन्तव्यहरू विस्तार गर्ने, होमस्टेमा आधारित पर्यटनलाई बढावा दिने, बढीभन्दा बढी किसान तथा कृषि/पशु उत्पादकलाई अग्र- तथा पृष्ठ-सम्बन्ध ('फरवार्ड एन्ड ब्याकवार्ड लिंकेज') मा पद्धतिगत ढंगले आबद्ध गर्ने, बहुआयामिक सीप तथा दक्षता अभिवृद्धि गर्ने, स्थानीय रोजगारीलाई उच्च प्राथमिकता दिने, पर्यटन बजारमा विविधीकरण ल्याउने, महिला सहभागिताका अतिरिक्त समावेशी पर्यटनलाई प्राथमिकता दिने, स्थानीय सीप, कला तथा संस्कृतिमा आधारित हस्तकला प्रवर्द्धन गर्ने, रैथाने खाना र बाली/प्रजाति संरक्षण तथा प्रवर्द्धन गर्नेजस्ता अनेक कार्य गर्नुपर्ने हुन्छ । तनहुँसुरका एक पर्यटन व्यवसायीको भनाइ छ, 'स्थानीय गाइड भएमा मात्र पर्यटनका बारेमा सही ढंगले बताउने काम हुँदोरहेछ, स्थानीय संस्कृति र संस्कार प्रवर्द्धन गर्न मद्दत पुग्नेरहेछ ।' ठिक हो, रोजगारी अभिवृद्धि, युवा सहभागिता वृद्धि तथा 'औथेन्टिक' रूपमा स्थानीय सूचना प्रवाहमा पनि स्थानीय पथप्रदर्शकको भूमिका अहम् हुन्छ ।

यी सबै प्रयासमा दिगो विकासका मूल मर्म आत्मसात गर्नु जरुरी छ । सामाजिक, आर्थिक, पर्यावरणीय, सांस्कृतिक आदि विभिन्न पाटाहरूलाई ख्याल गरेर गरिने पर्यटन विकास नै दिगो हुनेछ । सबैको सक्रिय सहभागिता र समन्यायिक लाभ बाँडफाँड अहिले

देखिएका चुनौती र अवसर दुवै हुन्। उदाहरणका लागि, पर्यटकीय सम्भावना राम्रो भएको ५० घर भएको एक गाउँमा सामुदायिक होमस्टेका माध्यमबाट कम्तीमा १० घरमा होमस्टे बनाएर पर्यटन विकास गर्ने सोच र कार्यक्रम बन्यो भने त्यो गाउँका अरू ४० घरपरिवारले के-कसरी लाभ पाउनेछन् भन्ने कुराको निर्क्योल र संयन्त्र/तौरतरिका पहिले नै विकास गरिनुपर्छ। यसो भयो भने मात्र गन्तव्य दिगो हुनेछ।

## निष्कर्ष

दिगो पर्यटन विकासका पहल र प्रयासहरूलाई अझ सघन बनाउने, स्थानीय पालिका तथा प्रदेशहरूलाई बढीभन्दा बढी सरिक गराउने र अपनत्व लिई जिम्मेवारी बहन गर्ने बनाउने, नमुना काम भएका क्षेत्र घोषणा गरी त्यस्ता अभ्यासलाई विस्तार गर्ने र उनीहरूलाई पुरस्कृत तथा सम्मानित समेत गर्ने, नेपालका असल अभ्यास र घटनालाई विश्वव्यापी बनाउने काममा पनि हामी अझ प्रतिबद्ध भई लाग्नुपर्छ। नेपालमा गरिबमैत्री तथा दिगो पर्यटनका राम्रा अभ्यास पनि धेरै भएका छन्, तर तिनलाई हामीले अपेक्षित मात्रामा न राम्रोसँग अभिलेखनमा ल्याउन सकेका छौँ, न विश्वजगतसँग 'सेयर' गर्न सकेका छौँ, न त नेपालभित्रै व्यापक विस्तार गर्न सकेका छौँ। त्यो जिम्मेवारी अब तपाईं हाम्रै काँधमा आएको छ। कम्तीमा सन् २०३० लाई लक्ष्य गरी कोरोनापछिको 'नयाँ सामान्य' अवस्थामा गरिने योजनाबद्ध विकासमा माथिका सवाल र सन्दर्भ लागू गर्न सकौँ।

*लेखक तथा पर्यटनविद् चेतनाथ कणेल नेपानका निवर्तमान अध्यक्ष तथा गरिबमुखी ग्रामीण पर्यटनका अध्येता हुनुहुन्छ।*
*इमेल : chetnathkanel@gmail.com*

**नेपानद्वारा व्यवस्थित**

## प्रसिद्ध सहभागीमूलक विकास लेखन पुरस्कार

**(रू. १०,०००/ नगद र सम्मानपत्र)**

**स्थापना : २०७४ चैत्र**

**संस्थापक : चेतनाथ कणेल परिवार**

**नेपानमा राखिएको अक्षयकोष रकम रू. १ लाख**

## हालसम्म सम्मानित हुनेहरू :

**२०७५ : गम्भीरबहादुर हाडा, सह–प्राध्यापक भक्तपुर बहुमुखी क्याम्पस (भक्तपुर)**

**२०७६ : डा. विष्णुराज उप्रेती, विकास तथा द्वन्द्वविद् (दोलखा)**

**२०७७ : डा. मानबहादुर विश्वकर्मा, वाग्मती प्रदेश सरकार, प्रमुख सचिव तथा लेखक एवम् अभियानकर्ता**

**२०७८ : प्रा.डा. नरविक्रम थापा, प्राध्यापक, लुम्बिनी इन्टरनेसनल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजी**

# भोकमरी अन्त्य गर्न खाद्य तथा पोषण सुरक्षामा दिगो विकास लक्ष्यको स्थानीयकरण



प्रा. डा. नरविक्रम थापा

## १. परिचय

### १.१ भूमिका

'दिगो विकास लक्ष्य' शान्ति र समृद्धिका लागि सहकार्य गर्ने विश्व समुदायको अठोटअनुसार संयुक्त राष्ट्रसंघका सम्पूर्ण सदस्य राष्ट्रको सामूहिक प्रयास र प्रतिबद्धताका आधारमा सन् २०१५ मा घोषणा गरिएको कार्ययोजना हो। सदस्य राष्ट्रले यी लक्ष्यलाई स्थानीयकरण गर्नु भनेको अन्तर्राष्ट्रिय स्तरमा सहमत भएका विकासका एजेन्डामा सरकारलाई जिम्मेवार बनाउनु हो । नेपालले यी लक्ष्यलाई आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। नेपालले मुलुकको आर्थिक, सामाजिक र पर्यावरणीय परिवेशअनुसार कार्यान्वयनमा ल्याउँदै चौधौँ योजनादेखि नै यी लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको पाइन्छ। सो अनुसार आयवृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्चमध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुनेगरी दीर्घकालीन लक्ष्य लिएको छ। सो अनुसार समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा हासिल हुनेगरी संघ, प्रदेश र स्थानीय तहमा नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने योजना रहेको देखिन्छ (रा.यो.आ., वि.सं. २०७७)। यसका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवालाहरूबीचमा साझेदारी हुनु जरुरी छ।

> 'दिगो विकास विश्वव्यापी रूपमा समृद्धिको सिर्जना, वितरण र दिगोपना हासिल गर्नेसँग जोडिएको विश्वव्यापी कार्यसूची पनि हो ।'

सन् २०१५ मा संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रबाट अनुमोदन भई सन् २०३० सम्ममा हासिल गर्नेगरी विश्वव्यापी रूपमा जारी गरिएको दिगो विकास लक्ष्यका कार्यसूचीअन्तर्गत १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक रहेका छन्। राष्ट्रिय योजना आयोगले नेपालको वस्तुगत यथार्थतालाई पनि समेट्नेगरी २४७ वटा सूचकहरू थप गरी ४७९ सूचकहरू निर्धारण गरेको छ। दिगो विकासलाई

पृथक अवधारणाको रूपमा नलिई यसलाई राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणाको रूपमा लिनुपर्ने हुन्छ । दिगो विकास लक्ष्यलाई सम्बन्धित देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको छ (रा.यो.आ., वि.सं. २०७७) । यस आलेखमा दिगो विकास लक्ष्य - २ : भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण उपलब्ध गर्ने र दिगो कृषि प्रवर्द्धन गर्नेबारेमा मात्र चर्चा गरिने छ ।

### १.२ खाद्य सुरक्षाको अवधारणा

संयुक्त राष्ट्र संघीय विश्व सम्मेलन, सन् १९९६ ले "खाद्य सुरक्षालाई प्रत्येक व्यक्तिले सक्रिय र स्वस्थ जीवनयापनका लागि आफ्नो चाहना र आवश्यकताअनुरूप सधैँ पर्याप्त, स्वच्छ र पोषणयुक्त खानामाथि भौतिक, सामाजिक र आर्थिक पहुँच भएको अवस्था हो भनी परिभाषित गरेको छ । यस प्रकार सबै मानिसलाई, सबै समयमा भौतिक तथा आर्थिक रूपले पर्याप्त, सुरक्षित एवम् पोषणयुक्त खानामाथि पहुँच गराई उनीहरूको भोजनको आवश्यकता र रोजाइको खाना परिपूर्ति होस् र सबल एवम् स्वस्थ जीवन जीउन सकून् भन्ने अभिष्ट संयुक्त राष्ट्रसंघीय कृषि तथा खाद्य संगठनले गरेको छ । खाद्यान्नको सर्वसुलभ उपलब्धता, यसको पहुँच, उपयोग र स्थिरता खाद्य सुरक्षाका महत्वपूर्ण आयाम या स्तम्भहरू हुन् ।"

> 'नेपालमा २१ प्रतिशत जनसंख्याले अझै पनि पर्याप्त खाना खान पाइरहेको अवस्था छैन ।'

### १.३ उद्देश्य

यो लेख तयार पार्ने सिलसिलामा गरिएको अध्ययनको उद्देश्य नेपालमा भोकमरी अन्त्य गर्न खाद्य तथा पोषण सुरक्षामा दिगो विकास लक्ष्य-२ को स्थानीयकरणको अवस्था पहिचान र त्यसको लक्ष्य हासिल गर्न स्थानीय स्तरमा देखिएका अवसर र चुनौतीहरू पत्ता लगाउने ।

### १.४ अध्ययन विधि

यस अध्ययनमा लैङ्गिक समानतासँग सम्बन्धित दृष्टिकोण र प्रशंसनीय खोजजस्ता अवधारणाहरू आत्मसात गरिएको थियो भने अवलोकन, विद्यमान दस्तावेजहरूको समीक्षा, इन्टरनेट आदिको प्रयोग गरिएको थियो ।

अध्ययनका सिलसिलामा विभिन्न कोणबाट सूचनाको विश्लेषण गरिएको थियो । सूचना विश्लेषण अर्थ-राजनीतिक अवधारणामा आधारित छ । बन्दाबन्दीको बेलामा अध्ययन गरिएको हुँदा केही चुनौतीका बावजुद पनि अध्ययन कार्य संपन्न गरिएको छ । खाद्य तथा पोषण सुरक्षासम्बन्धी तथ्याङ्कहरूको संकलनमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रकाशित दस्तावेजहरूलाई आधार मानिएको थियो । शोध कार्यगर्दा विभिन्न पत्र-पत्रिका, पुस्तक आदिको समीक्षा गरी महत्वपूर्ण ज्ञान उद्धरण गरिएको छ । यस क्षेत्रमा शोधकर्ता स्वयं लामो समयसम्म आबद्ध भएको र पारिवारिक पृष्ठभूमि पनि कृषि नै रहेको हुँदा शोधकर्ता अर्थात् लेखकको व्यक्तिगत अनुभव समेत यस आलेखमा समावेश भएको छ ।

## २. दार्शनिक मान्यता

पृथ्वीको धान्न सक्ने क्षमताको सीमाभित्र रहेर मानिसको जीवनमा समृद्धि हासिल गर्न र समाजमा शान्ति कायम गर्न विश्व समुदायले अवलम्बन गरेको विकासको विश्वव्यापी साझा खाका नै दिगो विकासका लक्ष्यहरू हुन् । दिगो विकास लक्ष्यका देहायअनुसार पाँचवटा स्तम्भहरू रहेका छन् :

(क) **पृथ्वी :** पृथ्वीमा रहेका प्राकृतिक स्रोत-साधन र वातावरण भावी पुस्ताका लागि पनि संरक्षण गर्ने,

(ख) **मानव :** सबै प्रकारका गरिबी र भोकमरीको अन्त्य गर्ने र मर्यादा एवम् समानता कायम गर्ने,

(ग) **समृद्धि :** प्रकृतिसँग सामाञ्जस्यता कायम गरी समृद्ध र समुन्नत जीवनको सुनिश्चितता गर्ने,

(घ) **शान्ति :** शान्तिपूर्ण, समन्यायिक र समावेशी समाजको निर्माण गर्ने, र

(ङ) **साझेदारी :** सशक्त विश्वव्यापी साझेदारीद्वारा दिगो विकासका कार्यसूचीहरूको कार्यान्वयन गर्ने ।

दिगो विकास विश्वव्यापी रूपमा समृद्धिको सिर्जना, वितरण र दिगोपना हासिल गर्नेसँग जोडिएको विश्वव्यापी कार्यसूची पनि हो । समग्र मानव विकासका निमित्त आर्थिक विकास र भौतिक पूर्वाधारको विकास पनि उत्तिकै महत्वपूर्ण हुन्छन् । तर यी क्षेत्रहरू मानव विकासका साध्य नभएर साधनहरू मात्र हुन् । दिगो विकास लक्ष्यले साध्यको प्राप्तिका लागि मात्र साधनको दक्ष र प्रभावकारी उपयोगमा जोड दिएको छ । यसैले दिगो विकास लक्ष्यमा जीविकोपार्जनका लागि रोजगारीको सिर्जना तथा रोजगारीमा सबै वर्गको पहुँचलाई समेत महत्व दिएको पाइन्छ ।

दिगो एवम् न्यायोचित विकासको दर्शनले पूर्वाधार निर्माणको वृद्धिलाई मात्रै विकास नभनी दिगो प्रगतिका लागि दिगो विकासका कार्यसूचीहरूको आवश्यकता पनि महसुस गरेको छ। यी आवश्यकताहरूअन्तर्गत मुख्यरूपमा आर्थिक विकास, नवीन खोजी, रोजगारका अवसरहरू तथा जीविकोपार्जन पर्दछन्। यसका अलावा दिगो विकासका लागि विभिन्न चुनौतीहरूको न्यूनीकरण गर्नु आवश्यक हुन्छ । यस्ता चुनौतीहरूअन्तर्गत वातावरण परिवर्तन, वन विनाश, मरुभूमीकरण, जमीनको क्षयीकरण तथा जैविक विविधताको हानि-नोक्सानीजस्ता विषयहरू पर्दछन्।

## ३. अध्ययनको नतीजा

विकासका परिदृश्यमा स्थानीय तहको कार्य जिम्मेवारीमा विकास निर्माणका कार्य र प्रभावकारी सेवा प्रवाह समेत उत्तिकै महत्वपूर्ण हुन्छन् । संविधानले स्थानीय तहलाई भौतिक विकासका कार्यक्रम, कृषि प्रसार तथा ग्रामीण विकास, स्थानीय आर्थिक विकास, प्राथमिक तथा माध्यमिक शिक्षाको व्यवस्था, स्थानीय स्वास्थ्य सेवाको व्यवस्था, खानेपानी तथा ढल निकास, सरसफाइ, सामाजिक विकास, वातावरणीय व्यवस्थापन, सार्वजनिक सुरक्षा तथा समावेशी र उत्तरदायी सरकारको रूपमा स्थापित गरेको छ।

> 'विश्व पोषण प्रतिवेदन, सन् २०१६ अनुसार पोषणमा गरिएको लगानीबाट १६ गुणासम्म प्रतिफल प्राप्त हुने अनुमान गरिएको छ ।'

### ३.१ नेपालमा खाद्य तथा पोषण सुरक्षाको अवस्था

'इन्टरनेसनल फुड पोलिसी रिसर्च इन्स्टिच्यूट (आइ.एफ.पी.आर.आई.)' द्वारा विश्वका ११३ देशहरूमा गरिएको एक अध्ययनबाट प्रकाशन गरिएको विश्व भोकमरी प्रतिवेदनअनुसार नेपालको खाद्य सुरक्षा स्थिति मात्र ४६ स्कोर सहित ७९औं स्थानमा छ । यसबाट नेपालमा भोकमरी अत्यन्त दयनीय अवस्थामा रहेको देखिन्छ। राष्ट्रिय योजना आयोगको १४औं योजनामा उल्लेख भएबमोजिम नेपालमा २१ प्रतिशत जनसंख्याले अझै पनि पर्याप्त खाना खान पाइरहेको अवस्था छैन । जेनतेन खाद्य आवश्यकताको आधारभूत सुरक्षा स्थितिमा रहेका घरपरिवार केवल ४८.२ प्रतिशत मात्र रहेका छन्। सामान्य मानिसलाई आफ्ना दैनिक क्रियाकलापहरूमा सक्रिय रहनका लागि प्रतिव्यक्ति प्रतिदिन न्यूनतम् २,२०० किलो क्यालोरी शक्ति आवश्यक मानिएको छ। विश्व बैङ्कले यो परिमाण १,८०० किलो क्यालोरी भन्दा कम हुनेगरी प्राप्त भएको अवस्थालाई गम्भीर किसिमको खाद्य असुरक्षा भनी परिभाषित गरेको छ । विश्व बैङ्कको यस व्याख्याअनुसार नेपालमा कुल जनसंख्याको ७.८ प्रतिशत जनसंख्या गम्भीर खाद्य असुरक्षाको अवस्थामा रहेको देखिन्छ । विश्व बैङ्कले प्रतिव्यक्ति प्रतिदिन क्रयक्षमता ३.२ अमेरीकी डलरभन्दा कम रहेको अवस्थालाई गरिबीको रेखामुनि रहेको जनसंख्या भनी किटान गरेको छ। यस हिसाबले हेर्ने हो भने नेपालमा झण्डै १५.८ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको अनुमान हुन आउँछ । खाद्य सुरक्षाको कुरा गर्दा सबैभन्दा मुख्य सवाल खाद्यान्नको उपलब्धता नै हो।

खाद्य उपलब्धताको हिसाबले आ.व. २०७५/७६ मा प्रतिव्यक्ति ३८१ के.जी. खाद्यान्न उत्पादन भएको अनुमान छ । यस उत्पादनबाट बीउ, पशुआहार, भण्डारण तथा प्रशोधन नोक्सानी आदि कटाएर प्रतिव्यक्ति अनुमानित २४७ के.जी. उपभोगयोग्य खाद्यान्न उपलब्ध हुने अनुमान गर्न सकिन्छ। खाद्यान्न उपलब्धताको यो परिमाण औसत नेपालीका लागि निर्धारण गरिएको दैनिक न्यूनतम आवश्यक शक्ति २,२५० किलो क्यालोरी प्रतिव्यक्तिका लागि पर्याप्त नै हुन आउँछ। यद्यपि खाद्य सुरक्षाका दृष्टिले विश्वव्यापी रूपमा निर्धारण गरिएको मापदण्ड भने सालाखाला २,६०० किलो क्यालोरी प्रतिव्यक्ति प्रतिदिन छ । तसर्थ, उत्पादन तथा आपूर्तिको हालको यस परिमाणले दैनिक २,२५० किलो क्यालोरी प्राप्तिका लागि पर्याप्त देखिएतापनि खाद्य सुरक्षाका दृष्टिले २,६०० किलो क्यालोरी प्राप्त हुने अवस्था निकै टाढा छ । यसका लागि हालका मुख्य मुख्य खाद्यान्न बालीहरू जस्तै: धान, मकै र गहुँको उत्पादनमा झण्डै दोब्बरजस्तो वृद्धि गर्नु जरुरी हुन्छ (कृषि मन्त्रालय, वि.सं. २०७७)।

### ३.२ कुपोषणको वर्तमान अवस्था

नेपालमा जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण, सन् २०१६ बमोजिम पाँच वर्ष मुनिका बालबालिकाहरूमध्ये ३६ प्रतिशत बालबालिकाहरूमा पुड्कोपन छ। यसका अतिरिक्त २७ प्रतिशत बालबालिकामा न्यून तौल र ९.७ प्रतिशतमा ख्याउटेपना छ। पाँच वर्षमुनिका बालबालिकाको न्यून तौल तथा मोटोपना २.१ प्रतिशत छ। प्रजनन् उमेरका महिलाहरूमा न्यून तौल र मोटोपना २२ प्रतिशत र दीर्घ रूपमा शक्तिको कमी भएका प्रजनन् उमेरका महिलाको संख्या १७ प्रतिशत रहेको छ। यसैगरी नेपाल राष्ट्रिय सूक्ष्मपोषक तत्व सर्वेक्षण, सन् २०१६ अनुसार ३२ प्रतिशत किशोरकिशोरीहरूमा भोकमरीको जोखिमका कारण पुड्कोपना देखिएको छ। साथै, २३ प्रतिशत किशोर र १४ प्रतिशत किशोरीमा दुब्लोपना देखिएको अवस्था छ। ५३ प्रतिशत बालबालिकाहरूको मृत्युको अप्रत्यक्ष कारण कुपोषण रहेको छ।

विश्व पोषण प्रतिवेदन, सन् २०१६ अनुसार पोषणमा गरिएको लगानीबाट १६ गुणासम्म प्रतिफल प्राप्त हुने अनुमान गरिएको छ । साथै, विश्व वैङ्कको प्रतिवेदन, सन् २०१८ ले कुपोषणका कारणले एशिया र अफ्रिकाका गरिब देशहरूका कूल गार्हस्थ उत्पादनमा ११ प्रतिशतसम्म नोक्सानी हुने देखाएको छ । यस प्रकार सर्सर्ती हेर्दा देशमा भोकमरी र कुपोषणको अवस्था अझै पनि चिन्ताजनक देखिन्छ ।

### ३.३ खाद्यान्न उपलब्धता

धान, मकै, गहुँ , कोदो, जौ र फापर नेपालका प्रमुख ६ खाद्यान्न बालीहरू हुन् । आर्थिक वर्ष २०७५।७६ मा नेपालको कुल वार्षिक खाद्यान्न उत्पादन १ करोड ६ लाख ८ हजार मेट्रिक टन पुगेको छ । यस उत्पादनबाट बीउ, जर्ती, पशुआहार, भण्डारण तथा प्रशोधन नोक्सानी आदि परिमाण कटाएर झण्डै ७३ लाख १२ हजार मे.ट. उपभोगयोग्य खाद्यान्न प्राप्त हुने अनुमान छ । माथि भनिएजस्तै प्रतिव्यक्ति प्रतिदिन २,२५० किलो क्यालोरी शक्ति प्राप्तिका लागि प्रतिव्यक्ति प्रतिवर्ष करिब २०१ के.जी. प्रशोधित खाद्यान्न आवश्यक पर्ने हुन्छ । वर्ष २०७६ का लागि हाम्रो देशको प्रक्षेपित जनसंख्या २ करोड ९४ लाख ९४ हजार ८ सय २५ अनुमान गर्दा वार्षिक करिब ५६ लाख १९ हजार मेट्रिक टन प्रशोधित खाद्यान्न आवश्यक हुन आउँछ । यस अर्थमा खाद्यान्न उपलब्धता र आवश्यक परिमाणका हिसाबले हामी झण्डै १६ लाख ९३ हजार मेट्रिक टन बचतमा नै देखिन्छौं । तर खाद्य उपलब्धताबाट मात्र खाद्य सुरक्षाको सुनिश्चतता पर्याप्त भने हुन सक्दैन । राष्ट्रिय तहमा १६ लाख ९३ हजार मे.ट. खाद्यान्न बचत देखिएता पनि पारिवारिक तहमा करिब २१ प्रतिशत नेपालीहरू अझै दैनिक निर्धारित क्यालोरी (२,२५० किलोक्यालोरी) को न्यूनतम् मात्राभन्दा कम खाद्यान्न उपभोगको अवस्थामा छन् । देशभित्रको असन्तुलित उत्पादन र वितरणले करिब २१ जिल्लाहरू खाद्य असुरक्षाकै अवस्थामा छन् । तराईकै केही उर्वर जिल्लाहरू जस्तै: रौतहट, चितवन आदि आफ्नै उत्पादनले खान पुग्ने अवस्थामा देखिँदैनन् । अत्यधिक जनसंख्याको चाप रहेका उपत्यकाका जिल्लाहरू काठमाडौं, भक्तपुर र ललितपुर समेतमा जिल्लाभित्रकै आफ्नै उत्पादन पर्याप्त हुने कुरै भएन । भिन्न भूगोलमा हुने यस प्रकारको असन्तुलित उत्पादनका कारण झण्डै ५ लाख ६९ हजार मेट्रिक टन खाद्यान्नको समुचित वितरण व्यवस्था देशका लागि सधैँ टाउको दु:खाइ बनेको छ ।

> 'खाद्यान्न उपलबधता र आवश्यक परिमाणका हिसाबले हामी झण्डै १६ लाख ९३ हजार मेट्रिक टन बचतमा नै देखिन्छौं । तर खाद्य उपलब्धताबाट मात्र खाद्य सुरक्षाको सुनिश्चतता पर्याप्त भने हुन सक्दैन ।'

विगत एक दशकको अवधि अर्थात् आर्थिक वर्ष २०६६/६७ देखि आर्थिक वर्ष २०७५/७६ सम्म महाभूकम्पको विपत्ति वर्ष २०७३/७४ बाहेक अन्य अवधिमा देशमा खाद्य सञ्चितिकै अवस्था देखिन्छ । यद्यपि, यस अवधिमा खाद्य सञ्चिति नै रहेता पनि तथ्याङ्कहरूले चामलको आयात भने अनपेक्षित बढिरहेको देखाएको छ । भन्सार विभागको तथ्याङ्कअनुसार आर्थिक वर्ष ०७५।७६ मा ३२ अर्ब ५९ करोड रुपैयाँ बराबरको धान-चामल आयात भएको देखिन्छ । यो तथ्याङ्क अघिल्लो आर्थिक वर्ष २०७४।७५ भन्दा करिब ३ अर्ब ६ करोडले बढी हो । आ.व. २०७४।७५ मा २९ अर्ब ५३ करोड बराबरको आयात भएको देखिन्छ । यसैगरी आ.व. २०७३।७४ मा भने २३ अर्ब ८७ करोड बराबरको मात्र आयात भएको देखिन्छ । गत आ.व. २०७६।७७ को अवधिमा भने रु. १० अर्ब ४० करोड बराबरको तीन लाख ४६ हजार मे.ट. धान तथा रु. २३ अर्ब १७ करोड बराबरको ४ लाख ४० हजार मे.ट. चामल गरी कुल रु. ३३ अर्ब ५७ करोड बराबरको धान-चामल आयात भएको देखिन्छ ।

केन्द्रीय तथ्याङ्क विभागको प्रतिवेदनअनुसार चामल खासगरी मसिनो चामलको उपभोग बढ्दो क्रममा छ । प्रतिवेदनमा प्रतिव्यक्ति प्रतिवर्ष मसिनो चामल ४३ के.जी., मोटा चामल ६८.९ के.जी. तथा चिउरा ५.९ के.जी. गरी औसत एक व्यक्तिले ११८ के.जी. चामल उपभोग गर्ने गरेको तथ्याङ्क सार्वजनिक भएको छ । पहिलोदेखि पाँचौं धनाढ्य वर्ग सबैमा उच्चदरमा मसिनो चामलको उपभोगको दर वृद्धि भइरहेको पाइएको छ । पाँचौं धनाढ्य वर्गमा त मोटा चामलको उपभोग उच्चदरमा घटेको देखिएको छ । ११८ के. जी. चामल प्रतिव्यक्ति प्रतिवर्ष उपभोगको हिसाबले हेर्दा आर्थिक वर्ष २०७५/७६ का लागि हाम्रो अनुमानित जनसंख्या २,९४,९४,८२५ का लागि झण्डै ३४ लाख ८० हजार ३८९ मे.ट. चामल आवश्यक पर्ने देखिन्छ, जबकी हाम्रो उत्पादन ५६ लाख १० हजार मे.ट.बाट बीउ, जर्ती, पशुआहार, भण्डारण तथा कुटानी नोक्सानी आदि कटाएपश्चात केवल ३१ लाख २३ हजार २२७ मे.ट.को हाराहारीमा मात्र चामल प्राप्त हुन सकेको देखिन्छ । यसबाट करिब ३ लाख ५७ हजार मे.ट. चामल अपुग भई विदेशबाट आयात गर्नु पर्ने अवस्था सिर्जना हुन्छ । कुल

खाद्यान्नमा चामलले ५० प्रतिशत हिस्सा ओगटेको हाम्रो मुलुकमा कृषि क्षेत्रले कुल गार्हस्थ उत्पादनमा केवल २७ प्रतिशत अर्थात् ५ खर्ब ८० अर्ब बराबरको मात्र योगदान पुर्‍याएको छ। कुल गार्हस्थ उत्पादनमा धानको मात्रै १३ देखि १७ प्रतिशत योगदान छ। नेपालीहरू वैदेशिक रोजगारप्रति आकर्षित हुन थालेपछि हलो र जुवाहरूमा खिया लाग्न थालेका छन्। गोरुका गोठहरू सुनसान भएका छन्। भकारीबाट भिकेर खाइने धान, चामलको साटो बोरामा पसलबाट अन्न आउन थालेको छ तर हाम्रो उब्जनशील खेतबारी बाँझै हुन थालेका छन्। यो नेपालको विडम्बना हो। यसले नेपालीको शीर भुकाएको छ।

### ३.४ पशुजन्य पदार्थको योगदान

खाद्य तथा पोषण सुरक्षाका दृष्टिले विज्ञानले सुझाएबमोजिम मानिसलाई दैनिक आवश्यक पर्ने कुल क्यालोरीको ७० प्रतिशत हिस्सा वनस्पतिजन्य पदार्थ र बाँकी ३० प्रतिशत पशुपन्छीजन्य पदार्थबाट आपूर्ति हुनुपर्ने हुन्छ। तर, हाम्रो दैनिक आवश्यक क्यालोरीको आपूर्ति यसबमोजिम भइराखेको छैन। प्रतिदिन प्रतिव्यक्ति २,२५० किलो क्यालोरीको ८७.३ प्रतिशत अर्थात् १,९६४ किलो क्यालोरी खाद्यान्न अर्थात् वनस्पतिजन्य पदार्थबाट र बाँकी १२.७ प्रतिशत दूध, दही, पनीर, माछा, मासु, अण्डा आदि पशुपन्छीजन्य पदार्थबाट प्राप्त भएको देखिन्छ। यस हिसाबले खाद्य तथा सन्तुलित पोषण सुरक्षाका लागि पशुपन्छीजन्य पदार्थको उत्पादन र आपूर्ति कार्यमा झनै प्राथमिकता दिनुपर्ने देखिन्छ। सरकारले दूध र मासुमा आत्मनिर्भर भएको घोषणा गरे तापनि सर्वसाधारण जनताको वास्तविक जीवनमा यो अवस्था महसुस हुन सकेको देखिँदैन।

> 'नेपालीहरू वैदेशिक रोजगार प्रति आकर्षित हुन थालेपछि हलो र जुवाहरूमा खिया लाग्न थालेका छन। गोरुका गोठहरू सुनसान भएका छन्।'

### ३.५ दैनिक आवश्यकता र आपूर्ति

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले 'नेप्लिज् फुड कम्पोजिसन टेबल, सन् २०१७' प्रकाशनमा ल्याएको छ। यसले मानिसलाई सन्तुलित भोजनको लागि दैनिक आवश्यक पर्ने विभिन्न समूहका खाद्यवस्तुहरूको परिमाण उल्लेख गरेको छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका अनुसार प्रतिव्यक्ति प्रतिदिन अन्नबाली ४००-६०० ग्राम, दाल ७५-९० ग्राम, हरियो तथा अन्य तरकारी, २५०-३५० ग्राम, कन्दमूल, ७५-१०० ग्राम, फलफूल १०० ग्राम, दूध र दुग्धजन्य पदार्थ २००-३०० ग्राम, माछा-मासु ३० ग्राम तथा अण्डा ३० ग्राम आवश्यक पर्ने उल्लेख छ। यस हिसाबले हेर्ने हो भने हाम्रो उत्पादनले अन्नबाली, कन्दमूल र तरकारीको आवश्यकता मात्र पूर्ति हुने अवस्था छ। दलहन, फलफूल, मासु, दूध र अण्डामा हामी अझै आत्मनिर्भर बन्न सकेका छैनौँ। प्रतिव्यक्ति प्रतिदिन ७५-९० ग्राम दाल अर्थात् गेडागुडी चाहिनेमा हाम्रो आपूर्ति मात्र ३५ ग्रामको हाराहारीमा छ। यसैगरी फलफूलमा हाम्रो उत्पादनले करिब १०९ ग्राम प्रतिव्यक्ति प्रतिदिन मात्र आपूर्ति हुने अवस्था छ। यस्तै दूध र दूधजन्य पदार्थ ७३ ग्राम र अण्डा दैनिक करिब ८ ग्राम मात्र उपलब्ध छ (कृषि मन्त्रालय, वि.सं. २०७७)।

### ३.६ खाद्यान्नमा पहुँच

विश्व भोकमरी प्रतिवेदन (Global Hunger Index, 2019) अनुसार खाद्य सुरक्षा स्थिति मापनका लागि चार मुख्य सूचकहरू निर्धारण गरिएका हुन्छन्। १. पहुँच अर्थात् किन्नसक्ने क्षमता, २.उपलब्धता, ३.खाद्यवस्तुको स्वस्थता तथा गुणस्तर, र ४. प्राकृतिक स्रोत-साधनहरूको अनुकूलन। यी चार मुख्य सूचकहरूभित्र विभिन्न उपसूचकहरू संलग्न भएका हुन्छन्। प्रत्येक उपसूचकहरूलाई अंकभार १०० मा मूल्याङ्कन गरिएको हुन्छ। यस्ता उपसूचकहरूमा जति धेरै अंक (स्कोर) प्राप्त हुनसक्छ त्यति नै खाद्य सुरक्षाको स्थिति बलियो भएको मानिन्छ। विश्व भोकमरी प्रतिवेदनअनुसार सन् २०१८ का लागि नेपालले सहज पहुँच वा किन्न सक्ने क्षमता (Affordability) अन्तर्गत ४१.६, उपलब्धता (Availability) अन्तर्गत ४९.१, गुणस्तरियता र सुरक्षा (Quality and Safety) अन्तर्गत ४८.२ र प्राकृतिक स्रोत र अनुकूलन (Natural Resource and Resilience) अन्तर्गत ५७. ७ अंक सहित औसत ४६.० अंक प्राप्त गरेको अवस्था छ। कुल ४६.० अंक सहित खाद्य सुरक्षा स्थिति मापन (Global Hunger Index) मा हामी ७९औँ स्थानमा छौँ। मात्र ४६.० अंकको न्यून स्कोरले हाम्रो खाद्यान्न उपलब्धता, किन्न सक्ने क्षमता, उपलब्ध खाद्यान्नको गुणस्तर र प्राकृतिक स्रोत-साधनमाथिका अनकूलन सबै चारै सूचकहरू कमजोर देखिएका छन्। उपरोक्त सूचकहरूमध्ये पनि पहुँच (Affordability) अन्तर्गत सबैभन्दा कम अर्थात् ४१.६ अंक मात्र प्राप्त भएको अवस्था छ। पहुँच (Affordability) अन्तर्गतको एक उपसूचकमा उल्लेख भएअनुसार नेपालीहरूको आफ्नो सम्पूर्ण पारिवारिक कमाइको झण्डै ४३.९ प्रतिशत खर्च खाद्यवस्तु खरिदमा मात्रै हुने गरेको तथ्याङ्क छ। नेपाल वार्षिक गार्हस्थ सर्वेक्षण (Nepal Annual Household Survey) सन्

२०१६/१७ को प्रतिवेदन अनुसार त खाद्यवस्तुमा हुने यस्तो खर्च हाम्रो आम्दानीको झण्डै ५२ प्रतिशतसम्म नै हुने उल्लेख गरेको छ। यस प्रकार बढ्दो महङ्गी र कमजोर क्रयशक्तिका कारण अतिविपन्न परिवारले शरीरलाई चाहिने क्यालोरीअनुसारको खाना खान पाएको अवस्था छैन।

### ३.६.१ खाद्य वस्तुहरूको असन्तुलित योगदान

खाद्य सुरक्षाका हिसाबले धान, गहुँ, मकै, कोदो, फापर र जौ गरी छवटा बालीहरूलाई मुख्य खाद्यान्न बाली मानिआएको अवस्था छ। तर, खाद्य सुरक्षामा उपरोक्त छओटै बालीको योगदानमा भने ठूलो असन्तुलन देखिन्छ। नेपालमा वार्षिक गार्हस्थ सर्वेक्षणअनुसार प्रतिव्यक्ति प्रतिवर्ष चामल करिब ११८.० के.जी., मकै १७.६ के.जी., गहुँ २१.० के.जी., कोदो ३.५ के.जी., फापर ०.१ के.जी. र जौ ०.१ के.जी. मात्र उपभोग हुने गरेको तथ्याङ्क सार्वजनिक गरिएको छ। यस हिसाबले कुल वार्षिक करिब ३४ लाख ८० हजार मे.ट. चामल आवश्यक हुनजान्छ भने हाम्रो उपलब्धता मात्र ३१ लाख २३ हजार मे.ट. छ। चामलको सन्दर्भमा हाम्रो उत्पादनले मात्र उपभोग गर्न सकेको अवस्था देखिँदैन। तर यसको ठीक विपरित, बाँकी अन्न बालीहरूमा उत्पादनको ठूलो परिमाण मुख्य खानाको रूपमा उपभोग नभई अन्य प्रयोजनका लागि प्रयोग हुन पुगेको देखिएको छ। जस्तोकि, प्रतिव्यक्ति प्रतिवर्ष २१ के.जी. गहुँ उपभोगको दरले हामीले ६ लाख १९ हजार मे.ट. को हाराहारीमा मात्र उपभोग गर्छौं भने उपभोगका लागि यसको आपूर्ति झण्डै १६ लाख ५८ मे.ट. छ। यसैगरी मकै १७.६ के.जी. प्रतिव्यक्ति प्रतिवर्ष उपभोगको दरले ५ लाख १९ हजार मे.ट. मात्र उपभोग भएको देखिन्छ। जबकी, उपभोगयोग्य मकैको आपूर्ति झण्डै २२ लाख ६७ हजार मे.ट. छ। कोदो, फापर र जौको सन्दर्भमा पनि यस्तै यस्तै दृश्य देखिन्छन्। कोदो २ लाख ४७ हजार मे.ट. आपूर्तिमध्ये १ लाख मे.ट. को हाराहारीमा मात्र उपभोग भएको देखिएको छ। आपूर्ति र उपयोगको यस गणितलाई गहिरिएर हेर्ने हो भने चामलमा हाम्रो उत्पादनले भण्डै ३ लाख ५७ हजार मे.ट. को दरले उपभोग धान्न सकिरहेको छैन। गहुँ र मकैको सन्दर्भमा भने ठूलो परिमाण झण्डै १० लाख ३९ हजार मे.ट. गहुँ र १७ लाख ४८ हजार मे.ट. मकै मुख्य खाद्यान्नभन्दा बाहिर प्रयोग हुन पुगेको वास्तविकता छ। मुख्य खाद्यान्नभन्दा बाहिर प्रयोग हुने परिमाण कोदोमा १ लाख ३० हजार मे.ट. तथा फापरमा ६ हजार मे.ट. को हाराहारीमा अनुमान गरिएको छ। खाद्य सुरक्षाको हिसाबले सबैभन्दा मुख्य सवाल खाद्यान्नको उपलब्धता नै हो। यसका लागि धान सबैभन्दा धेरै उत्पादन गर्नुपर्ने हुन्छ। प्रतिइकाई जमिन, श्रम, वा पुँजी लगानीको हिसाबले धान बाहेकका धेरै बालीहरू विकल्प हुन सक्दछन् (देवकोटा र के. सी., २०७७ पृ.५-१२)।

> 'नेपालीहरूको आफ्नो सम्पूर्ण पारिवारिक कमाइको झण्डै ४३.० प्रतिशत खर्च खाद्यवस्तु खरिदमा मात्रै हुने गरेको तथ्याङ्क छ।'

### ३.७ सूक्ष्म पोषक तत्वको आपूर्ति

सूक्ष्म पोषक तत्वहरू खास किसिमका शारीरिक प्रक्रिया र अंगहरूको उचित विकास र सञ्चालनका लागि महत्वपूर्ण हुन्छन्। सहज शारीरिक र मानसिक विकासका लागि यस्ता पोषक तत्वहरू नभई हुँदैनन्। आइरन, क्याल्सियम, भिटामिन ए, जिङ्क, आयोडिन, भिटामिन बी १२, फोलेट, थायमिन, नियासिन, भिटामिन सी र भिटामिन बी ६ मुख्यगरी हाम्रा लागि कमी देखिएका सूक्ष्म पोषक तत्वहरू हुन। युनिसेफ २०१९ को एक प्रतिवेदनमा उल्लेख भएअनुसार नेपालमा २ देखि २३ महिना बीचका बालबालिकाहरूमा आइरनको कमी उच्च छ भने क्याल्सियम, जिङ्क, आयोडिन र भिटामिन बी १२ को कमी पनि मध्यमदेखि उच्च दरमा नै छ। पोषणकै विषयमा थप कुराहरू गर्दा ३६ प्रतिशत बालबालिका (६ देखि २३ महिना) ले मात्र न्यूनतम स्वीकार्य खाना खान पाएका छन्। स्वास्थ्य तथा पोषणका लागि अन्न, गेडागुडी, दूध, अण्डा, माछा-मासुजस्ता पशु उपजहरू, सागसब्जी र फलफूल गरी विभिन्न समूहका खाद्यवस्तुहरू दैनिक सन्तुलित मात्रामा उपभोग गर्नु पर्ने हुन्छ। तर, झण्डै ५३ प्रतिशत हाम्रा बालबालिकाहरू पर्याप्त मात्रामा यस बमोजिमको न्यूनतम खाद्य विविधीकरणबाट वञ्चित छन्। घरधुरीका हिसाबले न्यूनतम खाद्य विविधता प्रयोग गर्ने परिवार केवल १३ प्रतिशत मात्र छन्। दुर्इवर्ष मुनिका ३० प्रतिशत बालबालिकाहरूले आफ्ना अभिभावकको व्यस्तता वा अज्ञानताका कारण उचित समय र मात्रामा खाना खाइरहनु पर्ने निर्धारित मापदण्डबमोजिम खाना खान पाइरहेको अवस्था छैन। International Food Policy Research Institute -2016 को एक प्रतिवेदनअनुसार सन् २०१२ मा सूक्ष्म पोषक तत्वको कमीले मात्र नेपालमा कुल गार्हस्थ उत्पादन २-३ प्रतिशत अर्थात् २५०-३७५ मिलियन अरिकी डलर बराबरको नोक्सान भएको जनाएको छ। यसैगरी गर्भवती महिलाहरूमा आयोडीनको कमीबाट प्रतिवर्ष दुईलाखभन्दा बढी मानसिक रूपले अपाङ्ग बच्चाहरू जन्मिने गरेको तथ्य सार्वजनिक गरेको छ। विश्व पोषण प्रतिवेदन, सन् २०१६

अनुसार पोषणमा गरिएको लगानीबाट १६ गुणासम्म प्रतिफल प्राप्त हुने र कुपोषणकै कारणले नेपाल जस्ता गरिब देशहरूमा कूल गार्हस्थ उत्पादनमा ११ प्रतिशतसम्म नोक्सानी हुने अनुमान विश्व बैंकले गरेको छ ।

### ३.८ सीमान्तकृत महिला, गरिब किसान र भोकमरी अन्त्य

नेपालको सन्दर्भमा अझै पनि कृषि नै अर्थतन्त्रको मेरुदण्ड हो । यहाँको ८० प्रतिशत कृषि क्षेत्र गाउँमा छ । यस्ता गाउँमा बस्ने प्रायः मानिसको मुख्य पेसा कृषि नै हो । यसरी गाउँमा बसेर खेती गर्नेमध्ये करिब ६५ प्रतिशत साना, भूमिहीन, सीमान्तकृत र महिला किसान छन् । जसले पारिवारिक, आत्मनिर्भर, निर्वाहमुखी, सहकारी, सामूहिकजस्ता विशेषण जोडिएका खेती गर्दै आएका छन् । यसरी असङ्गठित कृषि क्षेत्रले नै देशको सबैभन्दा बढी अर्थात् झण्डै २५ प्रतिशत कुल गार्हस्थ्य उत्पादनमा योगदान पुऱ्याएको छ । देशको २० प्रतिशत खेती शहर र राजमार्गकेन्द्रित सुगम धरातलमा हुने गरेको छ । अनि १० प्रतिशतजति चाहिँ व्यावसायिक खेती भएको देखिन्छ । बाँकी भागमा विकटता, प्रतिकूल जलवायु र भौतिक पूर्वाधार अभावका कारण कृषि कठिन छ, जहाँ साना, भूमिहीन, सीमान्त र महिला किसानको अधिक बसोबास छ । तर पनि, उनीहरूले कृषि कर्म मार्फत मुलुककै अर्थतन्त्रमा भरथेग गरिरहेका छन् ।

देश कृषिप्रधान भए पनि खेतीयोग्य जमिनमा स्वामित्वका हिसाबले व्यापक असमानता छ । ४० प्रतिशत खेतीयोग्य जमिन पाँच प्रतिशत जमिनदारको स्वामित्वमा छ । कृषि कर्म गरिरहेका ६५ प्रतिशतको स्वामित्वमा मात्र १० प्रतिशत यस्तो जमिन छ । यसमा पनि ३० प्रतिशत किसान परिवार भूमिहीन छन् । ५० प्रतिशत किसान परिवारसँग त ०.५ हेक्टरभन्दा पनि कम खेतीयोग्य जमिन छ । यसबाट सहजै बुझिन्छ कि आफ्नो स्वामित्वमा जमिन ओगटिराखेको ठूलो समूह भने आफैँ खेती गर्दैन । यो समूह कि शहरी क्षेत्र वा विदेशमा बसोबास गर्छ या त अन्य व्यवसाय गर्छ । यीमध्ये कतिपयचाहिँ राजनीति गर्छन् ।

'नीतिगत त्रुटिका कारण सीमान्त किसानको ठूलो हिस्सा सरकारी सुविधाबाट वञ्चित रहँदै आएको छ । त्यो पनि वर्षौंदेखि, पुस्तौंदेखि ।'

यिनै जमिनदारको जमिन भाडा, अधियाँ, बटैयाजस्ता नाममा खेती गर्छन् - सीमान्त किसान । त्यसबाहेक केही चाहिँ ऐलानी जमिन पनि जोत्छन् । यसरी जोत्नेको सङ्ख्या बृहत् छ । सरकार नीति बनाउँदा यस्ता वास्तविक किसानको ख्याल गर्दैन । यही नीतिगत त्रुटिका कारण सीमान्त किसानको ठूलो हिस्सा सरकारी सुविधाबाट वञ्चित रहँदै आएको छ । त्यो पनि वर्षौंदेखि, पुस्तौंदेखि । यही कारण हो कि यस क्षेत्रमा नैराश्यता सिर्जना हुँदा नेपाली युवा किसानहरू भारत लगायत अन्य मुलुकमा रोजगारीका लागि भौंतारिन बाध्य भएका छन् । यस्तो अवस्थामा गाउँका बाँकी रहेका महिला तथा प्रौढ नागरिकको जिम्मामा आइलागेको छ - खेतीपाती । जसको क्षमता, मौलिक ज्ञान, सीप र प्रविधि नै अहिलेको नेपालको कृषि क्षेत्र संरक्षित हुने मुख्य आधार बनेको छ ।

खासगरी सन् २००४ मा नेपालले विश्व व्यापार सङ्गठनको सदस्यता लिएपश्चात नेपालको मौलिक कृषि संस्कृतिमा धेरै ठूला परिवर्तन आएका छन् । यस कारण देशको सामाजिक, धार्मिक र सांस्कृतिक पहिचानका रूपमा रहेको कृषि उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण तथा उपभोगका तौरतरिका विस्थापित भएका छन् । व्यावसायीकीकरण, यान्त्रिकीकरण, आधुनिकीकरण तथा औद्योगिकीकरणका नाममा उत्पादनका आयातित साधन लादिएका छन् । यस्ता हाइब्रीड बीउ, मल, विषादी, नश्ल सुधार, जीन, औजार, उपकरण, भिटामिन, दाना आदिले नेपाली ग्रामीण क्षेत्रको मौलिक ज्ञान, सीप र प्रविधिलाई विस्थापित गराएको छ । जसले ग्रामीण क्षेत्रमा गर्दै आएको आत्मनिर्भर खेती र पारिवारिक खेती प्रणाली समेत धरापमा परेको छ ।

अहिले रासायनिक मल, विषादी, हाइब्रीड बीउ, सुधारिएका पशुका नश्ल, दाना, भ्याक्सिन, प्लास्टिक टनेल, मेसिनरी औजारजस्ता उत्पादनका साधनमा साना किसानलाई समेत निर्भर हुन बाध्य पारिएको छ । यतिबेला कोभिड-१९ महामारीका कारण उत्पादनका यस्ता साधन गाउँ-गाउँमा पुग्न सकेका छैनन् । यसले कृषि उत्पादनमा ठूलो असर पारेको छ । सरकारी कार्यक्रम समेत कार्यान्वयन हुने स्थिति छैन । यो तत्कालीन असर हो । तर, यसको दीर्घकालीन असर झनै भयावह हुने पक्का छ । किनकि खाद्य सुरक्षा तत्कालमा मात्र निर्भर हुन्न । मौसममा खेती लगाउन र उचित उत्पादन लिन सकिएन भने त्यसले वर्षौं पिरोल्छ । भनाइको मतलब, अहिले नेपाली कृषि क्षेत्रले जे समस्या भोगिरहेको छ, त्यसको असर निकै वर्षसम्म देखिने निश्चित छ । यातायातका साधन नचल्नु र बजार व्यवसाय बन्द हुनुले उपभोग्य वस्तुको मागमा कमी आएको छ । बिक्री वितरण र खपत न्यून भएको छ । ग्रामीण समुदायमा अल्पकालीन र दीर्घकालीन शीत भण्डारणको व्यवस्था नहुँदा उत्पादित वस्तु पछिका लागि संरक्षित हुन नसक्दा नष्ट

भएका छन् । कोभिडकै कारण किसान बिरामी पर्दा पनि विशेषगरी तरकारीजन्य उत्पादन बारीमै कुहिएका छन् ।

खाद्य तथा कृषि संगठनको सन् २०२० को एक रिपोर्टले यस्ता विपत्ति जस्तैः कोभिड–१९ र महाभूकम्पमा ग्रामीण क्षेत्र र ग्रामीण कृषि उत्पादनले नै खाद्य सुरक्षा गर्ने गरेको बताएको छ । तर यस्ता आत्मनिर्भर खेतीलाई सरकारले भने 'निर्वाहमुखी' को ट्याग लगाएर बेवास्ता गर्दै आएको छ । जसका कारण नेपाली युवा यस क्षेत्रबाट पलायन हुन बाध्य छन् । यसले कृषि उत्पादनमा निकै ठूलो कमी ल्याएको छ । यही कारण देशले बर्सेनि अर्बौं रुपियाँको खाद्यान्न आयात गर्नु परेको छ । आ. व. २०७५/७६ को तथ्याङ्क मात्र हेर्ने हो भने पनि ४७ अर्ब ९७ करोड रुपियाँको खाद्यान्न र २६ अर्ब ४७ करोड ७५ लाख बराबरको तरकारी हामीले भित्र्यायौँ । कोभिड महामारीमा समेत यसरी आयात गर्ने क्रम जारी छ । जसले हाम्रो खाद्यान्न असुरक्षाको बढ्दो यात्रा पुष्टि गर्छ । एकातिर अवस्था यस्तो छ, अर्कोतिर देशभित्र उत्पादित खाद्यान्न, तरकारी तथा फलफूलको भने सही तवरले वितरण र बजारीकरण हुन नसक्दा उत्पादित सामग्री उत्पादनस्थलमै नष्ट भएका छन् ।

> 'आत्मनिर्भर खेतीलाई सरकारले भने "निर्वाहमुखी" को ट्याग लगाएर बेवास्ता गर्दै आएको छ । जसका कारण नेपाली युवा यस क्षेत्रबाट पलायन हुन बाध्य छन् ।'

पुनः उत्पादन गर्नका लागि आवश्यक मल, बीउ, दाना, नश्ल उपलब्ध छैन । त्यसैले सानासँगै व्यावसायिक किसान पनि थला परेको अवस्था छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले विभिन्न अधिकार सम्बोधन गरेका छन् । संयुक्त राष्ट्र सङ्घद्वारा विभिन्न समयमा जारी घोषणापत्र (जस्तो– सन् १९४८ मा जारी मानव अधिकार, सन् १९७७ को आर्थिक–सामाजिक–सांस्कृतिक अधिकार, सन् २००७ को आदिवासी अधिकार र यसैगरी महिला अधिकार, बाल अधिकार आदि) द्वारा मानिसको गाँस, बास र कपासको अधिकारको सुनिश्चितता गरिएको छ । यसैगरी नेपालको संविधान वि.सं. २०७२ ले पनि खाद्य सम्प्रभूतालाई मौलिक अधिकार मानेको छ । राष्ट्रिय कृषि नीति, वि.सं. २०६१, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूता ऐन, वि.सं. २०७५ साथै कृषिसम्बन्धी अन्य कानुनले किसानको वर्गीकरण र सेवा/सुविधा वितरणको व्यवस्थालाई प्राथमिकता दिएको छ । कानुनद्वारा प्रदत्त व्यवस्था कार्यान्वयनका लागि राष्ट्रिय किसान आयोग तथा भूमिसम्बन्धी समस्या समाधान आयोगजस्ता आयोगहरू क्रियाशील देखिएका छन् । तर, पहल यतिमात्र पर्याप्त भने छैन । त्यसमा पनि हालसालै भूमिसम्बन्धी आयोग खारेज गरिएकाले यसले सञ्चालन गरेका प्रक्रिया र हालसम्मका उपलब्धिहरूको अवस्था नै अन्योलमा धकेलिएको छ ।

नागरिकको खाद्य सुरक्षा सुनिश्चित हुने वातावरण सिर्जना गर्नु र उत्पादनमैत्री वातावरण निर्माण गर्ने कार्य गर्नु राज्यको दायित्वअन्तर्गत पर्छ । तर, सरकारले दायित्व वहन गर्नका लागि तदारूकता नदेखाउँदा कृषिप्रधान देशको उत्पादक शक्ति किसान नै आज खाद्य सुरक्षाको जोखिममा पर्नु विडम्बनापूर्ण स्थिति हो । यसबाट राज्यले लिएको 'सुखी नेपाली : समृद्ध नेपाल' को सङ्कल्पमात्र हैन, समाजवादतर्फको गन्तव्यसमेत कठिन हुन पुगेको देखिन्छ । त्यसरी नै संयुक्त राष्ट्रसङ्घ लगायत अन्तर्राष्ट्रिय जगतमा नेपालले गरेका प्रतिबद्धताका साथै सन् २०३० सम्ममा भोकमरी अन्त्य गर्ने दिगो विकासको लक्ष्य प्राप्तिमा समेत तगारो उत्पन्न भएको अवस्था छ । कृषिलाई सम्मानित पेसाका रूपमा रूपान्तरण गरी युवाहरूलाई आकर्षण गर्नका लागि वर्गीकरणसहितको परिचयपत्र र सामाजिक सुरक्षा मुख्य आधार हुन सक्छ । साथै, वर्तमान अनुदान वितरण प्रणाली पनि परिवर्तन गर्न जरुरी छ । उत्पादक किसानलाई उत्पादनको साधनमा सहज पहुँच स्थापना गर्न उत्तिकै जरुरी छ । किसानको पशु तथा बाली संरक्षणका लागि खेत, बारी, गोठसम्म कृषि प्राविधिक सेवा तथा टेवा पु¥याउन 'एक वडा : एक कृषि तथा पशु विकास प्राविधिक' को अनिवार्य व्यवस्था गरिनु पर्छ ।

त्यसैगरी, कृषिमा बढ्दो महिलाकरणको अवस्थालाई ध्यान दिई भौगोलिक धरातल सुहाउँदो र महिलामैत्री कृषि औजार एवं स्थानीय ज्ञान, सीप र प्रविधिको विकास र विस्तार गर्नु आवश्यक छ । भूमिहीन र साना किसानको खेतीयोग्य जमिनमा सहज पहुँच उत्तिकै खड्केको विषय छ । बाँझो जग्गा कृषि उपयोगका लागि भाडामा लिएर गरिने खेतीको प्रवर्द्धन गरिनु पर्छ । वास्तविक किसानलाई सहुलियत दरको कृषि कर्जा, बाली तथा पशुपक्षी बीमा, उत्पादित वस्तुको भण्डारण र प्रशोधन साथै किसानलाई न्यूनतम बचत हुनेगरी एवम् समर्थन मूल्य नघट्ने गरी बजारीकरणको सुनिश्चितता आदिले मात्र सीमान्त गरिब तथा महिला किसानमाथि न्याय हुन सक्छ ।

स्थानीय जातका बीउ, औजार र प्रविधिको संरक्षण, प्राङ्गारिक मल, भकारो सुधार, जैविक विषादी, जडिबुटी उत्पादन तथा

संरक्षण, आकाशे पानी सङ्कलन, प्राङ्गारिक खेतीलाई प्राथमिकता दिई कृषि पद्धतिलाई उत्थानशील बनाउनु आवश्यक छ। स्थानीय परिकार उपयोगको प्रचार-प्रसार गरी नेपालको मौलिक खाद्य संस्कृतिबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतलाई जानकारी दिनु पनि उत्तिकै आवश्यक छ। यसले खाद्य तथा पोषण सुरक्षामा टेवा पुग्छ। समूहलाई अनिवार्य गरिएको स्थायी लेखा नम्बर लिने व्यवस्था तत्कालका लागि खारेज गरी कृषि कर्मलाई उद्यमका रूपमा रूपान्तरण गर्नु पनि आवश्यक देखिन्छ। कृषि कार्यक्रमहरूमा वास्तविक किसानको सहभागिता सुनिश्चित गर्नका लागि किसानले बुझ्ने भाषामा नीति, ऐन निर्माणको आवश्यकता पनि उत्तिकै छ। साथै, सूचनामा पहुँच र सहज सरकारी सेवा/सुविधाका लागि साना, भूमिहीन, सीमान्त र महिला किसानमैत्री प्रक्रिया निर्माण गरी अवलम्बन गर्नु जरुरी छ (वस्ताकोटी, वि.सं. २०७८)। नेपालको कृषि साना तथा मझौला कृषकहरूको मेहनत र पसिनाले धानेको प्रणाली हो। यिनै कृषकहरू सीमान्तकृत हुनु परेको अवस्था छ।

### ३.९ जलवायु परिवर्तनको असर

जलवायु परिवर्तनको प्रमुख कारण वैश्विक तापमान हो। जसलाई हरितगृहको परिणाम भनिन्छ। हरितगृह प्रभाव त्यो प्रक्रिया हो, जसमा पृथ्वीको सतहमा ठोक्किएर फर्कने सूर्यका किरणहरूले वातावरणमा उपस्थित केही ग्यासहरू अवशोषित गरी लिन्छन्। परिणामस्वरूप पृथ्वीको तापमानमा वृद्धि हुन्छ। कार्बन, नाइट्रस अक्साइड क्षोभमण्डलीय ओजोन आदि मुख्य ग्यास हुन्। यी ग्यास हरितगृह प्रभावका लागि उत्तरदायी हुन्छन्। वातावरणमा यी ग्यासहरूको निरन्तर बढ्दो मात्राले विश्वव्यापी जलवायु परिवर्तनको खतरा दिनदिनै बढ्दै गइरहेको छ।

> 'अन्तर्राष्ट्रिय जगतमा नेपालले गरेका प्रतिबद्धताका साथै सन् २०३० सम्ममा भोकमरी अन्त्य गर्ने दिगो विकासको लक्ष्य प्राप्तिमा समेत तगारो उत्पन्न भएको अवस्था छ।'

हरितगृह प्रभावले अनेक क्षेत्रमा औसत तापमानमा बढोत्तरी भएको देखिएको छ। वैज्ञानिकहरूको भविष्यवाणीका अनुसार सन् २०२० सम्म दुनियाँको तापमान पछिल्ला १,००० वर्षहरूको तुलनामा सर्वाधिक हुनेछ। अन्तरशासकीय जलवायु परिवर्तन प्यानलले सन् १९९५ मा के भविष्यवाणी गरेका थिए भने मौजुदा प्रवृत्ति जारी रह्यो भने २१औँ शताब्दीमा तापमानमा ३.५ देखि १० डिग्री सेल्सियससम्मको वृद्धि हुनेछ। बीसौँ शताब्दीमा विश्वको सतहको औसत तापमान ०.०६ डिग्री सेल्सियससम्म बढेको छ। यस शताब्दीको पहिलो दशक (सन् २०००-२००९) अहिलेसम्मको सबैभन्दा उष्ण दशक रहेको छ। यसले के साबित गर्छ भने हरितगृह प्रभावको परिणामस्वरूप जलवायु परिवर्तनको बेला सुरु भइसकेको छ। वैश्विक जलवायु परिवर्तनका अनेकन प्रभाव हुनेछन्। तीमध्ये धेरैजसो हानिकारक नै हुनेछन्।

अहिले जलवायु परिवर्तनको समस्या व्यापक हुँदै गएको छ। जलवायु परिवर्तनको फलस्वरूप रोगाणुहरूमा बढोत्तरीका साथसाथै यिनका नयाँ प्रजातिहरू विकसित हुनेछन्। यसको परिणामस्वरूप बालिनालीको उत्पादकत्वमा विपरीत प्रभाव पर्नेछ। बालिनालीमा कीराफट्याङ्ग्रानाशक जीवहरू तथा रोगाणुहरूबाट सुरक्षाका लागि जीवनाशकहरूको उपयोगको मात्रामा बढोत्तरी हुनेछ, जसले गर्दा वातावरण प्रदूषित हुनेछ। साथै, मानवीय स्वास्थ्यमा पनि प्रतिकूल प्रभाव पर्नेछ। वैश्विक जलवायु परिवर्तनको परिणामस्वरूप दुनियाँको मनसुनी क्षेत्रहरूमा वर्षामा वृद्धि हुनेछ, जसले गर्दा बाढी, भूस्खलन तथ भूमि अपरदानजस्ता समस्या पैदा हुनेछन्। पानीको गुणस्तरमा गिरावट आउने छ। वैश्विक जलवायु परिवर्तनले जलस्रोतहरूको वितरणमा पनि प्रभाव पर्नेछ। उच्च अक्षांश भएका देशहरूमा तथा दक्षिण-पूर्व एशियाका जलस्रोतहरूमा पानीको अधिकता हुनेछ। जबकि, मध्य-एशियामा पानीको कमी हुनेछ। न्यून अक्षांश भएका देशहरूमा पनि पानीको कमी हुनेछ। जलवायु परिवर्तनका कारण ध्रुवीय हिउँ पग्लिनाले विश्वको औसत समुद्री जलस्तर एक्काइसौँ शताब्दीको अन्त्यसम्म ९ देखि ८८ से.मि.सम्म बढ्ने सम्भावना छ। यसबाट दुनियाँको आधाभन्दा बढी आबादी रहेका र समुन्द्रबाट ६० कि.मि. दूरीमा अवस्थित बस्तीमाथि विपरित प्रभाव पर्नेछ। बङ्गलादेशको गङ्गा-ब्रह्मपुत्र डेल्टा, मिश्रको नील डेल्टा तथा मार्शलद्वीप र मालदिभ्ससहित अनेकौं साना द्वीपको अस्तित्व सन् २१०० सम्ममा समाप्त हुनेछ।

वैश्विक जलवायु परिवर्तनको प्रभाव समुद्रमा पाइने जैविक विविधता सम्पन्न कोरल रिपहरू माथि पर्नेछ। यसलाई महासागरहरूको उष्ण कटिबन्धीय वर्षा पनि भनिन्छ। समुद्री पानीमा उष्णताको परिणामस्वरूप अल्गीहरूमा प्रतिकूल प्रभाव पर्नेछ, जसले कोरल रिपहरूलाई भोजन उपलब्ध गराउँछन्। उष्ण महासागर विरन्जन प्रक्रियाको कारक हुनेछ। जसले उच्च उत्पादकता भएका इकोसिष्टमहरूलाई नष्ट गर्नेछ। प्रशान्त महासागरमा सन् १९९७ मा अलनिनोको कारण बहेको ताजको तीव्रता कोरल रिपहरूको मृत्युको सबैभन्दा गम्भीर कारण बनेको

थियो । एक अनुमानका अनुसार पृथ्वीको लगभग १० प्रतिशत कोरल रिपहरूको मृत्यु भइसकेको छ । ३० प्रतिशत गम्भीर रूपले प्रभावित भएका र ३० प्रतिशतको क्षरण भएको छ । ग्लोबल कोरल रिप मोनिटरिङ नेटवर्क अस्ट्रेलियाको अनुमानअनुसार सन् २०५० सम्ममा सबै कोरल रिपहरूको मृत्यु हुनेछ ।

जलवायु परिवर्तनका कारण कृषि उत्पादनमा पनि असर पर्नेछ । संयुक्तराज्य अमेरिकामा बालीनालीहरूको उत्पादकत्वमा कमी आउने छ । अफ्रीकाका उत्तरी र पूर्वी अफ्रिकामा र मध्य-पश्चिम देशहरू, नेपाल एवम् पश्चिमी देश मेक्सिकोमा गर्मी तथा चिस्यानले गर्दा बालीनालीहरूको उत्पादकत्वमा बढोत्तरी हुनेछ । वर्षातको जलको उपलब्धताको आधारमा धानको क्षेत्रफल बढ्न सक्नेछ । वातावरणमा ज्यादा ऊर्जाको संलग्नताले वैश्विक वायु संरचनामा पनि परिवर्तन हुनेछ । वायु संरचनामा परिवर्तनको परिणामस्वरूप वर्षा असमान हुनेछ । भविष्यमा मरुभूमिहरूमा बढी वर्षा हुनेछ, जबकि यसको विपरित पारम्पारिक कृषि हुने क्षेत्रहरूमा कम वर्षा हुनेछ । यस किसिमको परिवर्तनले ठूलो मात्रामा मानवीय बसाइँ-सराइलाई प्रोत्साहित गर्नेछ । यसले मानव समाजको सामाजिक, आर्थिक तथा राजनीतिक ढाँचालाई प्रभावित गर्नेछ ।

> 'वैश्विक जलवायु परिवर्तनको फलस्वरूप बाढी, खडेरी तथा आँधी, तुफान, टोर्नाडोजस्ता प्राकृतिक विपत्तिहरूको बरम्बार हुने प्रवृत्तिमा वृद्धिको कारण अन्न उत्पादनमा गिरावट आउने छ ।'

वैश्विक जलवायु परिवर्तनको फलस्वरूप बाढी, खडेरी तथा आँधी, तुफान, टोर्नाडोजस्ता प्राकृतिक विपत्तिहरूको बरम्बार हुने प्रवृत्तिमा वृद्धिको कारण अन्न उत्पादनमा गिरावट आउने छ । यो अवस्था स्थानीय खाद्यान्न उत्पादनमा कमी, भोकमरी र कुपोषणको कारण बन्नेछ । यसबाट स्वास्थ्यमा दीर्घकालीन प्रभाव पर्नेछ । खाद्यान्न र पानीको कमीबाट प्रभावित क्षेत्रहरूमा समुदायहरूबीच द्वन्द्व हुनेछ । जलवायु परिवर्तनको प्रभाव जैविक विविधतामा पर्नेछ । कुनै पनि प्रजातिको अनुकूलनका लागि समयको आवश्यकता पर्छ । वातावरणमा आकस्मिक परिवर्तनले अनुकूलनको अभावमा त्यसको मृत्यु हुनेछ । जलवायु परिवर्तनको सर्वाधिक प्रभाव समुन्द्रका तटीय क्षेत्रहरूमा पाइने दलदली क्षेत्रका वनस्पतिहरूमा पर्नेछ । यसले तटलाई स्थिरता प्रदान गर्छ । साथै, समुद्री जीवहरूको प्रजननका लागि आदर्श स्थल प्रदान गर्छ । दलदली वन ९:वलनचयखभ ायचभकतΦ जसलाई ज्वारीय वन पनि भनिन्छ । यसले तटीय क्षेत्रहरूलाई समुन्द्री तुफानहरूबाट रक्षा गर्ने काम पनि गर्दछ । जैविक विविधताका कारण पारिस्थितिक असन्तुलनको जोखिम बढ्ने छ ।

अब पनि जलवायु परिवर्तनका बारेमा हामी सबैले सोचेनौं भने भोलिका दिनमा जलवायु परिवर्तनले गर्दा पृथ्वीमा रहने सबै प्राणीहरूलाई असर पुऱ्याउने छ। यसका लागि देशैभरि वातावरण मैत्री कार्यक्रम युद्धस्तरमा सञ्चालन गर्नु अपरिहार्य छ । जलवायु परिवर्तनमा धनी र औद्योगिक मुलुकहरूको मात्र योगदान छ, हाम्रो केही छैन भन्दै यसको प्रभाव न्यूनीकरणका उपायहरूमा अहिलेदेखि नै नलाग्ने हो भने हाम्रो आर्थिक हैसियतले यसबाट पर्न सक्ने खाद्यान्न र पानीको सङ्कटबाट बचाउन सकिँदैन । नीति-निर्माण तहदेखि कार्यान्वयन तहसम्म यस विषयलाई गम्भीरतापूर्वक लिनु पर्ने देखिन्छ (कार्की, वि.सं. २०७८) । जलवायु परिवर्तनले दिगो विकास लक्ष्य हासिल गर्न एउटा गम्भिर चुनौती खडा गरेको छ ।

### ३.१० दिगो विकास लक्ष्य -२ को स्थानीयकरण

यस दिगो विकास लक्ष्यको मुख्य ध्येय भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण उपलब्ध गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने रहेको छ ।

### ३.१०.१ सान्दर्भिकता

कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने प्रमुख आधार हो । उच्च र समावेशी आर्थिक वृद्धिमा योगदान पुऱ्याउने क्षेत्र भएकोले यसको वैज्ञानिक ढंगले सुधार तथा रूपान्तरण गर्ने विगतका प्रयासलाई सघन बनाई उत्पादन र उत्पादकत्व वृद्धि गर्नु जरुरी छ । कृषि जमिन तथा सार्वजनिक पर्ती जग्गाको उचित व्यवस्थापन, साना सिंचाइ आयोजनाको निर्माण तथा सुधार, यातायात पूर्वाधारको सुदृढीकरण तथा स्थानीय खाद्य सञ्जालको प्रवर्द्धन र कृषकहरूलाई कृषि प्रसार सेवा उपलब्ध गराएर स्थानीय तहले कृषि उत्पादन र स्थानीय आर्थिक वृद्धि हासिल गर्न सहयोग पुऱ्याउन सक्दछन् । बाल कुपोषणको पहिचान र निराकरण गर्न स्थानीय तहले स्वास्थ्य संस्था तथा विद्यालयको उपयोग गर्न सक्दछन् । कृषिको लक्ष्य हासिल हुँदा चरम गरिबी, शिक्षा, स्वास्थ्य, वातावरण तथा असमानतासँग सम्बन्धित अन्य लक्ष्य प्राप्त गर्न पनि सहयोग पुग्दछ । कृषि एउटा उत्पादनमूलक, छिटै आम्दानी गर्न सकिने र धेरै परिवारमा लाभ वितरण हुन सक्ने क्षेत्र हो (रा.यो.आ., वि.सं. २०७७) ।

### ३.१०.२ चालुपर्ने कदम

कृषि प्रसार तथा ग्रामीण विकासका साथै जनस्वास्थ्यका क्षेत्रमा समेत स्थानीय तहलाई महत्वपूर्ण अधिकार रहेको छ। त्यसैले खाद्य सुरक्षा हासिल गर्ने, पोषण सुधार गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने कार्यमा स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको छ । नेपालमा दिगो विकास लक्ष्य-२ अघि बढाउन स्थानीय तहले प्रमुख रूपमा निम्न कार्य गर्न सक्दछन् :

१. स्थानीय तहमा कृषि तथा पशुपालनसम्बन्धी नीति, ऐन तथा नियमावलीको तर्जुमा तथा कार्यान्वयन ।
२. कृषि तथा पशुपालनको बजार विकास, कृषि सडकको विकास र साना सिँचाइ आयोजनाको निर्माण तथा सुधार ।
३. कृषि जमिन, स्थानीय चरन तथा सार्वजनिक पर्ती जग्गाको नियमन तथा व्यवस्थापन ।
४. कृषि प्रसार कार्यक्रम (उच्च मूल्यका कृषि उत्पादनसम्बन्धी प्रविधि तथा वस्तुको वितरण तथा बजारीकरण) ।
५. पशुपालन विकास कार्यक्रम (पशु नश्ल सुधार तथा व्यवस्थापन, पशु बीमा तथा ऋणको सहजीकरण, पशुपन्छीजन्य सेवा, पशुस्वास्थ्य सेवाको व्यवस्थापन) ।
६. पशु हाटबजार, पशु वधशाला तथा चिस्यान घरको नियमन तथा व्यवस्थापन ।
७. स्थानीय तहमा खाद्य असुरक्षा तथा कुपोषण पहिचान गर्न यससम्बन्धी सूचना तथा तथ्याङ्क प्रणालीको उपयोग ।
८. सम्भव भएसम्म विद्यालय तथा स्वास्थ्य चौकीमार्फत पोषण कार्यक्रम सञ्चालन तथा समन्वय ।

> 'अब विदेशमा काम गरेर फर्केका युवाहरूले ज्ञान, सीप, पुँजी र जोश-जाँगर सहित कृषि पेशामा संलग्न भएर पहाडका डाँडाकाँडा हरियाली पार्ने दिन आएको छ ।'

### ३.११ अवसर र चुनौतीहरू

नेपालको हावापानी विशिष्ट छ । यहाँ संसारको कुनै पनि भूभागमा हुने बालीहरूको खेती गर्न सकिन्छ । अहिले हरेक पहाडी गाउँठाउँमा बाटोघाटो पुगेको, बिजुली बत्तीको पहुँच भएको र सञ्चारको सुविधा उपलब्ध भएकोले कृषिको व्यवसायीकरण गरेर कृषिमा आधारित उद्योगको विकास गर्ने अवसर प्राप्त भएको छ । अब विदेशमा काम गरेर फर्केका युवाहरूले ज्ञान, सीप, पुँजी र जोश-जाँगर सहित कृषि पेशामा संलग्न भएर पहाडका डाँडाकाँडा हरियाली पार्ने दिन आएको छ । स्थानीय सरकारद्वारा सहकारीमार्फत साना तथा घरेलु उद्योग स्थापना गर्न सकिन्छ । साथै, आधुनिक कृषि फार्मलाई पर्यटन गन्तव्यको रूपमा विकास गरेर कृषि पर्यटन स्थापित गर्न पनि सकिन्छ । आधुनिक कृषि फार्मलाई शैक्षिक भ्रमण, अवलोकन, रेष्टुराँ आदिको रूपमा समेत विकास गर्न सकिन्छ । उच्च पहाडी तथा हिमाली हावापानीयुक्त क्षेत्रमा उत्पादन भएका कृषि उपजहरू स्वादिला र पौष्टिक हुने हुँदा विश्व बजारमा धेरै माग छ । यसरी कृषि फार्मलाई बहुआयामिक ढंगबाट विकास गरेर युवा वर्गलाई आधुनिक कृषि प्रणालीमा आकर्षित गर्ने अवसर प्रबल देखिन्छ । तर, यी सबै कामका लागि सरकारले किसानमैत्री कृषि नीति मार्फत सहजीकरण गर्नुपर्ने हुन्छ । कृषि कार्यक्रम सञ्चालन गर्ने अधिकार क्षेत्र स्थानीय सरकारको हो ।

नेपालमा दीर्घकालीन कृषि विकास रणनीति बने पनि अहिलेसम्म कुनै पनि कृषि योजना सफल हुन सकेको देखिँदैन । कृषिक्षेत्र नेपाली अर्थतन्त्रको इञ्जिन भए पनि सरकारको अदूरदर्शी भिजन, कमजोर कार्यान्वयन क्षमता, कमजोर स्थलगत अनुगमन, रिपोर्टिङ्ग र मूल्याङ्कन, किसानमैत्री नीतिको अभाव, उच्चतहका नेताहरूमा न्यून राजनीतिक प्रतिबद्धता, किसानको बजारमा कम पहुँच, नीति तथा कार्यक्रम बने पनि सही रूपमा व्यवहारमा लागू नहुनु, कमजोर सुशासन, भ्रष्टाचार, कृषि प्राविधिकको उदासिनता, जलवायु परिवर्तन आदि चुनौतीहरू छन् । खाद्य तथा पोषण सुरक्षामा देश आत्मनिर्भर हुन कृषि क्षेत्रमा व्यापक रूपान्तरणको खाँचो छ । यसका लागि स्थानीय तहको सक्रिय भूमिकाको आवश्यकता छ । कोभिड-१९ को महामारीले झन् नेपालमा खाद्य तथा पोषण सुरक्षामा नकारात्मक असर पारेको छ । यसले दिगो विकास लक्ष्य हासिल गर्न गम्भिर चुनौती खडा गरेको छ ।

## ४. सारसङ्क्षेप

संयुक्त राष्ट्रसंघका सम्पूर्ण सदस्य राष्ट्रको सामूहिक प्रयास र प्रतिबद्धताका आधारमा सन् २०१५ मा घोषणा गरिएको कार्ययोजना दिगो विकास लक्ष्य हो । नेपाल कृषि प्रधान देश भए तापनि यहाँका अझै एकतिहाइ जनताले पर्याप्त मात्रामा खाद्यान्न उपभोग गर्न सकेको अवस्था देखिँदैन । धान बाहेक अन्य बालीको उत्पादन देशका लागि पुग्ने अवस्था भए पनि पारिवारिक स्तरमा भने खाद्यन्न अपुग नै देखिन्छ । यसको मतलब, देशमा खाद्य उत्पादन हुनु नै ठूलो कुरा हैन, मूल कुरा भनेको समुचित वितरण प्रणाली स्थापना हुन सक्नु हो । नेपालमा उत्पादनका साथै खाद्यान्न वितरण पनि मुख्य समस्याका रूपमा रहिआएको छ । प्रतिव्यक्ति

प्रतिदिन अन्नबाली ४००-६०० ग्राम, दाल ७५-९० ग्राम, हरियो तथा अन्य तरकारी २५०-३५० ग्राम, कन्दमूल ७५-१०० ग्राम, फलफूल १०० ग्राम, दूध र दुग्धजन्य पदार्थ २००-३०० ग्राम, माछामासु ३० ग्राम तथा अण्डा ३० ग्राम आवश्यक पर्छ । तर, यसअनुसार समानुपातिक हिसाबले आपूर्ति हुन सकेको छैन । कृषि प्रसार तथा ग्रामीण विकासका क्षेत्रमा समेत स्थानीय तहलाई महत्वपूर्ण अधिकार रहेको छ । त्यसैले खाद्य सुरक्षा हासिल गर्ने, पोषण सुधार गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने कार्यमा स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको छ । दिगो विकास लक्ष्य हासिल गर्नका लागि स्थानीय सरकारको अहम् भूमिका हुन्छ । कृषिक्षेत्र नेपाली अर्थतन्त्रको इञ्जिन भए पनि कमजोर कार्यान्वयन क्षमता, कमजोर अनुगमन र मूल्याङ्कन, किसानमैत्री नीतिको अभाव, उच्चतहका नेताहरूमा न्यून राजनीतिक प्रतिबद्धता, किसानको बजारमा कम पहुँच, नीति तथा कार्यक्रम बने पनि सही रूपमा व्यवहारमा लागू नहुनु, सुशासनको अभाव, भ्रष्टाचार आदि चुनौतीहरू छन् । यी चुनौतीहरूलाई चिर्दै कृषिमा आमूल परिवर्तन गरेर खाद्य तथा पोषण सुरक्षा गर्दै आर्थिक तथा सामाजिक रूपान्तरण गर्न स्थानीय, प्रदेश र संघीय सरकारको सक्रिय समन्वय र सहकार्यको खाँचो छ ।

## सन्दर्भ सामग्री


ओझा, अविन । (वि.सं. २०७७) । कृषिको बहुआयामीकरण नै अबको आर्थिक विकल्प । काठमाडौं : नयाँ पत्रिका, २०७७ जेठ १५ बिहीबार ।

कार्की, केदार । (वैशाख ५, २०७८) । जलवायु परिवर्तनका सम्भावित प्रभाव । काठमाडौं : रातोपाटी डट कम ।

खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा । (वि.सं. २०७७) । खाद्य तथा पोषण सुरक्षा पुस्तिका । काठमाडौं: खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।

थापा, नरविक्रम । (वि.सं. २०७३) । नेपालमा कृषि तथा जनजीविकाको अर्थराजनीति: किसानहरू कहिलेसम्म उपेक्षित रहिरहने ? काठमाडौं: सहभागिता, वर्ष २०, पूर्णाङ्क ५०, २०७३ भदौ । नेपाल सहभागिमूलक कार्य समूह, दोभानटोल, कोटेश्वर, काठमाडौं ।

थापा, नरविक्रम । (वि.सं. २०७६) । रोजगारी सिर्जना : दिगो विकासको आधार । काठमाडौं: सहभागिता, वर्ष २३, पूर्णाङ्क ५३, २०७६ भदौ । नेपाल सहभागिमूलक कार्य समूह, दोभान टोल, कोटेश्वर, काठमाडौं ।

देवकोटा, विष्णुहरि र के. सी., हरिबहादुर । (वि.सं. २०७७) । नेपालको कृषि क्षेत्र र खाद्य तथा पोषण सुरक्षा स्थितिको विश्लेषण, खाद्य तथा पोषण सुरक्षा पुस्तिका, पृष्ठ ५-१२ । काठमाडौं: खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा, नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।

वस्ताकोटी, रीता । (वि.सं. २०७८) । सीमान्त महिला किसान र खाद्य अधिकार । काठमाडौं : कान्तिपुर दैनिक, जेष्ठ २१, २०७८ ।

राष्ट्रिय योजना आयोग । (वि.सं. २०७६) । पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७ -२०८०/८१) । सिंहदरबार, काठमाडौं: नेपाल सरकार, राष्ट्रिय योजना आयोगको सचिवालय ।

राष्ट्रिय योजना आयोग । (वि.सं. २०७७) । नेपालमा दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका । सिंहदरबार, काठमाडौं: नेपाल सरकार, राष्ट्रिय योजना आयोगको सचिवालय ।



***लेखक प्रा.डा. नरविक्रम थापा नेपानका आजीवन सदस्य हुनुहुन्छ । उहाँ लुम्बिनी इन्टरनेसनल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजीमा आबद्ध हुनुहुन्छ ।***

***Email: nbthapa2012@gmail.com***



**सहभागितामा पुस्तक समीक्षा गराउन चाहने लेखकहरूले आफ्नो प्रकाशनको दुईप्रति उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं ।**

**सम्पादक मण्डल**

---

**ज्येष्ठ नागरिकको विषयमा नेपालकै पहिलो अनुसन्धानात्मक पुस्तक**

**बुढ्यौली आवाज नेपाली तथा अङ्ग्रेजी दुवै भाषामा नेपान सचिवालयमा उपलब्ध भएकोले आवश्यकता अनुसार सम्पर्क गर्न सक्नु हुनेछ ।**

**नेपान सचिवालय**

# दिगो विकासका लक्ष्यहरूको स्थानीयकरणमा देखिएका चुनौती र अवसरहरू



भोला भट्टराई

दिगो विकासको लक्ष्य संयुक्त राष्ट्रसङ्घले आफ्ना सदस्य राष्ट्रहरूको पूर्ण सहमतिबाट सन् २०१५ देखि सन् २०३० को लागि निर्धारण गरेको विकास लक्ष्य भनेर बुझिन्छ। यसका लागि विभिन्न क्षेत्र समेटेर १७ वटा लक्ष्यहरू निर्धारण गरिएको छ। ती १७ वटा लक्ष्यहरूलाई कार्यान्वयन गर्ने कामको लागि संयुक्त राष्ट्रसङ्घको दिगो विकास लक्ष्यसम्बन्धी सम्मेलनमा नै सबै सरोकारवालाहरूको भूमिकालाई उजागर गरिएको थियो। सरकारी निकायलगायत विकास निर्माण प्रक्रियामा सामेल हुने सम्पूर्ण निकायहरूको जिम्मेवारीको रूपमा यो दिगो विकासको लक्ष्य तयार गरिएको हो। दिगो विकास लक्ष्य कार्यान्वयन कुन हदसम्म भइरहेको छ भनेर जाँच्नु, सो बारेमा छलफल गर्नु आजको आवश्यकता हो। यस आलेखको अभीष्ट त्यसैतर्फ केन्द्रित छ।

> 'दिगो विकास लक्ष्य कार्यान्वयन कुन हदसम्म भइरहेको छ भनेर जाँच्नु, सो बारेमा छलफल गर्नु आजको आवश्यकता हो।'

## दिगो विकास लक्ष्य कार्यान्वयनमा स्थानीय सरकार

नेपालको संविधान- २०७२ ले स्थानीय सरकारलाई प्रशस्त जिम्मेवारी र अधिकार प्रदान गरेको छ। यो जिम्मेवारी पूरा गर्नको लागि स्थानीय सरकारहरूले कसरी आफ्नो कार्य सम्पादन गरिरहेका छन् भन्ने कुरा सबैको चासोको विषय हो। दिगो विकास लक्ष्य कार्यान्वयन गर्न नेपाल सरकारले विभिन्न योजनाहरूको निर्माण र नीति-नियमहरूको तर्जुमा गरी अगाडि बढाएको छ। दिगो विकासका लक्ष्यहरू कार्यान्वयन गर्ने प्रमुख दायित्व स्थानीय सरकारको हो। दिगो विकास लक्ष्यलाई जति स्थानीयकरण गर्न सकिन्छ त्यति नै लक्ष्यहरू कार्यान्वयन हुने विश्वास गरिन्छ। नेपालको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन- २०७४ ले स्थानीय सरकारलाई दिगो विकासका लक्ष्य कार्यान्वयन गर्न प्रशस्त अवसरहरू दिएको छ। आफूले नै योजना निर्माण गर्न पाउने, आफ्नो बजेट तर्जुमा गर्न पाउने र यसलाई कार्यान्वयन गर्न पाउने अधिकारसमेत संविधानले स्थानीय सरकारलाई दिएको छ। यो अधिकारलाई स्थानीय सरकारहरूले कुन हदसम्म उपयोग गर्न सकेका छन् भन्ने कुराको मापन र समीक्षा गर्ने बेला भइसकेको छ। केही स्थानीय सरकारहरूले आ-आफ्नो मध्यावधि अवस्थाको लेखाजोखा गरेको पाइन्छ भने कतिपय

स्थानीय सरकारहरूले आ-आफ्नो सुशासन र व्यवस्थापनको बारेमा स्व-विश्लेषण गर्ने गरेको पाइन्छ।

स्थानीय सरकारले गरेका कामहरूमध्ये खासगरी दिगो विकासका लक्ष्य कार्यान्वयन गर्न विविध कार्यक्रमहरू गरेको पाइन्छ। आफ्नो पालिकाभित्र रहेका स्रोत-साधनहरूको पहिचान गरी वस्तुगत विवरण तयार पार्ने काम गरिएको छ। यो वस्तुगत विवरणमा त्यहाँको जनसङ्ख्याको साथै आर्थिक, सामाजिक, राजनीतिक पक्षलाई समेत समेटेर तथ्याङ्कहरू प्रस्तुत गरिएको छ। यस तथ्याङ्कलाई आधार बनाएर नै स्थानीय सरकारहरूले आफ्नो नीति तथा कार्यक्रम बनाउने गरेको एवं संविधानले दिएको अधिकारअनुसार विभिन्न खालको ऐन तथा कानुनहरू समेत निर्माण गरेको पाइन्छ। नीति-निर्माण प्रक्रियामा दिगो विकासका लक्ष्यले निर्धारण गरेबमोजिमका कामहरूलाई समेटिएको पाइन्छ।

कतिपय गाउँपालिका/नगरपालिकाहरूले दीर्घकालीन/आवधिक योजनाहरू पनि तयार गरेका छन्। यी दीर्घकालीन/आवधिक योजनामा समेत दिगो विकासका लक्ष्यले निर्धारण गरेबमोजिमका विभिन्न सूचकहरूको कार्यान्वयन गर्न योजना निर्माण गर्ने कार्यमा स्थानीय पालिकाहरू सक्रिय भएको पाइन्छ। यसरी योजनामा समावेश गरिएका विभिन्न कामहरूले नै दिगो विकासको लक्ष्य कार्यान्वयनमा स्थानीय सरकार सक्रिय भएको पुष्टिसमेत गर्दछ।

## दिगो विकास लक्ष्य कार्यान्वयनमा स्थानीय सरकारको चुनौती

संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य (सन् २०१५-२०३०) को पन्ध्रवर्षे योजना सुरु भएको पाँच वर्ष बितिसकेको छ। यद्यपि लक्ष्यप्राप्तिको लागि गर्नुपर्ने काम पर्याप्तमात्रामा अघि बढ्न सकेको छैन। यसलाई सरकार एवम् विकासका सबै साझेदार हरूको साझा दायित्वको रूपमा लिइए पनि सबैको प्रतिबद्धता देखिँदैन। 'कसैलाई पछि नपारौँ/नछोडौँ' भन्ने नाराअनुसार यो विषय स्थानीयस्तरमा पुग्न सकेको छैन। नेपालको सन्दर्भमा स्थानीय सरकार तथा त्यसभन्दा मुनि रहेका स्थानीय समुदायमा र उनीहरूका संगठनहरूमा यस विषयबारे जानकारीसम्म पनि पुगेको छैन। स्थानीय गाउँपालिका तथा नगरपालिकाले बनाउने आवधिक योजना एवं वार्षिक नीति, कार्यक्रम र बजेट प्रक्रियामा यस विषयले प्राथमिकता पाउन सकेको छैन।

दिगो विकासका लागि अपरिहार्य सामाजिक पक्ष, वातावरणीय पक्ष र आर्थिक पक्षबीचको विकास सन्तुलनले नै दिगो विकासको लक्ष्य हासिल सम्भव छ। तर, स्थानीयस्तरको योजना तर्जुमा प्रक्रियामा लक्षित गरिएका योजनाहरू आर्थिक दृष्टिकोणबाट मात्र निर्देशित देखिन्छन्। ग्रामीण भेगमा समेत ठूला सडक बनाउने, बजारीकरण गर्ने, आधुनिकीकरण गर्नेजस्ता आयोजनाहरूले गाउँहरूलाई जबर्जस्त शहर-उन्मुख बनाउने नीति अगाडि बढाइएको छ। डोजर लगाएर सुन्दर पहाड, खेत, बारीहरू चिरफार गरिएको छ। परम्परागत बीउबिजन विस्थापन गरी उन्नत हाइब्रिड बीउहरू प्रवर्द्धन गरिएको छ। पहाडी प्राकृतिक ठाउँमा महँगा भ्यू-टावर निर्माण गरिएका छन्। स्वागतद्वार र भ्यू-टावरजस्ता फेन्सी विकासका मोडेल विस्तारित छन्। स्वःस्थानीय ज्ञान, सीप, मूल्य, र प्रजातिलाई विस्थापन गरी कर्पोरेट मोडलको विकासलाई सुन्दर ढंगले व्याख्या गरिएको छ। यसले के प्रष्ट पार्छ भने हाम्रो विकास 'न्यारेटिभ' दिगो विकासको लक्ष्यभन्दा फरक ढंगले अभ्यास गरिँदैछ।

दिगो विकासको लक्ष्य स्थानीयकरण गर्ने सुनौलो मौका हामीले गुमायौँ। स्थानीयतहका जननिर्वाचित प्रतिनिधिमार्फत् गत चार वर्षमा बनेका स्थानीय तहको योजना तथा बजेट तर्जुमा र त्यसको कार्यान्वयनको बेला यस कामलाई अगाडि बढाउन सकिन्थ्यो। जुन पर्याप्त मात्रामा हुन सकेन। स्थानीय तहको योजना तर्जुमा तथा वार्षिक बजेट निर्माण गर्ने प्रक्रिया पनि सहभागीमूलक हुन सकेका छैनन्। पछिल्ला दुई आर्थिक वर्षमा झनै हुन सकेनन्। 'कोभिड-१९' महामारीलाई दोष देखाएर हुन सक्ने ठाउँमा पनि सहभागीमूलक छलफल चलाइएनन्। निर्धारित प्रक्रियाको बेवास्ता गरियो। योजना प्रक्रियामा ठालुहरूको भूमिका हावी भयो। दुई वर्षको बजेट हेर्ने हो भने वितरणमुखी मात्र देखिन्छ। आगामी वर्ष हुने स्थानीय तहको निर्वाचन प्रभाव पार्ने गरी बजेट तर्जुमा भएको छ। अर्कातर्फ यस प्रक्रियामा नागरिक समाज तथा गैरसरकारी संघसंस्थाको भूमिका पनि प्रभावकारी बन्न सकेन। काठमाडौँकेन्द्रित संस्थाहरूले केही बैठकमा सहभागिता जनाए तर केही भर्चुअल बैठक आयोजना गर्नेबाहेक विषयलाई स्थानीयकरण गर्न सकेनन्। विकास साझेदारहरूले पनि यस मुद्दालाई गम्भीरतापूर्वक लिएको पाइएन।

दिगो विकास लक्ष्यप्राप्तिका लागि स्थानीय सरकार एवं स्थानीय नागरिक समाजलाई बढी जिम्मेवार र क्षमतावान् बनाउनु आवश्यक छ। यस कार्यका लागि स्थानीय योजना तर्जुमा प्रक्रियामा नै जोड्नु पर्दछ। सात चरणको योजना तर्जुमा प्रक्रियालाई दिगो विकासको सिद्धान्त, लक्ष्य र सूचकको आधारमा अगाडि बढाउन सहजीकरण गर्नुपर्दछ। यस कार्यमा जिल्ला समन्वय समिति र नागरिक समाजलाई आवश्यक सहजीकरण गर्ने वातावरण तयार गर्नुपर्छ। हामीसँग बाँकी रहेको १० वर्ष

यस काममा ध्यान दिने अवसर बाँकी छ । सरकार स्वयंले पनि स्थानीयतहलाई दिने चार प्रकारका अनुदान दिँदा स्पष्ट रूपमा दिगो विकासका लक्ष्य हासिल हुने खालका योजना र कार्यक्रमलाई जोड दिनु आवश्यक छ ।

स्थानीय तहको योजनाको विषयगत क्षेत्रअन्तर्गत आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास पर्दछन् । यस क्षेत्रले सिद्धान्ततः दिगो विकासका तीन पक्षलाई समेटेको देखिन्छ तर नीति, कार्यक्रम र बजेट तर्जुमा प्रक्रियामा पूर्वाधार विकासमा बढी रकम विनियोजन हुने गरेको छ । पूर्वाधार विकास आवश्यक छ तर बिना सम्भाव्यता अध्ययन र समुदायसँग व्यापक छलफल नगरी योजना छनोट गरिने पद्धतिले दिगो विकासको मर्मलाई बिर्सिएको देखिन्छ ।

सरकारले निर्धारण गरेको दिगो विकासको लक्ष्य, क्षेत्र र सूचकाङ्कहरूको जानकारीको अभावमा कतिपय वडास्तरमा तयार गरिने योजनाहरू कार्यान्वयनको प्रक्रियामा लक्ष्यले निर्धारण गरेबमोजिमको कार्य हुन नसकेको अवस्था पनि देखिन्छ । यसको मुख्य कारण भनेको दिगो विकासको लक्ष्यबारे विकास निर्माण प्रक्रियामा संलग्न व्यक्ति तथा निकायमा अझै पनि अपेक्षित ज्ञानको अभाव नै हो । दिगो विकासको लक्ष्य र यसको कार्यान्वयनको बारेमा बहस छलफल र क्षमता विकासको कार्य अपेक्षित मात्रामा भएका छैनन् । अर्कोतर्फ दिगो विकासको लक्ष्यलाई बुझ्ने, बुझाउने कार्यमा स्थानीय सरकारको नेतृत्वमा समेत प्रशस्त ज्ञान र सीपको अभाव खट्किएको छ । लक्ष्य कार्यान्वयनको प्रक्रियामा स्थानीयस्तरमा संलग्न गैरसरकारी संघसंस्था,नागरिक समाजका संघसंस्थाहरू र मिडिया क्षेत्रले जुन मात्रामा भूमिका निर्वाह गर्नुपर्थ्यो, त्यो भूमिका पनि उल्लेखनीय रूपमा भएको अवस्था छैन । त्यसैले पनि स्थानीयस्तरमा बन्ने योजनाहरूमा दिगो विकासका अवधारणाहरू पर्याप्त मात्रामा प्रष्ट रूपमा देखिने अवस्था छैन ।

## स्थानीय तहमा दिगो विकास लक्ष्यको स्थानीयकरणको आवश्यकता

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, वि.सं. २०७४ तथा अन्य कानुनले सार्वजनिक सेवाका महत्वपूर्ण जिम्मेवारीहरू स्थानीय तहलाई प्रदान गरेको छ । यस्ता सेवाहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य उपचार, खानेपानीको आपूर्ति तथा सरसफाइ र सामाजिक सेवाजस्ता सेवाहरू पर्दछन् । नागरिक सेवाका यी जिम्मेवारी दिगो विकास लक्ष्यका सूचकसँग सम्बन्धित रहेका छन् ।

त्यसैगरी स्थानीय तहलाई संविधानप्रदत्त जिम्मेवारीको सम्पादनका लागि राजस्व सङ्कलनको अधिकार प्राप्त छ । यसका अलावा वित्तीय हस्तान्तरणका माध्यमबाट सङ्घ र प्रदेशबाट समेत स्थानीयतहले वित्तीय स्रोत प्राप्त गर्दछन् । आन्तरिक स्रोतका साथै वित्तीय हस्तान्तरण तथा अन्य स्रोतबाट प्राप्त वित्तीय स्रोत परिचालन गर्ने अधिकार स्थानीय तहलाई छ । यसले स्थानीय तहहरूलाई आफ्नो कार्यक्षेत्रका दिगो विकास लक्ष्यसम्बद्ध कार्यक्रम कार्यान्वयन गर्न आवश्यक आर्थिक स्रोत उपलब्ध भएका छन् । विकासका उपलब्धिहरूको भौगोलिक रूपमा असमान अवस्थालाई दृष्टिगत गर्दा स्थानीय तहले आ-आफ्नो परिवेशअनुसार दिगो विकास लक्ष्यको प्राथमिकीकरण गर्दै स्थानीयकरण गर्नु उपयुक्त हुन्छ ।

दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि स्थानीय तहले सर्वप्रथम आवश्यकताको पहिचान गर्नु जरुरी हुन्छ । दिगो विकासको प्राथमिकता निर्धारण गर्दा वित्तीय पक्ष, संस्थागत क्षमता, तथ्यपरक सूचना, जोखिमका पक्ष लगायतलाई समेत ध्यान दिनु आवश्यक हुन्छ । दिगो विकासको मुख्य लक्ष्य र परिमाणात्मक लक्ष्यलाई पहिचान र प्राथमिकीकरण गरेपछि यससम्बन्धी आवश्यक नीति, कानुन तथा कार्यविधि निर्माण गर्नुपर्दछ ।

दिगो विकास लक्ष्य हासिल गर्न ठूलो लगानीको आवश्यकता पर्दछ । यसकारण स्रोत-साधनको दायरा विस्तार गर्नुका साथै सम्भाव्य स्रोतको पहिचान, आकर्षण र उपयुक्त वातावरण बनाउनु पनि जरुरी हुन्छ ।

## निष्कर्ष

दिगो विकास लक्ष्यको स्थानीयकरण गर्नु भनेको लक्ष्य हासिल गर्ने जिम्मेवारी स्थानीय तहको काँधमा थोपर्ने नभई ती लक्ष्यप्राप्तिमा सङ्घीय तथा प्रादेशिक सरकारहरूसँग समन्वय तथा सहकार्य गर्ने वातावरण बनाउनु समेत हो । स्थानीय तहसम्बन्धी दिगो विकास लक्ष्य सङ्घ र प्रदेशले स्थानीय तहको सहयोगबिना हासिल गर्न सक्दैनन् । यसका लागि दह्रो समन्वय, सहकार्य र साझेदारी आवश्यक पर्दछ ।

दिगो विकास लक्ष्यप्राप्तिमा संस्थागत क्षमता विकास गर्नु उत्तिकै महत्वपूर्ण हुन्छ । उपयुक्त संरचना, क्षमतायुक्त र प्रविधिमैत्री कर्मचारी, सुव्यवस्थित तथ्याङ्क प्रणाली, निर्वाचित जनप्रतिनिधिहरूको नागरिकप्रतिको उत्तरदायित्व र सुशासनजस्ता पक्षहरू अत्यन्त महत्वपूर्ण हुन्छन् ।

*लेखक भोला भट्टराई स्थानीय शासनविज्ञ र नेपाल कार्यसमितिका सदस्य हुनुहुन्छ ।*

# जनमुखी भूमि व्यवस्था र दिगो विकास



जगत देउजा

संयुक्त राष्ट्रसंघले सन् २०१६ देखि २०३० सम्मलाई दिगो विकासका लक्ष्यहरूको प्राप्तिको अवधि तोकेको छ । यससँगै संसारभरि दिगो विकाससम्बन्धी बहसहरू बाक्लिएका छन् । नेपालजस्तो आर्थिक रूपमा कमजोर मुलुकको मात्र हैन धनी र विकसित भनिएका मुलुकको विकासको मोडल नै सामाजिक र वातावरणीय न्यायका दृष्टिले गलत भएको अनुसन्धानहरूले देखाएका छन् । जलवायु परिवर्तनको यथार्थ उजागर भएपछि शक्तिशाली मुलुकहरूले प्रचार गरिरहेको विकासको अवधारणा र अभ्यासमाथि गम्भीर प्रश्नहरू उठेका छन् ।

‘यो लेखमा दिगो विकासका लागि महत्वपूर्ण भूमि-स्रोतको सही व्यवस्थापन र दिगो विकासबीचको साइनो केलाउने प्रयास गरिएको छ ।’

नेपालमा पनि फराकिला सडक, बिजुली वा अग्ला भवन निर्माण नै विकास हो भन्ने प्रचार गरिएको छ । त्यस्तै गरेर आर्थिक वृद्धि नै विकास हो भन्ने बुझाइले पनि धेरैको मनमा जरा गाडेको छ । अन्धाधुन्ध संरचना निर्माण र अव्यवस्थित तीव्र सहरीकरणले नदीनाला तथा वातावरणमा ल्याएको प्रदूषण डरलाग्दो अवस्थामा पुगिसकेको छ । हामीले अपनाएको विकासको मोडल वा ढाँचा आधारभूत रूपमा नै गलत देखिएको छ । भोक र असमानता बढेर जाने अनि सडकमात्र चिल्ला र फराक बनाएर विकास भयो भन्नु पटक्कै सुहाउने विषय होइन ।

### नेपालमा दिगो विकासको बहस

संसारका १९४ मुलुकले सहमति जनाएका दिगो विकासका १७ लक्ष्यहरू हासिल गर्ने दिशामा हरेक मुलुक आ-आफ्नो परिवेशअनुसार रणनीति तथा योजना बनाएर अघि बढिरहेका छन् । नेपालले पनि दिगो विकास लक्ष्यहरूलाई राष्ट्रिय विकासका ढाँचाहरूमा एकीकृत गर्दै कार्यान्वयनमा लगेको छ । दिगो विकास लक्ष्यहरूको अवस्था र मार्गचित्र सन् २०१६(२०३० तर्जुमा गरिएको छ । त्यस्तै दिगो विकास लक्ष्य, आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति पनि कार्यान्वयनमा ल्याइएको छ । दिगो विकास लक्ष्यको स्थानीयकरणका लागि स्रोतपुस्तिका पनि तयार पारिएको छ ।

दिगो विकाससम्बन्धी नीतिगत तहमा बहस र आवश्यक नीति तर्जुमा समेत भइरहेको छ । सरकारी वा राज्यको तहमा बाहेक नागरिक समाज, सामाजिक न्यायका आन्दोलनहरू र स्वतन्त्र अध्येताहरू पनि जनमुखी विकासका दृष्टिले विकासको प्रचलित परिभाषा र अभ्यासहरूको आलोचनात्मक विश्लेषण गर्दै दिगो विकासको बहस र विकल्प निर्माणको प्रक्रियामा संलग्न छन् । अहिलेको समस्या अविकासबाट विकासमा जाने मात्र हैन, सामाजिक अन्याय र वातावरण वा प्रकृतिलाई अन्याय हुने कुविकासको बाटो बदलेर दिगो विकासको बाटो रोज्नु परेको छ । यसका लागि दिगो विकासको अर्थ र मर्मसम्बन्धी बहस फराकिलो पार्नु र सकारात्मक अभ्यासहरूलाई प्रवर्द्धन गर्नु जरुरी छ । यो लेखमा दिगो विकासका लागि महत्वपूर्ण भूमि-स्रोतको सही व्यवस्थापन र दिगो विकास बीचको साइनो केलाउने प्रयास गरिएको छ । साथै, यसका लागि लिनुपर्ने केही आधारभूत पहलहरूको पनि चर्चा गरिएको छ ।

## भूमि र दिगो विकास

भूमि प्रमुख र महत्वपूर्ण प्राकृतिक स्रोत हो । भूमिको अनेकन् उपयोगमध्ये एउटा महत्वपूर्ण हिस्सामा मानिसले बसोबास र खेतीपाती गर्दै आएका छन् । गहिरोसँग सम्बन्ध खोज्ने हो भने दिगो विकासका सबै १७ वटा लक्ष्यहरूसँग भूमिको सम्बन्ध छ । प्रत्यक्ष सम्बन्ध भने सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने (लक्ष्य १), भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने (लक्ष्य २), लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी एवम् बालिकाहरूलाई सशक्त बनाउने (लक्ष्य ५), भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने (लक्ष्य ८), मुलुकभित्र तथा मुलुकहरूबीचको असमानता घटाउने (लक्ष्य १०), सहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने (लक्ष्य ११) र स्थलीय पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने (लक्ष्य १५) सँग रहेको छ ।

> 'दिगो विकास लक्ष्यले भूमि र यससँग सम्बन्धित विषयलाई प्राथमिकतामा राखे पछि भने मुस्किलले सामान्य जागरूकता देखा परेको छ ।'

भूमिमा दोहनकारी र सघन आर्थिक क्रियाकलापबाट परेको असरबारे धेरै कम ध्यान पुगेको छ । दिगो विकास लक्ष्यले भूमि र यससँग सम्बन्धित विषयलाई प्राथमिकतामा राखेपछि भने मुस्किलले सामान्य जागरूकता देखा परेको छ ।

### जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रणको लक्ष्य र भूमिको प्रयोग

भूमिको जथाभावी प्रयोग, एकोहोरो उत्पादन वृद्धिको नाममा अत्यधिक रासायनिक मल र विषादीको प्रयोग आदिले वायुमण्डलीय संरचनामा परिवर्तन आई जलवायु परिवर्तनमा भूमिका खेलिरहेको छ । जलवायुमा आएको परिवर्तनले प्रकोप बढाएको छ । र, खासगरी भूमिहीन एवम् साना कृषकहरूको जीवन र जीविकामा नकारात्मक असर परिरहेको छ । यसबाट पर्यावरणीय प्रणालीमा आएको परिवर्तनको नोक्सानी हिसाब गरेर नसकिने खालको छ ।

### गरिबी निवारणको लक्ष्य र भूमिको प्रयोग

नेपालको गरिबीको मुख्य कारण भूमिको अन्यायपूर्ण वितरण रहिआएको छ । वास्तविक कृषकहरू भूमिहीन छन् वा अति न्यून जमिनमा खेतीपाती गरिरहेका छन् । कृषि पेशामा संलग्न भई जीविकोपार्जन गरिरहेका चौथाइ परिवार अरूको जग्गा अधियाँ वा बटैयामा खेती गर्छन् । यसरी खेती गर्दा आधा उत्पादन जग्गाधनीलाई बुझाउनु पर्दछ । भूमि स्रोतमा भूमिहीन र कृषकहरूको पहुँच तथा स्वामित्व बढाउने हो भने गरिबीको अन्त्यका लागि महत्वपूर्ण योगदान पुग्ने निश्चित छ । स्वामित्वले जमिनको स्याहार र उत्पादन दुवै बढ्ने हुँदा सबै क्षेत्रमा रहेको सबै स्वरूपको गरिबीको अन्त्य गर्ने लक्ष्य हासिलका लागि जमिनको स्वामित्वसम्बन्धी विषय हल हुनु आवश्यक छ ।

### भोकमरी अन्त्यको लक्ष्य र भूमिको प्रयोग

दिगो विकासको दोस्रो लक्ष्य भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने रहेको छ । अपर्याप्त खानाको उपभोग गर्ने घरपरिवारको प्रतिशत सन् २०१५ मा ३६.१ प्रतिशत रहेकोमा सोलाई घटाई सन् २०३० मा तीन प्रतिशतमा झार्ने लक्ष्य लिइएको छ । भूमि खाद्यको महत्वपूर्ण स्रोत भएकाले उपलब्ध कृषि भूमिको उपयोग र दिगो खेतीपातीबाट तोकिएको लक्ष्य हासिल गर्न मद्दत पुग्दछ ।

### लैङ्गिक समानताको लक्ष्य र भूमिको प्रयोग

केवल तालिम र गोष्ठीले मात्र महिला तथा किशोरीहरूको सशक्तीकरण हुन सम्भव छैन । भूमि स्रोतमा महिला र यसमा पनि किसान-महिलाको स्वामित्वले उनीहरूको सशक्तीकरणमा गुणात्मक फड्को मार्ने उदाहरण नेपालकै अनुभवबाट पनि

देखिएको छ । जमिनको स्वामित्वले परिवार, समुदाय र सिङ्गो समाजमा नै महिलाको स्थान उच्च राख्न योगदान पुगिरहेको सन्दर्भमा लैङ्गिक समानता हासिल गर्न एवम् सबै महिला तथा किशोरीहरूलाई सशक्त बनाउन भूमिमा महिलाको स्वामित्व र सहज उपयोगको स्थितिले ठूलो फरक पर्ने देखिन्छ ।

### भरपर्दो, समावेशी एवम् दिगो आर्थिक वृद्धिको लक्ष्य र भूमिको प्रयोग

उत्पादनका साधन र सम्पत्ति सीमित धनी व्यक्तिको हातमा केन्द्रित हुने एवम् असमानता र अन्याय बढ्दै गइरहेको विषय विश्वकै गम्भीर चुनौतीको रूपमा रहेको छ । कुल जनसंख्याको करिब २५ प्रतिशत जनसंख्यासँग भूमिमाथि आफ्नो स्वामित्व छैन । खेतीयोग्य जमिन व्यापारिक प्रयोजनका लागि तीव्र रूपमा खण्डीकरण भई घडेरीको रूपमा बेचबिखन हुँदैछ । नेपालको कुल जनसंख्याको करिब ५३ प्रतिशत साना किसानहरूमध्ये अधिकांशलाई आफ्नै उत्पादनले परिवारका लागि वर्षैभरि खान पुग्दैन । नेपालमा पनि धनीहरू झन् झन् धनी र गरिबहरू अझै गरिब बन्दै गइरहेका छन् । समग्र आर्थिक स्थितिमा सुधारजस्तो देखिए पनि धनी र गरिबबीचको खाडल झन् झन् ठूलो बन्दै गइरहेको छ । यो खाडललाई सामान्य खालका आर्थिक अभिवृद्धिका कार्यक्रमबाट मात्र कम गर्न सम्भव हुने देखिँदैन । यसका लागि भूमिको न्यायिक वितरण हुनु पर्दछ । आफैँ श्रम नगर्नेले कृषियोग्य भूमि ओगटेर बस्ने अहिलेको स्थितिमा परिवर्तन हुनु आवश्यक छ ।

> 'स्थानीय तहको अगुवाइमा सहभागीमूलक ढङ्गले भूमि र कृषिको परिवेश विश्लेषण गरी त्यस आधारमा नीति तथा कार्यक्रम बनाएर अघि बढ्ने हो भने कृषि क्षेत्रले फड्को मार्न सक्दछ ।'

### उपयुक्त सहर तथा मानव बस्तीहरूको लक्ष्य र भूमिको प्रयोग

दिगो विकासको ११ औँ लक्ष्य सहर एवम् मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, सबल/समानुकूलित र दिगो बनाउने रहेको छ । सन् २०३० सम्ममा सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवारको अंश दोब्बर गरी ६० प्रतिशत पुऱ्याउने लगायतका सूचकहरू रहेका छन् । प्रकोपको जोखिम अत्यधिक बढिरहेको आजको स्थितिमा सुरक्षित बसोबासका लागि भूमि-स्रोतको संरक्षण र भू-उपयोग योजना तर्जुमा तथा सोको प्रभावकारी कार्यान्वयन अनिवार्य भएको छ ।

### पारिस्थितिकीय प्रणालीको संरक्षण तथा वनको दिगो व्यवस्थापनको लक्ष्य र भूमिको प्रयोग

दिगो विकासको १५ औँ लक्ष्य हासिलका लागि तय गरिएका सूचकहरूमा मूलतः संरक्षित क्षेत्र र वन क्षेत्रको संरक्षण रहेका छन् । वृक्षरोपण कार्यलाई बढाउने आदि कार्यक्रम तर्जुमा गरिएका छन् । भूमि-स्रोतको संरक्षण र दिगो उपयोगका लागि पारिवारिक खेती प्रणाली अपनाउनु पर्ने देखिन्छ र समुदायमा आधारित जैविक खेती प्रणालीमा महसुस हुनेगरी परिवर्तन हुनु पर्दछ । यसले प्राकृतिक र स्थानीय स्रोत-साधनको प्रयोग गरेर उत्थानशील स्थिति निर्माण गर्दछ । माटोलाई पुनर्जीवित गर्न, बालीनाली उर्वर बनाउन र कीरासँग लड्न पनि जैविक खेतीको विकल्प छैन । उचित जैविक विविधता कायम राख्न र कार्बन उत्सर्जन घटाउन पनि रासायनिक र महङ्गा सामग्री नभई स्थानीय सामग्रीमा भर पर्ने गरी खेती गर्नु पर्दछ । यसले किसानहरूलाई ठूलो घाटा लाग्ने अवस्था पनि आउँदैन र मूल्यको उतार चढाव पनि कम हुन्छ ।

## आधारभूत कार्यहरू

### भूमि र कृषिको परिवेश विश्लेषण

कृषि क्षेत्रको विकासका लागि जाँगर चलाए भने स्थानीय तहले धेरै गर्न काम सक्दछन् । मूलतः कृषि प्रधान मुलुकमा स्थानीय सरकारको पहिलो प्राथमिकता कृषि क्षेत्रको विकास नै हुनुपर्दछ । स्थानीय तहको अगुवाइमा सहभागीमूलक ढङ्गले भूमि र कृषिको परिवेश विश्लेषण गरी त्यस आधारमा नीति तथा कार्यक्रम बनाएर अघि बढ्ने हो भने कृषि क्षेत्रले फड्को मार्न सक्दछ ।

हरेक स्थानीय तहले आ-आफ्ना क्षेत्रलाई खाद्यान्नमा आत्मनिर्भर बनाउने अभियान सुरु गर्नुपर्छ । आत्मनिर्भर नै बनाउन नसक्ने अवस्थामा खाद्यान्न आयात-निर्यातमा सन्तुलन कायम गर्ने काम गर्नुपर्छ । खाना भनेको औषधि पनि हो । नागरिकलाई पौष्टिक र विषादीरहित खाना उपलब्ध गराएर स्वस्थ बनाउने अभियान चलाउनु पर्छ । स्थानीय तहले खाद्य अधिकारको सवाललाई अपवादबाहेक गहिरोसँग आत्मसात गरेको देखिँदैन । एम्बुलेन्स किन्ने र अस्पताल बनाउने अभियानले बढी प्राथमिकता पाएका छन् तर त्यसभन्दा बढी प्राथमिकता नागरिकलाई स्वस्थ र पौष्टिक खानपानमा पहुँचका लागि हुनुपर्ने हो ।

यसका लागि स्थानीय तहले गर्ने पहिलो काम भनेको भूमि, कृषि र कृषकको परिवेश विश्लेषण नै हो । आफ्नो क्षेत्रमा कृषि भूमि कति छ ? त्यसको उपयोग कसरी भइरहेको छ ? किसानको अवस्था र सामर्थ्य कस्तो छ ? खाद्यान्न आयात-निर्यातको अवस्था के छ ? अवसर के-के छन् ? यी विषयहरूमा मसिनो विश्लेषण गर्नुपर्छ । विश्लेषण प्रक्रियामा सबै वर्गका किसानको सहभागिता

गराउनु पर्छ । यस्तो विश्लेषणपछि भू-उपयोग र कृषि विकासको वडागत योजना बनाउनु पर्छ । र, त्यसलाई समेटेर गाउँपालिका वा नगरपालिकास्तरको कृषि विकास योजना निर्माण गर्नुपर्छ । अहिलेको जस्तो केही क्रियाकलाप मात्र राखेर पुग्दैन । योजना वडागत र विस्तृत चाहिन्छ । दृष्टिकोणसहितका योजनामा भूमि, श्रम र रोजगारीको अन्तरसम्बन्ध समेत सम्बोधन गरिनु पर्छ ।

### भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन

कृषि भूमिको अत्यधिक दोहन भइरहेको छ। अनियन्त्रित भौतिक विकास निर्माणका कार्यले कृषि भूमि नासिँदै गएको छ। अव्यवस्थित प्लटिङमा केही कमी आए पनि रोकिएको छैन। कृषि भूमिको गैरकृषिकरण अर्थात् अन्य प्रयोजनमा परिणत हुने दर पनि बढेको छ। यी सबै चुनौतीलाई सामना गर्न सम्पूर्ण भूमिलाई उपयोगका आधारमा वर्गीकरण गरिनु पर्छ। कृषियोग्य भूमिलाई गैरकृषिमा प्रयोग हुन दिइनु हुँदैन। कृषियोग्य भूमि बाँझो रहन अथवा न्यून प्रयोग हुनबाट रोक्नुपर्छ। न्यूनतम जोतको आकार तोकी सोभन्दा सानो आकारमा परिणत हुन नदिने नीति लिनुपर्छ। भूउपयोग योजनाको आधारमा मात्र विकास निर्माणको योजना बनाई कार्यान्वयनमा ल्याउनु पर्छ। मानवीय आवश्यकता पूरा गर्ने सन्दर्भमा जमिनको विविध रूपमा प्रयोग हुँदै आएको छ। जमिनको वहन गर्ने क्षमता र गुणका आधारमा यसको वर्गीकरण गरी कुन जमिन केका लागि प्रयोग गरेमा बढी लाभदायी हुन सक्छ, त्यसैअनुरूप यसको प्रयोग हुनुपर्छ।

> 'अन्य मुलुकले भू-उपयोगमा आधारित भएर विकास निर्माणका योजना बनाउँछन् । र, सुरुआत नै भू-उपयोग योजनाबाट गर्छन् । हामीले भने यसतर्फ विचार गरिसकेका छैनौं ।'

दिगो विकासका लागि भू-उपयोग योजना अनिवार्य र आधारभूत काम हो। यसले विकासको समग्र डिजाइन दिन्छ। डिजाइन बिनाको काम क्षणिक हुन्छ । भू-उपयोग योजनाको काम स्थानीय तहले नै सबैभन्दा बढी व्यावहारिक हिसाबले गर्न सक्दछन् । आफ्नो क्षेत्रमा उपलब्ध भूमिको नक्साङ्कन गरिसकेपछि वर्तमान स्थिति र उपयोगको अवस्था प्रष्ट हुन्छ । यसपछि समग्र कार्यपालिकाको उद्देश्य र आवश्यकताअनुरूप भूमिलाई समुदायसँग बसेर छलफल गर्दै विभिन्न क्षेत्रमा वर्गीकरण गर्नुपर्छ । यसका लागि समुदायको अगुवाइ र प्राविधिकहरूको सहयोग आवश्यक हुन्छ । खाद्यान्नमा जुन परनिर्भरता बढेर गएको छ, यसरी हेर्दा भूमिलाई आवास, सामुदायिक, औद्योगिक वा कृषि आदि भागमा मात्र वर्गीकरण नगरेर समग्र भूभागलाई कृषि क्षेत्रमा छुट्याएपछि त्यसका उपक्षेत्रमा कहाँ कुन बालीमा जोड दिने भन्नेसम्मको वर्गीकरण आवश्यक छ ।

स्थानीय तहमा गएको ८० प्रतिशतभन्दा बढी रकम निर्माण र त्यसमा पनि बाटोमा खर्च भइरहेको छ । विस्तृत भूउपयोग योजनाबिना बन्ने निर्माण संरचनाहरू दीर्घकालसम्म उपयोगमा नआउने जोखिम रहन्छ । जथाभावीतवरले खनिने बाटाले अझै बढी नोक्सानी पुग्न सक्छ । आजका दिनमा भूक्षय प्रमुख समस्या बनिसकेको छ । अन्य मुलुकले भू-उपयोगमा आधारित भएर विकास निर्माणका योजना बनाउँछन् । र, सुरुआत नै भू-उपयोग योजनाबाट गर्छन् । हामीले भने यसतर्फ विचार गरिसकेका छैनौं । भू-उपयोग योजना भयो भने विकास निर्माणका काम योजनाबद्ध हुन्छन् । बस्तीहरूलाई साना एकाइमा भए पनि एकीकृत गर्न सकिन्छ । यसबाट सरकारी सेवा/सुविधा सरल र मितव्ययी बनाउन सकिन्छ । यी सबै कार्य गर्न अब भू-उपयोग ऐनले आधार दिएको छ ।

भू-उपयोगसम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्न स्थानीय सरकारहरूलाई धेरै अधिकार दिएकाले पनि अब स्थानीय तहबाटै यसको पहल हुनुपर्छ । स्थानीय समुदायको सहभागिता तथा स्रोतविहीन समुदायको भूमि र प्राकृतिक स्रोतमा पहुँच कायम गर्दै नीतिअनुरूप योजनाबद्ध र दिगो विकासले मात्र समृद्धि प्राप्त हुन्छ । यसका लागि भू-उपयोग योजनाको कार्यान्वयन अति महत्वपूर्ण काम हो ।

### पारिवारिक खेती प्रणाली

कृषिमा जति नै आधुनिकीकरणको नारा दिइएको भए पनि विश्वभर ७० प्रतिशत खाद्यान्न साना किसानले उत्पादन गरिरहेका छन। यो कुरालाई गम्भीरतापूर्वक लिएर पारिवारिक खेती प्रणालीलाई नै सुदृढ गर्नुपर्छ। यसको विकल्प कृषिको व्यापारीकरण हुन सक्दैन। जलवायु परिवर्तनले पारेका नकारात्मक असर र यसले कृषिमा पारेको अप्ठ्यारोलाई विचार गर्दा पनि बचत उत्पादन हुने परिवारिक खेतीप्रणाली नै उत्तम हो।

ठूला उद्योगी र कम्पनीभन्दा साना किसानको एकीकृत खेतीपाती खाद्य सुरक्षाका दृष्टिले धेरै उत्पादनशील साथै भरपर्दो रहने गरेको छ। किनकि, किसानहरू खेतीपाती नाफाका लागि मात्र गर्दैनन्, यो उनीहरूको जीवन पद्धति र सामाजिक उद्यमसमेत हो। नेपालको कृषिलाई हाम्रो आफ्नै भौगोलिक, पर्यावरणीय, सामाजिक र सांस्कृतिक विशेषताका आधारमा उन्नत बनाउने सोच लिइनु पर्छ।

## निष्कर्ष

विकासको वर्तमान ढाँचा पूर्णत: परिवर्तन हुनु पर्दछ। जसले, मानिस र प्रकृति दुवैलाई न्याय गर्न सक्नु पर्दछ । जमिन र प्राकृतिक साधनहरूमा साना उत्पादकहरूको पहुँच र नियन्त्रण हुनु पर्दछ ।

कृषि सुधार र भू-सम्बन्धको सुरक्षा राष्ट्रिय विकास रणनीतिको अभिन्न अङ्ग हुनु पर्दछ। खाद्यान्नको सुनिश्चितता, आत्मनिर्भरता र विकास जमिनको न्यायिक पुनर्वितरणबाट मात्र हुन सक्दछ। यसको साथमा प्रविधि तथा साधनहरूको सहयोग, पर्यावरणीय खेतीपाती, दिगो खेतीपातीको प्रविधि एवम् साधन र समुदायको सशक्तीकरणलाई जोडेर लैजानु पर्दछ ।

जग्गा आर्थिक सम्पत्ति वा वस्तुभन्दा धेरै बढी हो। भूमिमा हुने पहुँचले व्यक्ति, परिवार तथा समुदायको आर्थिक सबलीकरणको अलावा मानवीय मर्यादा र सुरक्षाको भावना समेत प्रदान गर्दछ। यसले भोक र गरीबीबाट अलग हुने अवसरलाई पनि बढाउँदछ। जमिनमा न्यायिक र समतामूलक पहुँचले जमिनमा आधारित द्वन्द्वलाई कम गर्छ। बसाइ-सराइलाई रोक्छ। समग्र शान्तिको वातावरणका साथै व्यापक आर्थिक र राजनीतिक स्थिरताको जग बस्छ।

नेपालको विविधतापूर्ण भूगोल, हावापानी र आर्थिक तथा सामाजिक स्थितिको विश्लेषण गर्दै किसान समुदायको नेतृत्वमा हरेक स्थानीय तहको भूमि र कृषिको परिवेश विश्लेषण गरी खाद्य सुनिश्चितता गर्ने अभियान अहिलेको खाँचो हो । यसका लागि सरकारले ल्याएका भूमिसम्बन्धी ऐन, भू-उपयोग ऐन, खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐनले महत्वपूर्ण कानूनी आधार दिएका छन् । यसको कार्यान्वयन सही तवरले गर्नु अति आवश्यक छ ।

***लेखक देउजा लामो समयदेखि भूमिअधिकारकर्मीको रूपमा कार्यरत हुनुहुन्छ ।***

# नेपानद्वारा डा. भोला दाहाल स्मृति पुरस्कार स्थापना



नेपाल सहभागीमूलक कार्य समूह (नेपान) द्वारा नेपानका पूर्व अध्यक्ष स्व. डा. भोलाप्रसाद दाहालको स्मृतिमा नेपान सचिवालयमा एक अक्षयकोष स्थापना गरिएको छ । सो कोषबाट प्राप्त हुने ब्याज रकमबाट २०७९ सालदेखि हरेक वर्ष दुईजना विकासकर्मीलाई सम्मान गरिने भएको छ। सो कोषमा हाल दुई लाख रुपैयाँ राखिएको छ र क्रमश: बढाउँदै लाने नेपानको अभियान छ। कोषमा नेपानका सदस्यहरू, स्व. दाहालका सुपुत्र एवम् काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेसन डेभ्लपमेन्ट स्टडिजमा २०७४-२०७६ को ब्याचमा एमफिल तहमा अध्ययन गर्ने विद्यार्थीहरूको समेत योगदान रहेको छ ।

यस कोषबाट दश-दश हजार रुपैयाँ नगद र सम्मानपत्रसहित अर्पण गरिने र वि.सं. २०७९ देखि सम्मान आरम्भ गरिने दुई सम्मानहरू यसप्रकार रहने छन् :

१. **Dr. Bhola Dahal Memorial Development Sector Contribution Award**
   सामाजिक संघ-संस्थामा रहेर २० वर्ष वा सोभन्दा बढी अवधि नेपालको विकास क्षेत्रमा काम गरेका र उल्लेख्य योगदान पुऱ्याएका नेपान सदस्य (नेपाली प्रोफेसनल) एक जनालाई सम्मान गरिने ।

२. **Dr. Bhola Dahal Memorial Early Career Development Professional Award**
   विभिन्न संघ-संस्थामा सामाजिक विकास क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव बटुलेका ४० वर्ष उमेर नकटेका, नेपान सदस्य, जसले केही उल्लेखनीय कार्य गरी नेपालको विकासका सवालमा 'भ्याल्यु एड' गरेका छन्, त्यस्ता एकजना व्यक्तिलाई दिइने ।

हरेक वर्ष नेपानको वार्षिक साधारणसभाको अवसर पारेर यी पुरस्कारहरू अर्पण गरिने छन् ।

उपयुक्त उम्मेदवार छनोटका लागि नेपान कार्यसमितिले हरेक वर्ष एउटा पाँच सदस्यीय पुरस्कार चयन उपसमिति गठन गर्नेछ र सोही उपसमितिको सिफारिसलाई कार्यसमितिले कार्यान्वयन गर्नेछ । नेपानले यसका लागि एक अलग्गै कार्यविधिसमेत बनाएको छ ।

# दिगो विकासका लागि अनुगमन संयन्त्रको भूमिका



डा. मीनाक्षी दाहाल

नेपालको नयाँ राजनीतिक तथा आर्थिक युगमा प्रवेश र विश्व समुदायमा दिगो विकास कार्यान्वयनको रणनीति संयोगवश एकै समयमा परेको पाइन्छ। नेपालको सन्दर्भमा दिगो विकासका लक्ष्यहरू प्रभावकारी कार्यान्वयन गर्न आवश्यक योजना तयारी, बजेट तर्जुमा, सहकार्य, समन्वय र प्रगतिको अनुगमन तथा मूल्याङ्कन गर्न निर्दिष्ट गरिएको निकाय राष्ट्रिय योजना आयोग हो । यसले राष्ट्र विकासका लागि गरिने सबै कार्यक्रम तथा आयोजनाहरूको नियमित अनुगमन गर्दछ ।

कुनै पनि कार्यक्रमको आवधिक पुनरावलोकन (साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक), त्यससँग सम्वन्धित तथ्याङ्कहरूको व्यवस्थित संकलन तथा विश्लेषण गरिनुलाई अनुगमनको प्रमुख पक्ष मानिन्छ । अनुगमनले के योजना थियो ?, कसको लागि कार्यक्रम गरिएको हो ?, के गरिँदैछ ?, कसरी गरिँदैछ ? र के योजना गरिएअनुरूप नै क्रियाकलापहरू भइरहेका छन् ? भन्नेजस्ता मिहीन तर महत्वपूर्ण पक्षहरूको उत्तर खोज्दछ । अनुगमनलाई प्रभावकारी बनाउन त्यत्तिकै क्षमतावान संयन्त्रको आवश्यकता पर्दछ । यसका लागि विद्यमान अवस्थामा राष्ट्रिय योजना आयोगले तहगत (सङ्घ, प्रदेश र स्थानीय) रूपमा समन्वय गर्दै अनुगमन तथा प्रतिवेदन तयार गर्दै आएको छ ।

> ‘तीनै तहको सरकारले तयार गरेका प्रतिवेदनको संश्लेषित र संयोजित (Consolidated and Cumulative) विवरण मार्फत एकीकृत प्रणालीको विकास गरेमा मात्र लक्ष्यअनुसारको प्रगतिको मापन गर्न सहज हुनेछ ।’

सञ्चालित विकास कार्यक्रम तथा आयोजनाहरूको एकीकृत प्रगति प्रतिवेदन प्राप्त गर्ने र सो अनुरूप सूचना आदान-प्रदान गर्न, कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा दोहोरोपन हटाउन एवम् समन्वय र सामञ्जस्यता कायम गर्न एकीकृत प्रतिवेदन प्रणाली लागू गर्नुपर्ने देखिन्छ। हाल प्रतिवेदनहरू आयोजनाको कार्य-सम्पादन वा वित्तीय अवस्थाको आधारमा हुने भएकाले यसबाट राष्ट्र विकासका समग्र अवस्थाहरू एकैपटक समष्टिगत रूपमा प्राप्त गर्न सकिएको छैन । साथै, तीनै तहमा प्रभावकारी प्रतिवेदन प्रणाली विकास नभएको सन्दर्भमा स्थानीय सरकारबाट गरिने विकास कार्यक्रम तथा आयोजनाहरूको विकास प्रतिफल, यसैगरी प्रदेश सरकारले सञ्चालन गर्ने विकास आयोजना तथा कार्यक्रमबाट प्राप्त प्रतिफल तथा संघीय सरकारको विकास आयोजना

तथा कार्यक्रमबाट प्राप्त प्रतिफलको एकमुष्ट रूपमा प्रतिवेदन प्रस्तुत गर्ने, प्रदेशले उच्च प्रतिफललाई आधार मानेर प्रतिवेदन प्रविष्टि गर्ने र सङ्घमा असर र प्रभावको आधारमा प्रतिवेदन तयार गर्ने प्रणाली नहुँदा राष्ट्रिय लक्ष्यअनुरूपको विकास के कति भयो वा भएन भन्ने पर्याप्त जानकारी नभएको अवस्था छ। तसर्थ, सबै खाले आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयनको अवस्थाबारे तीनै तहको सरकारले तयार गरेका प्रतिवेदनको संश्लेषित र संयोजित (Consolidated and Cumulative) विवरण मार्फत एकीकृत प्रणालीको विकास गरेमा मात्र लक्ष्यअनुसारको प्रगतिको मापन गर्न सहज हुनेछ।

यसका लागि राष्ट्रिय योजना आयोगअन्तर्गत एउटा एकीकृत राष्ट्रियस्तरको संरचना वा संयन्त्र निर्माणको पहल भएको छ। यस एकीकृत प्रणालीले सबै निकायबाट आएका प्रगति प्रतिवेदनहरूको संयोजन तथा विश्लेषण गरी गुणात्मक निष्कर्ष निकाल्ने छ। स्थानीय तहबाट पठाइएका प्रतिवेदनहरूलाई प्रदेश तहमा नियमित र निरन्तर अद्यावधिक गरिने र प्रदेश तहबाट अद्यावधिक र संयोजित गरिएका प्रतिवेदनहरूलाई संश्लेषण गरी नियमित र निरन्तर सङ्घमा पठाउने कार्य प्रदेश नीति तथा योजना आयोगअन्तर्गतको संरचनामार्फत गरिने व्यवस्था गरिएको छ।

> 'संयुक्तराज्य अमेरिकाले पनि राज्य तथा स्थानीय सरकारको कार्यको प्रभावकारी परिणामका लागि कार्य-सम्पादन तथा व्यवस्थापन ढाँचा तयार गरी प्रयोग गरेको छ।'

दिगो विकासको लक्ष्य प्राप्तिका लागि मध्य-युरोपको सानो भूपरिवेष्ठित देश स्वीट्जरल्याण्डले दिगो विकास लक्ष्यलाई केन्द्रमा राखेर राष्ट्रिय अनुगमन ढाँचा तयार गरी लागू गरेको छ। यसलाई सरकारको नियमित योजना तर्जुमा र नीति व्यवस्थापन प्रक्रियामा लगी क्षेत्रगत नीति-रणनीतिहरूसँग समायोजन गरिएको छ। यसरी स्विट्जरल्याण्डले स्वीस[१] दिगो विकास अनुगमन प्रणाली (Swiss Sustainable Development Monitoring System (MONET)[२] लागू गरेको छ। यसबाट सरकारले दिगो विकास लक्ष्य प्राप्तिले नै समग्र राष्ट्रको विकास हुन सक्दछ भन्ने विश्वास आत्मसात् गरी देशका सम्पूर्ण आयोजना तथा कार्यक्रमहरूलाई दिगो विकास लक्ष्यसँग समायोजन गरेको पाइन्छ। यसका साथै सबै क्यान्टोनहरूबाट आउने तथ्याङ्कहरूको व्यवस्थापनका लागि राष्ट्रिय तथ्याङ्क व्यवस्थापन (National data management NaDB) कार्यालय तोकिएको छ। यसै कार्यालयले उपलब्ध तथ्याङ्कहरूको व्यवस्थापन, एकरूपता तथा सूचना सम्प्रेषणको कार्य गर्दछ। यस्ता सूचनाहरू प्रत्येक तीन महिनामा अद्यावधिक गरिन्छन्। यसैगरी स्वीट्जरल्याण्डले नतिजामूलक कार्यान्वयन र अपेक्षित प्रतिफल हासिल गर्नका लागि बलियो आन्तरिक नियन्त्रण प्रणाली (Internal Control System) स्थापना गरेको छ। सङ्घीय तथा प्रादेशिक सरकारहरूलाई जवाफदेही बनाउनुको साथै तथ्याङ्कहरूको यथासमयमा अद्यावधिक गर्ने (Real Time Data Entry) र नियमित प्रतिवेदन पेश गर्ने अभ्यास पनि रहेको पाइन्छ। स्विट्जरल्याण्डको यो अभ्यास हाम्रो सन्दर्भमा पनि अनुकरणीय छ।

यसैगरी संयुक्तराज्य अमेरिकाले पनि राज्य तथा स्थानीय सरकारको कार्यको प्रभावकारी परिणामका लागि कार्य-सम्पादन तथा व्यवस्थापन ढाँचा तयार गरी प्रयोग गरेको छ। यस कार्य-सम्पादन तथा व्यवस्थापन ढाँचाले नतिजाकेन्द्रित रणनीति, प्रक्रिया, संस्थागत प्रणाली र निर्णयलाई प्राथमिकतामा राखी सूचना, पद्धति, लक्ष्य, प्राथमिकता तथा कार्यक्रमहरू समुदाय र सरकारको आवश्यकताअनुसार प्राथमिकताको आधारमा कार्य-सम्पादन, निर्णय, नियम तथा प्रक्रियासम्बन्धी सूचनाहरू पारदर्शी र सहजरूपमा पाउन, प्रयोग गर्न र बुझ्न सकिने व्यवस्था गरेको पाइन्छ। निर्धारित लक्ष्य, कार्यक्रम, क्रियाकलापहरू तथा स्रोतहरूलाई प्राथमिकता र अपेक्षित परिणामका आधारमा समायोजन गर्दै तथ्याङ्कमा आधारित यथासमयमा निर्णय तथा प्रक्रियाहरूको कार्यान्वयन तथा समयसापेक्ष, दिगो र संस्थागत परिवर्तनलाई आत्मसात् गरी सो अनुकूलका अभ्यासहरूको प्रयोग गरिएको पाइन्छ।

छिमेकी राष्ट्र भारतमा नीति आयोगको नेतृत्वमा अनुगमन तथा मूल्याङ्कन गरिएको पाइन्छ। जसका लागि नीति आयोगअन्तर्गत विकास, अनुगमन तथा मूल्याङ्कन कार्यालय (DMEO) राखी समानान्तर रूपमा अनुगमन तथा मूल्याङ्कन कार्य गरिन्छ। तथ्याङ्कमा आधारित प्रभावकारी व्यवस्थापन र चुस्त उपलब्धिका लागि नीति आयोगले विभिन्न क्षेत्रगत सूचकहरू र ड्यासबोर्ड

१. Switzerland's initial steps towards the implementation of the 2030 Agenda for Sustainable Development, 2016
२. Switzerland Aligns National Indicator System with 2030 Agenda, 2018

तयार गरी लागू गरेको छ । सङ्घीय सरकारले सम्बन्धित राज्यहरूसँग समन्वय र सहकार्य गरेर रणनीतिक कार्यान्वयनका लागि यस्ता क्षेत्रगत सूचकहरूको विकास गरेको पाइन्छ । यसबाट आयोजना कार्यान्वयनमा राज्य सरकारलाई पनि उत्तिकै जवाफदेही र जिम्मेवार बनाएको देखिन्छ । स्थानीय सरकारले राज्य सरकारलाई र राज्य सरकारले सङ्घीय सरकारलाई विद्युतीय प्रणाली (सफ्टवेयर) मार्फत प्रतिवेदन पेश गर्दछन् । उनीहरूले मासिक रूपमा तथ्याङ्क (डाटा) अद्यावधिक गर्छन् । सबै स्थानीय सरकारले आफ्नो नतिजागत लक्ष्य राखेका हुन्छन् र सो अनुसार उनीहरूले आफ्नो प्रगति प्रतिवेदन प्रस्तुत गर्दछन् । यसबाट राज्यको लक्ष्य हासिल भए नभएको जानकारी हुन्छ । समग्रमा नीति आयोगले सम्बन्धित मन्त्रालयमार्फत प्रगति अद्यावधिक गर्दछ । प्रत्येक विषयगत क्षेत्रको प्रगति नतिजाका लागि इन्डेक्स तयार गरी छुट्टाछुट्टै सफ्टवेयर (ड्यासबोर्ड) प्रयोग गरिन्छ ।

नेपालमा राष्ट्रियस्तरमा राष्ट्रिय योजना आयोगमा अधिकारप्राप्त अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन महाशाखाले मुलुकभरि भएका विकास आयोजनाका तथ्याङ्क अद्यावधिक गरी सबै प्रतिफल, असर र प्रभावको आधारमा प्रतिवेदनलाई दुरुस्त राख्ने कार्य गर्नेछ । यस्ता प्रतिवेदनहरू राष्ट्रिय योजना आयोगमा विषयगत मन्त्रालयहरू तथा अन्य सङ्घीय निकायहरू (परिषद्, आयोग) मार्फत एवम् प्रदेश योजना/नीति आयोगबाट मासिक रूपमा सम्मिलित हुने गर्छन् ।

> 'राष्ट्रिय योजना आयोगका लागि सो आयोगकै नेतृत्वमा नेपाल सहभागीमूलक कार्य समूह (नेपान) ले एक अध्ययन गरी एकीकृत प्रतिवेदनका लागि खाका तयार गरेको छ ।'

सङ्घीय व्यवस्थाअनुरूप क्षेत्रगत नीति, आवधिक योजना, कार्यक्रम आयोजनाहरूको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई तथ्यमा आधारित बनाउन आवश्यक नीतिगत परिमार्जन, पूर्वाधार विकास, क्षमता अभिवृद्धि तथा हाल भएको केन्द्रीय तथ्याङ्क विभागलाई सुदृढ गर्नु पर्ने हुन्छ । यसैगरी प्रत्येक तहमा अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन तयारीका लागि आधुनिक सूचना प्रणालीको विकास तथा सोको प्रयोगका लागि पर्याप्त तथ्याङ्कमा दक्ष (तथ्याङ्कीय) जनशक्ति सहितका उपयुक्त कर्मचारीहरूको आवश्यकता पर्दछ । तसर्थ, यसका निमित्त राष्ट्रिय योजना आयोगका लागि सो आयोगकै नेतृत्वमा नेपाल सहभागीमूलक कार्य समूह (नेपान) ले एक अध्ययन गरी एकीकृत प्रतिवेदनका लागि खाका तयार गरेको छ । यस खाकाले केही महत्वपूर्ण पक्षहरूलाई निम्नानुसार सिफारिश गरेको छ : ।

- सङ्घीय तहमा प्रतिवेदन अद्यावधिक गर्दा पन्ध्रौं योजनाले निर्दिष्ट गरेका विकासका क्षेत्र तथा सूचकहरूलाई प्रतिवेदनको आधार बनाउने ।
- विषयगत क्षेत्रअन्तर्गत पर्ने मन्त्रालयहरूले आफूअन्तर्गतका प्रदेश कार्यालय र स्थानीय तहमा भएका जिम्मेवार निकायमार्फत प्रतिवेदन सङ्कलन गर्ने, राष्ट्रिय योजना आयोगले प्रदेश नीति तथा योजना आयोग र सङ्घीयस्तरका संवैधानिक निकाय र विषयगत मन्त्रालयबाट मासिक प्रतिवेदन सङ्कलन गर्ने व्यवस्था मिलाउने ।
- स्थानीय तहको सम्बन्धित शाखाबाट मासिक प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगमा पठाउने व्यवस्था गर्ने ।
- यसैगरी, प्रदेशमा प्रदेश योजना/नीति आयोगअन्तर्गत अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन महाशाखा राखी स्थानीय तहबाट प्राप्त प्रतिवेदन र प्रदेश विषयगत मन्त्रालयबाट प्राप्त प्रतिवेदनहरूलाई प्रदेश योजना/नीति आयोगले अद्यावधिक गरी उच्च प्रतिफलका आधारमा मासिक रूपमा राष्ट्रिय योजना आयोगलाई पठाउने व्यवस्था गर्ने ।
- प्राथमिकताको आधारमा प्रदेश नीति तथा योजना आयोगले विषयगत क्षेत्रहरूलाई उच्च प्रतिफलमा आधारित सूचकहरू निर्धारण गरी प्रतिवेदनमा राख्ने । सङ्घीय तहमा निर्धारण गरेका विषयगत क्षेत्रभित्र रहने गरी प्रदेशमा क्षेत्र निर्धारण तथा ती क्षेत्रअन्तर्गत प्रतिफलका सूचकहरू तयार गर्न आयोजनाको बजेटलाई आधार मान्न सकिने व्यवस्था गर्ने ।
- स्थानीय तहमा पनि प्रतिफलमा आधारित सूचकहरू निर्धारण गरी प्राथमिकताका आधारमा विषयगत क्षेत्रहरूलाई प्रतिवेदनमा राखिने व्यवस्था लागू गर्ने ।
- स्थानीय सरकारले सङ्घ, प्रदेश तथा स्थानीयस्तरमा सञ्चालन भएका सम्पूर्ण आयोजनाहरूको मासिक रूपमा प्रदेशमा पठाउने प्रगति प्रतिवेदनमा प्रत्येक महिनामा आयोजना कार्यान्वयन वापत हुने खर्च रकमको विवरण, कार्यान्वयनका प्रगति, कुनै समस्या परेको भए समस्याको पहिचान र समाधानका उपायहरू सहित सूचकअनुरूप प्रतिफलको आधारमा विवरण भरेर पठाउनु पर्ने व्यवस्था गर्ने ।

- सङ्घीय तहमा सम्पूर्ण कार्यक्रम तथा आयोजनाहरूको वार्षिक तथा आवधिक लक्ष्यअनुसार नक्साङ्कन गर्न सबै सङ्घीय मन्त्रालयहरू जिम्मेवार हुने एवम् तथ्याङ्क र सूचकमा अपनत्व लिई जिम्मेवार निकायले कार्य-सम्पादन र प्रगतिको प्रतिफलको आधारमा नियमित प्रतिवेदन पेश गर्नु पर्ने ।

नतिजामुखी तथा कार्य-सम्पादनमा आधारित प्रतिवेदनका लागि सूचना प्रणालीको माध्यमबाट आयोजनाहरूको प्रगति स्थिति र समस्याको विवरण यथासमयमा संघीयस्तरमा सम्प्रेषण हुने भएकाले सबै तहबाट सूचना प्रणालीमार्फत तथ्याङ्कहरूलाई अद्यावधिक गर्न सहज र प्रभावकारी हुन्छ । यसबाट विकास आयोजनाका आधार भूत विवरणहरू र कार्यान्वयनको यथास्थितिसम्वन्धी विवरणको जानकारी सरोकारवालालाई समयमा नै उपलब्ध गराउन तथा आयोजनाहरूको कार्य-सम्पादनसम्बन्धी सूचनालाई व्यवस्थित गरी नीति निर्माण तहमा भरपर्दो सूचना उपलब्ध गराउन सकिन्छ । यस्तो सूचना प्रणालीमार्फत प्रत्येक आयोजनाहरूको आधारभूत विवरण र कार्यान्वयन स्थितिको यथार्थ जानकारीका साथै आयोजनाको प्रतिफल र त्यसले अन्य विकास सूचकमा पार्ने असरहरू एवम् एकीकृतरूपमा समग्र राष्ट्र विकासको अवस्थाको यथार्थ चित्रण प्राप्त गर्न सकिन्छ ।

***लेखक डा. मीनाक्षी दाहाल नेपानकी कार्य-समितिकी सदस्य हुनुहुन्छ । वहाँले राष्ट्रिय योजना आयोगका लागि नेपाल सहभागीमूलक कार्य समूह (नेपान) ले अध्ययन गरी तयार पारेको राष्ट्रिय एकीकृत प्रतिवेदन खाका निर्माण कार्यमा नेपानका तर्फबाट नेतृत्वदायी भूमिका वहन गर्नु भएको थियो ।***

## 'सहभागिता'का हालसम्मका विशेषाङ्कहरू

पूर्णाङ्क-१३ (वर्ष ५/अङ्क १/२, असोज २०५६) : जनसहभागिता र विकास प्रक्रिया विशेषाङ्क
पूर्णाङ्क-१६ (वर्ष ६/अङ्क १, असार २०५७) : स्थानीय विकास विशेषाङ्क
पूर्णाङ्क-२१ (वर्ष ७/अङ्क २/३, चैत २०५८) : ज्येष्ठ नागरिक विशेषाङ्क
पूर्णाङ्क-२२ (वर्ष ७/अङ्क ४, असार २०५९) : सहभागीमूलक अनुगमन तथा मूल्याङ्कन विशेषाङ्क
पूर्णाङ्क-२४ (वर्ष ८/अङ्क २, पुस २०५९) : बालसहभागिता विशेषाङ्क
पूर्णाङ्क-२५ (वर्ष ८/अङ्क ३, चैत २०५९) : रजत अङ्क
पूर्णाङ्क-२६ (वर्ष ९/अङ्क ४, असार २०६०) : लैङ्गिक विशेषाङ्क
पूर्णाङ्क-३३ (वर्ष १०/अङ्क १/२, पुस २०६२) : सामाजिक समावेशीकरण विशेषाङ्क
पूर्णाङ्क-३४ (वर्ष १०/अङ्क ३/४, असार २०६३) : लोकतन्त्र, शान्ति र विकास विशेषाङ्क
पूर्णाङ्क-३५ (वर्ष ११/अङ्क १/२, पुस २०६३) : सहभागीमूलक विधि विशेषाङ्क
पूर्णाङ्क-३६ (वर्ष ११/अङ्क ३, चैत २०६३) : जनमुखी शिक्षा विशेषाङ्क
पूर्णाङ्क-३७ (वर्ष १२/अङ्क १, असोज २०६४) : ज्येष्ठ नागरिक विशेषाङ्क
पूर्णाङ्क-३९ (वर्ष १२/अङ्क ३/४, असार २०६५) : दलित विशेषाङ्क
पूर्णाङ्क-४० (वर्ष १३/अङ्क १/२, पुस २०६५) : विकास सञ्चार विशेषाङ्क
पूर्णाङ्क-४१ (वर्ष १३/अङ्क ३/४, असार २०६६) : सहभागीमूलक संविधान निर्माण विशेषाङ्क
पूर्णाङ्क-४६ (वर्ष १६/अङ्क १, चैत २०६९) : जलवायु परिवर्तन विशेषाङ्क
पूर्णाङ्क-४७ (वर्ष १७: संयुक्ताङ्क), वैशाख-असोज, २०७० : स्थानीय विकास र सहभागीमूलक योजना तर्जुमा विशेषाङ्क
पूर्णाङ्क-४८ (वर्ष १८: संयुक्ताङ्क), जेठ २०७१ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विशेषाङ्क
पूर्णाङ्क-४९ (वर्ष १९: संयुक्ताङ्क), असार २०७२ : नेपालको नयाँ संविधान निर्माण विशेषाङ्क
पूर्णाङ्क-५० (वर्ष २०: संयुक्ताङ्क), भदौ २०७३ : विनाशकारी भूकम्प-२०७२ विशेषाङ्क
पूर्णाङ्क-५१ (वर्ष २१: संयुक्ताङ्क), भदौ २०७४ : स्थानीय तह विशेषाङ्क
पूर्णाङ्क-५२ (वर्ष २२: संयुक्ताङ्क), भदौ २०७५ : युवा विशेषाङ्क
पूर्णाङ्क-५३ (वर्ष २३: संयुक्ताङ्क), भदौ २०७६ : सूचना प्रविधि र सहभागीमूलक विकास विशेषाङ्क
पूर्णाङ्क-५४ (वर्ष २४: संयुक्ताङ्क), भदौ २०७७ : स्थानीय सरकार तथा कोरोना कहर विशेषाङ्क
पूर्णाङ्क-५५ (वर्ष २५: संयुक्ताङ्क), भदौ २०७८ : दिगो विकास लक्ष्य र स्थानीयकरण विशेषाङ्क (पाठकको हातमा)

**सङ्कलन/संयोजन : प्रबुद्ध कँडेल (स्वयम्सेवक), नेपाल इन्जिनियरिङ कलेज, थापाथली, काठमाडौं**

# दिगो विकास लक्ष्यको स्थानीयकरण : किन र कसरी ?



दीपक श्रेष्ठ

सामान्य अर्थमा 'दिगो'को अर्थ लामो समयसम्म रहनु वा सञ्चालन हुनुलाई जनाउँछ । नेपाली बृहत शब्दकोषमा दिगोको अर्थ लामो वा धेरै अवधिसम्म टिक्ने वा खपत हुनुलाई भनेको छ । यसैगरी 'विकास' भन्नाले निश्चित अवधिमा हुने सकारात्मक परिवर्तनलाई जनाउँछ । यसर्थ 'दिगो विकास' भन्नाले लामो समयसम्म टिकाउ हुने, अस्तित्वमा रहने वा कायम रहने वा खप्ने विकासलाई जनाउँछ । पर्यावरणीय सन्तुलनमा कुनै प्रतिकूल असर नगरी दीर्घकालसम्म फाइदा हुने सकारात्मक परिवर्तनलाई नै दिगो विकास भन्न सकिन्छ ।

> 'पृथ्वी सबैको साझा घर हो र यहाँ उपलब्ध प्राकृतिक स्रोत-साधनको उपयोग गर्ने अधिकार मानवजाति मात्र नभै सम्पूर्ण प्राणी र वनस्पतिहरूको पनि रहेको हुन्छ ।'

## दिगो विकास अवधारणाको आरम्भ र विकास

प्राणी जगतमा सबैभन्दा उत्कृष्ट प्राणीको रूपमा रहेको मानिसले आफ्नो चाहना र आवश्यकतापूर्तिका लागि प्राकृतिक स्रोतको अत्यधिक दोहन र भविष्यप्रति चिन्तनशील नभएको कारणले भविष्यमा समग्र प्राणीजगतको अस्तित्व नै संकटमा पर्ने भएकोले प्रकृति र प्राणीको अस्तित्वलाई बचाइराख्नका लागि दिगो विकासको अवधारणा आएको हो । विश्वमा दिगो विकासको अवधारणा सन् १९८० को दशकबाट आएको र त्यस समयमा विकास र वातावरण संरक्षणका कार्यलाई सँगै लैजानुपर्छ भन्ने मान्यताको विकास भएको भएता पनि दिगो विकास शब्दको सर्वप्रथम प्रयोग ब्रन्टल्यान्ड कमिसनको पुस्तक *हाम्रो साझा भविष्य* मा सन् १९८७ मा भएको थियो । यस विषयमा सन् १९८९ मा संयुक्त राष्ट्रसङ्घको साधारणसभामा बृहत् छलफल गरी सन् १९९२ मा रियो डे जेनेरियोमा वातावरण र विकाससम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन गरियो । उक्त रियो शिखर सम्मेलनले वातावरण र विकाससम्बन्धी रियो घोषणालाई सर्वसम्मतिले पारित गरेपछि दिगो विकासको अवधारणा विश्वव्यापी हुँदै अगाडि बढेको हो ।

## दिगो विकासको आवश्यकता

पृथ्वी सबैको साझा घर हो र यहाँ उपलब्ध प्राकृतिक स्रोत-साधनको उपयोग गर्ने अधिकार मानवजाति मात्र नभै सम्पूर्ण प्राणी र वनस्पतिहरूको पनि रहेको हुन्छ । यसका

साथै पृथ्वीको अस्तित्व रहुञ्जेल भावी पुस्ताले पनि प्राकृतिक स्रोत-साधनको समुचित उपभोग गर्ने अधिकार सुनिश्चित हुनुपर्दछ । तर वर्तमान अवस्थामा मानवजातिले आफनो सुख-सुविधा र विकासका लागि प्राकृतिक स्रोत-साधनको अत्यधिक दोहन गर्नाले समग्र विश्व नै संकट-उन्मुख हुँदै गइरहेको छ । अत: प्राणीजगत र वनस्पतिको अस्तित्व जीवित राख्नका लागि विकासमा दिगोपन आवश्यक भएकोले यसको आवश्यकता बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ:

- प्राकृतिक स्रोत-साधनको सन्तुलित र बुद्धिमत्तापूर्ण प्रयोग गर्न,
- वर्तमान आवश्यकता र चाहना परिपूर्तिका लागि भविष्यसँग सम्झौता नगर्न,
- मानव र प्रकृतिबीचको सम्बन्ध फलदायी, सकारात्मक र सहयोगी बनाउँदै विकास गर्न,
- मानवस्रोत र संस्थागत क्षमताको विकास गर्न,
- विकासका लागि आवश्यक प्राकृतिक स्रोतको प्रयोगमा वैकल्पिक उपायहरूको खोजी गर्न,
- विकासको नाममा भइरहेका र भविष्यमा हुने विनाशप्रति सचेत गराउन ।

## दिगो विकास लक्ष्य (एसडीजी) को अवधारणा

दिगो विकासको अवधारणा र यसको महत्वलाई आत्मसात गर्दै विश्वव्यापीरूपमा दिगो विकासको लक्ष्य निर्धारण गरी संयुक्त राष्ट्रसङ्घको ७० औं महासभाले २५ सेप्टेम्वर २०१५ मा यसलाई स्वीकृत गरेको थियो । सन् २०१६ देखि कार्यान्वयनमा आएको एसडीजी विश्वव्यापी विकासको साझा अवधारणा र विकासको स्वीकार्य मार्गचित्र हो । नेपालमा दिगो विकासको सन्दर्भ वातावरण संरक्षणसम्वन्धी अवधारणा छैठौं योजनादेखि सुरु भएको हो भने दिगो विकाससम्वन्धी नीति आठौं योजनामा सर्वप्रथम समावेश गरिएको थियो । वि.सं. २०५२ सालमा जनसंख्या तथा वातावरण मन्त्रालयको स्थापना भई दिगो विकासलाई वातावरणसँग जोड्दै अगाडि बढेको थियो भने अहिले दिगो विकासको सन्दर्भलाई वातावरणको साथसाथै अन्य बहुआयामिक पक्षलाई पनि ख्याल गरी वृहत्तर रूपमा हेर्न थालिएको छ ।


एसडीजी एउटा साहसिक र विश्वव्यापी सम्झौता हो- जसले सन् २०३० सम्ममा सवै प्रकारका गरिवीको उन्मूलन गरी मानव, पृथ्वी र समृद्धिको लागि एक समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गर्दछ । विश्वभरका राष्ट्रिय सरकारहरू तथा लाखौं नागरिकहरूलाई एउटै थलोमा ल्याई यी महत्वाकाङ्क्षी कार्यसूचीमा व्यापक छलफल र परामर्श गरी एसडीजी लक्ष्यहरू तय गरिएका छन् । दिगो विकास लक्ष्यहरू अधिकारमा आधारित विकासका मूलभूत प्रश्नहरूको फराकिलो र गहिरो दायरालाई समेट्दै सहस्राब्दी विकास लक्ष्यहरूको जगमा तर्जुमा गरिएका हुन् । दिगो विकास लक्ष्यको आधार वा स्तम्भ पाँचवटा रहेका छन् जसमा पृथ्वी, मानव, समृद्धि, शान्ति र साझेदारी रहेका छन् । जसलाई पाँच 'पी' (5 P) भनेर बुझ्न सकिन्छ । पहिलो P-Planet अन्तर्गत पृथ्वीमा रहेका प्राकृतिक स्रोतसाधन र वातावरण भावी पुस्ताको लागि संरक्षण गर्ने, दोस्रो P-People अन्तर्गत मानव जगतमा सवै प्रकारका गरिबी र भोकमरीको अन्त्य गर्ने र मर्यादा एवं समानता कायम गर्ने, तेस्रो P-Prosperity मा समृद्धि रहेको र यसमा प्रकृतिसँग सामञ्जस्यता कायम गर्दै समृद्ध र सम्मुन्नत जीवनको सुनिश्चितता गर्ने, चौथो P-Peace मा शान्ति रहेको जसले शान्तिपूर्ण, न्यायसंगत र समावेशी समाजको निर्माण गर्ने र पाँचौं P-Partnership मा साझेदारी रहेको जसले सशक्त, विश्वव्यापी साझेदारीद्वारा दिगो विकासका एजेन्डाहरूको कार्यान्वयन गर्ने रहेको छ । यी आधारहरूलाई विस्तृतीकरण गर्दै सन् २०३० सम्ममा हासिल गर्ने गरी जारी गरिएको दिगो विकासअन्तर्गत १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्यहरू र २३४ वटा विश्वव्यापी सूचकहरू रहेका छन् ।




विश्वव्यापीरूपमा लागू हुने गरी निर्धारण गरेका सूचकहरूमा राष्ट्रिय योजना आयोगले नेपालको यथार्थतालाई विचार गर्दै २४५ वटा सूचकहरू थप गरेकोले नेपालको सन्दर्भमा ४७९ सूचकहरू रहेका छन् ।

निर्धारण गरिएको दिगो विकासका लक्ष्य र सूचकहरूलाई कुनै भिन्नै वा फरक अवधारणा नभई राष्ट्रको आर्थिक, सामाजिक विकास र वातावरण संरक्षणको एक एकीकृत अवधारणाको रूपमा लिनुपर्दछ । दिगो विकासका लक्ष्यहरू एकआपसमा

अन्तरसम्बन्धित भएकाले यी लक्ष्यहरूलाई छुट्टाछुट्टै नहेरी एकीकृत रूपमा हेरिनुपर्दछ। दिगो विकासका १७ वटा लक्ष्यहरूलाई क्षेत्रगत रूपमा पनि बुझ्न सकिन्छ। विकास योजनाका विभिन्न पाँचवटा क्षेत्रहरू जस्तैः आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासन एवं दिगो विकास लक्ष्यको सम्बन्धलाई तलको चित्रमा राखिएको छः




निर्धारित लक्ष्यहरूमध्ये पहिलो पाँचवटा लक्ष्यहरू र त्यसका महत्वपूर्ण परिमाणात्मक लक्ष्यहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ जसले दिगो विकास लक्ष्यलाई बुझ्न अझ सहज हुनेछः

| लक्ष्य नं. | लक्ष्य | परिणात्मक लक्ष्यहरू |
|---|---|---|
| १ | हरेक क्षेत्रमा रहेका सबै स्वरूपहरूको गरिबी अन्त्य गर्ने | • कुनै पनि प्रकारको गरिबीमा बाँचेका मानिसहरूको अनुपातलाई कम्तीमा आधा कम गर्ने,<br>• सबैका लागि सामाजिक संरक्षण प्रणाली र उपाय लागू गर्ने र गरिब तथा जोखिममा रहेकाहरूलाई उल्लेख्य रूपमा समेट्ने,<br>• गरिब र जोखिमपूर्ण स्थितिमा रहेका मानिसहरूको सामना गर्ने क्षमताको निर्माण गर्ने र वातावरणसँग सम्बन्धित विपत्तिजन्य प्रकोप तथा अन्य आर्थिक, सामाजिक र वातावरणीय असर तथा विपद्सँगको उनीहरूको संसर्गलाई न्यून गर्ने । |
| २ | भोकमरी अन्त्य गर्ने, खाद्यसुरक्षा | • सबै प्रकारका कुपोषणको अन्त्य गर्ने र किशोरी, गर्भवती तथा सुत्केरी महिला र अन्य व्यक्तिका पोषणसम्बन्धी आवश्यकतालाई सम्बोधन गर्ने,<br>• विकासोन्मुख देशहरूमा कृषि उत्पादकत्व क्षमता वृद्धि गर्न ग्रामीण पूर्वाधार, कृषि अनुसन्धान, प्रविधि विकास, वनस्पति तथा चौपायाको जिन बैंक स्थापनामा लगानी वृद्धि गर्ने । |
| ३ | स्वस्थ जीवनको सुनिश्चितता गर्ने | • नवजात शिशु र पाँच वर्षमुनिका बालबालिकाको रोक्न सकिने मृत्युको अन्त्य गर्ने,<br>• परिवार नियोजनलगायत यौन तथा प्रजननसम्बन्धी स्वास्थ्यसेवा र सूचना तथा शिक्षामा सर्वसुलभ पहुँचका साथै यौन तथा प्रजनन् स्वास्थ्यलाई राष्ट्रिय रणनीति तथा कार्यक्रममा समायोजन गर्ने कार्यलाई सुनिश्चित गर्ने,<br>• सर्वसुलभ स्वास्थ्यसेवा, गुणस्तरीय स्वास्थ्यसेवामा पहुँच तथा सबैका लागि सुरक्षित, प्रभावकारी, गुणस्तरीय र उचित मूल्यमा अत्यावश्यक औषधी तथा खोपहरूमा पहुँच हासिल गर्ने । |

| | | |
|---|---|---|
| ४ | सबैका लागि स्तरीय शिक्षाको अवसर | • सबै किशोर तथा किशोरीहरूले निःशुल्क, समतामूलक तथा गुणस्तरीय प्राथमिक तथा माध्यमिक शिक्षा प्राप्त गर्ने कुरालाई सुनिश्चित गर्ने,<br>• शिक्षामा लैङ्गिक असमानताको उन्मूलन गर्ने र अपाङ्गता भएका व्यक्तिलगायत जोखिममा रहेका व्यक्तिहरू, आदिवासी तथा जनजाति र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकालाई सबै तहको शिक्षा तथा व्यावसायिक तालिममा समान पहुँच सुनिश्चित गर्ने,<br>• दिगो विकास तथा दिगो जीवनशैली, मानवअधिकार, लैङ्गिक समानता, शान्ति तथा अहिंसाको संस्कृतिको प्रवर्द्धन, वैश्विक (global) नागरिकता, र सांस्कृतिक विविधताको सराहनाका लागि शिक्षालगायतका माध्यमबाट सिक्न चाहने सबैले दिगो विकास प्रवर्द्धनका लागि आवश्यक ज्ञान तथा सीप प्राप्त गर्ने कुरालाई सुनिश्चित गर्ने । |
| ५ | लैङ्गिक समानता र महिला सशक्तीकरण | • ओसारपसार तथा यौनशोषणलगायत सार्वजनिक तथा निजी क्षेत्रहरूमा सबै महिला तथा किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको उन्मूलन गर्ने,<br>• राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागि महिलाहरूको प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गर्ने,<br>• सबै तहमा लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तीकरणको प्रवर्द्धनका लागि नीति तथा कानुनहरूको अवलम्बन गर्ने र तिनलाई सबल बनाउने । |

## दिगो विकास लक्ष्यप्राप्तिका लागि भएका पहलहरू

दिगो विकास लक्ष्यप्राप्तिका लागि तयार भएको विश्वव्यापी खाकाअनुसार सरकारले 'दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्र: २०१६-२०३०' तयार गरेको छ । यस मार्गचित्रले नेपाललाई सन् २०३० सम्ममा न्यायपूर्ण, समृद्धशील मुलुक बनाउने परिकल्पना गरेको छ । १४ औं योजनामा दिगो विकास लक्ष्यहरूको मूलप्रवाहीकरण गर्दै १५औं योजनामा पनि दिगो विकास लक्ष्यको विषयलाई महत्व दिएको छ ।

१५औं योजनामा दिगो विकास लक्ष्य कार्यान्वयनको समीक्षा गर्दै बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कार्यक्रम तथा आयोजनालाई दिगो विकास लक्ष्यअनुसार बजेट सांकेतीकरण गर्ने व्यवस्था गरिएको छ । आ.व.२०७४/७५ देखि मध्यमकालीन खर्च संरचनामा समेत दिगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने आयोजनालाई उच्च प्राथमिकता प्रदान गर्न तदनुसार सूचक निर्माण गरी आयोजनाको प्राथमिकीकरण गरिएको छ । दिगो विकास लक्ष्यलाई प्रादेशिक तथा स्थानीय तहका योजनामा समावेश गरी लक्ष्य प्राप्त गर्न सहयोग पुग्ने ध्येयले प्रादेशिक तथा स्थानीय योजना तर्जुमा नमूना दिग्दर्शन तयार भएका छन् । यसै अनुरूप एसडीजीलाई प्रादेशिक एवम् स्थानीय योजना तथा कार्यक्रममा आन्तरिकीकरण गर्ने उद्देश्यले क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भएका छन् ।

एसडीजी कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन नीतिगत, कानुनी तथा संस्थागत संरचना तयार गरिएका छन् । विश्वसनीय र सुदृढ तथ्याङ्क प्रणालीको विकास गर्न नयाँ तथ्याङ्क ऐनको मस्यौदा तयार भएको र तथ्याङ्क प्रणालीसम्बन्धी राष्ट्रिय रणनीति तयार भई कार्यान्वयनमा आएको छ । यसैगरी राष्ट्रिय तथा प्रादेशिक अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन र प्रादेशिक तहका दिगो विकास लक्ष्य सूचकको पहिचान गरी कार्यान्वयनमा ल्याइएको छ । दिगो विकास लक्ष्य कार्यान्वयन तथा अनुगमनका लागि सम्मानीय प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय केन्द्रीय निर्देशन समिति, राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा दिगो विकास लक्ष्य कार्यान्वयन तथा समन्वय समिति तथा राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा विषयगत कार्यसमिति गठन गरिएका छन् । यी समितिले एसडीजीसँग सम्बन्धित योजना, कार्यक्रम, नीति तथा बजेट कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धमा मार्गनिर्देशन गर्दछन् । एसडीजीको कार्यान्वयन र अनुगमन प्रभावकारी बनाउने उद्देश्यले गरिने सहजीकरण र नियमनका लागि आवश्यक ऐन-कानुनको निर्माण र सुधार गर्ने विषयमा संसदको भूमिका महत्वपूर्ण हुन्छ । यसै प्रयोजनार्थ संसदमा 'दिगो विकास तथा सुशासन समिति' क्रियाशील रहेको छ ।

यसैगरी एसडीजीसम्बन्धी तथ्याङ्क र जानकारीमा सबैको पहुँच होस् भन्ने उद्देश्यले राष्ट्रिय योजना आयोगको वेबसाइटमा 'अनलाइन पोर्टल' सार्वजनिक गरिएको छ ।

**दिगो विकास लक्ष्यको स्थानीयकरण कसरी गर्ने ?**

राष्ट्रिय तहमा दिगो विकासको लक्ष्यप्राप्तिका लागि भएका पहलहरूलाई प्रादेशिक र स्थानीय तहमा पनि घनीभूत रूपमा अगाडि बढाउनु जरुरी हुन्छ । संविधानले तीनै तहका सरकारहरूलाई संविधान र कानुनद्वारा आ-आफ्नो जिम्मेवारी निर्धारण गरेको छ । सेवा प्रवाह, सुशासन र स्थानीय पूर्वाधार विकासलगायतका स्थानीय सरकारको बृहद् कार्यदायराले एसडीजीका धेरै अभिभारा स्थानीय सरकारमा सरेको छ ।

सार्वजनिक सेवाका महत्वपूर्ण जिम्मेवारीहरू स्थानीय तहबाट सम्पादन हुने भएकोले नागरिक सेवाका यी जिम्मेवारी दिगो विकासका सूचकसँग सम्बन्धित रहेका छन् । एसडीजीले विकासमा कसैलाई पनि पछि नछाड्ने मान्यता लिएको र यसको अर्थ विकासका प्रतिफल सबैलाई समानरूपले सुनिश्चित गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने भएकोले नागरिकको सबैभन्दा नजिक रही काम गर्ने संरचना स्थानीय सरकार हुने भएकोले पनि एसडीजीलाई स्थानीयकरण गर्न जरुरी छ । एसडीजीका लक्ष्यहरू प्राप्त गर्न र यसलाई स्थानीयकरण गर्नका लागि देहायका क्रियाकलापहरू गर्नुपर्नेछः

> 'राष्ट्रिय तहमा दिगो विकासको लक्ष्यप्राप्तिका लागि भएका पहलहरुलाई प्रादेशिक र स्थानीय तहमा पनि घनीभूत रूपमा अगाडि बढाउनु जरुरी हुन्छ ।'

क) एसडीजी अवधारणालाई समुदाय तहसम्म पुऱ्याउन जानकारीमूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।

ख) स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीहरूलाई एसडीजीको अवधारणा र मर्मका साथै आफ्नो स्थानीय तहमा स्थानीयकरण गर्ने तौरतरिकाको अभिमुखीकरण गर्नुपर्ने ।

ग) एसडीजी बुझाउने ब्रोसर, सूचना बोर्ड तयार गरी वितरण र यथोचित स्थानमा राख्ने ।

घ) एसडीजीका लक्ष्य र सूचकहरूलाई समावेश गरी स्थानीय तहको आवधिक र वार्षिक योजनाहरू तयार गर्ने ।

ङ) दिगो विकासका लक्ष्यहरू प्राप्त गर्नका लागि छुट्टै कार्यक्रम बनाउनुपर्ने वा यो छुट्टै कार्य हो भन्ने बुझाइलाई हटाउनुपर्ने ।

च) उपलब्धि मापनका लागि खण्डीकृत तथ्याङ्कहरूको आवश्यकता पर्ने भएकोले तथ्याङ्क बैंक तयार गर्ने ।

छ) स्थानीय तहबाट गरिने प्रत्येक कार्यहरू र दिगो विकासबीच अन्तर्सम्बन्ध खोज्ने परिपाटीको विकास गर्ने ।

ज) स्थानीय तहमा रहेका सहकारी, निजी क्षेत्र र अन्य सरोकारवालाहरूलाई समेटी एसडीजी लक्ष्यहरू प्राप्त गर्न आवश्यक योगदान पुऱ्याउन सहयोग माग्ने र यसका लागि सहकार्य र समन्वयनको वातावरण तयार गर्ने ।

झ) लक्ष्यप्राप्तिमा सहयोग गर्ने विभिन्न सहयोगी संस्थाहरूको खोजी गरी आफ्नो स्थानीय तहमा कार्य गर्ने वातावरण सुनिश्चित गराउने ।

ञ) स्थानीय तहहरूले एसडीजी लक्ष्यहरूलाई आफ्नो तहमा समाहित गर्नका लागि एक संरचना तयार गरी आफ्नो स्थानीय तहलाई दिगो विकासमैत्री स्थानीय सरकारको उदाहरणको रूपमा प्रस्तुत गर्ने ।

ट) स्थानीय तहले दिगो विकासमा प्राप्त गरेका उपलब्धि/सूचकहरूको प्रतिवेदन तयार गरी प्रदेश र संघीय सरकारमा जानकारी गराइरहने ।

ठ) स्थानीय तहबाट भएका विकास गतिविधिहरूबाट एसडीजी लक्ष्यप्राप्ति गर्न के कति सफल भयो भनी अध्ययन गर्ने र सोही अनुसार अनुगमन संयन्त्र निर्माण गर्ने ।

## सन्दर्भ सामग्रीहरू


रा.यो.आ. (वि.सं. २०७४) । **दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्रः सन् २०१६-२०३०**, नेपाल सरकार- राष्ट्रिय योजना आयोग, काठमाडौं ।

सं.मा.सा.प्र.मं (वि.सं. २०७४) । **स्थानीय सरकार सञ्चालन ऐन, वि.सं. २०७४**, नेपाल सरकार- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौं ।

रा.यो.आ. (वि.सं. २०७६) । **पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१)**, नेपाल सरकार- राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौं ।

रा.यो.आ. (वि.सं. २०७६) । **दिगो विकास लक्ष्यको स्थानीयकरण दिग्दर्शन, वि.सं. २०७६**, नेपाल सरकार- राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौं ।



***लेखक दीपक श्रेष्ठ तालिम, अनुसन्धान, परियोजना व्यवस्थापन तथा स्थानीय तहहरूको क्षमता विकासमा संलग्न हुनुहुन्छ ।***

***इमेलः salhesh@gmail.com***

# दिगो विकास र सार्थक विद्यालय भर्ना



विनोद तिमिल्सेना

संयुक्त राष्ट्रसंघको पहलमा विकासका हरेक आयाममा सबैलाई समेटी कसैलाई पनि पछाडि नछाड्ने र विश्वलाई रूपान्तरण गर्ने सोचले विभिन्न देशका प्रतिनिधि, विज्ञ तथा राष्ट्रप्रमुखहरूको सहभागितामा संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१५ को सेप्टेम्बरमा १७ वटा लक्ष्य राखेर दिगो विकास लक्ष्य घोषणा गऱ्यो । यो लक्ष्यको अवधि सन् २०१६ देखि २०३० तय गरियो । यस अन्तर्गत विश्वका सबै राष्ट्रमा सहभागितामूलक, अधिकारमुखी र समतामूलक समाजको निर्माण गर्नमा जोड दिइएको छ ।

नेपालको सन्दर्भमा दिगो विकासका साथै विकासका अन्य राष्ट्रिय लक्ष्यहरू समेत हासिल गर्न योजनाहरू सञ्चालन भइरहेका छन् । यसमा सन् २०१९-२०२४ (पन्ध्रौं पञ्चवर्षीय राष्ट्रिय योजना तथा समृद्ध नेपाल सुखी नेपालीको आधार योजना), सन् २०२२ (अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति हुने अपेक्षित वर्ष) सन् २०२५ (तीव्र गतिको विकास गर्नका निम्ति अनुकूल बिन्दु) र वि.सं. २१०० (दीर्घकालीन सोच) जस्ता द्रुततर विकासको आकाङ्क्षा राखिएका लक्ष्यहरू निर्धारित छन् । यसका लागि नेपालले एउटा मार्गचित्र बनाएको छ र त्यसैअनुसार आफ्नो आवधिक, मध्यकालीन र वार्षिक विकास कार्यक्रम तथा बजेट विनियोजन समेत गर्दै आएको छ ।

> 'दिगो विकासको चौथो लक्ष्यमा सबैका लागि समावेशी तथा न्यायोचित र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने एवम् आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने बुँदा समेटिएको छ ।'

दिगो विकासका १७ वटा लक्ष्यमध्ये शिक्षा पनि एक हो । दिगो विकासको चौथो लक्ष्यमा सबैका लागि समावेशी तथा न्यायोचित र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने एवम् आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने बुँदा समेटिएको छ ।

शिक्षाको अधिकारलाई दिगो विकास लक्ष्यको अलावा विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय अनुबन्ध तथा सन्धीहरूले सुनिश्चित गरेका छन् । यो विश्वव्यापी रूपमा स्वीकार गरिएको नैसर्गिक र जन्मसिद्ध अधिकार पनि हो । यसलाई सबैले समान रूपले उपयोग गर्न पाउनु पर्छ भनेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनबाटै व्यवस्था गरिएको छ । नेपालको संविधान, २०७२ ले पनि आधारभूत शिक्षामा पहुँचको हकलाई नागरिकको अधिकारको रूपमा प्रत्याभूत गरेको छ ।

## विद्यालय भर्ना

दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्ममा प्राथमिक तहमा बालबालिकाको विद्यालय भर्नादर ९९.५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । नेपालमा पछिल्ला केही वर्षमा बालबालिकाको विद्यालय भर्नादरमा वृद्धि देखिएतापनि उनीहरूलाई विद्यालयमा टिकाउने र माध्यमिक शिक्षा पूरा गराउने सवालमा निकै ठूलो खाडल छ । प्राथमिक कक्षा भर्ना भएर कक्षा १० सम्म पुग्ने विद्यार्थीको संख्या आधाभन्दा केही बढी मात्रै छ । जुन चिन्ताको विषय हो ।

हालै मात्र प्रकाशित भएको नेपालको आर्थिक सर्वेक्षण २०७७/७८ का अनुसार कक्षा १ देखि ५ सम्म विद्यार्थी खुद भर्नादर ९७.४ प्रतिशत छ । कक्षा-८ सम्मको विद्यार्थी टिकाउ दर ८२.२ प्रतिशत रहेको छ । त्यसैगरी कक्षा १० सम्मको टिकाउ दर ६४.६ प्रतिशत रहेको छ ।

> 'बालबालिका विद्यालय नआउनुका कारणहरूलाई राम्ररी विश्लेषण गरी उनीहरू मैत्री भर्ना अभियान सञ्चालन गर्नु आवश्यक छ ।'

नेपालको साक्षरताको अवस्थालाई हेर्दा (पाँच वर्ष वा त्योभन्दा माथिको) पुरुषको ७५.१४ प्रतिशत र महिलाको ५७.३९ प्रतिशत जनसङ्ख्या साक्षर भएको देखिन्छ । यसरी समग्रमा ६५.९४ प्रतिशत नेपाली मात्र साक्षर छन् । अझै ३४.०६ प्रतिशत नेपाली निरक्षर नै रहेका छन् । देशभित्र वाग्मती प्रदेशमा सबैभन्दा बढी ७४.८५ प्रतिशत जनसङ्ख्या साक्षर छ भने प्रदेश २ मा सबैभन्दा कम ४९.५९ प्रतिशत जनसङ्ख्या मात्र साक्षर छन् । *(स्रोत: शैक्षिक सूचना, वि.सं. २०७५, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय)*

यसरी हेर्दा नेपालमा विद्यार्थीहरू जति कक्षा माथि उक्लिँदै गएका छन्, उनीहरूको संख्या कम हुँदै गएको देखिन्छ अर्थात् एउटा कक्षामा जति विद्यार्थी थिए, ती सबै अर्को वर्ष त्योभन्दा माथिल्लो कक्षामा गएका छैनन् । केही वर्षयता परीक्षामा विद्यार्थीहरूलाई अनुत्तीर्ण गर्ने परिपाटी खासै नभए पनि विद्यार्थी किन माथिल्लो कक्षा गएका छैनन् र विद्यालय छोड्छन् ?, यो विचारणीय पक्ष छ । यसका कारणहरू खोतलेर सम्बोधन गर्नु आवश्यक छ ।

माथिका तथ्याङ्कलाई विचार गर्दा अझै पनि हाम्रा करिब तीन प्रतिशत बालबालिका विद्यालय बाहिरै छन् । ती बालबालिका किन विद्यालय आएनन् ?, के कारणले गर्दा तिनलाई कक्षा कोठामा आउन अप्ठ्यारो पऱ्यो ?, चेतनाको कमी भएर हो कि गरिबी तथा आर्थिक कठिनाइले हो ?, विद्यालयमा पढाइ र भौतिक सुविधा राम्रो नभएर वा भेदभाव भएर हो कि विद्यालयबाट घरसम्मको भौगोलिक दूरी टाढा वा कठिन भएर हो ?, शिक्षकको व्यवहार वा बालमैत्री वातावरण नभएर हो पो हो कि ? यस्ता थुप्रै विषय हुन सक्छन्, जसलाई खोतलेर कारण पत्ता लगाई सम्बोधन गरिनु पर्छ । त्यसो भएमा मात्रै ती कारणहरूलाई सम्बोधन गर्दै अघि बढ्दा विद्यालयमा बालबालिका भर्ना हुने र टिकाउने वातावरण बन्न सघाउ पुग्दछ ।

हाम्रो विडम्बना के छ भने विद्यार्थीहरूले किन विद्यालय छोडे ?, विद्यालयको शैक्षिक तथा भौतिक अवस्था कस्तो छ ?, विद्यालयको सेवा क्षेत्र कहाँसम्म छ ?, सिकाइ उपलब्धिलाई कसरी बढाउने ?, गुणस्तरीय शिक्षा कसरी दिने ?, उनीहरूलाई कसरी विद्यालयमा टिकाउने ?, र, विद्यालयलाई कसरी बालमैत्री बनाउने ? भन्नेपट्टि विद्यालय तथा त्यससँग सरोकार राख्ने निकायहरूको त्यति ध्यान गएको पाइँदैन । शैक्षिक सत्र सुरु भएपछि आएका विद्यार्थीलाई भर्ना गर्नेतिर मात्रै जोड दिइन्छ । अबको सक्रियता र जोडबल त्यतापट्टि दिनु पर्ने देखिन्छ ।

## महामारीले पारेको असर

गतवर्ष जस्तै यसवर्ष पनि विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९को दोस्रो लहरको महामारीले गर्दा विद्यालयको शैक्षिक सत्र खल्बलियो । वैशाखमा सुरु हुनुपर्ने भर्ना अभियान हुन सकेन । वैशाख १६ गतेबाट काठमाडौं उपत्यका लगायत देशका अधिकांश जिल्लामा निषेधाज्ञा लागू गरियो । जसले गर्दा विद्यालय भर्ना लगायतका सबै गतिविधि रोकिए । वैकल्पिक प्रणालीबाट पठन-पाठन गर्ने कार्य पनि खासै सफल हुन सकेन । उपत्यका लगायत केही जिल्लामा शिक्षा मन्त्रालयले असार १ गतेबाट विद्यालय खोल्ने सूचना जारी गरेतापनि असार ८ बाट निषेधाज्ञा केही खुकुलो हुन थालेपछि केही गतिविधि बढ्न थालेको छ । तर, विद्यालय खुलेर पढाइ हुने अवस्था अझै बनेको छैन । केही सेवा क्षेत्र, बजार र यातायात खुले पनि उपत्यकामा निषेधाज्ञा असार अन्तिमसम्म पूर्ण रूपले हटेको छैन ।

विद्यालयले सुरक्षाका मापदण्ड अपनाएर वा वैकल्पिक प्रणाली मार्फत विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन गर्न खोजे पनि सहज भएको छैन । निषेधाज्ञाले मानिसको जीविकोपार्जन र दैनिकीलाई नराम्रोसँग बिथोलेको छ । शैक्षिक गतिविधि र क्यालेण्डरलाई पूर्ण रूपले असर पारेको छ । बन्दाबन्दीले

विद्यालय, शिक्षक र विद्यार्थीको भविष्यमाथि नै प्रश्नचिन्ह खडा गरिदिएको छ । धेरै मानिसको रोजगारी गुमेको छ र आर्थिक अवस्था खस्किएकाले कार्यस्थल छोडी गाउँ वा अन्यत्र सर्नुपर्ने स्थिति आएको छ । समग्रमा यस वर्षको शैक्षिक सत्र पनि समयमा सुचारु नभएर बालबालिकाको भर्ना अभियान नराम्री प्रभावित भएको छ ।

## भर्ना अभियानलाई कसरी सार्थक बनाउने ?

विद्यालयमा विद्यार्थीको भर्ना सुरु हुँदा सामुदायिक विद्यालयले आफ्नो सेवा-क्षेत्रभित्र पर्ने समुदायका बारेमा पूर्ण जानकारी लिनु पर्छ । जसले गर्दा विद्यालय वरपरको समुदाय कस्तो छ, बालबालिका कति छन् र तीमध्ये कति विद्यालय आएका छैनन् भन्ने कुराको यकिन तथ्याङ्क विद्यालयसँग हुन्छ । अनुमानको भरमा र बढी विद्यार्थी देखाएर सरकारी सेवा-सुविधा पाउने लोभमा बढाइ-चढाइ गरी तथ्याङ्कहरू तयार गर्ने परम्परागत चलनको अब अन्त्य गर्नु पर्छ । संघीय सरकारले पछिल्लो वर्षमा ९७ प्रतिशत हाराहारीमा बालबालिका विद्यालय भर्ना भएको तथ्याङ्क देखाएतापनि हाम्रा गाउँ, बस्तीमा अझै केही बालबालिका विद्यालय बाहिरै रहेको पाइन्छ ।

बालबालिकाहरू विद्यालय नगएका कारणहरूलाई हेर्ने हो भने ठाउँ, समुदाय र लिङ्गविशेषमा केही भिन्नता भएतापनि समग्रमा हेर्दा विभिन्न नाममा लिइने शुल्क तिर्न नसकेर, विद्यालयमा दण्ड सजाय दिने गरेर, भौतिक पूर्वाधारको कमी भएर, विद्यालय सुरक्षित र हिंसारहित हुन नसकेर, विद्यालयमा आउन उत्साहजनक वातावरण तथा बालमैत्री पठन-पाठन नभएर, अपाङ्ग मैत्री नभएर, मौसमी श्रमका लागि अभिभावक बस्ती बाहिर जानु परेर, विद्यालय तथा बाटोमा दुर्व्यवहार भएर (विशेष गरेर छात्राहरूलाई), शिक्षाको बुझाइमा कमी भएर लगायतका थुप्रै कारणहरू छन् ।

> 'संघ, प्रदेश र स्थानीय सरकारको प्राथमिकतामा विद्यालय परेका छैनन् ।'

ती मध्ये विभिन्न नाममा लिइने शुल्क अग्रभागमा आउँछ । विद्यालय छोड्ने धेरैजसो विद्यार्थी तथा अभिभावकले शुल्कका कारण विद्यालय छोड्नु परेको बताउने गरेका छन् । हाम्रो संविधानमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक व्यवस्थित गरिनुका साथै उच्च शिक्षासम्म पनि क्रमशः निःशुल्क गरिँदै लगिने कुरा उल्लेख गरिएको छ । तर, व्यवहारमा यसको भिन्न रूप हामीले देखिरहेका छौं । विद्यालयहरूले विभिन्न नाममा शुल्कहरू लिने गरेका छन् । विद्यालयले विद्यार्थीसँग लिने गरेका शुल्कहरूलाई केलाएर हेर्दा भर्ना शुल्क, मासिक शुल्क, वार्षिक सहयोग, परीक्षा, पुस्तक, पुस्तकालय, मर्मत, बालक्लब, कम्प्युटर तथा इन्टरनेट शुल्क, सरस्वती पूजा, अतिरिक्त क्रियाकलाप, प्रमाण-पत्र, सिफारिस लगायतका शुल्क लिने गरेका छन् । त्यसैले गर्दा विद्यालय शिक्षा कागजीरूपमा निःशुल्क भए तापनि व्यावहारिक रूपमा पूर्णतः निःशुल्क हुन सकेको छैन । विद्यालय भर्ना अभियान सञ्चालन गर्दा यी पक्षलाई सम्बोधन गरिनु पर्छ ।

त्यसको अलावा गरिब तथा पछाडि पारिएका समुदाय जसको राज्य संयन्त्रमा पहुँच छैन, जसको आर्थिक स्थिति ज्यादै कमजोर छ, जो अपाङ्ग छन्, जसको जीविका ज्याला मजदुरी गरी चलेको छ, जसलाई रोजगारी वा मौसमी कामका लागि भारत लगायत अन्यत्र जानु पर्ने बाध्यता छ, जसको परम्परागत रूपमा जल, जमिन र जङ्गलमा आश्रित सीप छ, जो दुर्गम स्थानमा बसोबास गर्छन्, जो विभिन्न भेदभावले पीडित छन् ती समुदायका बालबालिकालाई भर्ना अभियानमा कसरी समेट्ने भन्ने मूल प्रश्नमा अब हामी केन्द्रित हुनु पर्छ । त्यस्ता बालबालिका विद्यालय नआउनुका कारणहरूलाई राम्ररी विश्लेषण गरी उनीहरू मैत्री भर्ना अभियान सञ्चालन गर्नु आवश्यक छ । उनीहरूलाई विद्यालयमा ल्याउन सानातिना केही प्रयास भए तापनि आमरूपमा प्रभाव पार्ने खालको कार्य अहिलेसम्म भएको पाइँदैन । पछिल्लो समय संघीय र स्थानीय सरकारको खिचातानीले थप अन्योल उत्पन्न भएको छ । हुन त, संविधानमा आधारभूत र माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहलाई सञ्चालन गर्न दिने व्यवस्था गरिएको छ तर व्यवहारमा त्यो पूर्णतः लागू हुन सकेको छैन ।

सामुदायिक विद्यालयको जिम्मेवारीबारे नीतिगत रूपमा विभिन्न निकायको काम, कर्तव्य र अधिकारबारे उल्लेख भए तापनि सरोकारवालाहरूबीच यथेष्ट छलफल, समन्वय तथा सहकार्य भएको छैन । संघ, प्रदेश र स्थानीय सरकारको प्राथमिकतामा विद्यालय परेका छैनन् । यी सरकारहरूले बेलाबखत सूचना र फरमान जारी गर्नु बाहेक ठोस काम गर्न सकेका छैनन् । अभिभावकले पनि विद्यालयमा चासो दिएको देखिँदैन । शिक्षकले पनि समुदायमा गएर बुझाउँदैनन् । कतिपय सञ्चालक समिति चाहिं आफ्ना मानिसलाई शिक्षकमा जागिर लगाउने लगायतका व्यक्तिगत स्वार्थमा नै व्यस्त छन् । यसरी विद्यालयको मुख्य

जिम्मेवारी कसको भन्ने कुरा समाजमा स्पष्ट हुन सकेको छैन ।

यस्तो परिवेशमा विद्यालय भर्ना अभियानले अपेक्षित गति लिन सकेको छैन । त्यसमाथि पनि गतवर्षदेखि विश्व महामारीको रूपमा देखापरेको कोभिड-१९ को कारण अधिकांश समय विद्यालय बन्द भएकाले शैक्षिक गतिविधि, परीक्षा लगायतको तालिकामा नराम्रो धक्का पुगेको छ । हुन त, अनलाइन लगायत वैकल्पिक शिक्षा प्रणाली मार्फत केही विद्यालयले कक्षा सञ्चालन गरे तापनि यस प्रणालीमा हाम्रा विद्यालय, शिक्षक, विद्यार्थी अभ्यस्त नभएका र भौतिक संरचना, जस्तै : इन्टरनेट, ल्यापटप तथा मोबाइल, विद्युत आपूर्ति र पढाउने विधिको तालमेल नमिलेका कारण खासै सिकाइ हासिल हुन सकिरहेको छैन । यसले गर्दा आफ्ना बालबालिकाको भविष्य कस्तो हुने हो भनेर अभिभावक चिन्तित छन् ।

विद्यालय भर्ना अभियानलाई सार्थक बनाउन विद्यालयको सेवा क्षेत्र भित्रका विद्यालय नजाने बालबालिकाहरूको पहिचान गरी घरदैलो कार्यक्रम गर्ने, सामाजिक सञ्जाल र स्थानीय सञ्चारका माध्यमहरूलाई परिचालन गर्ने, स्थानीय स्वयंसेविका, अगुवा लगायत सामाजिक कार्यकर्तालाई परिचालन गर्ने, विद्यालयले दिने सेवाबारे अभिभावकलाई बुझाउने, विद्यालयलाई बाल तथा अपाङ्ग मैत्री बनाउने, विद्यालयभित्र हुने गतिविधिहरू हिंसा तथा भेदभावरहित बनाउने तर्फ पनि ध्यान दिने काम गर्नु अति जरूरी छ । साथै, विद्यालयबाट दिइने शिक्षा गुणस्तरीय बनाउने, पठन-पाठनका नयाँ प्रविधि भित्र्याउने, विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ, शिक्षक, बाल क्लब, आमा समूह र स्थानीय सरकार एवम् नागरिक समाजबीच समन्वय र सहकार्य गरी समयअनुकूल गतिविधिहरू सञ्चालन गर्ने गर्नु पर्छ ।

**अन्तमा,**

विद्यालय भर्ना सम्बन्धमा महत्वपूर्ण कुरा के हो भने बालबालिकालाई विद्यालयसम्म पुऱ्याउने काम वर्षको एकपटक शैक्षिक सत्र लाग्दा मात्रै गर्ने हो कि यस्ता अभियानहरूलाई विद्यालय र स्थानीय सरकारका अरू अभियान तथा कार्यक्रमसँग जोडेर गाउँ, वस्तीमा निरन्तर रूपमा लैजाने हो ? बालबालिकालाई विद्यालयसम्म पुऱ्याउने भर्ना अभियानमा सरकार-प्रमुखदेखि दुर्गम ठाउँका अभिभावकसम्म कसरी जुट्न सकिन्छ भनेर त्यसको खोजी गर्नु जरुरी छ । साथै, सरकारका सबै संयन्त्रहरूलाई परिचालित गरी विद्यालयले समुदायको तल्लो तप्कासम्म समेट्ने उद्देश्यले कार्यक्रम बनाई यो अभियानमा लाग्नु पर्ने देखिन्छ । नत्र यो अभियान नारामा मात्र सीमित हुनेछ ।

अबको हाम्रो जोड तथा ध्यान बालबालिकालाई घरबाट विद्यालयसम्म भिकाउने, गुणस्तरीय र बालमैत्री तरिकाले सिकाउने, शैक्षिक सत्रभरि टिकाउने समेतको योजनाबद्ध तरिकाले गरिएको भर्ना अभियान अपरिहार्य छ । जसमा सरोकारवालाहरूको भूमिका र सहयोग नभई हुँदैन । यसो भएमा मात्रै दिगो विकास लक्ष्य लगायत हाम्रा विकासका लक्ष्य हासिल गर्ने आकांक्षा पूर्ण रूपले सार्थक बनाउन सहयोग पुग्नेछ ।

*लेखक विनोद तिमिल्सेना स्वतन्त्र परामर्शदाता तथा नेपान कार्य समितिका सदस्य हुनुहुन्छ ।*


## हाम्रो अनुरोध

नेपानको दिगोपना अभिवृद्धि र प्रगतिको लागि विभिन्न व्यक्ति र संस्थाहरूबाट गर्नुभएको सहयोगको कदर गर्दै अन्य संस्था एवम् महानुभावहरूले पनि नेपानको अक्षय कोषको लागि सक्दो सहयोग गर्नहुन र आफ्नो पहुँच भएका नेपानको उद्देश्यसँग मेलखाने संस्थाहरूलाई नेपानको अक्षयकोषबारे जानकारी गराई कोष प्रवर्द्धनमा योगदान पुऱ्याउनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**कार्यकारिणी समिति**

**सहभागीमूलक कार्य समूह (नेपान)**

# स्थानीय विकास र सकारात्मक सोच



डा. चण्डीप्रसाद चापागाईं

*'माया दिने छायाँ तिम्रो, जीवन दिने अन्न*
*फेरि पनि पाऊँ आमा, यै नेपालमा जन्म'*

**- राष्ट्रकवि माधव घिमिरे**

'सकारात्मक सोच कमजोरीको सट्टा आफूमा निहित शक्तिमा आधारित दृष्टिकोण हो जुन "के होइन ?" भन्दा "के सम्भव छ ?" भन्ने दृष्टिकोणले अघि बढ्दछ ।'

## परिचय

नेपालीहरूको आजको आवश्यकता र चाहना भनेको उनीहरूको स्थानीयदेखि राष्ट्रिय तहसम्मको आर्थिक समृद्धि, सामाजिक न्याय, स्वाभिमान र मानवीय संस्कारको विकास हो। विशेषगरी आजका स्थानीय तहका जनप्रतिनिधिले कुनै एउटा पार्टीको प्रतिनिधि मात्र नभई, सम्पूर्ण नागरिकको साझा प्रतिनिधि भएर जनसेवामा लाग्नु पर्छ भन्ने सोचका साथ पार्टीका सरोकारभन्दा माथि उठेर राष्ट्र र समाजको आवश्यकतालाई लिएर अघि बढ्नु पर्छ ।

नेपालले ठूलो आशा र उमङ्गका साथ लामो समय लगाएर दुईओटा संविधान-सभाको बृहत्तर अनुभव मार्फत बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गर्दै नेपालको संविधान २०७२ जारी गरेको छ। यो संविधानले विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक समाज निर्माणमा जोड दिएको छ। उपर्युक्त सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै समृद्ध राष्ट्र निर्माण गर्न र दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षालाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा पूरा गर्न नेपालको संविधान २०७२ जारी भएको हो ।

नेपालको संविधानको यही कुरालाई साकार पार्न स्थानीय तहका नेतृत्वहरूको सैद्धान्तिक तथा व्यावहारिक क्षमता विकास गरी सेवाको गुणस्तरियता, प्रभावकारिता र सहभागिता व्यापक पार्दै समृद्ध नेपाल र सुखी नेपालीको परिकल्पना सार्थक पार्न योगदान गर्नुपर्ने खाँचो छ ।

"विकास एउटा एकीकृत, सन्तुलित एवम् निरन्तर प्रगति हो । सामाजिक, शैक्षिक, आध्यात्मिक, आर्थिक, वातावरणीय, प्राविधिक, राजनीतिक र विभिन्न मानवीय पक्षहरूलाई जोड्दै समाजका विभिन्न आयामहरूको सन्तुलित समृद्धि हासिल गर्नु विकास हो । एउटा आयामको द्रुत प्रगति तर अन्यको सुस्तता सन्तुलित विकास होइन । सबै पक्षको सन्तुलित ढङ्गले उन्नति गर्नु विकास हो, यसले भविष्यका पुस्ताहरूका सम्भावनाहरूलाई अवरोध नगरिकन मानिसका वर्तमान आवश्यकताहरूलाई सम्बोधन गर्नु पर्दछ ।" *(स्रोत: चापागाई, सन् २०१२)*

हामी विकासको कुरा गर्दा ठूला भवन, चौडा सडक, पैसा आदिको कुरा गर्छौं । हो, यी कुराहरू विकासका लागि आवश्यक छन् तर सुरुमै कुनै पनि विषय सामाजिक परिवेश, जनचाहना, संस्कार र सकारात्मकताको धरातलबाट उठान भएका छैनन् भने ती परिपक्व, सफल र स्थायी विकास हुन सक्तैनन् । विकास, मानव जीवनशैली, समता र सकारात्मक सोचको प्रवाहसँगसँगै गइरहेको हुन्छ । स्थानीय विकासलाई पनि सकारात्मक सोधखोजको सिद्धान्त, व्यवहार र तर्कहरूको सेरोफेरोसँग सुसिक्षित गर्दै अघि बढाइएमा व्यक्ति, संस्था र समाजको उत्थान गर्न सहयोग पुग्दछ ।

**'यी बुँदाहरूलाई हरदिन बिहान शरीर हल्का गरिसकेपछि पाठ गरेमा बिस्तारै जीवनलाई खुसी र उज्यालोतिर लान सकिन्छ । खुसी नै सफलता पनि हो ।'**

## के हो त सकारात्मक सोच ?

सकारात्मक सोधखोज (Appreciative Inquiry – AI) सन् १९८०/९० को दशकताका संस्थाको विकासका सन्दर्भमा प्रयोग हुँदै आइरहेको थियो । पछि आएर विकास, शिक्षा र व्यवसायको सन्दर्भमा पनि यसलाई धेरै संस्थाहरूले प्रयोग गरिरहेका छन् । लचिलोपन र नवीनतम खोज (Flexibility and Innovation) मा विश्वास राख्ने यो विधि सकारात्मक सिद्धान्त, मूल्य र मान्यताको आधारमा अघि बढ्दछ । यसले सफलता, सफलताका कारण, महत्वपूर्ण वखत र उपलब्ध स्रोत-साधनको पहिचान गर्दै भविष्य निर्माणका लागि अग्रसर हुन प्रेरणा दिन्छ । यो कुनै एउटा विधि मात्र नभई मानिसको प्रवृत्ति र व्यवहारमा परिवर्तन ल्याउन मद्दत गर्ने संस्कार हो । सकारात्मक सोधखोजसम्बन्धी ज्ञान औपचारिक अध्ययनको रूपमा नभए पनि विभिन्न लेख-रचना, जस्तै : खप्तड बाबाको 'विचार विज्ञान' (Science of Thought), स्वास्थ्य विज्ञान, त्यस्तै नैतिकता, धर्म, वैदिक दर्शन, मूल्य, शिक्षा, अध्यात्म, विवेक र निष्ठासम्बन्धी विधाहरूमा पनि पाइन्छ ।

हामीले जे कुरो खोजिरहेका हुन्छौँ र विचार गरिरहेका हुन्छौँ, अन्त्यमा त्यही नै पाउँछौँ । हामीले सोधेको प्रश्नले नै हामीले पाउने उत्तर निर्धारण गर्दछ । सकारात्मक प्रश्नले सकारात्मक उत्तर पाउँछ भने नकारात्मक प्रश्नले नकारात्मक उत्तर पाउँछ । सकारात्मक योजना तर्जुमा प्रक्रिया सञ्चालन गर्दा प्रश्न गर्ने कुशलताको ठूलो महत्व हुन्छ । यसमा कुनै पनि कार्यको थालनी असफलताका उदाहरण र त्यसका कारणहरूको पहिचान गरेर होइन सफलता र त्यसका कारण अनि आफ्नो तत्कालको स्रोत, सीप र सङ्गठनात्मक क्षमताको पहिचान गरेर गर्नुपर्छ ।

सकारात्मक सोच कमजोरीको सट्टा आफूमा निहित शक्तिमा आधारित दृष्टिकोण हो जुन 'के होइन ?' भन्दा 'के सम्भव छ ?' भन्ने दृष्टिकोणले अघि बढ्दछ । यो स्थानीय विकास, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन, व्यापार, शिक्षा, राजनीति र आध्यात्मिक क्षेत्रको उत्थानका लागि सकारात्मक सोचलाई केन्द्रमा राख्ने कार्यशैली हो, जहाँ आशा, कर्म र विश्वास बढ्दै जान्छन् र परिवार, संस्था र समाजमा विस्तार हुन थाल्दछन् । यो उत्पादक, रचनात्मक एवम् रूपान्तरणका सिद्धान्त र अभ्यासहरूद्वारा परिचालित हुन्छ ।

सकारात्मक विधिमा के काम, कसरी र किन भयो भन्ने बारेमा अध्ययन गर्ने अनि उत्तम अभ्यास तथा सफलताका कथाहरूको खोजी गर्ने गरिन्छ । यस वास्तविकताबाट सहभागीहरू भविष्यका लागि व्यक्तिगत या साझा दृष्टि वा सपनाको विकास गरेर सफलताका सिकाइ अनुसरण गरी ती दृष्टि हासिल गर्न रणनीति तयार गर्दै कार्यान्वयनतर्फ अग्रसर हुन्छन् । सकारात्मक सोधखोजबाट मानव समाजका 'सकारात्मक, जीवनदायिनी गुदीहरू' (Positive life giving forces) बाहिर निस्कन्छन् र त्यस क्रममा मानवमा निहित रूपान्तरण गर्ने शक्तिले दिगो विकासलाई आकार दिई सहमति निर्माण गर्ने गर्छ ।

"सकारात्मक सोच, अध्यात्म, विवेक, राम्रो प्रवृत्ति र व्यवहार भएका मानिसहरू नकारात्मक सोच, प्रवृत्ति र व्यवहार भएका मानिसहरूभन्दा बढी क्षमतावान् हुन्छन्" (चापागाइँ, सन् २००४)। क्षमताकै आधारमा ज्ञान, सूचना र विवेक प्राप्त हुन्छन्। क्षमता र विवेक नै मानिसको शक्ति र सम्पत्ति बन्न जान्छ। विकास पनि क्षमतावान् मान्छेकै बढी हुन्छ। जो विकसित हुन्छन् उनीहरू नै स्वतन्त्र, अनुशासित र सम्पन्न हुन्छन्। यी सबै कुराको जरो चाहिँ सकारात्मक प्रवृत्ति र आध्यात्मिक विवेकको अनुसरण हो।

सकारात्मक विधिले हामीलाई खुला रूपले सोचेर आत्मविश्वासका साथ अघि बढ्न उत्प्रेरित गर्दछ। यो अँध्यारोमा छामछाम छुमछुम गर्ने विधि होइन। खुला सोचाइ, खुला संवादका साथ दुवै आँखा खोलेर अगाडि बढ्नु सकारात्मक मान्यता हो। नकारात्मक मान्यता र अन्धभक्तताले मानिसलाई निश्चित घेराभित्रको सोचाइमा बाँधेर विश्वास गर्न बाध्य पार्छ तर खुला विचार र सोचाइ राख्ने विधिले जहिले पनि पहिले सोचेर, विचार गरेर अन्त्यमा चित्त बुझेपछि सुनिश्चित हुन प्रेरणा दिन्छ। सम्भावनाका ढोकाहरू खोल्दै जाने तरिका पनि यही हो।

*"शत्रुले शत्रुलाई जति हानि पुऱ्याउन सक्छ, त्यो भन्दा बढ्ता हानि कुमार्गमा लागेको चित्तले पुऱ्याउँछ"*

**- भगवान् गौतम बुद्ध**

## सकारात्मकतातिर जाने बाटाहरू तथा दैनिकी

सकारात्मकता गमन कुनै सूत्रबद्ध बुटीभन्दा ज्ञान र विवेकको निरन्तर साधनाबाट आफ्नो अन्तर्आत्मा र व्यवहारमा स्थापित हुँदै जाने संस्कार हो। सकारात्मकतातिर जाने बाटाहरू अरूबाट सिक्न सकिन्छ तर सापटी लिन सकिँदैन। यी त केवल आफ्नो प्रवृत्ति, व्यवहार, विवेक र साधनाका फल हुन्। वास्तवमा हामीलाई सानो कार्यक्रम श्री गणेश गर्दादेखि ठूला कार्य सम्पन्न गर्दासम्म सकारात्मक पाइलाको जरूरत हुन्छ।

सकारात्मक सोच स्वच्छ, स्वस्थ, सात्विक तथा न्यायिक अभ्यासको प्रक्रिया हो, जसले आफू, परिवार र समाजलाई क्रमशः उज्यालोतिर लान्छ। तल सकारात्मक सोचको दैनिकीका बुँदाहरू दिइएका छन्। यी बुँदाहरूलाई हरदिन बिहान शरीर हल्का गरिसकेपछि पाठ गरेमा बिस्तारै जीवनलाई खुसी र उज्यालोतिर लान सकिन्छ। खुसी नै सफलता पनि हो। यी बुँदाहरूको अभ्यास समूहमा अर्थात् एक्लै पनि गर्न सकिन्छ। यसको सस्वर वाचन प्रभावकारी हुन्छ। सजिलोका लागि यी बुँदाहरूलाई सुत्ने कोठा, अफिस कोठा र आफ्नो व्यायाम गर्ने कोठाको पर्खालमा टाँसेर राख्न सकिन्छ। सबै दिन बिहानको ध्यानपछि सर्सर्ती पढेर हरेक दिन आफू सकारात्मक र उपलब्धिमूलक हुने संकल्प गर्नुपर्छ। हेरौँ, सकारात्मक सोचको दैनिकी :

१. आजको दिन म शान्त रहने छु।
२. आजको दिन म खुसी रहने छु।
३. आजको दिन म आफ्नो काम इमानदारीसाथ गर्नेछु।
४. आजको दिन म प्रकृतिप्रति खुसी रहने छु।
५. आजको दिन म सम्पूर्ण मानव तथा प्राणीहरूलाई प्रेम र सम्मान गर्नेछु।
६. आजको दिन म लिनेभन्दा दिने प्रवृत्ति बढाउने छु।
७. आजको दिन म सिक्ने प्रवृत्तिमा थप सजगता ल्याउने छु।
८. आजको दिन म के कुराले काम गर्दैन, कसले के बिगाऱ्यो भन्ने भन्दा के कुराले काम गर्छ र के गरे अझ राम्रो होला भन्नेतिर समर्पित हुनेछु।
९. आजको दिनलाई म अन्त्यमा उपलब्धिमूलक भएको पाउने छु।
१०. भोलि बिहान म खुसीसाथ उठेर यो दैनिकी पुनः वाचन गर्नेछु।

*(स्रोतः चापागाइँ, सन् २०१२, सकारात्मक सोचबाट)*

स्वच्छ र सकारात्मक विचारका साथ ध्यान, योग, व्यायाम, हाँसो गर्ने र सात्विक आहार सेवन गर्ने गर्नाले सकारात्मक सोच र स्वास्थ्यको समग्र विकास हुन्छ। मानिसहरू जे गरे पनि, जे भने पनि प्रायः कसरी विकसित र सम्पन्न हुने भन्ने कुरामै अल्झिरहेका हुन्छन्, जुन कुरो आज हामी यत्रतत्र सुनिरहेका छौँ, देखिरहेका छौँ र भोगिरहेका छौँ। वास्तवमै हरेक व्यक्ति आफ्नो मान्यता र परिभाषाअनुसारको सम्पन्नता चाहन्छ। सम्पन्न हुनका लागि कसैले नकारात्मक वा ध्वंसात्मक बाटो अपनाउँछन् भने कसैले सकारात्मक वा रचनात्मक बाटो अपनाउँछन्। नकारात्मक तवरबाट आर्जन हुने सम्पन्नता क्षणिक हुन्छ भने सकारात्मक वा रचनात्मक बाटोबाट आर्जित सम्पन्नता दिगो हुन्छ।

## सकारात्मक सोधखोज शैलीको विकास कार्यचक्र

सकारात्मक सोधखोजले मानिसहरूमा खास काम तथा योजनाका सन्दर्भमा चार-'स' (सोधखोज, सपना, संरचना र सञ्चालन अर्थात् 4-D. Discovery, Dream, Design and Destiny) को चक्रलाई निरन्तरता दिनका लागि चाहिने कदम, खोज र रुचि बढाउँछ। तल उल्लेख गरे झैं यो विधिले 'संवाद' अर्थात 'Diologue' लाई चार-'स' को केन्द्रमा राखी कार्य गर्दछ। संवाद सबै चरणमा

चाहिने साझा विषय हो, जसमा बृहत्तर छलफल तथा संवाद गरी अघि बढ्ने गरिन्छ ।

१. **सोधखोज, अर्थात्** Discovery **मा** सफल कार्यको खोज, महत्त्वपूर्ण क्षणहरू, बलिया पक्ष र सफलताका कारणहरूको खोजी गर्दै केले काम गर्छ ? केले शक्ति र उत्साह दिन्छ ? र, हामी कहाँ छौं ? आदि कुराको सकारात्मक विश्लेषण गरिन्छ जसबाट उपलब्ध स्रोत, साधन, सीप एवम् सङ्गठनात्मक क्षमताको पहिचान हुन जान्छ । सकारात्मक दृष्टिकोणका उदाहरण दिँदै थालनीमा जोडी-जोडी बनाएर एकले अर्कालाई सफलता, राम्रा कुरा र सीपलाई प्रस्तुत गर्दै कार्यक्रम अघि बढाउनु राम्रो हुन्छ । यसो गर्दा सफलताका क्षण, कथा तथा त्यसका कारणहरूको एक आपसमा राम्ररी आदान-प्रदान हुन पुग्छ । वास्तवमा सकारात्मक सोचको हरेक तहमा आवश्यक प्रश्नहरूको चयन र त्यसको प्रयोग कुशलतापूर्वक गर्न सक्नुपर्छ ।

२. **सपना अर्थात्** Dream **मा** भविष्यको लागि सपना हेर्ने काम हुन्छ । यो रातमा देखिने सपना नभई आफ्नो समुदाय एवम् संस्थाको यथार्थतालाई विचार गरेर देखिने ठोस दिवास्वप्न हो । यसमा आफू, आफ्नो संस्था र समुदायलाई भविष्यमा कस्तो बनाउने हो ? के कस्ता क्रियाकलापहरूको आवश्यकता पर्छ ? के गरे सबैभन्दा राम्रो होला ? यस्ता कुराहरू विचार गरेर दुई-तीन मिनेट मौनधारण गर्दै भविष्यका लागि सपना हेर्ने काम गरिन्छ । सपनाहरूलाई नक्सामा उतार्नु बेस हुन्छ । सपना सामूहिक अथवा व्यक्तिगत दुवै हुन सक्दछन् । आ-आफूले देखेका सपना समूहमा प्रस्तुत एवम् छलफल गर्दै टिपोट गर्नु उपयुक्त हुन्छ ।

> 'चुरो कुरो चाहिँ के हो भने सकारात्मकता गमनका विविध उपाय अनुसरण गरेर नकारात्मकतालाई ओझेलमा पार्दै सकारात्मकतालाई चम्काउन सक्नुपर्छ ।'

३. **संरचना अर्थात्** Design **मा** भविष्यमा पूरा गर्नुपर्ने कार्यलाई प्राथमिकीकरण गरेर निश्चित अवधिको कार्ययोजना बनाइन्छ र समूहमा प्रस्तुत गरी टुङ्गो लगाइन्छ । हामी कसरी अगाडि बढ्ने ? भन्ने सोचका साथ संवाद, छलफल र विचारजन्य विचारहरू (Provocative propositions) को चयन र तिनको आदान-प्रदान गरेपछि योजना-खाकामा स्रोत, आपसी सहयोग र समय-सीमा सहित निर्धारित कार्यक्रमलाई भर्ने काम संरचनामा गरिन्छ ।

४. **सञ्चालन अर्थात्** Destiny **मा** कार्य थालनी गर्ने, त्यसको अवलोकन र मूल्याङ्कन गर्ने एवम् पुनः अघि बढ्ने गरिन्छ । अहिले नै केही कार्य थालनी गरौं भन्दै प्रतिबद्धता सङ्कलन, कार्य र उपकार्यअनुसारको आ-आफ्नो जिम्मेवारी र जिम्मेवार व्यक्ति वा समूहको समय-तालिका एवम् कार्य-स्थलको निक्योल गरी कार्य गर्न अघि बढ्ने काम सञ्चालनमा गरिन्छ । आवश्यकता हेरी निर्धारित कार्यको प्रथम, दोस्रो, तेस्रो पाइला समेत तय गर्नुपर्ने हुन सक्छ । यसमा सम्बन्धित व्यक्ति तथा समूहले आ-आफ्नो लिखित प्रतिबद्धता जाहेर गर्ने र योजना कार्यान्वयनतर्फ लाग्ने गर्नु पर्दछ ।

मानिसहरूमा नकारात्मक विचार आउँदैन र आउनै दिनु हुँदैन भन्ने पनि होइन । मानिसमा नकारात्मक तथा सकारात्मक दुवै विचार आउँछन् । चुरो कुरो चाहिँ के हो भने सकारात्मकता गमनका विविध उपाय अनुसरण गरेर नकारात्मकतालाई ओझेलमा पार्दै सकारात्मकतालाई चम्काउन सक्नुपर्छ । सकारात्मक सोचले मानिसलाई उच्चतारिर लान्छ र विशेष किसिमको ऊर्जा दिन्छ । सकारात्मक, अनुशासित, विवेकी, निष्ठावान, आरोग्य आत्मामा ईश्वरको बास हुन्छ । जहाँ ईश्वर हुन्छन्, त्यहीँ शान्ति हुन्छ । जहाँ शान्ति हुन्छ, त्यहीँ शक्ति हुन्छ । जहाँ शक्ति हुन्छ, त्यहीँ सम्पन्नताकी मूल लक्ष्मीले बास गर्छिन् । यही प्रक्रियासँग हातेमालो गर्न सक्ने विकास पद्धतिद्वारा व्यक्ति, परिवार र समाजमा दिगो विकास हुन जान्छ । एउटा फलामको टुक्रो सिधै समुद्रमा फाले डुब्छ तर त्यसलाई काठको सङ्गतमा बाँधेर डुबायो भने डुब्दैन । राम्रो कार्य विधि, शिक्षा र सङ्गतले मानिस कुलतमा डुब्दैन र जीवनको लक्ष प्राप्त गर्न पुग्दछ ।

## प्रतिबद्धताहरू

कुनै पनि काम सम्पन्न गर्नका लागि मानिसमा प्रतिबद्धता चाहिन्छ । दूरदृष्टि र कार्ययोजनाले मात्र कार्य सम्पन्न हुँदैन । कार्य सम्पन्नताका लागि दूरदृष्टि, निश्चित लक्ष्य, कार्ययोजना, प्रेरणा र त्यसलाई कार्यरूप दिने प्रतिबद्धता अनिवार्य हुन्छन् । प्रतिबद्धता भएन भने हाम्रा लक्ष्यहरू कागजमा सीमित हुन पुग्छन् । व्यवहारमा उत्रिँदैनन् । कार्य सम्पन्न गर्न आवश्यक ११ प्रतिबद्धता निम्नानुसार छन्:

१. म मानवीय अनि सकारात्मक सोच राख्छु ।
२. म के लिनेभन्दा के दिन सक्छु भन्ने धारणा राख्छु ।

३. म इमानदारी, अनुशासन र सत्यता कहिल्यै त्याग्दिनँ ।
४. म समस्याको अतिरञ्जन होइन सदुपयोग गर्छु ।
५. म लक्ष्यअनुसार कार्य भए-नभएको समीक्षा गर्दै अघि बढ्छु ।
६. म महान् नेता, विद्वान्, लेखक र राम्रा पुस्तकहरूलाई आफ्ना मित्र बनाउँछु ।
७. म आफूमा निरन्तर नयाँ कुरा सिक्ने प्रवृत्तिको विकास गर्छु ।
८. म राष्ट्र, राष्ट्रियता, राष्ट्रिय झण्डा, माता र मातृभूमिलाई सदैव शिरमा राख्नेछु ।
९. म साझा हितकारी मानवीय मूल्य र अध्यात्म चिन्तनलाई आत्माको केन्द्रमा राख्छु ।
१०. म संसारको हितभित्र आफ्नो हित खोज्छु ।
११. म अमूल्य समय खेर नफाली आफ्नो कर्म गर्छु ।

*(स्रोतः चापागाईं, सन् २०१२, मानव मूल्य शिक्षाबाट)*

*"यो मुलुक चार जात छत्तीस वर्णको साझा फूलबारी हो । आफ्नो धर्म-संस्कृतिको जगेर्ना गर्नु । घुस लिन्या र दिन्या दुवै राष्ट्रका शत्रु हुन् । खानी भएको ठाउँमा गाउँ भएपनि गाउँलाई अन्यत्र सारी खानी चलाउनु र उब्जनीयोग्य जमिनमा भएको घर सारेर भएपनि त्यहाँ खेतीपाती गर्नु । राष्ट्रिय उद्योगको विकास गरी विदेशमा आफ्ना सामान निर्यात गरेर नगद खैंचनु ।"*

**- राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाह**

## सारांश

सकारात्मक सोधखोजमा सिर्जनात्मक कार्यको परिणामस्वरूप, नकारात्मक पन र आलोचनाभन्दा परिकल्पना र नवीनतम खोजको गतिले द्रुतता पाउँदछ । यसमा सोधखोज, सपना, संवाद, संरचना, सञ्चालन वा गन्तव्य सङ्ग्रहित चक्रको रचना भएको हुन्छ । आधारभूत रूपमा, सकारात्मक सोधखोजले, समग्र मानिसहरूको बीचमा र उनीहरूमा निहित भूत र वर्तमान क्षमताका बारेमा भएका छलफलको आधारमा दिगो विकासका लागि एउटा रचनात्मक एकता तयार गर्दछ ।

एउटा सफल मानिस आफ्नो परिवार, समाज, क्यारियर अर्थात् जीविकोपार्जन गर्ने पेशा र आफ्नो स्वास्थ्य अर्थात् यी चारै अङ्गहरूमा सफल हुन पुग्छ । एउटा परिवारको प्रिय सदस्य सामाजिक रूपमा पनि स्वीकार्य व्यक्ति र क्यारियरमा पनि सफल हुन सक्नुपर्छ । निसन्देह, अझ 'स्वास्थ्य' त खुसी वा सफलता प्राप्त गर्ने प्रमुख आधार नै हो । पेशामा सफल तर परिवार र समाजमा निन्दित मानिसलाई पनि सफल भन्न मिल्दैन । यसरी चौतर्फी रूपमा सफल हुनमा सकारात्मक सोचले आधारशीलाको काम गर्छ र यही आधारशीलाले व्यक्ति र समाजको दिगो विकास र अन्ततोगत्वा सामाजिक रूपान्तरणतर्फ अग्रसर तुल्याउँछ ।

विकासका प्रतिफलहरूलाई दिगो बनाउन, सामुदायिक सहभागिता तथा सशक्तीकरण संस्थागत गर्न, द्वन्द्व रूपान्तरणपछि दिगो शान्ति स्थापना गर्न सकारात्मक सोच, प्रवृत्ति र व्यवहार आवश्यक छ । त्यसकारण समुदाय, व्यक्ति तथा संस्थागत तहमा सकारात्मक सोधखोजको सहजीकरण र पोषण गर्नु पर्छ । सकारात्मक विधिद्वारा नेतृत्व विकास र योजना निर्माण प्रशिक्षण कार्यक्रम विभिन्न क्षेत्र, जस्तैः स्थानीय तथा सामुदायिक विकास, शिक्षा क्षेत्र, व्यापार-व्यवसाय, कर्मचारी र राजनीतिकर्मीमा गर्नु पर्छ । सकारात्मक सोधखोजमूलक प्रशिक्षण, सूचना र ज्ञान आदान-प्रदान आधारभूत तहदेखि नेतृत्व तथा नीति-निर्माण तहसम्म हुनु आवश्यक छ ।

*"पृथ्वी बसी स्वर्गमा हेर्नेछन् हाम्रा नजर,*
*तल नै हेरी, तल नै हेरी बिलौना नगर"*

**- महाकवि लक्ष्मीप्रसाद देवकोटा**

## सन्दर्भ सामग्री


खप्तड बाबा (वि.सं. २०६०), विचार विज्ञान, खप्तड आश्रम प्रकाशन समिति, काठमाडौं, नेपाल ।

चापागाईं, चण्डीप्रसाद (सन् २०१२), सकारात्मक सोधखोज, सकारात्मक सिकाइ तथा विकास व्यवस्थापन, काठमाडौं, नेपाल ।

चापागाईं, चण्डीप्रसाद (सन् २०१२), मानव मूल्यमा आधारित शिक्षा, सकारात्मक सिकाइ तथा विकास व्यवस्थापन, काठमाडौं, नेपाल ।

सोडारी, हरिप्रसाद - प्रधान सम्पादक (वि.सं. २०७६), अनेकौंका दृष्टिमा राष्ट्रनिर्माता, किशोर अफसेट प्रेस, काठमाडौं, नेपाल ।

Chapagain, Chandi P. (2012), Appreciative Inquiry to Spiritual Wisdom, A Distinctive Combination of Theories, Principles, Research, Innovations and Practices of Positive Approaches for World Renewal, Published by Appreciative Leadership and Development Management (ALDM), Kathmandu, Nepal.

Chapagain, Chandi P. (2004), Human Resource Capacity Building through Appreciative Inquiry Approach in Achieving Developmental Goals, (Ph.D. Dissertation, Madison University, USA).



***लेखक डा. चण्डीप्रसाद चापागाईं सकारात्मक सोधखोज तथा विकास विज्ञ हुनुहुन्छ । उहाँ नेपाल सहभागीमूलक कार्यसमूह (नेपाल) का आजीवन सदस्य पनि हुनुहुन्छ ।***

**इमेलः aldmnepal@gmail.com वेब : www.aldmnepal.org**

# दिगो विकासका लागि लघुवित्त सेवा



गोकुलचन्द्र अधिकारी

लघुवित्त भन्नाले मूलतः वित्तीय सेवासँग सम्बन्धित गतिविधि भन्ने बुझिन्छ । यो शब्दले कर्जा र बचतजस्ता बैंकिङ कारोबारलाई इङ्गित गर्ने कुरामा कुनै द्विविधा छैन । लघुवित्तको सोझो अर्थ पनि त्यही नै हो । तर, यसो भन्दैमा सामाजिक जागरण, महिला सशक्तीकरण, आर्थिक र सामाजिक दृष्टिले पछाडि पारिएका वर्गमा आत्मसम्मानसहित नेतृत्वदायी क्षमताको विकास, सामूहिक अन्तरनिर्भरताको विस्तार तथा समाजका विपन्न समुदायमा लक्षित स्वरोजगारमूलक सामाजिक कार्यक्रमजस्ता विषयहरू पनि लघुवित्त क्रियाकलापका आधारभूत विशेषता हुन् भन्ने कुरालाई हामीले बिर्सनु हुँदैन ।

> 'दिगो विकाससम्बन्धी दस्तावेजमा उल्लिखित लक्ष्य प्राप्तिका लागि लघुवित्त क्रियाकलाप भरपर्दो र सशक्त माध्यम बन्न सक्ने कुरा सर्वस्वीकार्य भैसकेको छ ।'

समाजमा आर्थिक र सामाजिक दृष्टिले अत्यन्तै कमजोर अवस्थामा रही जीवन गुजारिरहेका र विकासको मूलधारबाट टाढा रहेका समुदायसम्म वाणिज्य बैंकहरू नपुग्ने भएकाले त्यो वर्गमा मात्र वित्तीय सेवा प्रदान गरी उनीहरूलाई स्वावलम्बी र स्वरोजगारमूलक बनाउने मूल उद्देश्यले सञ्चालित क्रियाकलाप नै लघुवित्त कार्यक्रम हो । देशभित्र सामाजिक-आर्थिक दृष्टिले सबैभन्दा पछाडि पारिएका तर बाटो देखाइदिने वा डोऱ्याइदिने सहयोगी हात र साथ पाउन सके राम्रो इलम व्यवसाय मेहनतपूर्वक गर्न सक्ने क्षमता भएका वर्गको उत्थानका लागि नै लघुवित्त सेवाको आरम्भ गरिएको हो भन्ने तथ्यलाई पनि हामीले मनन गर्नु आवश्यक छ ।

'बैंकिङ कारोबार गर्न भनेरै स्थापना गरिएका संस्थाबाट के को सामाजिक परिचालन ? जसको नाम नै वित्तीय संस्था भनी राखिएको छ, तिनले कसरी गर्लान् दलित र उत्पीडितको उत्थान ? नाफा कमाउने मूल उद्देश्य राखेर खोलिएका संस्थाबाट कहाँको सामाजिक अन्तरनिर्भरता र कसरी हुनसक्ला महिला सशक्तीकरण ? यिनीहरूले त कर्जा दिन्छन्, ब्याज असुल्छन् अनि ऋणीले कर्जा तिर्न नसकेको अवस्थामा ऋणीको घरमा पुगेर उनीहरूको रहलपहल जेथा निर्दयतापूर्वक जफत गरी लैजान्छन् ।' - यस्ता जिज्ञासा र टिप्पणीहरू हिजोआज धेरै सुन्न थालिएको छ ।

यस्तो विश्लेषणलाई पनि हामीले अन्यथा सम्झनु हुँदैन । किनभने कम्पनीको रूपमा दर्ता भई बैंकिङ गतिविधि गर्न भनेर केन्द्रीय बैंकबाट इजाजत पाएको संस्था भन्नेबित्तिकै तिनले बचत सङ्कलन गर्ने, कर्जा दिने अनि ब्याज आर्जन गरेर नाफा कमाई सरकारलाई मोटो रकम कर तिर्ने गरेको कुरा सोह्रै आना सत्य हो । तर, यहाँनेर उल्लेखनीय कुरा चैँ के छ भने कुनै पनि देशको वित्तीय वा मौद्रिक बजारमा विभिन्न किसिमका संस्थाहरू रहेका हुन्छन् । तीमध्ये गरिबलाई मात्र वित्तीय र अन्य सेवा प्रदान गर्ने लोककल्याणकारी चरित्रसमेत बोकेका सामाजिक बैंक पनि हुने गर्छन् । त्यस प्रकृतिका संस्थाहरूबाट गरिने सामाजिक आर्थिक क्रियाकलापलाई नै समग्र रूपमा लघुवित्त सेवा भन्ने गरिन्छ । यस्ता संस्थाहरूको माध्यमबाट गरिब र पछाडि पारिएका समुदायलाई माथि उकास्ने उद्देश्यले लघुकर्जा लगायतका विभिन्न सेवा प्रदान गरिन्छ ।

नेपालमा पनि बचत तथा कर्जासम्बन्धी काम गरी नाफा आर्जन गर्ने चार प्रकारका वित्तीय संस्थाहरू हाम्रो केन्द्रीय बैंकको दायराभित्र रहेका छन् । ती चारमध्ये चौथो नम्बरमा रहेका ('घ' श्रेणीका) यी लघुवित्तको मात्र काम गर्ने संस्थाहरूले गरिबका घरआँगनसम्म पुगेर सेवा प्रदान गर्नेगरेका छन् । यसबाहेक केही सहकारी संस्थाहरूले पनि लघुवित्तको नमूनालाई अनुसरण गर्दै फाट्फुट् रूपमा यस किसिमको अभ्यास गरिरहेको देखिन्छ ।

'भिन्न-भिन्न प्रकारका गरिबीलाई समूल रूपमा अन्त्य गर्ने यो लक्ष्य परिपूर्तिका लागि लघुवित्त सेवा अझ प्रभावकारी माध्यम बन्न सक्छ ।'

नेपालको केन्द्रीय बैंकको दायरामा रहेका बाँकी तीन थरीका वित्तीय संस्थाहरू भनेका (क, ख तथा ग वर्गका) मूलधारका बैंकिङ संस्थाहरू हुन् । यी संस्थाबाट सेवा प्राप्त गर्न ऋणी स्वयं बैंकमा पुग्नुपर्ने अनि दरिलो विश्वसनीय र आकर्षक धितो दिएपछि मात्र यिनीहरूले कर्जा प्रदान गर्ने गर्छन् भने चौथो श्रेणीमा रहेका यी लघुवित्त संस्थाहरूले चैँ सकेसम्म ग्रामीण र दुर्गम क्षेत्रमा बसोबास गर्ने धितो-जेथाको नाममा केही पनि नभएका विपन्नहरूका घर-आँगनमै पुगेर सेवा प्रदान गर्दछन् । त्यसैले गर्दा बैंकिङ सेवासँग सोभ्रो सम्बन्ध रहेका मूलधारका वाणिज्य बैंक वा वित्त कम्पनीको भन्दा लघुवित्त संस्थाको परिचय बेग्लै र अत्यन्तै विशिष्ट प्रकारको छ । यिनीहरूको सम्बन्ध सोभ्रै गरिबसँग जोडिएको छ ।

यस अर्थमा समाजमा विपन्न अवस्थामा रहेका, वर्षभरिको आम्दानीले राम्ररी खान पनि नपुग्ने अनि आफ्नो नाममा धितो राख्ने सामान्य जेथा पनि नभएका र बैंकिङ विषयको फुट्टो ज्ञान नभएका वा बैंकको आँगन टेक्न नै हिच्किचाउने अवस्थामा रहेका र तीमध्ये पनि सामाजिक दृष्टिले पछाडि पारिएका महिला वर्गलाई मात्र खोजीखोजी उनीहरूकै आँगनमा पुगेर कुनै किसिमको जेथा नराखिकनै गरिब भएपनि उनीहरू इमान्दार हुन्छन् भन्ने विश्वासका साथ बिना धितो कर्जा दिने क्रियाकलापलाई नै लघुवित्त सेवा भन्ने गरिन्छ ।

पैसा मात्र होइन, त्यो पैसाबाट कसरी आफूलाई स्वरोजगारमय तुल्याउन सकिन्छ भन्ने कुराको ज्ञान र जानकारी समेत दिने, साक्षर बन्न उत्प्रेरित गर्ने, वातावरण संरक्षण र सरसफाइ लगायतका विषयमा सचेत गराउने, चुरोट-बिँडी सेवनलगायतका सामाजिक कुलतका विरुद्धमा उनीहरूलाई एकताबद्ध गर्ने आदिजस्ता काम पनि लघुवित्त सेवाका आधारभूत मान्यताहरू हुन् । यस्ता लोककल्याणकारी मान्यताहरूको जगमा टेकेर नेपाललगायत संसारका थुप्रै देशहरूमा लघुवित्तका गतिविधिहरू सञ्चालन हुने गरेका छन् । लघुवित्तका पिता भनिने बंगलादेशका प्राध्यापक मोहमद युनुसले पनि यही अवधारणालाई अगाडि सार्दै आफ्नै अग्रसरतामा त्यहाँ लघुवित्तको अभ्यास गरी त्यसमा सफलता प्राप्त गरेपछि संसारभरि यो अभियानले लोकप्रियता पाएको हो ।

अर्कातर्फ संयुक्त राष्ट्र सङ्घीय महासभाले विश्वव्यापी विकास एजेण्डाका रूपमा दिगो विकासका लक्ष्यहरू निर्धारण गरेको छ । सन् २०१५ को सेप्टेम्बरमा निर्धारण गरेका त्यस्ता लक्ष्यहरूलाई १७ वटा बुँदामा उल्लेख गरिएको छ । ती लक्ष्यहरू सन् २०३० सम्ममा हासिल गरिसक्ने भनेर समयावधि पनि निर्धारण गरिएको छ । यी १७ वटा लक्ष्यसँगै १६९ वटा सहायक परिमाणात्मक लक्ष्यहरू पनि तय गरिएका छन् ।

यसरी निर्धारित लक्ष्यहरू मध्येका केही लक्ष्यहरू हासिल गर्न लघुवित्त क्रियाकलाप पनि एउटा भरपर्दो माध्यम हुनसक्ने भएकाले यस अभियानलाई सो उद्देश्य परिपूर्तिका लागि उपयुक्त औजारको रूपमा उपयोग गरिनुपर्ने धेरैको ठम्याई रहेको छ । यसबाहेक कतिपय लक्ष्यहरू प्राप्तिका लागि लघुवित्तले परोक्ष वा घुमाउरो तरिकाले पनि सघाउ पुऱ्याइरहेको देखिन्छ । यसप्रकार दिगो विकाससम्बन्धी दस्तावेजमा उल्लिखित लक्ष्य प्राप्तिका लागि लघुवित्त क्रियाकलाप भरपर्दो र सशक्त माध्यम बन्न

सक्ने कुरा सर्वस्वीकार्य भैसकेको छ । यही तथ्यलाई मनन गर्दै संसारका कतिपय मुलुकहरूले लघुवित्तका कियाकलापलाई उक्त लक्ष्यसँग आबद्ध गर्दै विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । लघुवित्तको उठान भएको मुलुक बंगलादेश र छिमेकी राष्ट्र भारतमै पनि यस किसिमको अभ्यास भैरहेको देखिन्छ । चालु पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७ – २०८०/८१) ले पनि दुर्गम र पछाडि पारिएको क्षेत्रमा वित्तीय पहुँच विस्तार गर्न लघुवित्त वित्तीय संस्थालाई प्रोत्साहन गरिने भनी उल्लेख गरिएको छ (पन्ध्रौं योजना पेज ८८) । यसबाहेक राष्ट्रिय योजना आयोगले **नेपालमा दिगो विकास लक्ष्यको वर्तमान अवस्था र भावी कार्ययोजना २०१६–२०३०** समेत प्रकाशमा ल्याइसकेको छ । यसैगरी वि.सं. २०७४ मा **ऐच्छिक राष्ट्रिय समीक्षा प्रतिवेदन** तयार गरी संयुक्त राष्ट्रसङ्घीय उच्चस्तरीय राजनीतिक मञ्चमा प्रस्तुत गरिसकिएको छ । यी दस्तावेजहरूले दिगो विकास लक्ष्य कार्यान्वयनमा नीतिगत मार्गदर्शन गर्नुका साथै उक्त लक्ष्यलाई आन्तरिकीकरण गर्ने कार्यमा सघाउ पुऱ्याएका छन् ।

> 'दिगो विकासको लक्ष्यले उल्लेख गरेको समृद्धिको उचाइमा पुग्न आवश्यक पर्ने जग वा आधारशीला निर्माणका दृष्टिले लघुवित्त अभियान संसारभरि नै सहयोगी हात बन्ने गरेको देखिन्छ ।'

यसै पृष्ठभूमिमा सन् २०३० सम्ममा प्राप्त हुनुपर्ने भनी तय गरिएको दिगो विकासका लक्ष्यहरू पूरा गर्न आवश्यक पर्ने विभिन्न कार्यक्रम वा औजारहरूमध्ये लघुवित्तको सेवा पनि एउटा प्रभावकारी माध्यम कसरी बन्नसक्छ अनि ती लक्ष्यहरूको प्राप्तीमा लघुवित्तले कुनरूपमा सघाउ पुऱ्याउने गरेको छ भन्ने विषयमा यस लेखलाई केन्द्रित गर्ने प्रयत्न गरिएको छ ।

## गरिबी निवारण

सन् २०३० सम्ममा पूरा गरिसक्नु पर्ने भनी तय गरिएको दिगो विकास लक्ष्यको सबैभन्दा पहिलो बुँदामा **"सबै क्षेत्रमा रहेको सबै किसिमको गरिबीको अन्त्य गर्ने"** भनी उल्लेख गरिएको छ । भिन्न-भिन्न भौगोलिक क्षेत्रमा रहेका भिन्न-भिन्न प्रकारका गरिबीलाई समूल रूपमा अन्त्य गर्ने यो लक्ष्य परिपूर्तिका लागि लघुवित्त सेवा अझ प्रभावकारी माध्यम बन्न सक्छ । किनभने, लघुवित्त बैंकिङ भनेकै गरिबलाई मात्र कर्जालगायतका वित्तीय सेवा प्रदान गर्ने गतिविधि भएको तथा जहाँ विपन्नहरूको झुण्ड छ त्यस्तो भूगोल वा समुदाय नै लघुवित्तको प्रमुख गन्तव्य हुने गरेकोले गरिबीको अन्त्य गर्नेजस्तो महान लक्ष्य प्राप्तिका लागि लघुवित्त अभियान स्वतः महत्वपूर्ण माध्यम बन्न पुगेको छ ।

लघुवित्त भनेको सिद्धान्ततः गरिबमध्येको पनि अति गरिबमा जाने पद्धतिको बैंकिङ सेवा हो । लघुवित्त बैंकिङमा कर्जा प्रवाह गर्दा पनि समूहमा रहेका सबैभन्दा गरिबलाई पहिले दिने गरिन्छ, अनि मात्र बाँकी सदस्यलाई प्रदान गरिन्छ । कर्जा रकमका भरमा मात्र उनीहरू स्वरोजगार बनिहाल्न सक्दैनन् भनेर त्यससँगै सीप र क्षमता विकासका अवसरहरू पनि प्रदान गर्ने गरिन्छ ।

## कृषि क्षेत्रको प्रवर्द्धन

दिगो विकास लक्ष्यको बुँदा नम्बर २ मा **भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने** अनि दिगो कृषि प्रवर्द्धन गर्ने भनेर उल्लेख गरिएको छ । लघुवित्त क्षेत्रले आफ्नो सेवा प्रवाह गर्ने लक्षित समूह भनेकै मूलतः आफ्नो सम्पूर्ण समय कृषि कर्ममा व्यतीत गर्ने, खेत खलिहान र माटोमै खेल्ने, हुर्कने अनि चरनक्षेत्र वरिपरि रहेर विभिन्न किसिमका पशुपालन गर्ने समुदाय हो । यस अर्थमा लघुवित्तले प्रदान गर्ने सेवा (लगभग शतप्रतिशत नै) कृषि क्षेत्रमै केन्द्रित हुने गरेको छ भन्दा अत्युक्ति हुँदैन । यसबाहेकका क्षेत्रमा हुने छिटपुट लगानी पनि कृषि उत्पादनमा आधारित वस्तु र तिनको ओसारपसार, प्रशोधन एवं बिक्रीसँग सम्बन्धित भएकाले लघुवित्तका सबै लगानी कृषिमै केन्द्रित हुने गर्छन् भन्न सकिन्छ । यसप्रकार कृषि क्षेत्रलाई दिगोरूपमा प्रवर्द्धन गर्ने कार्यमा लघुवित्तका माध्यमबाट महत्वपूर्ण रूपमा सघाउ पुग्ने गरेको देखिन्छ ।

## समृद्ध जीवनस्तर

दिगो विकास लक्ष्यको तीन नम्बर बुँदामा **समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने** भनेर उल्लेख गरिएको छ । समाजभित्र अति विपन्न अवस्थामा रहेर जीवन गुजारिरहेका पछाडि पारिएका समुदायलाई समृद्ध अवस्थासम्म पुऱ्याउनु भनेको निकै कठिन यात्रा हो । यो लक्ष्य पूरा गर्न धेरैवटा खुड्किला पार गर्दै चरणबद्ध रूपमा अगाडि बढ्नुपर्ने हुन्छ । त्यसका लागि सबैभन्दा पहिले त्यो वर्गलाई न्यूनतम सामाजिक र आर्थिक अवसरहरू प्रदान गरेर अति विपन्नबाट विपन्न वा सामान्य सामाजिक आर्थिक हैसियतमा ल्याइपुऱ्याउनु पर्छ, अनि मात्र समृद्धिको भऱ्याङमा उक्लने आधार वा जग तयार हुन्छ ।

यसका लागि सर्वप्रथम त्यस्तो समुदायमा सामाजिक आर्थिक कार्यक्रम लानुपर्ने हुन्छ । लघुवित्त कार्यक्रमले त्यस्ता समुदायमा

पुगेर उनीहरूलाई सामाजिक र आर्थिक विकासका अवसरहरू प्रदान गर्दै अति विपन्नको अवस्थाबाट केही हदसम्म माथि उठाउने काम गर्ने गरेको छ । यसरी कोरा र अनुत्पादक जनशक्तिका रूपमा रहेको वर्गलाई थोरै भए पनि इलमी वा व्यावसायिक बनाउने काम लघुवित्त अभियानले निरन्तर गरिरहेकै हुन्छ । यसरी स्वरोजगारको बाटो समातिसकेका वा व्यावसायिक मार्गमा हिँड्दै गरेको समुदायलाई समृद्धितर्फ डोऱ्याउन सजिलो हुन्छ । अर्थात्, भऱ्याङको तल्लो खुड्किलो टेकिसकेकाहरूलाई मात्र माथि उकाल्न सहज हुन्छ । गरिबीको दलदलमा भासिएका वर्गलाई त्यहाँबाट उकास्दै सो खुड्किलो टेकाउने काममा लघुवित्त सेवा प्रभावकारी माध्यम बन्ने गरेको छ । यसप्रकार दिगो विकासको लक्ष्यले उल्लेख गरेको समृद्धिको उचाइमा पुग्न आवश्यक पर्ने जग वा आधारशीला निर्माणका दृष्टिले लघुवित्त अभियान संसारभरि नै सहयोगी हात बन्ने गरेको देखिन्छ ।

> 'दिगो विकास लक्ष्यको बुँदा नम्बर ३ मा उल्लिखित स्वस्थ जीवनको सुनिश्चितता, बुँदा नम्बर ६ मा उल्लिखित सरसफाइको उपलब्धता तथा बुँदा नम्बर १५ मा उल्लिखित पर्यावरणीय चेतना अभिवृद्धिका दृष्टिले पनि लघुवित्त कार्यक्रम अप्रत्यक्षरूपमा सहयोगी क्षेत्र बन्न पुगेको देखिन्छ ।'

## शिक्षा एवं साक्षरता

भनिन्छ "एउटा पुरुष साक्षर हुनु भनेको ऊ मात्र माथि उठ्नु हो तर महिला साक्षर हुनु भनेको सिङ्गै परिवार शिक्षित र चेतनशील हुनु हो ।" महिला सचेत र आर्थिक रूपमा सक्षम भएपछि उनले छोराछोरीलाई गुणस्तरीय शिक्षा दिन्छिन् । लघुवित्त गतिविधिमा संलग्न भएपछि आफू अङ्गुठा छापको स्तरबाट थोरै भए पनि माथि उक्लन पाएको अनि छोराछोरीलाई पनि गुणस्तरीय विद्यालयमा पठाउन सक्षम हुनसकेको कुरा लघुवित्त सेवा उपभोग गरेका धेरै ऋणी महिलाहरूले व्यक्त गर्ने गरेको यथार्थ हो । नेपालमै पनि असंख्य ऋणी महिलाहरू यसरी लाभान्वित भैसकेका कुरा पुस्तकमा प्रकाशित सफलताका कथा, यस क्षेत्रमा गरिएका केही केसस्टडी तथा विभिन्न अध्ययन अनुसन्धानका प्रतिवेदनहरूले पुष्टि गरिसकेका छन् । यसप्रकार दिगो विकास लक्ष्यको बुँदा नम्बर ४ मा उल्लेख गरिएको गुणात्मक शिक्षासम्बन्धी उद्देश्य हासिल गर्न पनि लघुवित्त कार्यक्रम धेरै हदसम्म उपयोगी हुने देखिन्छ ।

## स्वास्थ्य, सरसफाइ तथा वातावरण संरक्षण

लघुवित्त अभियानअन्तर्गत सदस्यहरूलाई साप्ताहिक वा पाक्षिक रूपमा भेला गराई बैठक सञ्चालन गर्ने गरिन्छ । छोराछोरीलाई विद्यालय पठाउने, स्वास्थ्यप्रति सतर्क रहने, वातावरणीय सरसफाइमा ध्यान दिने, कुलतबाट परिवारलाई मुक्त राख्नेजस्ता विषयमा सामूहिक प्रतिबद्धता व्यक्त गर्दै बैठकको आरम्भ गरिने अनि यिनै नाराहरू फेरि दोहोऱ्याउँदै बैठक अन्त्य गरिन्छ । यस्ता विषयको ज्ञान र जानकारी उनीहरूलाई सदस्य बन्नुपूर्व दिइने तालिम वा प्रशिक्षणका क्रममा पनि अनिवार्य रूपमा दिने गरिन्छ । यसप्रकार लघुवित्त क्रियाकलापले आफ्ना सदस्यहरूलाई शिक्षा, स्वास्थ्य, सरसफाइ तथा वातावरण संरक्षण सम्बन्धमा चेतनशील बनाउने काम नजानिँदो रूपमा निरन्तर गरिरहेको हुन्छ । मान्छे शिक्षित र चेतनशील भैसकेपछि ऊ स्वभाविक रूपमा स्वास्थ्यप्रति पनि सचेत हुँदैजान्छ र स्वस्थ जीवनको सुनिश्चितताको आधार पनि फराकिलो बन्दैजान्छ । अतः दिगो विकास लक्ष्यको बुँदा नम्बर ३ मा उल्लिखित स्वस्थ जीवनको सुनिश्चितता, बुँदा नम्बर ६ मा उल्लिखित सरसफाइको उपलब्धता तथा बुँदा नम्बर १५ मा उल्लिखित पर्यावरणीय चेतना अभिवृद्धिका दृष्टिले पनि लघुवित्त कार्यक्रम अप्रत्यक्षरूपमा सहयोगी क्षेत्र बन्न पुगेको देखिन्छ ।

## लैङ्गिक समानता र महिला सशक्तीकरण

दिगो विकास लक्ष्यको बुँदा नम्बर ५ मा लैङ्गिक **समानता हासिल गर्ने तथा महिलालाई सशक्त बनाउने** भनी उल्लेख गरिएको छ । लघुवित्तमा महिलाहरूलाई मात्र सदस्य बनाइने, सामान्यतया: ५० जनासम्म सदस्य रहेको एउटा पूर्ण केन्द्र निर्माण गरिने, त्यस केन्द्रमा रहेका सदस्यहरूमध्येबाट केन्द्रको अध्यक्ष, उपाध्यक्ष लगायतका पदाधिकारीहरू चयन गरिने र ती पदाधिकारीकै संयोजनमा केन्द्रको बैठक सञ्चालन हुने आदि प्रक्रिया अनिवार्यरूपमा गरिने भएकाले यस्ता गतिविधिको माध्यमबाट महिला वर्गमा नेतृत्व क्षमताको विकास नजानिँदो रूपमा भइरहेको देखिन्छ ।

यसरी सामाजिक-आर्थिक रूपमा सबैभन्दा पछाडि पारिएका र निरक्षर अवस्थामा रहेका वर्ग वा समुदायमा पुगेर गरिएको यस किसिमका अभ्यासबाट केन्द्र सदस्यका रूपमा रहेका महिलाहरूले आत्मसम्मानको अनुभूति गर्न पाएका छन् । आफूले प्राप्त गरेको लघुकर्जाबाट समुदायस्तरमा मात्रै भए पनि उद्यमी व्यवसायीको रूपमा आफूलाई परिचित गराउन पाएका छन् । आफ्नै हातले

आफ्नो नाम लेख्नसक्ने भएका छन् । यसप्रकार लघुवित्तले विस्तार गरेका यस्ता सामाजिक आर्थिक गतिविधिको माध्यमबाट लैङ्गिक समानता र महिला सशक्तीकरण दुवै लक्ष्य एकसाथ प्राप्त गर्न सघाउ पुगेको देखिन्छ ।

## आधुनिक ऊर्जाको पहुँच

**किफायती, भ्यहोर्न सकिने र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने** भनी दिगो विकास लक्ष्यको बुँदा नम्बर ७ मा उल्लेख गरिएको छ । लघुवित्तले गरिब समुदायलाई पशुपालनका लागि वित्तीय स्रोत उपलब्ध गराउने गर्छ । यसबाट उनीहरूका घरगोठमा गोबर ग्याँसजस्ता प्रविधिका लागि अवश्यक पर्ने मल अर्थात् गोबरको सहज आपूर्ति हुन गई किफायती प्रविधिका ऊर्जाको उपयोग गर्ने अवसर प्राप्त हुनसकेको देखिन्छ ।

हिजोआज सोलार प्रविधि गरिबका झुपडीमा पनि देख्न थालिएको छ । लघुवित्त सेवा प्रदायकहरूको गरिबसँग सोझो सम्बन्ध र पहुँच भएका कारण यस्ता ऊर्जाको विस्तारमा संलग्न सम्बन्धित संयन्त्र वा संस्थाहरूले लघुवित्त संस्थासँग सहकार्य गरी सुलभ र सहुलियतपूर्ण कर्जामार्फत त्यस्ता ऊर्जाको पहुँच गरिबका घरसम्म पुऱ्याउने अभ्यास गर्ने गरेको देखिन्छ । यसप्रकार दिगो विकास लक्ष्यमा उल्लेख गरिएको किफायती र आधुनिक ऊर्जालाई गरिब समुदायसम्म पुऱ्याउन लघुवित्त कार्यक्रम यससँग सम्बन्धित सबैका लागि सहयोगी अङ्ग बन्ने गरेको छ ।

> 'विपन्नको आयआर्जन बढ्दै गएपछि सामाजिक र आर्थिक असमानताको दूरी पनि स्वत: खुम्चँदै जाने भएकाले असमान सम्बन्धमा तय गरिएको यो लक्ष्य प्राप्तिमा लघुवित्तका माध्यमबाट सघाउ पुगिरहेको देखिन्छ ।'

## उत्पादनशील रोजगारी एवं मर्यादित काम

दिगो विकास लक्ष्यको बुँदा नम्बर ८ मा **सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रोत्साहन गर्ने** भनी उल्लेख गरिएको छ । लघुवित्त सिद्धान्ततः महिला, दलित, उत्पीडित आदि वर्गलाई मूल गन्तव्य बनाएर हिँड्ने कार्यक्रम भएकाले यसको सेवा स्वत: समावेशी चरित्रको हुन्छ र यसबाट सबैका लागि समावेशी र दिगो आर्थिक विकास भन्ने लक्ष्य प्राप्तिमा प्रत्यक्षरूपमै सघाउ पुग्ने गरेको देखिन्छ । यस्ता वित्तीय कार्यक्रमबाट उत्पादनशील रोजगारी सिर्जना गर्ने काम निरन्तर हुने गरेको छ ।

इलम वा रोजगारीका अवसर नभएको अवस्थामा मान्छेले यदाकदा सामाजिक दृष्टिले अशोभनीय वा अमर्यादित काम पनि गर्ने गरेको देखिन्छ । लघुवित्त बैंकिङले त्यस्तो समुदायमा प्रवेश गरी ती वर्गलाई सीप तालिम र पुँजीमार्फत स्वरोजगारको अवसर प्रदान गरेर जनसाधारणलाई त्यस्ता असामाजिक वा न्यूनस्तरका काममा लाग्नुपर्ने अवस्थाबाट मुक्त तुल्याउने गरेको छ । घरकी महिलाले लघुवित्त कार्यक्रमको माध्यमबाट कुनै पनि किसिमको इलम व्यवसाय आरम्भ गरेपछि परिवारका पुरुष सदस्यले पनि त्यसमा सघाउ पुऱ्याउन भई दुवैको संयुक्त श्रम त्यसमा उपयोग हुनजान्छ । फलस्वरूप सो परिवारका पुरुष सदस्यले पनि अर्को कुनै अमर्यादित कामको सहारा लिनुपर्ने बाध्यता हुँदैन अनि समुन्नत समाजको निर्माणमा सघाउ पुग्छ ।

## असमानता न्यूनीकरण

दिगो विकास लक्ष्यको बुँदा नम्बर १० ले असमानताको दूरी हटाउँदै लैजाने परिकल्पना गरेको छ । महिलाहरूलाई मात्र लघुवित्तले सदस्य बन्ने अवसर प्रदान गर्ने भएकाले यसबाट लैङ्गिक असमानता कम गर्नमा ठूलो सघाउ पुगेको छ । लघुवित्त कार्यक्रममा संलग्न भएपछि आमाहरूले छोराछोरीलाई स्तरीय शिक्षा दिन थालेका छन् जसले गर्दा शैक्षिक क्षेत्रमा देखिएको असमानताको दूरीलाई केही कम गर्न यसबाट मद्दत पुगेको छ । लघुवित्त बैंकिङले दिएको कर्जा रकमले सञ्चालित विभिन्न आयमूलक परियोजनाका माध्यमबाट गरिबको आय बढेपछि आयसम्बन्धी असमानता घटेको छ । आम्दानी बढेपछि उपभोग पनि स्वत: बढ्ने भएकोले उपभोगमा भएको असमानतालाई पनि न्यून तुल्याउने यसबाट योगदान पुगेको छ । यसप्रकार विपन्नको आयआर्जन बढ्दै गएपछि सामाजिक र आर्थिक असमानताको दूरी पनि स्वत: खुम्चँदै जाने भएकाले असमानता सम्बन्धमा तय गरिएको यो लक्ष्य प्राप्तिमा लघुवित्तका माध्यमबाट सघाउ पुगिरहेको देखिन्छ ।

## दिगो उपभोग एवं उत्पादन

दिगो विकास लक्ष्यको बुँदा नम्बर १२ ले उत्पादन र उपभोग दिगोरूपमा हुनुपर्ने कुरा उल्लेख गरेको छ । साधन स्रोतको अभावका कारण कतिपय समुदाय वरपरका जमीनको उपयोग उत्पादनमूलक र व्यावसायिक रूपमा हुन सकेको छैन । त्यस्ता समुदायका घरआँगनसम्म पुगेर लघुवित्तले पैसा र इलम दुवै दिएपछि त्यस्तो असरल्ल र बाँझो भू-भाग उब्जाउ भूमिमा

परिणत हुने गरेका छन् । आफू बसोबास गर्ने आँगनमा पशुपक्षीका गोठ निर्माण हुन थालेका छन् र तिनका मल गोबर आदिको उपयोग गर्दै आधुनिक ऊर्जाको पनि उपभोग गरिब समुदायले गर्न थालेका छन् । यसबाहेक लघुवित्तले ऋणी सदस्यको व्यावसायिक क्षमताको आधारमा कर्जा रकममा समेत क्रमिक रूपमा विस्तार गर्दै जाने भएकाले त्यसबाट पनि उनीहरूले गर्ने गरेको उत्पादन एवं उपभोगको अवस्था दिगो हुँदैजाने देखिन्छ । यसबाहेक पृथ्वीको संरक्षणलगायतका वातावरणीय शिक्षा पनि लघुवित्तको सेवासँगै प्रवाह गरिने हुनाले प्राकृतिक स्रोतको दोहन गर्दा यसतर्फ पनि विचार गर्नुपर्छ भन्ने कुरामा उनीहरु सजग हुने गरेका छन् ।

## समावेशी एवं शान्तिपूर्ण समाजको प्रवर्द्धन

भनिन्छ, समाजमा आर्थिक र सामाजिक विभेद जति कम हुने गर्छ द्वन्द्वका सम्भावनाहरू पनि त्यतिकै न्यून बन्दै जान्छन् । दिगो विकासका लागि समावेशी पद्धति निर्माण गर्नुका साथै शान्तिपूर्ण समाजको प्रवर्द्धन गरिनुपर्ने कुरालाई यससम्बन्धी लक्ष्यको बुँदा नम्बर ८ तथा १६ मा उल्लेख गरिएको देखिन्छ । यहाँ उल्लेख गरिएको शान्तिपूर्ण समाज भन्नु नै द्वन्द र विभेदरहित समाजको परिकल्पना हो ।

विकासको मूलधारबाट टाढिएका र सबैभन्दा गरिब अवस्थामा रहेका नागरिकको आँगन नै लघुवित्तको प्रमुख गन्तव्य हो । सामाजिक रूपमा, जातीय रूपमा वा लैङ्गिक रूपमा पछाडि पारिएकाहरूलाई समस्याको आहालबाट उकासेर मूलधारमा ल्याउनेजस्ता समावेशी अभ्यास त लघुवित्त कार्यक्रमले निरन्तर रूपमा गरिरहेकै हुन्छ । लैङ्गिक रूपमा पछाडि पारिएका समुदायलाई माथि उकास्न भन्दै महिलालाई मात्र सदस्य बनाउनु, उनीहरूलाई नै नेतृत्वको अवसर प्रदान गर्नु तथा उनीहरूमा अन्तरनिहित क्षमताअनुसारको उद्यम व्यवसाय सञ्चालनका लागि स्रोत-साधन जुटाइदिनु लघुवित्तको विशिष्ट परिचय हो ।

> 'लघुवित्तका क्षेत्रमा पनि अन्तर्राष्ट्रिय साझेदारीलाई बढावा दिने काम गरेर यसलाई दिगो विकासका लक्ष्य प्राप्तिमा अझ दरिलो र भरपर्दो साधनका रूपमा उपयोग गर्नु आवश्यक देखिन्छ ।'

यसप्रकार विपन्न र उत्पीडित समुदायका बासिन्दालाई व्यावसायिक अवसरको माध्यमबाट स्वरोजगारमय बनाउँदै शिक्षा, स्वास्थ्य तथा आम्दानी र उपभोगका क्षेत्रमा देखापरेको असमानतालाई घटाउने काम केही हदसम्म लघुवित्तका गतिविधिबाट भइरहेका छन् । बेरोजगार एवं विपन्न अवस्थामा रहेका नागरिकहरूले आफ्नो खेर गइरहेको श्रमलाई लघुवित्त सेवाको माध्यमबाट निर्माण गरिएका व्यावसायिक परियोजनामा उपयोग गर्दै आफूलाई उत्पादनमूलक गतिविधिमा संलग्न गराउन थालेपछि त्यहाँ द्वन्दका सम्भावनाहरू विस्तारै टाढिन थाल्छन् । समाजभित्र द्वन्द न्यून हुँदै जानु भनेकै शान्तिपूर्ण समाज निर्माणको आधार तयार हुनु हो । जुन कुरालाई नोबेल पुरस्कार चयनमा संलग्न विश्वप्रसिद्ध विद्वानहरूले सन् २००६ मा शान्तिका लागि नोबेल पुरस्कार प्राप्त गर्ने योग्य व्यक्तिहरू छनौट गर्ने क्रममा लघुवित्त क्षेत्रका मूल अभियन्ता मोहमद युनुसलाई सबैभन्दा उपयुक्त पात्रको रूपमा स्विकारेको घटनाले पनि पुष्टि गरिसकेको छ ।

## अन्तर्राष्ट्रिय साझेदारी एवं साधनको सुदृढीकरण

दिगो विकासका लागि कार्यान्वयनका उपाय र साधनहरूलाई सुदृढ गर्ने तथा अन्तर्राष्ट्रिय साझेदारीलाई बढावा दिने कुरा यससम्बन्धी लक्ष्यको बुँदा नम्बर १७ मा उल्लेख गरिएको छ । लघुवित्तका कार्यक्रमहरू पनि दिगो विकासका निर्धारित लक्ष्यहरू परिपूर्तिका लागि एउटा साधन वा माध्यम बन्न सक्छन् भन्ने कुरा माथिको विश्लेषणका आधारमा निर्धक्कसँग भन्न सकिन्छ । दिगो विकासका लक्ष्य कार्यान्वयनका लागि उपयोग हुने गरेका सबै खालका साधन वा उपायहरूलाई सुदृढ गर्ने सन्दर्भमा लघुवित्त क्रियाकलापले गर्ने गरेको योगदानलाई थप प्रभावकारी बनाउँदै यसलाई अझ घनीभूत रूपमा प्रवर्द्धन गर्नु आवश्यक देखिन्छ ।

यसैगरी यी लक्ष्यहरू हासिल गर्न अन्तर्राष्ट्रिय साझेदारीको आवश्यकता पर्ने कुरा पनि यस बुँदामा उल्लेख गरिएको छ । एक देशका लघुवित्त क्षेत्रले गरेको असल अभ्यासलाई अर्को देशले अनुसरण गरेर, यसको पहिलो अभ्यास भएको मुलुक बंगलादेशले अपनाएका विभिन्न तौरतरिकाहरू अन्य देशहरूमा प्रवर्द्धन गरेर वा माइकोफाइनान्ससम्बन्धी अन्तर्राष्ट्रियस्तरका सम्मेलनहरू सम्पन्न गरेर आआफ्ना अनुभवहरू एकअर्कामा साटासाट गर्ने अभ्यास गर्दै बुँदा नम्बर १७ मा भनिएजस्तै गरी लघुवित्तका क्षेत्रमा पनि अन्तर्राष्ट्रिय साझेदारीलाई बढावा दिने काम गरेर यसलाई दिगो विकासका लक्ष्य प्राप्तिमा अझ दरिलो र भरपर्दो साधनका रूपमा उपयोग गर्नु आवश्यक देखिन्छ ।

## लक्ष्यप्राप्तिको समग्र सम्भावना

यसप्रकार संयुक्त राष्ट्र सङ्घको महासभाले तय गरेका दिगो विकास लक्ष्यका बुँदा नम्बर १ मा रहेको गरिबी निवारणको कार्य, बुँदा नम्बर २ मा उल्लेख गरिएको दिगो कृषि प्रवर्द्धन, उन्नत पोषणको प्राप्ति र भोकमरी अन्त्यका कुरा, बुँदा नम्बर ५ मा उल्लेख गरिएको महिलालाई सशक्त बनाउँदै लैङ्गिक समानता कायम राख्ने विषय अनि बुँदा नम्बर ८ मा उल्लेख गरिएको समावेशी, उत्पादनशील रोजगारी र मर्यादित कामका अवसर सिर्जना गर्ने वातावरण तथा बुँदा नम्बर १० मा उल्लेख गरिएको असमानतालाई न्यून तुल्याउने प्रयत्न लघुवित्तका क्रियाकलापले प्रत्यक्षरूपमै गरिआएका छन् । यसबाहेक बाँकी बुँदामा उल्लेख गरिएका लक्ष्यहरू प्राप्तिका लागि पनि लघुवित्तका गतिविधिबाट परोक्ष रूपमा सघाउ पुग्ने गरेको देखिन्छ ।

यसरी सामाजिक, लैङ्गिक र जातीय रूपमा पछाडि पारिएका समुदायलाई नै आफ्नो मूल कार्यक्षेत्र बनाउँदै त्यस्ता समुदायका बासिन्दाहरूलाई स्वरोजगारका लागि आवश्यक स्रोत-साधन बिना धितो प्रदान गरेर लघुवित्तले समतामूलक समाज निर्माणका लागि गरेको प्रयत्न सह्राहनीय देखिन्छ । जसबाट द्वन्द्वको सम्भावनालाई न्यून पार्दै दिगो विकासका लागि तय गरिएको बुँदा नम्बर १६ मा उल्लिखित शान्तिपूर्ण र समावेशी समाज निर्माणमा समेत केही हदसम्म योगदान पुगिरहेको पाइन्छ ।

## नेपालको सन्दर्भ

नेपालले पनि संयुक्त राष्ट्र सङ्घको सदस्य राष्ट्रको हैसियतले माथि उल्लेखित दिगो विकासका यी लक्ष्यहरूप्रति आफ्नो ऐक्यबद्धता जनाइसकेको छ । यस सन्दर्भमा राष्ट्रिय योजना आयोगले विभिन्न रणनीति एवं प्रतिवेदन तयार गरिसकेको छ । नेपालको चालू योजनाले पनि दुर्गम र *पिछडिएको क्षेत्रमा वित्तीय पहुँच विस्तार गर्ने* अनि लघुवित्त संस्थामार्फत उक्त रणनीति सम्पन्न गर्ने भनी कार्यनीति तय गरेको छ (पन्ध्रौं योजना, पेज ८८) । जुन कार्यनीतिका माध्यमबाट दिगो विकास लक्ष्यको बुँदा नम्बर १, १० र १६ हासिल गर्न प्रत्यक्ष रूपमै सघाउ पुग्ने देखिन्छ ।

> 'कुल २८ लाख महिलाले लघुवित्त संस्थामार्फत रू. ४६८ अर्ब बराबरको (प्रतिव्यक्ति सरदर १ लाख ६० हजार) कर्जा प्राप्त गरी आयमूलक परियोजना सञ्चालन गरिरहेका छन् ।'

पन्ध्रौं पञ्चवर्षीय योजनामा दिगो विकास लक्ष्य कार्यान्वयनका लागि आवश्यक पर्ने वित्तीय स्रोत सरकारी, निजी तथा सहकारी एवं गैरसरकारी र घरपरिवार क्षेत्रबाट लगानी गरिने भनिएको छ । देशभरि हजारौंको संख्यामा रहेका सहकारी संस्थाहरू तथा भण्डै ५ हजारको संख्यामा रहेका लघुवित्त संस्थाका शाखाहरूबाट दिगो विकास लक्ष्यले निर्धारण गरेका कतिपय क्षेत्रमा कर्जालगायतका सेवा प्रवाह हुने गरेको छ । महिला सशक्तीकरण, गरिबी निवारण तथा समवेशीकरणजस्ता दिगो विकासका लक्ष्यहरू हासिल गर्ने दृष्टिले सहकारी र लघुवित्त क्षेत्रबाट भइआएको यस्तो लगानी अझ ज्यादा प्रभावकारी बन्नगएको अनुमान गर्न सकिन्छ ।

वि.सं. २०७७ असार मसान्तको विवरणअनुसार लघुवित्त वित्तीय संस्थाका ७७ वटै जिल्लामा फैलिएका शाखाहरूमार्फत विपन्न वर्गको परिभाषाभित्र पर्ने ४६ लाख महिलाले लघुवित्तको सेवा प्राप्त गरिरहेका छन् । यीमध्ये कुल २८ लाख महिलाले लघुवित्त संस्थामार्फत रू. ४६८ अर्ब बराबरको (प्रतिव्यक्ति सरदर १ लाख ६० हजार) कर्जा प्राप्त गरी आयमूलक परियोजना सञ्चालन गरिरहेका छन् (स्रोत: नेपाल राष्ट्र बैंक) । यसबाहेक लघुवित्त पद्धति अनुसरण गर्ने सहकारी संस्थाहरूबाट समेत ठूलो अंश वित्तीय स्रोत यस क्षेत्रमा प्रवाह भैरहेको देखिन्छ ।

### क) लैङ्गिक समानता र महिला सशक्तीकरणतर्फ

नेपालमा सञ्चालित लघुवित्त कार्यक्रमले महिलालाई मात्र सदस्य बनाई व्यवसाय सञ्चालन गर्न कर्जा दिने, उनीहरूलाई नेतृत्वको अवसर प्रदान गर्दै केन्द्र प्रमुखलगायतका पदाधिकारीको रूपमा रही केन्द्रको बैठक सञ्चालनको जिम्मेवारी दिने, विभिन्न तालिममार्फत उनीहरूको सीप र क्षमताको विकास गर्नेजस्ता गतिविधिहरू गरिआएका छन् । यी सबै गतिविधिहरूबाट महिला वर्गमा नेतृत्व क्षमताको विकास हुनुका साथै दिगो विकास लक्ष्यको बुँदा नम्बर ५ मा उल्लिखित लैङ्गिक समानता र सशक्तीकरणको उद्देश्य प्राप्तिमा महत्वपूर्ण रूपमा सघाउ पुगिरहेको देखिन्छ । यसबाहेक लघुकर्जा प्रवाह गर्नु अगाडि निरक्षर आमा-दिदीहरूलाई थोरै भए पनि साक्षर बनाई कर्जा तमसुकमा ल्याप्चेका साथमा दस्तखतसमेत अनिवार्यरूपमा गर्नुपर्ने पद्धति अपनाएर महिला साक्षरताको दियोमा तेल थप्ने काम पनि लघुवित्त क्रियाकलापको माध्यमबाट निरन्तर रूपमा भइआएको छ ।

यसरी लघुवित्त अभियानमा संलग्न भएपछि घरकी आमा स्वयं साक्षरताको बाटोमा लाग्ने, शिक्षाको महत्व बुझ्ने अनि स्वास्थ र सरसफाइप्रति सजग रहने हुनाले परिवारका अन्य सदस्यलाई पनि उनैले यसप्रति सजग गराउँछिन् । व्यावसायिक सीप र इलमका माध्यमबाट आम्दानीस्तर बढेपछि उनीहरूले छोराछोरीलाई गुणस्तरीय शिक्षा प्रदान गर्न समेत सकेका हजारौं उदाहरणहरू ७७ वटै जिल्लामा देख्न सकिन्छ । लघुवित्त सेवाको माध्यमबाट प्राप्त अवसरलाई उपयोग गर्दै महिला वर्गले यसरी आफू र आफ्नो घरपरिवारलाई समुन्नत पार्न सकेका कारण बुँदा नम्बर ४ मा उल्लिखित समावेशी र गुणात्मक शिक्षासम्बन्धी लक्ष्य र बुँदा नम्बर ६ को सरसफाइसम्बन्धी विषयमा मात्र नभएर बुँदा नम्बर १० मा उल्लिखित असमानता न्यून पार्ने र बुँदा नम्बर १२ र १५ मा उल्लिखित पर्यावरणसँग सम्बन्धित लक्ष्य परिपूर्तिमा समेत केही न केही योगदान पुग्नजाने देखिन्छ ।

> 'लघुवित्तले विपन्न र उत्पीडित समुदायमा पुगी स्थानीयस्तरमा रहेको परम्परागत सीपलाई ताजा तुल्याउँदै प्राप्त स्रोत साधनको उपयोग गराउने काम गरिरहेका हुन्छन् ।'

### ख) गरिबी निवारणतर्फ

लघुवित्तका माध्यमबाट प्रवाह हुने स्रोत-साधन वास्तविक गरिब र विपन्न वर्गमै मात्र पुग्नसकोस् भन्ने उद्देश्यले अत्यन्तै पछाडि पारिएका र लैङ्गिक रूपमा समेत असमानतामा पारिएका समुदायमा मात्र लघुकर्जा लगायतका सेवा प्रवाह हुनेगरी नेपालमा यस किसिमको वित्तीय सेवा प्रदान गर्ने संस्थाहरूको विस्तार गरिएको पाइन्छ । नेपाल राष्ट्र बैंकले पनि गरिबी निवारणमा सक्दो सघाउ पुऱ्याउने उद्देश्यले विपन्न वर्ग र समुदायमा प्रवाह हुनेगरी वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीले आफ्नो कुल कर्जा लगानीको निश्चित प्रतिशत तोकिएको रकम विपन्नको परिभाषाभित्र पर्ने घरपरिवारमा अनिवार्य रूपमा लगानी गर्नुपर्ने व्यवस्था गरेको छ ।

हाम्रो केन्द्रीय बैंकले निर्धारण गरेको यो नीतिगत व्यवस्थाबाट दिगो विकास लक्ष्यको पहिलो नम्बरमा उल्लेख गरिएको गरिबी निवारणसम्बन्धी उद्देश्य परिपूर्तिमा महत्वपूर्ण रूपमा सघाउ पुगेको देखिन्छ । गरिबका घरआँगनमा यस्तो स्रोत प्रवाह गर्ने सबैभन्दा प्रभावकारी माध्यम भनेकै लघुवित्त सेवा सञ्जाल हो भन्ने कुरा ठहर गर्दै नेपाल राष्ट्र बैंकले विपन्न वर्गमा प्रवाह हुनुपर्ने भनी तोकिएको उक्त रकम लघुवित्तको सेवा प्रदान गर्ने संस्थाहरूमार्फत नै गरिबका घरआँगनसम्म पुग्नसक्ने व्यवस्था मिलाएको छ । यद्यपि माथि उल्लिखित तीनै थरीका वित्तीय संस्था स्वयंले प्रत्यक्ष रूपमै पनि यस्तो सेवा प्रदान गर्न सक्दछन् । यसरी मूलधारका वित्तीय संस्थाबाट सङ्कलित ठूलो रकम लघुवित्तको सेवा गर्ने संस्थाहरूमार्फत गरिब समुदायमा प्रवाह हुने पद्धतिबाट नेपालमा गरिबी न्यूनीकरणका लागि लघुवित्त क्रियाकलापको गहन भूमिका रहेको कुरा प्रष्ट हुन्छ ।

विगतमा ग्रामीण विकास बैंकका शाखाहरू, सहकारी संस्थाहरू तथा वित्तीय मध्यस्थताको काम गर्ने गैरसरकारी संस्थाहरूबाट समेत गरिबी न्यूनीकरणमा टेवा पुग्नेगरी लघुवित्तको मोडालिटीमा लघुकर्जा प्रवाह हुने गरेकोमा हाल देशमा कायम रहेका लघुवित्त संस्थाका शाखाहरू तथा केही सहकारी संस्थाहरूमार्फत देशका ७७ वटै जिल्लामा रहेका गरिब परिवारका आँगनसम्म यस्तो सेवा पुगिसकेको पाइन्छ । यी सबै क्रियाकलापहरूबाट दिगो विकाससम्बन्धी सबैभन्दा पहिलो लक्ष्यको रूपमा अर्थात् बुँदा नम्बर १ मा रहेका देशभित्र सबै क्षेत्रमा रहेका सबै किसिमको गरिबी अन्त्य गर्ने कार्यमा महत्वपूर्ण रूपमा सघाउ पुगेको देखिन्छ ।

## स्थानीयस्तरमा समन्वयको अवस्था

नेपालका हरेक प्रदेश वा पालिकाहरूमा दिगो विकासका लक्ष्य प्राप्तिमा सहयोग पुग्ने गरी विभिन्न किसिमका विकासका कार्यक्रमहरू सञ्चालन गरिएको पाइन्छ । धेरैजसो त्यस्ता कार्यक्रमहरू गरिब परिवारको सामाजिक र आर्थिक उत्थानतर्फ केन्द्रित हुने गरेको देखिन्छ । तर, स्थानीयस्तरमा सञ्चालन हुने यी कार्यक्रम र लघुवित्त सेवाबीच कुनै किसिमको समन्वय वा तालमेल भैरहेको देखिँदैन ।

यस किसिमको तालमेल नहुँदा पनि दुवै ढाँचाका कार्यक्रमहरूले महिला सशक्तीकरण, लैङ्गिक समानता, गरिबी न्यूनीकरण, मर्यादित कामको प्रवर्द्धन एवं गुणात्मक शिक्षा, समावेशी समाजको निर्माण आदिजस्ता क्षेत्रमा आआफ्नै ढङ्गले धेरथोर योगदान पुऱ्याइरहेकै छन् र यसबाट दिगो विकासको लक्ष्य प्राप्तिमा केही मात्रामा सघाउ पुगिरहेको पनि देखिन्छ । यदि यी दुई अलग-अलग कार्यक्रमहरूबीच स्थानीयस्तरमा समन्वय पनि कायम गर्न सकिएमा एउटाको कार्यक्रम र गतिविधिबाट अर्कोथरि अझ बढी लाभान्वित हुन गई दुवै किसिमका कार्यक्रमहरू आआफ्नो उद्देश्य प्राप्तिमा अझ प्रभावकारी बन्नसक्ने हुनेछन् ।

उदाहरणको लागि लघुवित्त संस्थाले मूलतः आफ्ना समूह सदस्यलाई वित्तीय साधन प्रदान गर्छ । तर, यी संस्थाले पैसा दिएको भरमा मात्र उसका ऋणी सदस्यहरू उद्यमशील बनिहाल्छन् भन्न सकिँदैन । यसरी प्रवाह भएको कर्जा रकमका माध्यमबाट अझ प्रभावकारी रूपमा उत्पादन बढाउने र ऋणी सदस्यको समाजिक आर्थिक हित गर्ने हो भने त्यस्तो वित्तीय साधन सँगसँगै उसलाई बजार सञ्जालसँगको सहज पहुँच, सीप र क्षमता विकासको अवसर, बाली वा पशुधनमा लाग्नसक्ने रोगको उपचार आदिसँग सम्बन्धित स्थानीयस्तरका सेवासँगको आबद्धता आदिजस्ता गतिविधिहरूलाई पनि वित्तीय साधन सँगसँगै समग्र प्याकेजको रूपमा प्रवाह गर्नुपर्ने वा व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसो गर्न सकिएमा कर्जा उपयोग गर्ने ऋणी सदस्यहरूले आफ्नो परियोजनालाई अझ व्यावसायिक र जोखिमरहित रूपमा सञ्चालन गर्न सक्ने वातावरण प्राप्त हुन्छ ।

यसबाहेक बेलाबेला आइपर्नसक्ने स्थानीयस्तरका कतिपय समस्याहरू, तथा प्राकृतिक प्रकोप एवं महामारीलगायतका विपत्तिहरूबाट बच्न र त्यस्तो प्रतिकूल अवस्थालाई अल्पकालीन रूपमा तत्काल व्यवस्थापन गर्न समेत स्थानीयस्तरमा रहेका निकाय एवं संस्थाहरूसँगको सहयोग, समन्वय र सहकार्य लघुवित्त संस्था एवं ऋणी सदस्य दुवैका लागि आवश्यक छ । यस्ता सहयोगी वा पूरक सेवाहरू जति धेरै मात्रामा प्राप्त हुन्छन् लघुवित्तका ऋणी सदस्यहरू उति ज्यादा लाभान्वित हुन पुग्छन् र उनीहरूबाट हुने उत्पादन दिगो तथा अटूट रूपमा सञ्चालन हुन पाउँछ ।

**'यी लक्ष्यहरूको परिपूर्तिमा लघुवित्त कार्यक्रमलाई कसरी बढीभन्दा बढी प्रभावकारी बनाउने हो, हाम्रा लघुवित्तविद् हरुको चिन्तन र विश्लेषण अब त्यसतर्फ केन्द्रित हुनुपर्ने समय आएको छ ।'**

कहिले बजार प्रवर्द्धनका नाममा त कहिले समाजका विपन्न, दलित र उत्पीडितलाई उत्थान गर्ने भनेर विभिन्न सामाजिक आर्थिक कार्यक्रमहरू केन्द्रबाट हाम्रा गाउँघरसम्म आउनेगरेका छन् । यसअन्तर्गत रहेर सरकारी निकाय वा गैरसरकारी संस्थाहरूले गरिब वा पछाडि पारिएको समुदायमा पुगेर उनीहरूको सीप वा क्षमता विकासका लागि तालिम लगायतका गतिविधिहरू सञ्चालन गर्ने गरेका छन् । यसरी राज्य वा दाता समुदायबाट प्राप्त स्रोत-साधन खर्च गरेर तयार पारिएको सीपयुक्त जनशक्तिले कुनै न कुनै उद्यम व्यवसाय सञ्चालन गरे भने मात्र उनीहरूले प्राप्त गरेको तालिमको सही उपयोग हुनुको साथै तालिमका लागि गरिएको खर्चको पनि सही सदुपयोग हुन जान्छ । ग्रामीण समुदायका बासिन्दाहरू आफूले पाएको त्यस्तो सीप र तालिममा जानेको ज्ञानलाई व्यावसायिकरूपमा उपयोग गर्न रुचाउँछन् । तर, त्यसका लागि सबैभन्दा पहिले वित्तीय स्रोतको खाँचो पर्दछ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने न्यून आय भएका सीपयुक्त जनशक्तिमा रहेको त्यही खाँचो पूरा गर्न भनेरै नेपालमा स्थानीयस्तरमा लघुवित्त संस्थाहरूका गतिविधिलाई विस्तार गर्ने गरिएको छ ।

लघुवित्तले विपन्न र उत्पीडित समुदायमा पुगी स्थानीयस्तरमा रहेको परम्परागत सीपलाई ताजा तुल्याउँदै प्राप्त स्रोत साधनको उपयोग गराउने काम गरिरहेका हुन्छन् । ग्रामीण क्षेत्रमा खेर गइरहेका वा व्यावसायिक उपयोग हुन नसकिरहेका स्थानीय स्रोत-साधनलाई उपयोग गर्दै जातीय पहिचानसमेत झल्काउने आकर्षक चिजवस्तु तयार पार्ने काममा लघुवित्त संस्थाहरूले ऋणी सदस्यहरूलाई उत्प्रेरित गरिरहेका हुन्छन् । उदाहरणका लागि गाउँघरमा रहेका बाँस र निगालाबाट आकर्षक ढङ्गका सजावट सामग्रीका साथै ढक्की, नाङ्लोलगायतका उपयोगका चिजवस्तु बनाउने अनि गाउँमै उत्पादित जुटका माध्यमबाट झोला, डोरी तयार गर्नेदेखि लिएर नर्सरी वा फूलको व्यापार गर्ने, पशुपालनलाई व्यावसायिक बनाउँदै दुग्ध व्यवसाय सञ्चालन गर्नेजस्ता कामका लागि लघुवित्त संस्थाले लघुकर्जा प्रवाह गरिरहेका हुन्छन् ।

यहाँनेर सरकारी र गैरसरकारी निकायबाट सञ्चालित सीप एवं क्षमता विकास तथा बजार प्रवर्द्धनलगायतका कार्यक्रमसँग ती विपन्न र उत्पीडित समुदायका मान्छेले गर्ने यस किसिमका उत्पादन गतिविधिलाई आबद्ध गर्न सकियो भने उनीहरूका उत्पादनले अझ बढी मूल्य पाउने मात्र होइन त्यस्ता कलात्मक र जातीय पहिचान झल्काउने वस्तुको बजारको दायरा पनि फैलदै जाने देखिन्छ अनि त्यस्तो भौगोलिक क्षेत्रको पहिचान समेत फराकिलो बन्दै जान्छ । तर, यहाँनेर नमिलेको कुरा के छ भने लघुवित्त भनेको पनि सामाजिक बैकिङ्ग हो । यसले ग्रामीण क्षेत्रको सामाजिक-आर्थिक विकासमा योगदान पुऱ्याएको छ, दिगो विकास सम्बन्धी लक्ष्य प्राप्तिका दृष्टिले पनि उसको र हाम्रो गन्तव्य एउटै हो र ऊ हामीसँगको सहयात्री बन्न सक्छ भन्ने कुरा त्यस्ता सामाजिक आर्थिक

कार्यक्रम सञ्चालन गर्ने संयन्त्रहरू अथवा भनौँ नेपालको स्थानीयस्तरले बुझ्न र जान्न सकेको छैन । लघुवित्त क्षेत्र स्वयंले पनि आफूलाई त्यसरी बुझाउने प्रयत्न दरिलो रूपमा गरेको देखिँदैन ।

लघुवित्तबाट कर्जा लिएर कृषि उत्पादन गर्ने कतिपय कृषकका उत्पादन बजारको पहुँचबाट टाढा छन् । धेरथोर त्यस्तो पहुँच पाए पनि उपयुक्त मूल्य उनीहरूले प्राप्त गर्न सकेका छैनन् । यस्तो अवस्थामा ती ऋणी सदस्यले गरेको उत्पादनलाई स्थानीयस्तरका सञ्जालहरूमार्फत टाढा-टाढाका बजारसम्म पुऱ्याउन सक्ने हो भने आफ्नो उत्पादनको उच्च मूल्य उनीहरूले प्राप्त गर्न सक्नेछन् । यसैगरी महिला सशक्तीकरण र उनीहरूको उद्यमशीलताका लागि त देशभरिकै पालिकाहरूमा सरकारी र गैरसरकारीस्तरबाट धेरैवटा कार्यक्रमहरू सञ्चालन भैरहने गर्छन् । लघुवित्त कार्यक्रम तथा यस किसिमका सरकारीस्तरबाट सम्पन्न हुने कार्यक्रम यी दुवैको उद्देश्य सामान्यतः विपन्न समुदायमा रहेका महिलालाई माथि उठाउने कुरामा नै गएर टुङ्गिन्छ । जुन कुरो दिगो विकास लक्ष्यले निर्धारण गरेको एउटा महत्वपूर्ण बुँदा हो । यस अर्थमा यी दुवैथरी कार्यक्रमको मूल उद्देश्य दिगो विकासकै लक्ष्य परिपूर्तिमा आबद्ध रहेको पाइन्छ । यहाँनेर एकले अर्कालाई सघाउँदै एउटाको खाँचो अर्कोले पूरा गरिदिने हो भने दुवैथरी कार्यक्रमको प्रभावकारिता हलक्क बढ्न सक्ने देखिन्छ । तर, यी दुई फरक-फरक कार्यक्रमबीच समन्वय नभइदिँदा र एकले अर्काका गतिविधिलाई अवसरको रूपमा नबुझिदिँदा एउटाले अपनाएको कार्यशैलीबाट अर्को लाभान्वित हुन सकिरहेको देखिँदैन ।

लघुवित्त कार्यक्रमले पनि आफ्ना ऋणी सदस्यका लागि आवश्यक पर्ने विभिन्न किसिमका पूरक सेवाहरू प्राप्त गर्न अन्यत्र टाढा-टाढा भौँतारिनुभन्दा स्थानीयस्तरमा सञ्चालित त्यस्ता विविध सामाजिक आर्थिक कार्यक्रमहरूकै सहारा लिनु सहज र उपयुक्त हुन्छ । यसका लागि लघुवित्त संस्था, ऋणी सदस्य र त्यस्ता सेवा प्रदान गर्ने निकाय र उत्पादित वस्तुको बजार विस्तारसँग सम्बन्धित बजार सञ्जालबीचको समन्वय आवश्यक छ ।

## निष्कर्ष

सन् २०१५ मा संयुक्त राष्ट्र संघको महासभाले दिगो विकासका लक्ष्यहरू निर्धारण गर्नुभन्दा चार दशकअघिदेखि नै लघुवित्तको अवधारणामा आबद्ध हुँदै महिलाकेन्द्रित गरिबमुखी कार्यक्रमहरू सञ्चालन हुन थालिसकेका थिए । यो अवधारणाले विश्वव्यापी रूपमै लोकप्रियता पनि हासिल गरिरहेको छ । गरिबी निवारण, महिला सशक्तीकरण, साक्षरता, समावेशिता तथा वातावरणीय चेतनाजस्ता विषयलाई दिगो विकास लक्ष्यमा प्रमुख बुँदाको रूपमा उल्लेख गरिएपछि त लघुवित्त सेवा उक्त लक्ष्य परिपूर्तिका लागि स्वतः अपरिहार्य औजार बन्न पुग्यो । संसारमा लघुवित्तको अभ्यास भैरहेका एक सयभन्दा ज्यादा मुलुकमा यी क्रियाकलापहरूको माध्यमबाट दिगो विकासका लक्ष्य परिपूर्तिमा केही न केही योगदान पुगिरहेकै छ ।

नेपालमा बंगलादेशले प्रयोगमा ल्याएको नमुनालाई अवलम्बन गर्दै लघुवित्तको अभ्यास गर्न थालिएको तीन दशक भैसकेको छ । यही लामो अनुभवका आधारमा यो कार्यक्रमलाई अब दिगो विकासको लक्ष्य प्राप्तिमा कसरी आबद्ध गर्न सकिन्छ भन्ने बारेमा सोच्नुपर्ने बेला आएको छ । दिगो विकासका लक्ष्यहरू निर्धारण भई नेपालले पनि त्यसका लागि प्रतिबद्धता जनाएको पाँच वर्ष बितिसकेको छ अनि आगामी नौ वर्षभित्रमा यी लक्ष्यहरू प्राप्त भैसक्नुपर्ने भनी समयावधि तोकिएको छ । गतः तीन दशकको अभ्यासबाट नेपालका लघुवित्तकर्मीहरू यससम्बन्धी अनुभवले खारिएर धेरै पाका बनिसकेका छन् । अतः यी लक्ष्यहरूको परिपूर्तिमा लघुवित्त कार्यक्रमलाई कसरी बढीभन्दा बढी प्रभावकारी बनाउने हो, हाम्रा लघुवित्तविद्हरूको चिन्तन र विश्लेषण अब त्यसतर्फ केन्द्रित हुनुपर्ने समय आएको छ ।

चालू पञ्चवर्षीय योजनामा "दुर्गम तथा पिछडिएको क्षेत्रसम्म वित्तीय पहुँच विस्तार गर्ने" भनी रणनीति तयार पारिएको र त्यसलाई प्राप्त गर्ने कार्यनीतिमा "लघुवित्त वित्तीय संस्थालाई यस्तो सेवा प्रवाह गर्न प्रोत्साहन गरिनेछ" भनेर उल्लेख गरिनुले पनि गरिबी निवारणमा केन्द्रित सारा कार्यक्रमहरू र लघुवित्त बैङ्किङबीच नियमित समन्वय हुनुपर्ने कुरामा थप बल पुगेको छ । यस्तो समन्वयको माध्यमबाट दिगो विकासको लक्ष्य अझ सहज र छिटो प्राप्त हुनसक्छ । यसका लागि नेपाल राष्ट्र बैंक, दिगो विकास लक्ष्यसँग सम्बन्धित नेपाल सरकारको केन्द्रीय निकाय तथा स्थानीय विकाससँग सम्बन्धित अधिकारीहरूबीच केन्द्रीयस्तरमा छलफलका माध्यमबाट नीतिगत व्यवस्था तय हुनु आवश्यक छ । यसो गर्न सकिएमा स्थानीय वा प्रादेशिकस्तरमा समन्वयका लागि ढोका खोल्ने काम सहजै हुनसक्ने देखिन्छ ।

*लेखक गोकुलचन्द्र अधिकारी नेपाल राष्ट्रबैंकका पूर्व उपनिर्देशक हुनुहुन्छ ।*

# नेपालमा दिगो विकासका लागि दिगो सडक निर्माण : अवसर र चुनौतीहरू



गोपीकृष्ण ढुङ्गाना


## सारांश

यातायात विश्वव्यापी आवश्यकता हो । जब सडक बन्छ तब विकासका अनेक पाटा खुल्छन् । त्यसले जीवनशैलीमा परिवर्तन ल्याउँछ । सडकले पूर्वाधारको ७० प्रतिशत भूमिका निर्वाह गर्ने विकासविद्हरूको बुझाइ छ । यात्रु आवतजावत र मालसमान ओसारपसारका दृष्टिकोणले हेर्ने हो भने ९० प्रतिशत काम सडकबाटै भएको तथ्याङ्क सरकारसँग छ । सामाजिक-आर्थिक विकासको पूर्वशर्त पूर्वाधार विकास हो अनि सडकचाहिँ पूर्वाधार विकासको पनि पूर्वाधार हो । त्यसैले सडकलाई विकासको इञ्जिन भनिन्छ । भोकमरी र गरीबी हटाउनदेखि मानव जीवनको गुणस्तर सुधार गर्न सडक पूर्वाधार आवश्यक देखिन्छ । नेपाल सरकारको लक्ष्य पनि आर्थिक-सामाजिक विकास, गरिबी निवारण र दिगो शान्तिका लागि पूर्वाधार विकास नै हो । सोका लागि स्तरीय, भरपर्दो, सुलभ र सुरक्षित यातायात सञ्जाल विस्तार नै रहेको देखिन्छ । त्यसैले दिगो विकास लक्ष्य (सन् २०३०) लाई मध्यनजर गर्दै सरकारले नयाँ सडक, रेलमार्ग, पुल र विमानस्थलहरूको निर्माण, रणनीतिक र स्थानीय सडकहरूको सञ्जाल निर्माण, मर्मत र स्तरोन्नति गर्दैछ । २१०० सालसम्ममा नेपाल समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने दीर्घकालीन सोच राखी सोही मार्गचित्रका आधारमा नेपालको विकास हुँदैछ । यसका लागि पनि सडक सञ्जालको भूमिका अहम् देखिन्छ ।


> 'दिगो विकासका १७ लक्ष्यमध्ये ९ नम्बर लक्ष्यमा छ, उत्थानशील पूर्वाधारहरू निर्माण गर्ने, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रेरित गर्ने । जसमा सडक निर्माणलाई समेटिएको छ ।'


**आलेखमा प्रयुक्त विशिष्ट शब्दहरू**

दिगो विकास, नीति, योजना, पूर्वाधार, सडक-सञ्जाल, जीवनशैली ।


## परिचय

नेपाल भूपरिवेष्ठित मुलुक हो । तीन फरक भौगोलिक क्षेत्र हिमाल, पहाड र तराईको संयोजनमा बनेको बहुजातीय र बहुसांस्कृतिक देश नेपाल स्वतन्त्र/सार्वभौम छ **(नेपाल परिचय, २०७७ : १)** । नेपालको एकीकरण भएपछि मुलुकले आर्थिक विकासको आधार बनाएको पाइन्छ । १०४ वर्षे राणा शासनकालमा फाट्टफुट्ट रूपमा भएको विकास

२००७ सालको प्रजातन्त्र र त्यसपछिको ३० वर्षे पञ्चायत कालमा पनि जनचाहनाअनुरूप हुन सकेन । २०४६ सालमा बहुदलीय व्यवस्थाले खुला राजनीतिक परिवेश सिर्जना गरेपछि आर्थिक विकास सुरु भयो तर २०५२ सालमा सुरु भएको १० वर्षे जनयुद्ध विकासको अवरोधक बन्यो । २०६२/६३ को दोस्रो जनआन्दोलनले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था ल्यायो, जसले आर्थिक समृद्धिका लागि मार्गप्रशस्त गऱ्यो । २०७२ सालमा बनेको नेपालको संविधानले सुशासन, विकास र समृद्धि हासिल गर्ने राष्ट्रिय कार्यसूची तय गरेको छ **(नेपालको संविधान, २०७२ : २५)** ।

> 'कालोपत्रे हुनु त स्वर्ग नै भयो तर त्यसको गुणस्तरका बारेमा कमैलाई ख्याल होला ।'

राष्ट्रिय एकीकरण, आर्थिक सामाजिक विकास, गरिबी निवारण र दिगो शान्तिका लागि पूर्वाधार विकासमा योगदान पुग्नेगरी स्तरीय, भरपर्दो, सुलभ र सुरक्षित यातायात सञ्जाल विस्तार गर्ने लक्ष्य सरकारले लिएको छ **(वार्षिक प्रगति प्रतिवेदन, २०७६/७७ : ९)** । नेपाल सरकारको वार्षिक बजेटबाहेक पञ्चवर्षीय आवधिक योजनामार्फत राष्ट्रिय योजना आयोगले विकासका काम गर्दै आएको छ । २०१३ सालदेखि हालसम्म १४ वटा आवधिक योजना सम्पन्न भए भने १५औं योजना हाल कार्यान्वयनमा छ । दिगो विकास लक्ष्य (सन् २०३०) अनुसार भौतिक पूर्वाधारअन्तर्गत गर्न लागिएका कार्यक्रमहरूमा नयाँ सडकहरू, रेलमार्ग, पुलहरू र विमानस्थलहरूको निर्माण, रणनीतिक सडक सञ्जाल र स्थानीय सडक सञ्जालहरूको मर्मत, स्तरोन्नति र नयाँ निर्माणजस्ता कार्यक्रम छन् । यसैगरी सहरी विकास र आवासको क्षेत्रमा गरिने नीतिगत व्यवस्थामा सुरक्षित सहरी सडकहरूको निर्माण र पक्की सडक, सडक पेटी र कार पार्किङ निर्माण छन् ।

दिगो विकासका १७ लक्ष्यमध्ये ९ नम्बर लक्ष्यमा छ, उत्थानशील पूर्वाधारहरू निर्माण गर्ने, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रेरित गर्ने । जसमा सडक निर्माणलाई समेटिएको छ । ९(घ) मा पूर्वाधारहरूको स्तरोन्नति गर्ने उल्लेख छ । ९(घ) मा 'नेपालले भौतिक पूर्वाधारहरूको धेरै ठूलो अभाव झेलिरहेको छ ।' सन् २०१५/१६ सम्ममा करिब १३ हजार रणनीतिक सडकहरू सञ्चालनमा थिए । जिल्ला सडकहरूको मुख्य सञ्जाल र ग्रामीण सडकहरूको लम्बाइ क्रमशः २५ हजार ७ सय २८ र ३१ हजार ९ सय ०४ किलोमिटर पुगेको छ **(दिगो विकास लक्ष्यहरू, सन् २०१५, १-४)** । धेरैजसो सडकहरूले तोकिएको मापदण्ड पनि पूरा गर्दैनन् । अर्कोतर्फ सडक निर्माणलाई राजनीतिज्ञहरूले धेरै प्राथमिकता दिए पनि हालको सडक घनत्व ज्यादै कम (०.५ किलोमिटर/वर्गकिलोमिटर) रहेको छ । कति हुनुपर्ने हो ? विदेशको उदाहरण वा हाम्रो चाहना, योजना ?

यस शोधमूलक आलेखमा नेपालमा दिगो विकासउन्मुख सडक निर्माणका पहलहरूको चर्चा गर्दै त्यस्ता सडक निर्माणका क्रियाकलापहरूलाई कसरी दिगो बनाउन सकिन्छ भन्नेबारेमा अवसर तथा चुनौतीका दृष्टिले हेरी सूक्ष्म विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## अनुसन्धान प्रश्नहरू

यस अनुसन्धानका लागि निम्न अनुसन्धानात्मक प्रश्न रहेका छन् :

१. नेपालमा दिगो विकासलाई लक्ष्य गरी सडक निर्माण र सडक सञ्जालको विस्तार कसरी भइरहेको छ ?
२. सडक सञ्जाल विस्तारका क्रममा कस्ता कस्ता अवसर र चुनौती भोग्ने गरिएका छन् ?
३. सडक सञ्जालले सामाजिक-आर्थिक विकास तथा समग्र जीवनशैलीमा कस्तो योगदान दिएका छन् ?
४. नेपालमा दिगो सडक निर्माणमा ध्यान दिनुपर्ने मूल सवाल के के हुन् ?

## अनुसन्धानका उद्देश्यहरू

१. नेपालमा सडक निर्माण र सडक सञ्जालको विस्तार थाहा पाउनु ।
२. सडक सञ्जालले दिगो विकास लक्ष्यलाई पुऱ्याएको सहयोगको अध्ययन गर्नु ।
३. सडक सञ्जालले सामाजिक-आर्थिक विकास गरी जीवनशैलीमा दिएको योगदानबारे खोजी गर्दै अवसर र चुनौतीहरूको पहिचान गर्नु ।
४. सडक निर्माणमा अपनाउनुपर्ने दिगोपनका पक्षमा केही सिफारिसको खोजी गर्नु ।

## अनुसन्धानमा प्रयोग गरिएका विधि र प्रक्रिया

प्रस्तुत अध्ययनमा प्राथमिकका साथै द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी सोको विश्लेषण गरिएको छ । प्राथमिक स्रोतका रूपमा अन्तर्वार्ता, छलफल आदिको प्रयोग गरिएको छ भने पुस्तकालयीय विधि र इन्टरनेटको माध्यमको उपयोग गरी द्वितीयक स्रोतको प्रयोग गरिएको छ । अनुसन्धानलाई प्रामाणिक

रूपमा पूरा गर्न सरोकारवाला र त्यससँग सम्बन्धित ज्ञान भएका व्यक्तिसँग लिइएका अन्तर्वार्ताले ओजपूर्ण भूमिका निर्वाह गरेका छन् । अन्तर्वार्तामा सडक प्रयोगकर्ता, डोजर अपरेटर, सरोकारवाला, सम्बन्धित विज्ञ गरी कुल १४ जनाले सहभागिता जनाउनुभएको छ ।

## तथ्याङ्क प्रस्तुति र विश्लेषण

विभिन्न स्रोतबाट संकलित जानकारीलाई 'म्यानुअल' विधिवाट नै विश्लेषण गरिएको छ । परिमाणात्मकभन्दा गुणात्मक जानकारीलाई यहाँ प्राथमिकता दिइएको छ । 'कति जना'ले त्यो कुरा भने भन्दा पनि ती व्यक्तिले आफ्ना अनुभवका आधारमा 'के भने' भन्ने कुरालाई यहाँ जोड दिइएको छ। सोही आधारमा तथ्याङ्क, सूचना र जानकारी तथा विचार विश्लेषण गरी विकासका दृष्टिवाट 'अर्थ निकाल्ने' (मिनिङ्ग मेकिङ्ग गर्ने) प्रयास गरिएको छ ।

## छलफल र अध्ययनका नतिजाहरू

### सडक पूर्वाधार, दिगो विकासको आधार

सामाजिक-आर्थिक विकासको पूर्वशर्त नै पूर्वाधार विकास हो अनि सडक चाहिँ पूर्वाधार विकासको पनि पूर्वाधार हो। 'भोकमरी हटाउन, गरीवी हटाउन र मानव जीवनको गुणस्तर सुधार गर्न सडक पूर्वाधार आवश्यक छ । सडक यातायात भनेको यातायातको एक साधन हो जसले ढोका-ढोकाको यातायात प्रदान गर्दछ र जुन उपभोक्ताहरूलाई मालको ढुवानीका लागि उपयुक्त छ (बेन, सन् २०१९ : १) । सडक बनेपछि मात्र मानवीय आवश्यकताका न्यूनतम आवश्यकताहरूका साथै अन्य सेवा र सुविधा पनि सहज प्राप्त हुन्छन् । सडकले नै अन्य क्षेत्रलाई पनि क्रियाशील गराएर विकासमा जोड्दै राष्ट्रिय समृद्धिमा पुऱ्याउँछ । नेपालमा दुर्गम स्थानको कुरा गर्ने हो भने सडकका लागि ट्रयाक बन्नु पनि विशेष महत्वको हुन्छ । कतिपय ठाउँमा बाह्रै महिना गाडी गुड्ने अवस्था हुँदा सबैथोक प्राप्त भएको अनुभूति भइरहेको छ । कालोपत्रे हुनु त स्वर्ग नै भयो तर त्यसको गुणस्तरका बारेमा कमैलाई ख्याल होला । त्यसैले त कतै महिना नबित्दै त कतै वर्ष दिन नबित्दै सडक भत्किन थाल्छ । यसतर्फ सरकारहरू बेलैमा सचेत हुने हो भने नागरिकको जीवनशैली पनि गुणस्तरीय हुनेमा शंका छैन ।

> "विकास गाडी चढेर आउँछ ।" नेपाली जनताले भन्ने गरेको यो वाक्य विकासको सन्दर्भमा व्यावहारिक रहेको पाइन्छ ।'

व्यापक विकासको पहिलो शर्त पूर्वाधार र त्यसको पनि पूर्वाधार सडकलाई मानिन्छ । विकास मानवीय चाहना र आवश्यकताको दिगो पूर्ति हो । पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन २०६३ मा पनि पूर्वाधारमा पहिलो नम्बरमै सडक राखिएको छ। आर्थिक विकासका लागि अमेरिकन अर्थशास्त्री प्राध्यापक वाल्ट ह्विटम्यान रोस्टोको 'रोस्टोज स्टेजेज अफ इकोनोमिक ग्रोथ' (सन् १९६०) अनुसार आर्थिक विकासको सैद्धान्तिक मोडलअनुसार पनि विकासका लागि पूर्वाधारको विस्तार पहिलो शर्त हो । सडक विकासको इञ्जिन नै मानिन्छ। यातायात विश्वव्यापी आवश्यकता हो। सडकबिना यातायात असम्भवजस्तै हुन्छ। 'सडकको पहुँच भयो भने शिक्षा र स्वास्थ्यमा पहुँच पुग्छ', विभागका पूर्वमहानिर्देशक केशव शर्मा भन्छन्, 'बजार बढाउँछ अनि उत्पादनका लागि चाहिने सबै सामग्री ल्याउन सहज हुन्छ साथै उत्पादित वस्तु बजार पुग्छन्। उत्पादन बढ्छ र समान सस्तो हुन्छ । सडकका बहुआयामिक फाइदा हुन्छन् ।' सडकले ढुवानी सहज हुन्छ । सडक भए मात्र राज्यको उपस्थिति हुन्छ । विकासको इञ्जिन भनेकै सडक हो जसले अरू डिब्बाहरू तान्ने उनको बुझाइ छ । अर्थात्, सडक बनेपछि क्रमशः विकासका थुप्रै आयाम थपिन थाल्छन् । जसले जनजीवन सहज मात्र बनाउँदैन बरु समग्र जीवनशैलीमा नै परिवर्तन ल्याउन थाल्दछ ।

'विकास गाडी चढेर आउँछ ।' नेपाली जनताले भन्ने गरेको यो वाक्य विकासको सन्दर्भमा व्यावहारिक रहेको पाइन्छ। जब सडक बन्छ तब विकासका अनेक पाटा खुल्छन् । अर्थात्, समग्रमा जीवनशैलीमा परिवर्तन सुरु हुन्छ। सडक बनेपछि भौतिक पूर्वाधार विकासका अनेक पक्षका लागि बाटो खुला हुन्छ। सडकले पूर्वाधारको ७० प्रतिशत भूमिका निर्वाह गर्ने विकासविद्हरूको बुझाइ छ । विकासविद् डा. सूर्यराज आचार्यका शब्द सापटी लिने हो भने पूर्वाधार बनेपछि मात्र सामाजिक-आर्थिक संरचना क्रियाशील हुन थाल्छन्। तीनजनाले सडक सञ्जालले दिगो विकास गर्छ भनी गरेको अनुसन्धानले पनि यस्तो निष्कर्ष निकालेको छ। सडक सञ्जाल दिगो विकास उपायको उद्देश्यपूर्ण कार्यान्वयनले पनि वास्तविक आर्थिक प्रभाव दिन्छ। जसलाई यस परियोजनाको विश्लेषण वा विश्लेषण गरी आर्थिक हिसाबले र उनीहरूको आर्थिक मूल्याङ्कनका परिणामहरू र अर्थव्यवस्था र यातायातको परिवर्तन प्रवृत्ति, बढ्दो यातायात र यातायात पूर्वाधार विकास प्रवृत्तिलाई ध्यानमा राखेर हेरिएको छ **(पुओङजियुकस् र अन्य, सन् २०१६ : ६)** ।

सडक सञ्जाल आकारका दृष्टिले नेपाल विश्वका २ सय २२ देशमध्ये ११९औँ स्थानमा परेको छ। सन् २०१९ को तथ्याङ्कलाई आधार मानेर गरिएको गणनामा नेपालमा ३४ हजार ३ सय ४७ किलोमिटर सडक देखिन्छ भने एक्सप्रेस-वे शून्य अंकमा रहेको एडीवी (एसियन डेभलपमेन्ट वैंक) को तथ्याङ्कमा छ। उक्त तथ्याङ्कअनुसार सासेक रोड कनेक्टिभिटीमा नेपालको सडक सञ्जालको अवस्था दयनीय देखिएको छ। साउथ एसिया सबरिजनल इकोनोमिक्स कोअपरेसन (सासेक) प्रोग्रामलाई आधार मान्ने हो भने एक सय वर्गकिलोमिटर क्षेत्रफलमा जम्मा १४ किलोमिटर सडक छ अर्थात् एक हजार मानिसका लागि केवल ०.९ किलोमिटर सडक मात्र पर्दछ। एडीबीले नेपाल र आसपासका केही छिमेकी देशवीच सडक सञ्जाल विस्तार गर्न सासेक प्रोग्राम ल्याएको देखिन्छ। छ लेनको सडक नेपालको सबैभन्दा फराकिलो सडक थियो जुन केवल नौ किलोमिटर छ। कोटेश्वर-सूर्यविनायक खण्डको उक्त सडक बनेको केही वर्षमै १०.५ किलोमिटर लामो कोटेश्वर-कलंकी चक्रपथ खण्ड आठ लेनको बनेको छ। नेपालका अधिकांश नागरिकले प्रयोग गर्ने सडक भनेको दुई लेनको हो। विश्वमा सडक निर्माणमा भएको आमूल परिवर्तनले नेपालीलाई अचम्म बनाउनु स्वाभाविक हो। क्यानडाले २२ लेनको सडक बनाएर विश्वमा सबैलाई सरप्राइज दिएको थियो। त्यसो त चीनले समुद्रमाथि सबैभन्दा लामो पुल र ५० लेनको सडक बनाएको पाइन्छ।

> 'क्यानडाले २२ लेनको सडक बनाएर विश्वमा सबैलाई सरप्राइज दिएको थियो। त्यसो त चीनले समुद्रमाथि सबैभन्दा लामो पुल र ५० लेनको सडक बनाएको पाइन्छ।'

नेपालमा सुरुआतमा ३.७५ मिटरको सिंगल लेनको पीच सडक नै ठूलो मानिन्थ्यो। इन्टरमेडिएट लेभलको ५.५ मिटरदेखि ६ मिटरसम्मको बन्यो। अहिले चल्तीमा आएको शब्द डेडिकेटेड डबल लेनका सडकहरू बन्दैछन्। 'डेडिकेटेड डबल लेन सडक बीचमा सात मिटर चौडा हुन्छ र त्यसमा आवश्यकता र प्रयोग हेरी दायाँ-बायाँ एक-एक मिटरदेखि बढीमा २.५/२.५ मिटर सोल्डर राखेर बनाइन्छ', सडक विभागका पूर्वमहानिर्देशक केशव शर्मा भन्छन्। नेपालमा २०५० सालमा कुनै पनि स्थानीय सडकको ट्र्याक खोल्दा कम्तिमा चार मिटरको बनाउनुपर्ने प्रावधान थियो भने २०७३ सालमा सरकारले कम्तीमा आठ मिटरको हुनुपर्ने प्रावधान तय गरेको छ। जसको दायाँ-बायाँ गरी एक मिटर नाली हुनुपर्छ।

## नेपालमा सडक निर्माण र गुणस्तरको अवस्था

काठमाडौँ उपत्यकाका तीन शहरलगायतका वरिपरिका ठूला शहर, पाल्पा, सिलगढी आदि ठाउँका पुराना वस्तीहरूका बीचमा फराकिला बाटा थिए। तिनमा पक्का पनि कालोपत्रे त थिएन तर ढुङ्गा छापेका थिए होलान्। तिनका बारेमा सडकको इतिहासमा के मूल्याङ्कन र उल्लेख गरेको पाइन्छ ? गोश्वारा भनेको कहाँ हो ? अनि त्यहाँबाट कहाँसम्मको एक लेनको सडक थियो ? नेपालमा योजनाबद्ध विकासको सुरुआत भएको छ दशक भएको छ। बजेट, आम्दानी, कुल गार्हस्थ उत्पादन, जीवनशैली, राजनीतिक अस्थिरता र विकास खर्च सबै अवस्था हेर्दा आजसम्मको विकासलाई नराम्रो भन्न सकिन्छ। राणा शासनअघि नेपालमा गाडी चल्दैन थिए।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदनमा उल्लेख गरेअनुसार राणा शासनकालको समाप्ति हुँदासम्म पनि गोश्वरा (सबैभन्दा ठूलो कार्यालय) बाट सडकको एउटै मात्र लेन (एक लेन भनिए पनि चार-पाँच मिटरका) भएका ढुङ्गा छापेका सडक प्रयोगमा थिए। त्यतिबेला खासगरि बग्गी दौडाउन यी सडक प्रयोग गरिन्थे। सर्वप्रथम नयाँ सडक, थापाथली दरवारदेखि नारायणहिटी राजदरबार र वसन्तपुरसम्म पुग्न ढुङ्गा छापेर एक लेनको सडक बनाइएको थियो। भीमफेदी-अमलेखगञ्ज सडक, बुटवल-भैरहवा सडक, राजधानी र तराईका केही सहरमा ढुङ्गा र इँटा प्रयोग गरी एक लेनको सडक निर्माण गरिए। पाल्पा र सिलगढीको पुरानो बस्तीमा सडक थिए। २०१४ सालमा सार्वजनिक निर्माण विभाग स्थापना गरियो। लगत्तै भारतको सहयोगमा काठमाडौँ-भैँसे सडक निर्माण गरी भारतसँग मोटरबाटो जोडियो। २०१५ सालमा हेटौँडा-नारायणगढ सडक बनाइयो। विभागले २०१८ सालमा पूर्व-पश्चिम (महेन्द्र) राजमार्ग निर्माण कार्य अघि बढायो। यसैगरी सरकारले २०२४ सालमा दीर्घकालीन सडक योजना अघि बढायो भने २०२७ सालमा सडक विभाग स्थापना गऱ्यो। जसले राजमार्ग र सहायक राजमार्गहरू बनाउन थाल्यो। सडक निर्माणले गति पाएको भने २०३८ सालदेखि मात्र हो।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको प्रतिवेदन हेर्ने हो भने २०५१ सालदेखि सरकारले रणनीतिक सडक सञ्जाल निर्माण

सुरु गरेको पाइन्छ । जसमा १५ वटा राजमार्ग र ५१ वटा सहायक राजमार्ग विभाजन गरी सडक विभागबाट निर्माण र मर्मत गर्ने काम हुन थालेको प्रतिवेदनमा छ । सोही वर्षदेखि एसियाली विकास बैंक, विश्व बैंक र जाइकाजस्ता दातृ निकायको सहयोगमा सामरिक महत्वका सडक निर्माण र मर्मत गर्ने काम थालिए । २०५३ सालमा सञ्जालअन्तर्गत प्राथमिक लगानी योजना र २० वर्षे सडक योजनाका काम सुरु गरिए । २०५८ सालदेखि रणनीतिक सडकहरूलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन भौगोलिक सूचना प्रणाली (जीआईएस) मा आबद्ध गरिएको प्रतिवेदनमा छ । २०५९ सालमा सडक बोर्ड नेपाल गठन गरी राष्ट्रिय राजमार्गदेखि कच्ची ग्रामीण सडकसमेत मर्मत-सम्भार गर्न थालियो । सामरिक महत्वको सडक सञ्जाल हेर्ने सडक विभाग र स्थानीय सडक सञ्जाल हेर्ने स्थानीय पूर्वाधार तथा कृषि सडक विभागमार्फत मुलुकभर सडक सञ्जालको काममा बोर्डले काम गर्न थालेको छ ।

केन्द्र सरकारले आर्थिक वर्ष २०७५/७६ सम्म ३१ हजार ३ सय ९३ र प्रदेश सरकारहरूले ६० हजार १ सय ६२ किलोमिटर सडक निर्माण गरेका छन् । जसमा केन्द्रले कालोपत्रे सडक १४ हजार १ सय २ किलोमिटर, 'ग्राभेल' सडक ७ हजार ८ सय ८१ र कच्ची सडक ९ हजार ४ सय १० किलोमिटर निर्माण गरेको तथ्याङ्क छ । प्रदेशले निर्माण गरेका सडकमा कालोपत्रेको हिस्सा न्यून छ । स्थानीय तहको निर्वाचनपछि जनप्रतिनिधिले धुले/कच्ची सडक (ट्र्याक ओपन) निर्माणलाई तीव्रता दिएका छन् तर गुणस्तरीय सडकको निर्माण भने निराशाजनक नै छ । सरकारका पूर्वसचिव खेमराज नेपाल यही गतिमा सडक बन्ने हो भने मर्मत खर्च सडक बनाएको भन्दा कम्तीमा दोब्बर र बढीमा तेब्बर हुने दाबी गर्छन् । सडक निर्माणमा न्यूनतम मापदण्ड पालना गर्नुपर्नेमा जोड दिँदै उनी थप्छन्, 'सडक प्रयोगकर्तालाई हुने सास्तीसँगै धनजनको क्षति पनि सोचेभन्दा बढी हुन्छ । सडक जे जति बनाउने हो त्यो गुणस्तरीय हुनुपर्छ । त्यो सडकले समग्र आर्थिक र सामाजिक अवस्था वृद्धि गर्नुपर्छ ।'

नेपालमा बजेट र खर्चको अवस्था नियाल्ने हो भने विकास बजेट पूर्ण रूपमा खर्च भएको पाइँदैन । 'जे जति खर्च गरिन्छ त्यसको सरदर ४० प्रतिशतभन्दा बढी बजेट जेठ-असार महिनामा मात्रै

> 'स्वीडेनमा ग्रामीण सडकमै कालोपत्रेको मोटाइ १५ सेन्टिमिटर छ भने नेपालमा केही समयअघिसम्म राम्रै मानिने सडकको कालोपत्रे मोटाइ २ सेन्टिमिटर मात्र हुन्थ्यो भने अहिले सरदर ४ सेन्टिमिटर छ । स्वीडेनमा राष्ट्रिय राजमार्गमा गरिने कालोपत्रेको मोटाइ न्यूनतम पनि २० सेन्टिमिटर हुन्छ ।'

भएको देखिन्छ । यसले गर्दा गुणस्तरीय सडक र पुल निर्माण हुनै सक्दैन' एक सरकारी इन्जिनियर भन्छन् । सरकारको अनुगमन तथा नियमन गर्ने संयन्त्रहरू कमजोर हुनुको असर सडकको निर्माण र गुणस्तरमा पनि देखिएको छ । 'जसकारण विकासको मेरुदण्ड मानिएका सडक निर्माण असारे विकासको चपेटामा हुन्छन्', उनी थप्छन्, 'कामको गति यस्तै रहिरहने हो भने नीति-नियम बनाएर मात्र गुणात्मक परिणाम सम्भव छैन ।' सरकारले भौतिक पूर्वाधार क्षेत्रमा बजेट वर्षेनी बढाएको देखिन्छ तर सोको प्रभावकारी कार्यान्वयन देखिँदैन । राजधानी काठमाडौं होस् वा अन्य गाउँसहर, झमझम पानी परिरहेको दिनमा पनि कामदार सडक कालोपत्रे गरिरहेको पाइनुले सरकार स्वयं गुणस्तरमा सम्झौता गरिरहन्छ भन्ने पुष्टि हुन्छ । सरकारले आ.व. २०७५/७६ मा भौतिक पूर्वाधारको निर्माणमा १ खर्ब १० अर्ब ३३ करोड ९८ लाख बजेट विनियोजन गरेको देखिन्छ । यसैगरी २०७६/७७ का लागि १ खर्ब ७१ अर्ब ८५ करोड ८५ लाख विनियोजन गरेको तथ्याङ्क छ । यस तथ्याङ्कलाई आधार मान्ने हो भने पनि यस क्षेत्रमा मात्र वर्षेनी ६० अर्बभन्दा बढी बजेट थपिने गरेको छ ।

## सडक निर्माण र दिगोपन कायम गर्ने चुनौतीहरू

विश्वव्यापी रूपमा सडकको गुणस्तर हेर्ने हो भने नेपालको अवस्था दयनीय देखिन्छ । स्वीडेनमा ग्रामीण सडकमै कालोपत्रेको मोटाइ १५ सेन्टिमिटर छ भने नेपालमा केही समयअघिसम्म राम्रै मानिने सडकको कालोपत्रे मोटाइ २ सेन्टिमिटर मात्र हुन्थ्यो भने अहिले सरदर ४ सेन्टिमिटर छ । स्वीडेनमा राष्ट्रिय राजमार्गमा गरिने कालोपत्रेको मोटाइ न्यूनतम पनि २० सेन्टिमिटर हुन्छ । निर्माणाधीन काठमाडौं-तराई द्रुत मार्ग (फास्ट ट्र्याक) मात्र एसियन स्ट्यान्डर्डको पहिलो नम्बरको बन्दैछ । नेपालमा बनेका गुणस्तरीय मानिने सबै सडक एसियन स्ट्यान्डर्डका छैनन् । एसियन स्ट्यान्डर्डका सडकलाई चार प्रकारमा विभाजित गरिएको छ । पहिलो १० सेन्टिमिटर मोटाइको पीच भएको हुनुपर्छ जुन सिमेन्ट वा कंक्रिटको हुन्छ । सडकको बीचमा डिभाइडर हुन्छ । दुवैतिर दुई/दुई लेन हुन्छ । सडक दायाँ-बायाँ दुई मिटरको फराकिलो भाग पनि हुन्छ । कोटेश्वर-सूर्यविनायक यसको

उदाहरण हो । दोस्रो, यस्तो सडक कम्तीमा दुई लेनको हुन्छ जसको पीचको मोटाइ पाँच सेन्टीमिटर हुन्छ। यसमा डिभाइडर नभए पनि हुन्छ। तेस्रो, यो दुई लेनको तर पीचको मोटाइ ठिकै भए पनि हुन्छ। चौथोमा दुई लेन नभए पनि सुधार गर्दै जान सकिने शर्त राखेर बनाइएको हुन्छ।

सरकारको आधिकारिक निकाय सडक विभागले अब बन्ने सबै रणनीतिक सडक (स्ट्राट्रेजिक रोडस्) एसियन स्ट्यान्डर्डमा बनाउने गरी योजना अघि सारेको छ। जसको कालोपत्रे मोटाइ कम्तिमा १३ सेन्टिमिटर हुने उल्लेख छ। कलंकी-कोटेश्वर चक्रपथको कालोपत्रे मोटाइ १० से.मि. छ भने कोटेश्वर सूर्यविनायक सडक खण्डको ९ किलोमिटर भने ११ से.मि. छ। पुनर्निर्माण भइरहेका महेन्द्र राजमार्ग र मदन भण्डारी राजमार्गका साथै बनिसकेको मुग्लिन-नारायणगढ राजमार्ग १० से.मि. मोटाइका हुन्। अब बन्ने नागढुङ्गा-मुग्लिन, मुग्लिन-पोखरा र गल्छी-त्रिशूली-रसुवागढी पनि सोही गुणस्तरमा बनाउने गरी विभागले काम गरिरहेको छ।

'प्राविधिक सितिमिति गाउँमा पुग्दैनन्। हामीले नै मिलाएर बाटो खन्नुपर्छ', मकवानपुरको कैलाश गाउँपालिका-७, भार्तामा सडक निर्माण गरिरहेका एक्साभेटरका अपरेटर बालकृष्ण मल्ल भन्छन्, 'पालिकाका प्राविधिकहरूले तयार गरेको लगत इस्टिमेटमा उपभोक्ता समितिले काम गर्न सक्ने अवस्था नै छैन।' उपभोक्ता समितिलाई भ्याट बील जारी गर्न समस्या रहेको र उनीहरूसँग प्राविधिक जनशक्ति नहुने उनको भनाइ छ। उनी थप्छन्, 'फरफारक गर्न डोर हाजिरी फाराम भरेर मात्र हुँदैन। समितिले लागत सहभागितामा काम गर्नेगरी इस्टिमेट गरेको हुन्छ। श्रमदान गर्नेको अभाव छ, त्यसैले समितिले ठेक्कामा काम गर्ने गर्छन्।' पालिकाहरूले समितिलाई पेस्की नदिने र समितिसँग बजेट नहुने भएकाले काम गर्न सकस हुने गरेको पाइन्छ। अपरेटर मल्लले भनेजस्तै अवस्था अधिकांश गाउँपालिकामा देखिएको छ। अपरेटरको दिमागले जे सही ठान्छ थुप्रै ग्रामीण भेगमा त्यसरी नै बाटो बन्छ। नगरपालिकामा यो अवस्था कम छ। गाउँगाउँमा यसरी बिनाइञ्जिनियरिङ बनेका सडक नै गाउँको जनजीविका र जीवनशैली बनेको छ। 'नहुनुभन्दा कानो मामा निको', कैलाश गाउँपालिकाका स्थानीय रमेश केसी भन्छन्, 'ठूलो भाग खोज्दा वर्षौं बिते। यस्तै सडक भए पनि गाउँमा हरेक कामलाई निकै सहज हुन्छ।'

'डोजर वा एक्साभेटरका अपरेटर नै इञ्जिनियर बनेर सडक खन्नु दिगो विकासको अवधारणा विपरीत छ।'

'श्रमदानमा पनि भ्याट बील चाहिने सरकारी नियमले गर्दा उपभोक्ता समितिले जिम्मा लिएको काम पनि ठेकेदारमार्फत् गराउनुको विकल्प छैन', मल्ल थप्छन्, 'समितिले आफैं गरेका काममा पनि समितिका सदस्यहरूको स्वार्थ बाझिएका कारण गाउँघरतिर घरैपिच्छे सडक पुग्नेगरी घुमाइएको हुन्छ।' सरकारले २०३१ सालमा ल्याएको सार्वजनिक सडक ऐनले राष्ट्रिय राजमार्गको व्याख्या गरे पनि ग्रामीण सडक वा कृषि सडकबारे केही भनेको छैन। सोही कारण ग्रामीण र कृषि सडकहरूको दूरावस्था अझै लामो समयसम्म यस्तै रहने देखिन्छ। खास मापदण्ड पालना नगरी पछिल्लो चार वर्ष अधिकांश स्थानीय सरकारहरूले वार्षिक बजेटको धेरै हिस्सा ग्रामीण सडकमा खन्याएका छन्। हरेक वर्ष खनिएका यस्ता सडकको दीर्घकालीन सञ्चालनको आधार भने तयार हुन नसक्नु मुलुककै लागि दुर्भाग्य देखिएको छ।

डोजर वा एक्साभेटरका अपरेटर नै इञ्जिनियर बनेर सडक खन्नु दिगो विकासको अवधारणाविपरीत छ। वर्षायाममा ट्र्याक खोलिएका सडक बगेर बंगालको खाडीमा पुगिसक्दा पनि नीति-निर्माता र जनप्रतिनिधिको चेत खुल्न सकेको छैन। 'माटो बगेर जाने गरी खनेको सडक दीर्घकालीन बन्नै सक्दैन। अनेक दृष्टिले जगैदेखि बलियो हुनुपर्छ। ग्रामीण सडक खन्नेबित्तिकै छेउछाउमा वृक्षरोपण र नालीको व्यवस्था गर्नैपर्छ', वर्षौंदेखि ग्रामीण क्षेत्रमा सडक निर्माणको काम गरेको गैसस (मनहरी विकास संस्था) एमडीआई नेपालका कार्यक्रम संयोजक खोपनारायण श्रेष्ठ भन्छन्। ग्रामीण क्षेत्रको सडकछेउमा रोपिने बिरुवा आयआर्जनसँग जोड्न सकियो भने दीर्घकालीन रूपमा संरक्षण पनि हुने तर्क उनी गर्छन्। ग्रामीण सडक होस् वा कृषि सडक, यसलाई गरिबी निवारण र स्थानीयको आयआर्जनसँग जोडेर मात्रै लगानी गर्नुपर्ने श्रेष्ठको सुझाव छ।

नेपालको सन्दर्भमा एकातिर सडक बने पुग्छ, जसरी बने पनि काममा आउँछ भन्ने अवस्था देखिन्छ भने अर्कोतिर बनेका सडक गुणस्तरीय हुनैपर्छ भन्ने छ। प्रस्तुत परस्पर दुई पृथक विचार विश्लेषण गर्दा समग्र विकासका लागि सडक महत्वपूर्ण आधार भएकाले दिगो विकासका लागि दिगो ढङ्गका गुणस्तरीय सडक बन्नुपर्छ भन्ने नै हो। तर, त्यसो हुन सकिरहेको छैन। यात्रु आवतजावत र मालसमान ओसारपसारका दृष्टिकोणले हेर्ने हो भने ९० प्रतिशत काम सडकबाटै भएको तथ्याङ्क

सरकारसँग छ । त्यसैले देशको आर्थिक एवं सामाजिक विकासका लागि सडकको भूमिका सबैभन्दा बढी छ । सडक इन्जिनियर आशिष गजुरेल नेपालका सडकका सन्दर्भमा नीति, योजना र कार्यान्वयन सबैमा कमजोरी रहेको टिप्पणी गर्छन् । गुणस्तर हेरेर ठेक्का दिने परिपाटी बसाल्न हाल प्रयोगमा रहेको सार्वजनिक खरिद ऐन लगायतका सम्बन्धित ऐनकानुनलाई समयसापेक्ष संशोधन गर्नुपर्ने उनको भनाइ छ । 'नेपालमा सडक निर्माण वा मर्मत-सम्भारमा जति खर्च लाग्नुपर्ने हो, त्योभन्दा ३०/४० प्रतिशत कममा काम भइरहेको छ । विश्वका अन्य देशजस्तै जसले कम लागतमा ठेक्का हाल्छ, उसलाई छनोट गरिन्छ । कममा ठेक्का लिएपछि गुणस्तरीय काम नहुने त पक्का भयो । सस्तोमा काम गर्दा कसरी गुणस्तरीय काम हुन सक्छ ?', उनले भनेका छन् ।

> "दिगो विकासका लागि सबैभन्दा प्रभावकारी जग भनेकै सडक हो । कूल गार्हस्थ उत्पादनदेखि कृषि उपजको बजारीकरणसम्म सडक जोडिन्छ ।"

गजुरेल थप्छन्, 'विदेशमा पनि लो बीडमै काम गराउने हो तर नेपालमा ठेकेदारबीच अस्वस्थ प्रतिस्पर्धा र लडाइँले समस्या बढाएको हो । ठेकेदार भन्दैमा सबै ठाउँमा फिट हुन्न भनेर बुझ्नुपर्छ र प्राथमिकताका आधारमा काम वर्गीकरण गरेर समयमै सम्पन्न हुनेगरी योजनामा हात हाल्नुपर्छ ।' ठेकेदारले कमसल सामग्री प्रयोग गर्ने र सो कार्यको अनुगमन नहुने उनको भनाइ छ । ठेक्का दिने, निरीक्षण गर्ने र यसको प्रमाणीकरण गर्ने सबै काम एउटै निकायले गरेकै कारण सडकमा गुणस्तरियता नआएको उनको दावी छ । उनी भन्छन्, 'सम्झौता गर्दा हरहिसाबले पूर्ण र परिपक्व हुनुपर्छ । ठेकेदारले पनि पार्टनरका रूपमा काम गर्नुपर्छ । सरकारले पनि अनुगमन, मूल्याङ्कन गर्दै काममा सहज हुने वातावरण निर्माण गर्नुपर्छ ।' सडक र पुलका कुनै पनि काममा ढिलासुस्ती हुने अवस्थालाई सरकारी पक्षले बेलैमा हस्तक्षेप गर्नुपर्ने उनको बुझाइ छ ।

## दिगो विकासमा राष्ट्रिय गौरवका सडक आयोजनाहरू

नेपाल अति कम विकसित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्यका साथ अघि बढेको छ । २०७९ सालदेखि नेपाली विकासशील राष्ट्रमा प्रवेश गर्दैछन् । यसको एउटा र मूलसूचकका रूपमा सडक सञ्जाललाई लिन सकिन्छ किनकि सडक विकासको मूलाधार हो । सडकले विकास ल्याउँछ भन्ने भनाइले सडक बनेसँगै सबै पूर्वाधार बन्न थाल्नेमा दुई मत छैन । २०८७ सालसम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै नेपाल उच्च मध्यम आयस्तरको हुने पहल र प्रयासमा रहेको राष्ट्रिय योजना आयोगको १५औं योजनामा उल्लेख छ । जसअनुसार २१०० सालसम्ममा नेपाल समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने दीर्घकालीन सोच राखी सोही मार्गचित्रका आधारमा नेपालको विकास हुँदैछ । यसका लागि सडक सञ्जालको भूमिका अहम् देखिन्छ ।

कोरोना संक्रमणअघि अर्थात् २०७६/७७ सालसम्ममा पुष्पलाल (मध्यपहाडी) लोकमार्गको काम आधा सकिएको छ । १ खर्ब ९ अर्ब ५० करोड रुपैयाँ लगानीमा बनिरहेको १,८७९ किलोमिटर सडक २०७९/८० सम्ममा सम्पन्न हुनेछ । सोही आर्थिक वर्षमा समाप्त हुने गरी बनिरहेको ५५ प्रतिशत काम सम्पन्न १७९२ किलोमिटर लम्बाइको हुलाकी राजमार्ग ६५ अर्ब २० करोडमा निर्माण सम्पन्न हुनेछ । नेपाली सेनाले निर्माण गरिरहेको ७६ किलोमिटर लामो चार लेनको काठमाडौं-तराई द्रुत मार्ग (फास्ट ट्र्याक) पनि सोही वर्ष सक्ने लक्ष्यका साथ काम भइरहेको छ । १ खर्ब ७५ अर्ब रुपैयाँ खर्च हुने उक्त सडक ललितपुरको खोकनाबाट सुरु भई मकवानपुर हुँदै बाराको निजगढ पुग्छ ।

उत्तर-दक्षिण लोकमार्ग (करिडोर)हरू पनि तीव्र गतिमा निर्माण भइरहेका छन् । कर्णाली करिडोर हिल्सा-सिमिकोट-खलिसल्ला १४५ किलोमिटर सडक ४१० करोड रुपैयाँमा बन्दैछ जुन आर्थिक वर्ष २०७९/८० मा सम्पन्न हुँदैछ । म्यागदीको बेनीबाट सुरु भई जोमसोम हुँदै कोरोला पुग्ने कालीगण्डकी करिडोर पनि सोही वर्ष सकिने भएको छ । ६ अर्ब ७८ करोड लागतको उक्त सडक १८६ किलोमिटर लामो हुनेछ । संखुवासभाको खाँदबारीदेखि किमाथाङ्का पुग्ने कोशी करिडोर १६२ किलोमिटरको छ । वि.सं. २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य लिइएको उक्त करिडोर सम्पन्न गर्न १६ अर्ब २० करोड रुपैयाँ लाग्ने सरकारको आकलन छ । जे जति खर्च गरे पनि नेपालका सडक विश्वस्तरमा पुग्न सक्ने अवस्था देखिँदैन । फास्ट ट्र्याक एसियन स्ट्यान्डर्डमा पुग्ने दावी गर्ने प्रधानमन्त्रीका विकास सल्लाहकार इन्जिनियर गजेन्द्र थपलिया भन्छन्, 'दिगो विकासका लागि सबैभन्दा प्रभावकारी जग भनेकै सडक हो । कूल गार्हस्थ उत्पादनदेखि कृषि उपजको बजारीकरणसम्म सडक जोडिन्छ ।' शिक्षा, स्वास्थ्य हुँदै समग्र जीवनशैलीमा सडकको प्रभाव रहने भएकाले छ वा नौ महिना चल्ने सडकले कुनै पनि क्षेत्रको गुणस्तर उकास्न नसक्ने उनको भनाइ छ ।

झन्डै एक लाख किलोमिटर सडक सञ्जाल नेपालमा तयार भइसकेको छ । राष्ट्रिय सडक सञ्जालमा आबद्ध हुन बाँकी रहेको एकमात्र जिल्ला हुम्लामा पनि २०७८ भित्रै गाडी पुग्दैछन् । देश विकासका लागि यो ठूलो अवसर हो । देशका ७७ जिल्ला नै सडक सञ्जालमा बाँधिनु भनेको देशले विकासमा काँचुली फेर्नु हो । तर सडक निर्माणमा देखिएको हतारोपन, जथाभावी निर्माण कार्य, संरक्षणका उपाय अपनाउन नदेखिएको उदासीनताजस्ता अनेक चुनौतीहरू पनि देशसामु छन् ।

## सडकमा रूपान्तरणकारी योजना र तहका केन्द्र जोड्ने सञ्जाल

मुलुकभरका सबै स्थानीय तहको केन्द्रदेखि सम्बन्धित प्रदेश सरकारको राजधानीसम्म पक्की सडक सञ्जाल जोडिने भएका छन् । पाँच वर्षभित्रै सक्ने योजनाका साथ चालु आर्थिक वर्षदेखि सुरु गर्ने गरी कामको थालनी भएको हो । चालु आ.व.मा दुई अर्ब रुपैयाँ खर्च गर्ने गरी थालनी भएको महत्वाकाङ्क्षी यो काममा संघीय, प्रदेश र स्थानीय तीनवटै सरकारले लागत साझेदारी गर्नेछन् । यस सम्बन्धमा खासगरि ग्रामीण सडक र गरिबी जोडेर चार अनुसन्धाताले गरेको 'ग्रामीण सडकको सुधारले सामाजिक-आर्थिक प्रभाव'बारेको अनुसन्धानमा यस्तो भनिएको छ । ग्रामीण सडकको विकासबाट सामाजिक आर्थिक लाभ र यातायातको पूर्वाधारको प्रभाव गरिब, विशेषगरी सबैभन्दा गरिब र जनसंख्याको २० प्रतिशत तल्लाई पर्ने देखिएको छ **(लिमी र अन्य, सन् २०१५ : १)** ।

> 'सरकारले जेजति योजना बनाए पनि सडक निर्माण र मर्मतका लागि बजेटको सुनिश्चितताका कारण समयमै सम्पन्न नहुनु ठूलो रोग हो ।'

प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमका लागि निवर्तमान प्रधानमन्त्री के पी ओलीले २ सय १० स्थानीय सरकारसँग सातवटै प्रदेश सरकारका तर्फबाट सम्झौता-पत्रमा हस्ताक्षर गरे । विभागले उक्त सडक निर्माण कार्यलाई तीव्रता दिन सातवटै प्रदेशमा स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय स्थापना गरिसकेको छ । पहिलो वर्ष ३ सय ९२ स्थानीय सरकारले सम्बन्धित प्रदेश सरकारको राजधानीसँग सञ्जाल जोड्न आग्रह गरेका थिए । पालिकाको केन्द्रसँग कच्ची सडक समेत नपुगेका स्थानीय तहको संख्या ३१ वटा रहेको छ । स्थानीय पूर्वाधार विभागका प्रोजेक्ट समन्वय एकाइका सिनियर डिभिजन इन्जिनियर महेश्वर घिमिरे भन्छन्, 'सातवटै प्रदेश-राजधानीसम्म प्रदेशभरका सबै स्थानीय तहका केन्द्र पक्की सडक सञ्जालले जोडिएपछि सवारीसाधनको आवतजावत सहज हुनेछ । यसले दिगो विकास गर्दै जीवनशैली गुणस्तरीय हुने अपेक्षा गरेका छौं ।' 'रूपान्तरणकारी योजना' अन्तर्गत प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधिमा १० किलोमिटरसम्मको सडकका लागि संघीय सरकारले ६५ प्रतिशत, प्रदेशले १० र स्थानीय तहले २५ प्रतिशत लागत साझेदारी बेहोर्नुपर्नेछ । त्यस्तै १० किलोमिटरभन्दा बढी २० किलोमिटरसम्म संघले ७०, प्रदेशले १० र स्थानीय तहले २० प्रतिशत र २० किलोमिटरभन्दा बढी लम्बाइ भएको सडकका लागि संघीय सरकारबाट ७५, प्रदेशबाट १० र सम्बन्धित स्थानीय तहबाट १५ प्रतिशत लागत साझेदारीमा सडक निर्माण हुने उल्लेख गरिएको छ ।

स्थानीय पूर्वाधार विभागका महानिर्देशक ईश्वरचन्द्र मरहट्टा प्रदेश-केन्द्र जोड्ने सडकले भौतिक र आर्थिक विकासको आधार तयार हुने, एक स्थानमा उत्पादन भएका वस्तु र सामान अर्को स्थानमा पुऱ्याउन सहज हुने बताउँछन् । उनी भन्छन्, 'सडक सञ्जालले शिक्षा, स्वास्थ्य, विज्ञान र प्रविधिका क्षेत्रमा भएका ज्ञान, सीप आदान-प्रदान भई अन्तरस्थानीय तहबीच आबद्धता बढ्ने छ ।' सातवटै प्रदेशमा गरी ३९९ किलोमिटर पक्की सडक सञ्जाल निर्माण हुनेछ । सरकारले पक्की सडक निर्माण गर्दा कच्ची ट्र्याकसमेत नखुलेका स्थानीय तहलाई उच्च प्राथमिकता दिइने छ भन्नुले पनि खासगरि ग्रामीण जनजीवनमा जीवनजलको काम गरेको छ । सरकारले जेजति योजना बनाए पनि सडक निर्माण र मर्मतका लागि बजेटको सुनिश्चितताका कारण समयमै सम्पन्न नहुनु ठूलो रोग हो । खासगरि संघीयता सुरु भएयता ७५३ स्थानीय सरकार बनेपछि जनप्रतिनिधिबीच सडक खन्ने होड नै बढेको छ । यसले जथाभावी सडक खन्ने र बिनायोजना लगानी गर्दा लगानी नै यसै खर्च भएको पनि देखिएको छ ।

जनप्रतिनिधिले जथाभावी खनेका सडक हेर्ने हो भने सडक राजनीति हो । रोजगारदेखि उत्पादन बढाउने सबै अवस्था विचार गर्दा सडक अर्थतन्त्र पनि हो । सामाजिक-आर्थिक र त्यसमा समग्र विकास जोडिएकाले सडक समाजको अभिन्न अङ्ग हो । जीवनशैलीमा प्रत्यक्ष प्रभाव पर्ने भएकाले सडक संस्कृति पनि हो । सडककै कारण हेटौंडा, दमौली, सिन्धुली उक्सेका तथ्य हाम्रै सामु छन् । जताततै सडक खोल्दा कुनै जिल्लामा

जताततै सडकै सडक छन् भने कतै सदरमुकामसमेत जोडिएका छैनन्', भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको वैदेशिक महाशाखाका प्रमुख शर्मा भन्छन्, 'चाहिने नचाहिने सडक पनि बनेका छन् । थुप्रै यस्ता सडकमा त मर्मत खर्च दोब्बर र तेब्बर गर्नुपर्ने अवस्था निम्तिएको छ ।' गमगढीसम्मको ९२ किलोमिटर सडक कालोपत्रे बन्न नपाउँदा राराजस्तो विशेष पर्यटकीय स्थल पुग्न दशकौंदेखि सकस परिरहेको छ । तराईमा त अधिकांश जिल्लामा सडक सञ्जाल लगभग पर्याप्त छ । पछिल्लो समय गुल्मी, दाङ, डडेल्धुराजस्ता पश्चिम क्षेत्रका जिल्ला पनि सडकले भरिन थालेका छन् । सडक निर्माण गर्दा राष्ट्रिय सडक गुरुयोजना बनाएर काम गर्नुपर्ने विज्ञको सुझाव छ । 'प्रतिफल नदिने सडक बने भने सरकार र नागरिक दुवैलाई घाँडो हुन्छ, त्यस्ता थुप्रै सडक पनि छन्', शर्मा थप्छन्, 'सडक निर्माणमा जथाभावी डोजर चलाउने लहर आएको छ । यसरी बनेका र प्रतिफल नदिने सडक विकासको अवरोधक पनि हुन् भनेर सरोकारवाला सबैले बुझ्नुपर्छ ।' गुणस्तरीय सडक भने विकासको वाहक भएको उनको भनाइ छ ।

**'सडकसँग सम्बन्धित सरोकारवाला निकायबीच कामका लागि समन्वय र सहकार्यमा स्पष्टता नहुँदा सडक निर्माणमा ठूलो समस्या छ ।'**

सडकसँग सम्बन्धित सरोकारवाला निकायबीच कामका लागि समन्वय र सहकार्यमा स्पष्टता नहुँदा सडक निर्माणमा ठूलो समस्या छ । भूगोलका कारण नेपालमा सडक निर्माण खर्चिलो भएको इन्जिनियरहरूको भनाइ छ । मध्यपहाडी राजमार्ग, विपी राजमार्ग, मदन भण्डारी राजमार्ग, फास्ट ट्र्याक, कोशी, गण्डकी र कर्णाली करिडोरको खर्च हेरे काफी हुन्छ । यस्तै सडक निर्माणका अन्य थुप्रै चुनौती छन् । 'दक्ष प्राविधिक जनशक्ति कम छन् भने सडकका लागि चाहिने कच्चा पदार्थ र श्रमिक अभाव छ', विभागका पूर्वमहानिर्देशक शर्मा भन्छन्, 'सरकारी निकायबीच समन्वय नहुनु ठूलो चुनौती हो । एउटा ठेकेदारले जति योजना लिए पनि हुन्छ जहिले सके पनि हुन्छ, उसको क्षमता र दक्षतामा मापदण्ड छैन ।' उनका अनुसार, व्यक्तिगत फाइदाका लागि सडक बन्नेदेखि ईआईए र आईईई नगरी अझ योजने नबनाई राजनीतिक दबाबका भरमा ठेक्का लागिसक्नु मुलुककै लागि दुर्भाग्य हो ।

नेपाल सरकारले आर्थिक वर्ष २०७८-७९ को बजेटमा राष्ट्रिय राजमार्ग प्राधिकरण बनाएर अघि बढ्ने संकेत गरेको छ । संघीय सरकारको क्षेत्राधिकारभित्रका सडक तथा पुलको मापदण्ड निर्धारण, डडइड, डिजाइन, निर्माण, मर्मत-सम्भार, सम्भावित लगानीको वैकल्पिक उपकरणहरूको प्रयोग, वित्तीय स्रोत परिचालन एवं अभिलेखीकरण समेतका लागि राष्ट्रिय राजमार्ग प्राधिकरण स्थापना गर्न विज्ञसहितको अध्ययन कार्यदल गठन गरिने छ **(वार्षिक बजेट, २०७८/७९ : ६४)** । यसो हुँदा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणजस्तै छिटो र अधिकारसम्पन्न भएर सडक र पुलका काम अघि बढाउन सकिन्छ । 'प्राधिकरण बनाएर जान सके छुट्टै ऐनमार्फत सडकसम्बन्धी राष्ट्रिय गौरवका आयोजनालाई पृथक ढङ्गले सञ्चालन गर्न सकिन्छ', मन्त्रालयको महाशाखाका प्रमुख शर्मा भन्छन् । हालसम्म एक किलोमिटर सडक निर्माण र राष्ट्रिय गौरवका राजमार्ग सबैलाई एउटै ऐन सार्वजनिक खरिद ऐन र नियमावलीमा रहेर काम गर्नुपर्छ । सडकको ठेक्का दिँदा डिजाइन इस्टिमेट गरेपछि मापदण्डमा तोकिएका अवस्था पूरा गर्ने ठेकेदार छनोट गर्ने चलन रहेको उनको भनाइ छ । उनी भन्छन्, 'अहिले डिजाइन एन्ड बिल्टको मोडालिटी अपनाएर सडक र पुल निर्माण भइरहेकाले सडक विभाग सफल भइरहेको छ तर यसलाई पनि संशोधन गरेर जान सके गुणस्तरमा सम्झौता गर्नुपर्दैन ।'

## निष्कर्ष र सिफारिस

'विकासले सामाजिक अवस्था पनि सुधार गर्छ । विकासमा सामाजिक विकास मात्र पर्दैन, यसले सँगसँगै सांस्कृतिक र संस्थागत विकास पनि गर्छ', संयुक्त राष्ट्रसंघको चार्टरमा उल्लेख भएका यी वाक्यले समग्र समाजको विकासको प्रतिनिधित्व गरेको छ । सडक सञ्जाल निर्माण हुनु भनेको यी सबै विकासको आधार खडा हुनु हो । राष्ट्रसंघले बनाएको दिगो विकास लक्ष्यमा पनि विश्वका दुई सय बढी देशका सात अर्बभन्दा बढी नागरिकलाई लक्षित गरी साझा आकाङ्क्षा तय गरिएको थियो - समृद्धिको प्राप्ति, समृद्धिको हिस्सेदारी र समृद्धिको दिगोपना । नेपाली नागरिकको जीवनशैलीमा पनि यो देखिनु पर्छ । यस्तो परिवर्तन देखिए मात्र देशको विकास भएको देखिन्छ भन्ने विकासविद्हरूको भनाइ विश्लेषण गर्ने हो त्यो सडकबाटै सुरु भएको देखिन्छ किनकि विकासको मूलाधार नै सडक हो ।

सडक सञ्जालका लागि सरकारले योजनामा बजेटसमेत तय गरे पनि आपसी निकायबीचको समन्वयको अभाव हुँदा मुख्य बाधा देखिएको अनुसन्धानले देखाएको छ । ठेक्कापट्टामा राजनीति हावी हुनु र यसको प्रक्रिया व्यवस्थित र पारदर्शी नहुनु अर्को कारण देखिएको छ । मापदण्डहरू बनाउने तर व्यवहारमा लागू नहुने प्रवृत्तिले पनि समस्या निम्त्याएको देखिएको छ । सडक बनाउन

सुरु गर्ने तर त्यसले पूर्णता (समयमै) पाउने काम भएको पाइँदैन । जसले गर्दा नागरिकले हरसमय सास्ती पाउने र मर्मत–सम्भारमा निर्माणको दोब्बर/तेब्बर खर्च गर्नुपर्ने अनुसन्धानले देखाएको छ । मुलुकभर भौगोलिक र आर्थिक क्षेत्रहरूलाई जनजीवनसँग जोड्दै राष्ट्रिय यातायात प्रणालीको गुणस्तरीय विकास गर्नु आजको आवश्यकता हो । यसका लागि मुख्य आधार सडक भए पनि रेलमार्ग, हवाइमार्ग, जलमार्ग, सुरुङमार्ग, फ्लाईओभर, केबुलकार आदि अनेक विकल्प पनि छन् । तर, झन्डै ९० प्रतिशतले उपभोग गर्ने सडक सञ्जाललाई गुणस्तरीय व्यापकता दिने हो भने गरिबी निवारणदेखि पर्यटन प्रवर्द्धन हुँदै समग्र दिगो विकास हुने देखिन्छ । जसले अन्ततः नागरिकको जीवनशैलीमै आमूल परिवर्तन ल्याउने छ ।

यसका लागि अनुसन्धानले निम्न बुँदा कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ :

क) सहरी–ग्रामीण, लामा–छोटा, पहाड–तराई, स्थानीय–राष्ट्रिय गौरवका फरक–फरक सडकका लागि सोहीअनुसारका मापदण्ड बनाउनु पर्ने ।
ख) राष्ट्रिय राजमार्गहरू निर्माण र मर्मतका हकमा सडक विकास प्राधिकरणको गठन गरी तीव्र गतिमा गुणस्तरीय काम गर्नुपर्ने ।
ग) सडक सञ्जाल निर्माणमा सरकारी निकायबीच निरन्तर सहकार्य हुनुपर्ने ।
घ) सार्वजनिक खरिद ऐनलाई समयअनुसार संशोधन गर्नुपर्ने ।
ङ) रूपान्तरणकारी योजना र स्थानीय तहका केन्द्र–प्रदेश राजधानी जोड्ने सडकको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
च) ग्रामीण सडकलाई पनि गुणस्तरीय बनाएर गाउँलेको जीवनशैलीमा परिवर्तन ल्याउनुपर्ने ।
छ) सडकमा राजनीति नजोड्ने तर स्थानीय एवं सरोकारवालाको अपनत्व हुने गरी काम गर्नुपर्ने ।
ज) राष्ट्रसंघले बनाएको दिगो विकास लक्ष्यअनुसारको समृद्धिको प्राप्ति, समृद्धिको हिस्सेदारी र समृद्धिको दिगोपना नेपाली नागरिकलाई प्रदान गर्न सडक सञ्जाललाई व्यापकता दिन योजना र बजेटमा प्राथमिकता दिनुपर्ने ।
झ) कम्तीमा जोडिन बाँकी पालिका र तिनका वडासम्म सडक सञ्जाल विस्तार गर्ने र यस्ता सबै ग्रामीण सडक बाह्रै महिना चल्न सक्ने बनाउने ।
ण) सडक निर्माण गर्दा सम्भावित बाढीपहिरोबाट जोगिने लगायतका वातावरणीय पक्ष ख्याल गर्नुपर्ने र निर्माणपछि दायाँबायाँ बोटविरुवा रोप्नुपर्ने ।

## सन्दर्भ सामग्रीहरू


इमी, अत्सुसी, ल्यानसेलोट, इरिक आर, म्यानेलिसी इसबेल, ओगिता सातोसी (सन् २०१५), *सोसल एन्ड इकोनोमिक इम्प्याक्ट अफ रुरल रोड इम्प्रुभमेन्टस् इन द स्टेट अफ टोकान्टिन्स*, ब्राजिल : ओपन नलेज डट वर्ल्ड बैंक डट ओआरजी

नेपाल सरकार, (२०७५), *नेपाल परिचय*, छैठौं संस्करण, काठमाडौं : सूचना तथा प्रसारण विभाग ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान*, काठमाडौं : नेपाल सरकार ।

नेपाल सरकार (सन् २०१७), *दिगो विकास लक्ष्यहरू : वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*, काठमाडौं : राष्ट्रिय योजना आयोग ।

पुओड्जियुकस्, भर्ग्युदस, स्भाप्लिन, औस्रा, ब्रागा, आइभारस, (सन् २०१६), *मिएजर्स फर सस्टेनेबल डेभलपमेन्टस अफ रोड नेटवर्क*, साइन्स डिरेक्ट डट कम ।

बेन, सिदिक बोक्वुदिली, (सन् २०१९), *सिग्निफिकेन्स अफ रोड इन्फ्रास्ट्रक्चर अन इकोनोमिक सेस्टेनेबिलिटी*, रिसर्चगेट डट नेट

भण्डारी, डा. सहदेवबहादुर (२०७७), *बागमती प्रदेशको पुल निर्माणसम्बन्धी विवरण*, बागमती प्रदेश : यातायात पूर्वाधार निर्देशनालय ।

राष्ट्रिय योजना आयोग (२०७६), *पन्ध्रौं योजना* (आर्थिक वर्ष २०७६/७७-२०८०/८१), काठमाडौं : राष्ट्रिय योजना आयोग ।

वार्षिक प्रगति प्रतिवेदन (आर्थिक वर्ष २०७६/७७), नेपाल सरकार : भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।

वार्षिक बजेट (आर्थिक वर्ष २०७८/७९), नेपाल सरकार : अर्थ मन्त्रालय ।


***लेखक गोपीकृष्ण ढुङ्गाना विकास पत्रकार मञ्च (फोडेज), नेपालका अध्यक्ष तथा अन्नपूर्ण पोस्ट दैनिकको ओपेड एन्ड एडिटोरियल रिलेसन्सका संयोजक हुनुहुन्छ ।***

**सहभागिताको अघिल्लो अंक**

(पढ्न नपाइएको भए नेपानमा सम्पर्क गर्नुहोला)



# दिगो विकास लक्ष्यको स्थानीयकरण र छत्रकोटको सन्दर्भ



प्रदीप पन्थ

> ‘दिगो विकास लक्ष्यले विकासलाई अधिकारमुखी विकासको फराकिलो दायराबाट हेरेको छ ।’

शान्ति र समृद्धिका लागि सहकार्य गर्ने विश्व समुदायको अठोटबमोजिम संयुक्त राष्ट्र संघका सम्पूर्ण सदस्य राष्ट्रको सामूहिक प्रयास र प्रतिबद्धताका आधारमा सन् २०१५ मा घोषणा गरिएको कार्ययोजना दिगो विकास लक्ष्य हो । नेपालले पनि यी लक्ष्यलाई आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । नेपालको संविधान र दिगो विकास लक्ष्य दुवैले ‘विकास’ लाई ‘मानव केन्द्रित’ अवधारणाबाट हेरेका छन् । यस अवधारणाले विकासलाई एकीकृत तरिकाबाट व्यापक रूपले मानवीय अवस्थामा सुधार गर्दै आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय तथा संस्थागत विकास गर्ने माध्यमका रूपमा हेर्दछ । दिगो विकास लक्ष्यले विकासको आधारभूत मानवीय आवश्यकता जस्तै : भोकमरी तथा गरिबीको अन्त्य, सबैका लागि सुरक्षित खानेपानी तथा सरसफाइको सुनिश्चितताजस्ता बिषयहरू समेटेको छ ।

दिगो विकास लक्ष्यले विकासलाई अधिकारमुखी विकासको फराकिलो दायराबाट हेरेको छ। नेपालको संविधानले तीनै तहका सरकारहरूको एकल तथा साझा अधिकार सूचीको व्यवस्था गरी सहकारिता, समन्वय र सहअस्तित्वमा आधारित संघीय शासन व्यवस्थाको सिद्धान्त अवलम्बन गरेको छ। तसर्थ, सबै तहका सरकार कार्य-जिम्मेवारीअनुसार दिगो विकास लक्ष्य हासिल गर्ने दिशामा क्रियाशील हुनु जरुरी छ। यसमा पनि स्थानीय तह नागरिकसँग दैनिक रूपमा साक्षात्कार हुने भएकाले स्थानीय आवश्यकता र प्राथमिकताका बढी जानकार हुन्छन् । त्यसैले अहिले दिगो विकास लक्ष्यको स्थानीयकरणमा विशेष पहल भैराखेको छ । गाउँ तथा नगरपालिकाहरूले दिगो विकास लक्ष्यलाई आत्मसात गरी आफ्ना कार्यक्रमहरूमा मूलप्रवाहीकरण नगरेसम्म हामीले अपेक्षा गरेको समग्र लक्ष्यको प्राप्ति सम्भव नहुने कुरा निश्चित छ । यस लेखमा गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकाको सन्दर्भ लिएर दिगो विकास लक्ष्य अन्तर्गतको ‘भोकमरीलाई अन्त्य गर्ने’ लक्ष्यका सन्दर्भमा स्थानीय तहको प्रयत्न के कस्तो छ भन्ने कुराको केही चर्चा गर्ने प्रयास गरिएको छ ।

दिगो विकासका लक्ष्यहरू १७ ओटा भएता निम्नानुसारका लक्ष्यहरूमा कुनै न कुनै रूपले भोकमरी अन्त्य गर्ने लक्ष्य सम्बन्धित हुन आउँदछ :

लक्ष्य १. सबै क्षेत्रबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने ।

लक्ष्य ४. समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने ।

लक्ष्य ५. लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने ।

लक्ष्य ६. सबैका लागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।

लक्ष्य ७. किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा सबैका लागि पहुँच सुनिश्चित गर्ने ।

लक्ष्य ८. भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनशील रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने ।

लक्ष्य १२. दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने ।

लक्ष्य १३. जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने ।

लक्ष्य १५. पारिस्थितिकीय प्रणालीको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको
दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने ।

संघीय गणतन्त्रात्मक नेपालको संविधान - वि.सं. २०७२ ले दिएको अधिकारअनुसार पनि दिगो विकासका लागि स्थानीय तहले महत्वपूर्ण भूमिका खेल्न सक्दछन् । नेपालका ७५३ स्थानीय तहमध्ये गुल्मी जिल्लाको एक स्थानीय तह हो, छत्रकोट गाउँपालिका । यस गाउँपालिकामा छवटा वार्डहरू छन् भने ८७.१ वर्ग कि.मी. जम्मा क्षेत्रफल रहेको छ । जसको करिब ५०.९८ प्रतिशत खेतीयोग्य जमिनले ओगटेको छ र ८५.५२ प्रतिशत मानिसहरू कृषि पेशामा आबद्ध छन् । गाउँपालिका भन्ने नामले नै यो ग्रामीण क्षेत्र हो भन्ने बुझाउँछ । नेपालका प्रत्येक गाउँपालिकाको मुख्य आर्थिक स्रोत भनेको कृषि हो । कृषि भोकमरी अन्त्य गर्ने प्रमुख आधार पनि हो । छत्रकोटको परिवेशमा पनि यही अवस्था रहेको छ ।

पछिल्लो समय बसाइसराइ, पहाडमा भू-क्षय र कम उत्पादकत्वले गर्दा पहाडको कृषि लगभग धरापमै परेको अवस्था छ । त्यसमाथि अर्को ठूलो चुनौती छ, जंगली जनावरको । प्रत्येक वर्ष गाउँपालिकाले ल्याउने नीति तथा कार्यक्रममा गाउँका समस्याहरू न्यूनीकरण गर्ने विभिन्न शीर्षकहरू नै छुट्याई गाउँपालिकाले बजेट त ल्याउने गर्छ तर उपलब्धि भने अपेक्षा गरिएअनुसार हुने गरेको छैन । कृषिलाई प्राथमिकतामा राखेको यस गाउँपालिकाले आ.व.२०७७/७८ लाई कृषि वर्षकै रूपमा मनायो । 'स्मार्ट कृषि कार्यक्रम' र गाउँपालिकाबाट सञ्चालित विशिष्टीकृत सहकारीले शुरु गरेको 'चक्लाबन्दी कार्यक्रम' दिगो विकासका ज्वलन्त उदाहरण हुन् । यी दुवै कार्यक्रममा दिगो विकास लक्ष्यका अवधारणाहरू समेटिएको बताइन्छ । छत्रकोटका अध्यक्ष मधुकृष्ण पन्थ भन्नुहुन्छ, 'कृषि क्षेत्रलाई समष्टिगत रूपमा उजागर गर्न दिगो विकासका लक्ष्यलाई आत्मसात गरिरहेका छौं ।' तर, उहाँले भनेजस्तो अवस्था चाहिँ भेटिंदैन किनभने गाउँपालिकाले कृषकका लागि केवल टनेलको प्लास्टिक र हाते ट्याक्टर वितरण गर्ने तथा कनिका छरेजस्तो बीउ र फलफूलका बिरुवा बाँड्ने कामले मात्रै कृषि क्षेत्रबाट योगदान गर्न सकिने दिगो विकासका लक्ष्यहरू हासिल गर्न सकिँदैन । कतिपय पालिकाहरूले प्रत्येक वर्षको असार मसान्तमा बजेट सिध्याउने दौडधूपमा पनि कृषि सामग्रीहरू अनुदानमा बाँड्ने गर्दछन् तर यस्तो वितरणमुखी क्रियाकलाप र त्यस्ता वितरित सामग्रीको प्रयोगको औचित्यका बारेमा भने कतैबाट उपयुक्त अध्ययन भएको पाइँदैन । त्यसैले दिगो विकासको अवधारणा के हो, यो हाम्रालागि किन जरुरी छ र यस्ता लक्ष्य हासिल गर्न हामी कसरी अगाडि बढ्नु उपयुक्त हुन्छ भन्ने कुरामा सचेत ढङ्गको जानकारी स्थानीय तहमा दिन सकिएमा र स्थानीय तहका जनप्रतिनिधि एवम् पदाधिकारीहरूले दिगो विकास लक्ष्य हासिल गर्न योगदान पुऱ्याउने क्रियाकलाप उपयुक्त ढंगले कार्यान्वयन गर्न ध्यान दिएमा मात्रै केही अपेक्षित उपलब्धिहरू हासिल हुनसक्ने आशा गर्न सकिन्छ ।

यसैगरी दिगो विकास लक्ष्यको महत्व, आवश्यकता र गर्न सकिने कामहरूका बारेमा स्थानीय क्षेत्रका कृषक समूह तथा अग्रणी कृषकहरू मार्फत कृषक समुदायमा पनि सचेतना अभिवृद्धि गर्नु जरूरी छ । किनभने हाम्रो देशको ग्रामीण क्षेत्रमा कृषि नै रोजगारीको मूल माध्यम पनि हो र भोकमरी न्यूनीकरण गर्ने, आय आर्जन अभिवृद्धि गरी शिक्षा, स्वास्थ्यजस्ता जीवनका अन्य आवश्यकताहरू परिपूर्तिमा योगदान गर्ने आधार पनि यही हो । तर,

यस्ता कुरामा अपेक्षित क्रियाशीलताको अझै अभाव छ। छत्रकोटकै सन्दर्भमा पनि यस्ता कुरामा यहाँका दुई-चारजना व्यावसायिक कृषक बाहेक प्राय: सबै अनभिज्ञ छन् र गाउँपालिकाले दिगो विकास लक्ष्यका बारेमा जनचेतना जगाउने खालका कार्यक्रम पनि गरेको देखिँदैन। यो अवस्था छत्रकोटका साथै मुलुकका धेरै स्थानीय तहहरूमा विद्यमान छ।

छत्रकोटका व्यावसायिक तरकारी कृषक विष्णु शर्मा भन्नुहुन्छ, 'व्यावसायिक कृषि भनेपछि उत्पादन वृद्धि गर्नेतर्फ लाग्नै पर्‍यो। अनेक थरिका कीरा तथा रोग बालीमा देखिन्छन् जसको वातावरणीय उपचार विधिले नियन्त्रण गर्न गाह्रो छ अनि रासायनिक विषादी छर्नुको विकल्प छैन।' यो उहाँको मात्र समस्या होइन सारा किसानको हो। तर, यसो गर्नाले दिगो विकासको लक्ष्यमा योगदान पुग्ने कुरा त परैको कुरा हुने नै भयो यस्ता प्रकारका अनेक समस्याहरूको कारण पहाडको कृषि धरापमा पर्दै जाने स्थिति पनि रह्यो।

त्यसैले, प्रत्येक गाउँपालिकाले दिगो विकास सहितको आर्थिक समृद्धितर्फ उन्मुख हुनु र दिगो विकास लक्ष्यलाई राम्रोसँग बुझेर हासिल गर्दै जाने प्रयत्न गर्नु आजको अपरिहार्य आवश्यककता हो। यसका लागि कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै यसको विकासका निम्ति दीर्घकालीन योजना बनाउनु र यसको अविलम्ब कार्यान्वयन गर्ने दिशामा अग्रसर हुनु पर्दछ। आजको मागलाई मात्र नहेरेर प्रत्येक स्थानीय तहले अब आउने सन्ततिहरूका लागि पनि उपयुक्त जीवनयापन अनुकूलको वातावारण सिर्जना गर्ने काममा अग्रसर हुनु जरूरी भइसकेको छ।

*लेखक प्रवीप पन्थ कृषि तथा वन विज्ञान विश्वविद्यालयसँग सम्बद्ध हुनुहुन्छ।*
*इमेल: panthpradip2@gmail.com*

## सहभागिताको लागि लेख रचनामा हुनुपर्ने अनिवार्य शर्तहरू

- लेख मौलिक र तथ्यपरक हुनु पर्नेछ।
- लेख सहभागीमूलक प्रकियाको प्रवर्द्धन गर्ने खालको हुनु पर्नेछ।
- लेख कम्प्युटर टाइपिङ्गमा प्रिति फन्टको १३/१४ साइजमा हुनु पर्नेछ।
- नेपाली भाषामा हुनु पर्नेछ।
- तथ्यको स्रोत स्पष्ट खुलाउनु पर्नेछ।
- बढीमा २००० शब्दभित्र हुनु पर्नेछ।
- लेखको साथमा लेखकको फोटो र लेखकको बारेमा संक्षिप्त जानकारी पठाउनु पर्नेछ।
- लेखका सान्दर्भिक फोटोहरूमा क्याप्सन सहित यसको स्रोत खुलाई पठाउनु पर्नेछ।
- लेख इमेल (nepan@nepan.org.np) तथा नेपान कार्यालयमा पठाउन सकिनेछ।
- अस्वीकृत लेख रचना फिर्ता हुनेछैन।
- लेख रचना प्रकाशनसम्बन्धी अन्तिम निर्णय नेपानको मान्य हुनेछ।

**थप जानकारीको लागि** :

नेपान सहभागीमूलक कार्य समूह (नेपान)

नेपान घर, दोभान टोल, सहयोगी नगर, जनता सडक, कोटेश्वर, काठमाडौं ३२, नेपाल

फोन नम्बर : ०१ ४१५४९३८ इमेल : nepan2021@gmail.com वेभसाइट : www.nepan.org.np

# दिगो विकास लक्ष्य र नेपालमा मानसिक स्वास्थ्य





ज्योत्स्ना डाँगी

डा. नरेन्द्र सिंह ठगुन्ना

विकासमा सन्तुलन गरेर भावी पुस्ताको स्वच्छ वातावरणमा सन्तुलित अर्थतन्त्रमा बाँच्ने मौलिक हकको सुनिश्चितता गर्दै अहिलेको पुस्ताको गुणस्तरीय जीवन अभिवृद्धि गर्ने मान्यतालाई दिगो विकास लक्ष्यले अंगीकार गर्दछ। दिगो विकास लक्ष्यका धेरै लक्ष्यहरू मनोविज्ञानको पेशासँग जोडिएका छन् । मनोविज्ञानले संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्य (SDGs)का विशेष कार्यक्रम, हस्तक्षेपको (Intervention) विकास र कार्यान्वयनमा देखिने जटिलतालाई अन्तःविषय परिप्रेक्ष्यबाट लाभान्वित गरी दिगो सकारात्मक परिवर्तनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। मानव व्यवहारले लगभग सबै पर्यावरणीय समस्याहरू जस्तै : हावा र पानी प्रदूषण, जलवायु परिवर्तन, वन कटाइ र जैविक विविधताको हानिलाई बुझाउँछ। दिगो व्यवहारमा मनोविज्ञानको लक्ष्य आकर्षक र प्राकृतिक छनौट गरेर टिकाउयुक्त बनाउनु एवं सिर्जना गर्नु हो। त्यसअन्तर्गत गरिबीको अन्त्य, शून्य भोकको दिशामा काम, राम्रो स्वास्थ्य र मनोकल्याणमा सुधार, गुणस्तरीय शिक्षाको सुनिश्चिता, लैङ्गिक समानतामा सुधार, सभ्य र स्वच्छ कामको अवसर प्रदान र आर्थिक वृद्धि, असमानता घटाउने, शान्ति निर्माण र लक्ष्य हासिल गर्न साझेदारी सुदृढीकरण आदि कुनै न कुनै प्रकारले मानिसको मनोविज्ञानसित सम्बन्धित छन् ।

> ‘विकासको प्रतिफललाई वर्तमानका पुस्तामा मात्र सीमित नगरी भविष्यका पिँढीलाई समेत सुनिश्चितता प्रदान गरिने विकासको अवधारणा नै दिगो विकास हो ।’

विशिष्ट दिगो विकास लक्ष्यहरूलाई सम्बोधन गर्नमा मनोविज्ञानको भूमिकाको सन्दर्भमा अनुसन्धानहरू गरिएका छन्, उदाहरणका लागि केही अध्ययनहरू (Antonucci, Bial, Cox, Finkelstein, & Marchado, 2019; Carr & Meyer, 2018) ले गरिबीको समाप्तिका चुनौतीहरू (SDG1) र लैङ्गिक असमानतालाई सम्बोधन (SDG5) जस्ता अध्ययनहरूबाट मनोविज्ञान दिगो विकास लक्ष्यहरू प्राप्त गर्नका लागि आधारभूत छ भन्ने निष्कर्ष निकालिएको छ। त्यस्तै, कार र मेयर (Carr & Meyer, 2018) को अध्ययनमा SDG3 (स्वास्थ्य र कल्याण) लाई कार्यबलको विकासका लागि, प्रमुख रोगसँग लड्न, मानसिक स्वास्थ्य साक्षरता बढाउन, मानसिक रोगमा स्वदेशी दृष्टिकोणको उपयोग गर्न मनोविज्ञानको महत्वपूर्ण भूमिका रहन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

## दिगो विकासको अर्थ र परिभाषा

धान्न सकिने टिकाउपूर्ण विकास जसले वातावरण र विकास बीच सन्तुलन गर्दछ त्यसलाई नै दिगो विकास भनिन्छ । विकासको प्रतिफललाई वर्तमानका पुस्तामा मात्र सीमित नगरी भविष्यका पिँढीलाई समेत सुनिश्चितता प्रदान गरिने विकासको अवधारणा नै दिगो विकास हो । विकासमा सन्तुलन गरेर भावी सन्ततिको स्वच्छ वातावरणमा सन्तुलित अर्थतन्त्रमा बाँच्ने मौलिक हक सुनिश्चितता गर्दै अहिलेको पुस्ताको गुणस्तरीय जीवन अभिवृद्धि गर्ने मान्यतालाई यसले अवलम्बन गर्दछ ।

**रोबर्ट ऐलन (१९८०)ले** आफ्नो पुस्तक 'सस्टेनेबल डेभलप्मेन्ट ईन डेभलपिङ्ग कन्ट्रिज' मा उल्लेख गरेका छन्, 'दिगो विकास त्यस्तो विकास हो जसले मानवीय आवश्यकता परिपूर्ति गरी पूर्ण सन्तुष्टि र गुणस्तरीय जीवन सुधार गर्ने काम गर्छ ।'

**रियो डिक्लेरेसन (१९९२) का** अनुसार 'दिगो विकास प्राप्ति गर्न विकास प्रक्रिया संरक्षणलाई अति महत्वपूर्ण भागको रूपमा लिनुपर्छ ।'

**जे ऐ ईलियट (१९९४) का** अनुसार 'दिगो विकास त्यस्तो विकास हो जसले विकास प्रक्रियामा केवल आर्थिक र सामाजिक क्रियाकलाप मात्र समावेश हुँदै प्राकृतिक स्रोत साधनहरू उपयोग र तिनीहरूको उपयोगबाट वातावरणमा पर्ने असरका बारेमा पनि सचेत हुनुपर्छ ।

विभिन्न परिभाषाहरूको विश्लेषण गर्दा दिगो विकास भन्नाले भावी पिँढीको आवश्यकता पूरा गर्न बाधा नपर्नेगरी वर्तमानको आवश्यकता पूरा गर्ने विकास, टिकाउपूर्ण विकास, वातावरणको वर्तमान गुणस्तर वृद्धि गर्ने एवं तटस्थ रहने विकास र आर्थिक विकासबाट उच्चतम फाइदा लिने विकास भनेर बुझ्न सकिन्छ ।

## दिगो विकासका आयामहरू

दिगो विकासलाई बहुआयामिक रूपले विश्लेषण गर्न सकिन्छ जसअन्तर्गत वातावरणीय, सामाजिक, आर्थिक, मानवीय, प्राविधिक, संस्थागत र शासकीय आयमहरूबीच सन्तुलनमा जोड दिइएको पाइन्छ । वातावरणीय आयामअन्तर्गत प्राकृतिक स्रोत-साधनको दिगो उपयोग, वातावरण संरक्षण र यसको व्यवस्थापन, वातावरणमैत्री विकासका पक्षहरू समेटिन्छन् । सामाजिक आयामअन्तर्गत गरिब र सीमान्त वर्गको संरक्षण गर्दै समतामूलक वितरणलाई जोड दिइन्छ । सांस्कृतिक आयामले सांस्कृतिक एकीकरणमा जोड दिँदै सांस्कृतिक मूल्य-मान्यताको संरक्षण एवम् सांस्कृतिक विविधता र सम्पदाको संरक्षण तथा सदुपयोग हुनुपर्छ भन्ने मान्यतामा जोड दिन्छ । आर्थिक आयामले गरिबी निवारणउन्मुख आर्थिक वृद्धि र स्वस्थ समष्टिगत व्यवस्थापन प्रणालीमा जोड दिन्छ । मानवीय आयामले जनशक्तिबाट पुँजी सिर्जना गर्न रोजगारीको अवसरमा वृद्धि गरी भविष्य सुनिश्चित गर्ने विकासको पाटो समेट्दछ । प्राविधिक आयमले प्रविधि विकास तथा स्रोतको मितव्ययितापूर्ण र न्यून मात्रामा नोक्सान हुने ढङ्गबाट उपयोग गर्न सकिने प्रविधिलाई आत्मसात गरिनुपर्ने कुरालाई समेट्दछ ।

## दिगो विकासका उद्देश्यहरू

दिगो विकासका उद्देश्यहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- वातावरणको प्रभावकारी संरक्षण र सम्बर्द्धन गर्नु ।
- प्राकृतिक स्रोत-साधनको विवेकसङ्गत एवं सावधानीपूर्ण उपयोग गराउनु ।
- उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि गर्नु ।
- समतामूलक समाजको स्थापना गर्नु ।
- वाावरणीय न्याय प्रवर्द्धन गर्नु ।
- मानवीय विकासका पक्षहरूको सबलीकरण गर्नु ।
- स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्रतिफलको न्यायोचित वितरण गर्नु ।

## दिगो विकासका लक्ष्यहरू

दिगो विकास एजेन्डा विश्व, जनता र समृद्धिका लागि कार्यान्वयन गर्ने कार्ययोजनाको रूपमा अघि सारिएको छ । विश्वमै सबै देश र सरोकारवालासँगको साझेदारीमा सन् २०३० सम्म यो कार्ययोजना कार्यान्वयन हुने तय भएको छ ।

सन् २०१५ मा एमडिजीको लक्ष्य प्राप्तिको समयावधि समाप्त भएपछि प्राप्त भएका उपलब्धिलाई संस्थागत गर्दै बाँकी लक्ष्य प्राप्ति गर्नका लागि सन् २०१५ सेप्टेम्बर २५-२७ मा युएनका सदस्य राष्ट्रका सरकार प्रमुख र प्रतिनिधिहरूले ७० औं महासभाबाट दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा गन्तव्य तय गरिएको छ । ती लक्ष्यहरूबाट सबैको मानवअधिकारको महसुसीकरण, लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला र बालबालिकाको सशक्तीकरणमा जोड दिइएको छ । साथै, एसिडजीले दिगो विकासका आर्थिक, सामाजिक र वातावरणीय आयामलाई एकीकृत गर्दै लगेको देखिन्छ । यी लक्ष्यहरूले विश्वव्यापी पहल र मानवतावादी महत्वलाई १५ वर्षमा उत्साहपूर्ण ढङ्गले कार्यान्वयन गर्दै लैजाने प्रतिवद्धता गरेको छ। दिगो विकासका लागि निम्नानुसार पाँचवटा 'पी'को अवधारणालाई अगाडि ल्याइएको छ :

१. **पिपुल (मानिस) :** सबै मानिसहरूलाई स्वस्थ वातावरणमा समानता र स्वाभिमानपूर्ण ढङ्गले आफ्ना सम्भावना उपयोग गर्नका लागि सबै स्वरूप र आयामका गरिबी र भोकबाट मुक्त गर्ने ।

२. **प्लानेट (विश्व) :** वर्तमान र भावी पिँढीका आवश्यकतालाई परिपूर्ति गर्न दिगो उत्पादन र उपयोग, प्राकृतिक स्रोत-साधनको दिगो व्यवस्थापन र जलवायु परिवर्तनमा अर्जेन्ट एक्सन लिई पृथ्वीलाई ह्रास हुनबाट जोगाउने ।

३. **प्रस्परिटी (समृद्धि) :** प्रकृतिको उचित सन्तुलन र तादात्म्य कायम गर्दै आर्थिक, सामाजिक र प्राविधिक प्रगति प्राप्त गर्दै सबै मानवलाई जीवनका समृद्धि परिपूर्ति गरी आनन्द अनुभूति गराउने ।

४. **पिस (शान्ति) :** शान्ति बिनाको दिगो विकास र दिगो विकास बिनाको शान्ति हुन सक्दैन । यसका हिंसा र डरमुक्त न्यायपूर्ण र समावेशी एवम् शान्तिपूर्ण समाज स्थापना हुनुपर्ने ।

५. **पार्टनरसिप (साझेदारी) :** सबै मानिस, सरोकारवाला र सबै देशहरूको सहभागितामा विशेष गरी बढी सङ्कटग्रस्त रहेका र गरिबभन्दा गरिब समुदायको आवश्यकतालाई जोड दिई विश्वव्यापी ऐक्यबद्धताको स्पिटलाई सुदृढ गर्न दिगो विकासका लागि विश्वव्यापी साझेदारीको पुनर्जीवनको रूपमा यो एजेन्डा कार्यान्वयन गर्ने इन्स्ट्रुमेन्टका रूपमा साझेदारीलाई लिइएको छ ।

## दिगो विकास लक्ष्यहरू (२०१५-२०३०)

(१) सबै स्थानका सबै किसिमका गरिबीको अन्त्य गर्ने ।
(२) भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा हासिल गर्ने तथा पोषणमा सुधार ल्याउने र दिगो कृषि विकास गर्ने ।
(३) स्वस्थ जीवनको सुनिश्चितता गर्ने र सबै उमेरका सबैलाई तन्दुरुस्त बनाउने ।
(४) समावेशी तथा समतामूलक गुणस्तरयुक्त शिक्षाको सुनिश्चितता गर्ने एवं आजीवन सिक्ने भावनाको अभिवृद्धि गर्ने ।
(५) लैङ्गिक समानता सुनिश्चित गर्दै सबै महिला तथा बालिकाको सशक्तीकरण गर्ने ।
(६) सबैका लागि खानेपानीको उपलब्धता र सरसफाइको दिगो व्यवस्थापन गर्ने ।
(७) सबैका लागि धान्न सक्ने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने ।
(८) जीवन्त, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण र उत्पादनशील रोजगारी र सबैका लागि मर्यादायुक्त श्रम गर्ने अवसर हासिल गर्ने ।
(९) सुदृढ/सशक्तशील पूर्वाधार निर्माण गर्ने, समावेशी र दिगो औद्योगिकीकरण गर्ने र नवप्रवर्तन अभिवृद्धि गर्ने ।
(१०) देशभित्र र देशहरूबीचको असमानता घटाउने ।
(११) सहर र मानव बस्तीलाई समावेशी, सुरक्षित, सुदृढ र दिगो बनाउने ।
(१२) दिगो उपभोग र उत्पादन पद्धति सुनिश्चित गर्ने ।
(१३) जलवायु परिवर्तन र यसको प्रभाव विरुद्ध तत्काल कार्य गर्ने ।
(१४) सागर, समुद्र र सामुद्रिक स्रोतहरूको दिगो प्रयोग र संरक्षण गर्ने ।
(१५) वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण नियन्त्रण गर्ने, भू-क्षय नियन्त्रण गर्ने र जैविक विविधतालाई नोक्सान हुनबाट बचाउने ।
(१६) शान्ति न्यायपूर्ण एवं समावेशी समाजको अभिवृद्धि गर्ने ।
(१७) दिगो विकासका लागि विश्वव्यापी सहकार्यलाई प्रभावकारी बनाउने ।

## नेपालमा मानसिक स्वास्थ्य र दिगो विकास लक्ष्य

नेपालजस्ता कम र मध्यम आय भएका देशहरूमा, मानसिक स्वास्थ्य समस्याहरूलाई विकासको बाधकका रूपमा हेरिन्छ । नेपालको संविधान, २०७२ को धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकअन्तर्गत प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र स्वास्थ्य सेवामा समान पँहुच हुने हकको व्यवस्था गरिएको छ । जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा ४ (ङ) मा मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको सूचीमा समावेश गरिएको छ ।

लेआर्ड (२०१७) का अनुसार मानसिक स्वास्थ्य राष्ट्रिय अर्थव्यवस्थाको एक महत्वपूर्ण निर्धारक हो । कुमार र कुमार (२०२०) एवं टोमलिन्सन (२०१३) का अनुसार अस्वस्थ मानसिक स्वास्थ्य धेरै देशहरूका लागि एक संघर्ष हुनसक्छ किनकि मानसिक स्वास्थ्य र गरीबी नजिकबाट जोडिएको छ । मानसिक स्वास्थ्य समस्याहरूले विश्वको कुल रोग-बोझको १३% मा योगदान गर्दछन् । यसबाहेक, मानसिक स्वास्थ्य समस्याको बोझको बहुमत निम्न र मध्यम आय भएका देशहरूमा निहित छ । निम्न र मध्यम आय भएका देशहरूमा गम्भीर मानसिक स्वास्थ्य समस्या भएका पाँचजनामध्ये चारजनाले मनोवैज्ञानिक उपचार कुनै पनि रूपमा प्राप्त गर्दैनन् ।

संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्य (२०१६-२०३०) को लक्ष्य ३ मा स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबैलाई तन्दुरुस्त बनाउने भनिएको छ, जसमा मानसिक सुस्वास्थ्यको बारेमा उल्लेख गरिएको छ । यसमा पनि मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखी मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्ने, नसर्ने रोगहरूबाट हुने मृत्युदरलाई एकतिहाइले कम गर्ने र लागू पदार्थ दुर्व्यसनीको रोकथाम, उपचार र पुनर्स्थापना गर्ने लक्ष्य राखिएको छ ।

नेपालमा मानसिक स्वास्थ्य सेवा सन् १९६१ (वि.सं.२०१८) मा वीर अस्पतालको बहिरङ्ग सेवाबाट सुरु भएको सेवा सैनिक अस्पताल, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल लगायत अन्य अस्पतालमा पनि क्रमशः विस्तार हुँदै गएको छ । मानसिक स्वास्थ्य सेवामा सबैको पँहुच बढाउन, जनशक्ति विकास, जनचेतनाको अभिवृद्धि, संस्थागत क्षमता विकास तथा बहुपक्षीय साझेदारीको अवधारणा सहितका रणनीति तथा कार्ययोजनाहरू राष्ट्रिय मानसिक स्वास्थ्य नीति २०५३ मा पहिलो पटक उल्लेख गरिएको पाइन्छ ।

वि.सं. २०५४ मा २० वर्षे दोस्रो दीर्घकालीन स्वास्थ्य योजनामा २० वटा अति आवश्यकीय स्वास्थ्य सेवाअन्तर्गत मानसिक स्वास्थ्य सेवालाई समावेश गर्दै स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूका लागि मानसिक स्वास्थ्य विषयमा क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरू सुरुवात गरिएको थियो । मानसिक स्वास्थ्य सेवालाई प्राथमिक स्वास्थ्य सेवामा एकीकृत गरेर लैजाने निर्देशिका वि.सं. २०६४ मा तयार गरी स्वास्थ्यकर्मीहरूका लागि मानसिक स्वास्थ्यसम्बन्धी तालिम पुनः सञ्चालनमा ल्याइयो । नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम - २ (वि.सं. २०६६-२०७१) मा नमूनाको रूपमा समुदायमा आधारित मानसिक स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने बारेमा उल्लेख गरियो । नेपाल स्वास्थ्य क्षेत्र रणनीति, २०७२-२०७७ ले मानसिक स्वास्थ्यलाई आधारभूत स्वास्थ्य सेवाअन्तर्गत राखी मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्ने र सेवाको पहुँच बढाउने कामलाई निरन्तरता दिने उल्लेख गरेको छ । राष्ट्रिय मानसिक स्वास्थ्य नीति, २०५३ लाई समयानुकूल बनाउन संशोधन गर्ने प्रयासअनुरुप मस्यौदा तयार गरिए तापनि सफल हुन सकेन (राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७७) ।

मानसिक स्वास्थ्यसम्बन्धी अध्ययनअनुसार नेपालमा कुल नसर्ने रोगहरूको समस्यामध्ये १८ प्रतिशत मानसिक रोगले ओगटेको छ । अपाङ्गता गराउने प्रमुख १० समस्याहरूमध्ये चारवटा मानसिक स्वास्थ्य समस्या नै पर्दछन् । नेपालको महाभूकम्प (२०७२) पछि भूकम्पको प्रत्यक्ष अनुभव गरेकाहरूमध्ये ३४.२ प्रतिशतमा डिप्रेसन, ३३.८ प्रतिशतमा चिन्ताजन्य समस्या, २०.४ प्रतिशतमा मादक पदार्थको दुर्व्यसन र ५.२ प्रतिशतमा आघातजन्य समस्या पाइएको थियो (राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७७) । कोभिड १९ को महामारीपछि व्यक्तिमा मानसिक स्वास्थ्य समस्याका जोखिमहरू चिकित्सक र अग्रपंक्तिमा काम गर्ने कर्मचारीहरूमा अन्य व्यक्ति तथा समुदायमाभन्दा बढी रहेको पाइएको छ ।

नेपालमा मानसिक स्वास्थ्य विज्ञको हालको संख्या क्रमशः १४७ जना मनोचिकित्सक, ३० जना चिकित्सा मनोविद्, ७५ जना साइक्याट्रिक नर्स, १५० जना मनोविद, ७०० जना तालिमप्राप्त मनोविमर्शकर्ता र केही संख्यामा तालिमप्राप्त साइक्याट्रिक सामाजिक कार्यकर्ता कार्यरत रहेका छन् भने व्यावसायिक सहजकर्ता (इअअगउबतष्यलबां त्जभचबउष्कत) को विकास समेत भएको छैन । विशेषज्ञस्तरको सेवा शहरी क्षेत्रका सरकारी तथा निजी क्षेत्रबाट खोलिएका अस्पताल तथा मेडिकल कलेजहरूमा मात्र सीमित छन् भने हालसम्म सबै खालका अस्पतालमा गरी लगभग अन्तरंग सेवाका लागि करिब ४४० शैया उपलब्ध छन् **(राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७७)** ।

## मानसिक स्वास्थ्य साक्षरता र लाञ्छना एवं विभेद

मानसिक स्वास्थ्य साक्षरताको अभावमा मानसिक स्वास्थ्यका विषयमा भ्रम, अन्धविश्वास र गलत धारणा व्यापक रहेको छ । मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूले लाञ्छना, विभेद र बहिष्करणको सामना गर्नु परिरहेको छ । मानसिक रोग निको हुँदैन, यो रोग लागेपछि जिन्दगीभर रहिरहन्छ, यस्ता रोग लागेका व्यक्ति आक्रमक हुन्छन्, कुनै किसिमको निर्णय लिन सक्दैनन् भन्ने अन्धविश्वास यथावत नै छ । मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति र उनीहरूका परिवारका सदस्याहरूप्रति गरिने विभेद कायम नै छ । उनीहरूप्रति गरिने फरक व्यवहारको कारणले उनीहरू उपचार प्रक्रियामा खुलेर आउन र समाजका गतिविधिहरूमा सहभागी हुन सकिरहेका छैनन् ।

कार्यस्थलमा मानसिक स्वास्थ्य समस्याकै कारणले उत्पादकत्वमा आउने ह्रासले कम्पनीहरू, परिवार, समाज र राष्ट्रलाई नै ठूलो आर्थिक नोक्सानी पुगिरहेको छ । कार्यस्थलमा मानसिक स्वास्थ्य प्रवर्द्धनमा एक रुपैयाँ खर्च गर्‍यो भने त्यसले चार रुपैयाँ बराबरको प्रतिफल दिन्छ भन्ने अध्ययनहरूले देखाएका छन् । मानसिक स्वास्थ्य साक्षरताका लागि देशैभरि मानसिक स्वास्थ्यका क्षेत्रमा बजेट वृद्धि गरी मानसिक स्वास्थ्य समस्याको रोकथाम, उपचार र पुनर्स्थापना कार्य गर्न सकियो भने त्यसले निश्चित रूपमा व्यक्ति, परिवार र राष्ट्रको उत्पादकत्वमा वृद्धि हुनेछ ।

## दिगो विकास लक्ष्य र नेपालको मानसिक स्वास्थ्यमा हालसम्मका उपलब्धिहरू

मानसिक स्वास्थ्य र मनोसामाजिक सेवाको आवश्यकता स्थानीय समुदायदेखि नीति-निर्माणको तहसम्म महसुस हुँदै गएको छ । नेपालको मानसिक स्वास्थ्यको क्षेत्रमा सकारात्मक प्रयासहरूअन्तर्गत क्रमशः वि.सं. २०५३ मा राष्ट्रिय मानसिक स्वास्थ्यको नीति, वि.सं. २०६४ मा एकीकृत प्राथमिक स्वास्थ्य सेवाअन्तर्गत मानसिक स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, वि.सं.

२०७१ मा नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि बहुपक्षीय रणनीति, सन् २०१४-२०२० अन्तर्गत मानसिक स्वास्थ्य पनि समावेश, वि.सं. २०७७ मा राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना आउनु रहेका छन् ।

स्वास्थ्य सेवा विभागमा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको नसर्ने रोग तथा मानसिक स्वास्थ्य शाखाको स्थापना गरिएको छ। मानसिक बिमारीहरूको उपचारका लगि अतिआवश्यक औषधीहरूको सूचीमा ११ प्रकारका औषधीहरू निःशुल्क उपलब्ध गराउने सूचीमा समावेश गरिएका छन् ।

## मानसिक स्वास्थ्यको लक्ष्यप्राप्तिमा समस्या र चुनौती

नेपालमा गुणस्तरीय मानसिक स्वास्थ्य सेवा प्रवाहका समस्या र चुनौतीमा मानसिक स्वास्थ्य समस्याको रोगभारको अनुपातमा सञ्चालित कार्यक्रमहरू र विनियोजन हुने बजेट न्यून भएकाले लक्षित वर्ग, जोखिम समूहका व्यक्ति तथा समुदायलाई पूर्णरूपमा समेट्न सकिएको छैन । यस क्षेत्रमा रहेको दक्ष जनशक्तिको अभावलाई आवश्यकताअनुसार पूरा गरी समुदायस्तरसम्म सेवाको पँहुच स्थापित गर्न सकिएको छैन । व्याप्त अन्धविश्वास, भ्रम र गलत धारणामा परिवर्तन ल्याई मानसिक स्वास्थ्यको प्रवर्द्धन, रोकथाम, उपचार तथा पुनर्स्थापना कार्यक्रममा प्रभावकारिता र व्यापकता ल्याउन सकिएको छैन । आत्महत्याको जोखिम वर्षेनी बढ्दै गएको भए पनि यसलाई सम्बोधन गर्न सकिएको छैन। मदिरा र लागू पदार्थको दुर्व्यसनलाई मानसिक स्वास्थ्यको कोणबाट बुझ्न र बुझाउन सकिएको छैन । मानसिक स्वास्थ्य विषयँग सम्बन्धित तालिम तथा अध्ययनलाई सम्बन्धन, नियमन र सेवा प्रदायकलाई व्यावसायिक परिषद्मा आबद्धताको व्यवस्था गर्न सकिएको छैन ।

## निष्कर्ष

नेपालमा गुणस्तरीय मानसिक स्वास्थ्य सेवा प्रवाहका लागि मानसिक स्वास्थ्य समस्याको रोगभारको अनुपातमा सञ्चालित कार्यक्रमहरू र विनियोजन हुने बजेट वृद्धि गरी लक्षित वर्ग, जोखिम समूहका व्यक्ति तथा समुदायलाई पूर्णरूपमा समेट्नु पर्छ । दिगो विकास लक्ष्यले विश्वव्यापी शान्ति र वृहत् स्वतन्त्रता सुदृढ गरी विश्वव्यापी रूपमा चुनौतीको रूपमा रहेको गरिबी निवारण गर्ने र सुरक्षित विश्व बनाउने साझा यात्रामा कुनै पनि देश र सरोकारवाला वञ्चित नहुने ध्येयका साथ दिगो विकासका लक्ष्यहरूलाई निर्देशित गरिएको छ । व्याप्त अन्धविश्वास, भ्रम र गलत धारणामा परिवर्तन ल्याउन मानसिक स्वास्थ्य साक्षरताको प्रवर्द्धन, उपचार तथा पुनर्स्थापना कार्यक्रममा प्रभावकारिता र व्यापकता ल्याउनु आवश्यक छ। ती लक्ष्यहरूबाट सबैको मानवअधिकारको संरक्षण, लैङ्गिक समानता हासिल गर्ने र सबै महिला र बालबालिकाको सशक्तीकरणमा जोड दिइएको छ। एसडिजीको स्थानीयकरण गरी लक्षित कार्यक्रम गर्दै नीति निर्माण तथा प्रभावकारी कार्यान्वयनको ठोस कार्ययोजना सहित कार्यान्वयनमा ल्याई सहभागितात्मक अनुगमन तथा मूल्याङ्कन पद्धति मार्फत जनताको सार्थक र अर्थपूर्ण सहभागिता सुनिश्चित गरी अगाडि बढाउन सकेमा दिगो विकास लक्ष्य हासिल हुनेमा विश्वस्त हुन सकिन्छ ।

## सन्दर्भ सामग्री


Antonucci, T. C., Bial, M., Cox, C., Finkelstein, R., & Marchado, L. (2019). The role of psychology in addressing worldwide challenges of poverty and gender inequality. Zeitschrift fur Psychologie, 2019, 95–104. https://doi.org/10.1027/2151-2604/a000360

Carr, S. C., & Meyer, I. (2018). International psychology: Ensuring healthy lives and promoting well-being for all ("SDG3"). Interactive Perspectives in Psychology: Research, Practice, Consultation, 7(4): 203–204. https://psycnet.apa.org/fulltext/2018-54979-001.html

Schultes, M.T., Bergsmann, E., Brandt, L., Finsterwald, M., Kien, C., & Klug, J. (2019). How connecting psychology and implementation science supports pursuing the Sustainable Development Goals. Zeitschrift fur Psychologie, 227(2). 129–133. https://psycnet.apa.org/record/2019-33831-006 doi: 10.1027/2151-2604/a000364

Layard, R. (2017). The economics of mental health. IZA World of Labor. doi:10.15185/izawol.321

Kumar, M., & Kumar, P. (2020). Impact of pandemic on mental health in lower- and middle-income countries (LMICs). Global mental health, 7. doi:10.1017/gmh.2020.28

Tomlinson M. (2013). Global mental health: a sustainable post Millennium Development Goal? International health, 5(1), 1–3. doi:10.1093/inthealth/iht001

Government of Nepal Ministry of Health and Population (GoHN MOHP). (2020). Rashtriya Manasik Swasthya Rananiti Tatha Karyayojana, 2077 [National Mental Health Strategy, 2077].



*लेखक ज्योत्स्ना डाँगी मनोविद तथा साइकडेस्क फाउन्डेसनकी संस्थापक हुनुहुन्छ भने लेखक डा.नरेन्द्र सिंह ठगुन्ना मनोविज्ञान सम्प्रदाय नेपालका अध्यक्ष, पद्मकन्या क्याम्पसमा अध्यापक र मनोविज्ञानविज्ञ हुनुहुन्छ ।*

पुस्तक समीक्षा

# "जिन्दगीका अनेक मोडहरू"मा डा. नानीराम सुवेदी



भनिन्छ, पुस्तक एउटा संसार चियाउने झ्याल हो। झ्यालबाट पनि बाहिरको संसार छर्लङ्ग हेर्न सकिएझैं एउटा पुस्तकले पनि समाज, देश र पूरै विश्व छर्लङ्ग हेर्ने र परिकल्पनात्मक यात्रामा त्यहाँ घुम्ने र रम्ने अवसर दिन्छ। विश्वप्रसिद्ध लेखकहरूका भनाइमा आफ्नै अनुभूति मिसिएको पुस्तक संसारमा सबैभन्दा खँदिलो र तेजिलो गहनाजस्तै हुन्छ। आफूले भोगेको संसारका अन्तरङ्ग कुरा इमान्दारिताका साथ जसले राख्छ, वा राख्न सक्छ, त्यो पुस्तक सबैका लागि सुगम्य, पठनीय र ग्राह्य हुन्छ। यस्तो पुस्तक साँचो अर्थमा पाठकहरूका लागि जीवनबुटीरूपी 'उत्प्रेरक' पनि बन्छ, नयाँ पुस्ताका लागि ओजश्वी 'ऊर्जा' पनि बन्छ।

## लेखकीय इमान्दारिताको एउटा गतिलो नमुना

नेपालमा विकासविद्को रूपमा छवि बनाउनुभएका डा. नानीराम सुवेदीले भर्खरै प्रकाशनमा ल्याउनुभएको पुस्तक *'जिन्दगीका अनेक मोडहरू'* यस्तै उत्प्रेरणा र ऊर्जा दिने पुस्तक हो। शिक्षा तथा विकासकर्मीहरूका लागि यो एउटा गतिलो तागतदायी औषधी हो। हिमाली जिल्ला सिन्धुपाल्चोकको विकट गाउँमा एक विपन्न परिवारमा जन्मेर पनि उहाँले जीवनभर गरेको संघर्ष र ती संघर्षबाट प्राप्त उपलब्धिहरूले सबैलाई 'अहो, अहा, वाह, क्या, गज्जब .....' भन्न बाध्य बनाउँछन्। सामान्य कखरा पढ्नका लागि समेत दुःखजिलो गर्नुपर्ने अवस्थामा समेत अनेक हण्डर ठक्कर खाँदै र आँधी तूफानहरूसँग जुध्दै निरन्तर अध्ययन जारी राखेर कसरी पिएचडीसम्मको अध्ययन पूरा गर्न सम्भव भयो भन्ने कुरा डा. नानीराम सुवेदीको पुस्तक पढेपछि जोकोहीले सहजसँग अनुभूति गर्न सक्छ। त्यस दृष्टिले पनि यो पुस्तक अति महत्वपूर्ण बनेको छ। करिब ३०० पृष्ठको पुस्तक एक दिनमा नै पढिसिध्याउने जाँगर चल्छ। पुस्तक पढ्न थालेपछि बीचमा छोड्न मन लाग्दैन। डा. सुवेदीको कलमले नेपालका विभिन्न भाग डुलाउँछ, विश्वका अनेक सहर र बस्ती चहार्न मद्दत गर्दछ। पुस्तक आफैँमा गहकिलो बन्नुको खास कारण त अझ के छ भने डा. सुवेदीले यसमा ज्यादै इमान्दारितापूर्वक आफ्ना जीवनका सबै यात्रा र आयामहरू छरपस्ट पारिदिनुभएको छ। लेखकीय इमान्दारिताको एउटा गतिलो नमुना हो यो पुस्तक।

पुस्तकले कतै आफ्नैलाई चिढाउन पनि सक्छ, कतै साथीभाइलाई 'नानीरामले किन लेखेको होला यस्तो भित्री कुरा पनि .....' भन्ने लाग्न पनि सक्छ। लेखक जब इमानको यात्रामा हुन्छ, उसलाई सानातिना काँडाले घोचे पनि घोचिरहून्, बाटामा असरल्ल छरिएका ढुङ्गाहरूले ठेस लगाइरहे पनि लगाइरहून् भनेर निष्फिक्रीसँग रमाइरहेको हुन्छ। यो रमाउने क्रम डा. सुवेदीमा पनि देखियो। लेखक जब आफ्नै प्रतिविम्व उतार्न थाल्दछ, इमान्दारिताको पोखरीमा पौडी नखेली सुखै छैन। किनकि त्यही इमान्दारिताका पाटा र प्रहेलिकाहरू नै सचेत र प्रबुद्ध पाठकहरू खोजिरहेका हुन्छन्।

दुःखकष्ट सहेरै पनि, अनेक उपाय खोजेरै भए पनि अध्ययन जारी नराखेको भए कसरी नेपाली सेनामा केही समय जागिर खान पुग्नु, कसरी हाइस्कुलको शिक्षक हुन पुग्नु, कसरी विभिन्न अन्तर्राष्ट्रिय संस्था र परियोजनाहरूमा हाकिम हुन पुग्नु ? कसरी नेपानजस्तो चार सय विकासकर्मीको साझा नेटवर्क संस्थाको अध्यक्ष पदमा पुग्नु ?

**पुस्तकको नाम :** जिन्दगीका अनेक मोडहरू
**विधा :** विकासकर्मीको आत्म-वृतान्त
**लेखक :** डा. नानीराम सुवेदी
**प्रकाशक :** लेखक स्वयम्, काठमाडौं
**प्रकाशन वर्ष :** वि.सं. २०७७
**पृष्ठ संख्या :** २७४+१४
**मूल्य :** उल्लेख नभएको ।

इसिमोडजस्तो अन्तर्राष्ट्रिय संस्थामा उच्च पदमा रहेर विभिन्न देशमा काम गर्न सक्नु डा. नानीरामको विशेष र ठूलो उपलब्धि हो । पिएचडीपश्चात्को उहाँको समय अझ फलदायी भएको छ । उहाँको विचार र कर्मले विश्वका विभिन्न भाग लाभान्वित हुन पुगेका छन् । जनसहभागितात्मक समावेशी विकास, स्थानीय स्रोतमा आधारित विकास, गरिबी निवारण, सुशासन प्रवर्द्धन, प्रकृति संरक्षण आदि विषयमा डा. सुवेदीले धेरै काम गर्नुभयो । यी विषयमा राम्रो अनुभव छ । जनवकालत कसरी गर्ने भन्ने विषयका त उहाँ ज्ञाता नै हो । यस विषयमा उहाँका पुस्तक र निर्देशिकाहरू पनि प्रकाशित छन् । वास्तवमा डा. सुवेदी केही न केही गरिरहन र लेखिरहन मन पराउने व्यक्ति पनि हो । यो पछिल्लो कृति *'जिन्दगीका अनेक मोडहरू'* भने कुनै खास विषयमा केन्द्रित नभै आफ्नो जिन्दगीको यात्राका पाइला-पाइला सम्झेर आत्मवृतान्त केलाउने प्रयासको असली दस्तावेज हो ।

## एमफिल/पिएचडीका लागि समेत खुराक

नेपालका सतहत्तर जिल्लामा बस्ने जो-कोहीलाई सकेसम्म काठमाडौंमा एउटा घर होस् भन्ने चाहना हुन्छ । शिक्षाको शिखरमा पुग्ने अर्थात् पिएचडी गर्ने मन हुन्छ । आकर्षक संस्थामा 'राम्रो पद'मा जागिर खाने र नेतृत्व दिने रहर हुन्छ । असल जोडी बाँधेर छोराछोरी जन्माई ती छोराछोरीले पनि राम्रोसँग पढून्, राम्रो काम गर्ने अवसर पाऊन्, समयमै बिहेदान गरिदिन पाइयोस् र उनीहरूको पनि घरजम राम्रो भई जायजन्म पनि समयमै होस् भन्ने चाहना सबै बाबुआमाको हुन्छ । पुस्तक पढ्दै जाँदा डा. सुवेदीले ती सबै चाहना र उपलब्धि भित्र्याइसकेको अनुभूति हुन्छ । मान्छेका रहर त असीमित हुन्छन्, असीमित रहर पूरा गर्न जे पनि गर्ने मान्छे पनि हाम्रो समाजमा हुन्छन्, तर डा. सुवेदीको जीवनशैली हेर्दा (म पनि उहाँसँग करिब २५ वर्षदेखि नेपानमार्फत् सँगसँगैजस्तो छु) र पुस्तक पढ्दा यस्तो लाग्छ, उहाँ धेरै महत्वाकाङ्क्षी मान्छे होइन, साधा आचार-विचारमा रमाउने मान्छे हो र सके सबैको भलो चिताउने नसके कसैको कुभलो नचिताउने व्यक्तिको सूचीमा चढ्न लायक व्यक्ति हो । आदर्श र व्यवहार फरक कुरा हुन् । जसरी नेपालका अधिकांश नेताहरू आदर्श र व्यवहारमा तालमेल देखाउन नसकेर हाम्रा दिमागबाट तिरस्कृत र छिःछिः बन्दैछन्, त्यसरी नै समाजसेवा, विकाससेवा, प्रज्ञासेवा आदिमा लागेका कतिपय व्यक्ति पनि गन्हाउन थालेको प्रतीत हुन्छ । डा. सुवेदीले ६५ वर्षको उमेरसम्म आदर्श र व्यवहारलाई सन्तुलनमा ल्याएर अघि बढिरहेको पाउँछौं । यो उदाहरणीय पुस्तक तयार पार्न सक्नु पनि महालगाव र एउटा ठूलो साहस हो उहाँको । अब डा. सुवेदीको जीवन नै एउटा विशाल खुला पुस्तकको रूपमा एमए, एमफिल तथा पिएचडीको अनुसन्धान एवम् 'थेसिस'का लागि योग्य भएको छ ।

'गरे केही हुन्छ' भन्ने मूल मर्म बोकेको प्रस्तुत पुस्तकमा जम्मा ११ वटा खण्ड छन् । खण्ड १ मा आफ्नो प्रारम्भिक परिवेश समेटिएको छ भने खण्ड २ मा सुनकोशीदेखि आर्मीसम्म भन्ने शीर्षक दिई केही समय आर्मीमा काम गरेको र सो जागिर छाडी आफ्नो अध्ययनलाई अगाडि बढाएर शिक्षक बनी सेवा गरेको प्रसङ्ग खण्ड ३ मा समाविष्ट छ । त्यसैगरी खण्ड ४ मा 'डाँडापाखरदेखि पाल्पासम्म' शीर्षकमा शिक्षक पेसा छाडेर विकासमूलक संस्थामा आबद्ध भई सिन्धुपाल्चोक र पाल्पामा काम गर्न थालेको, त्यसै समयमा तालिमको क्रममा पहिलोपटक क्यानाडा जाने मौका मिलेको र काठमाडौंमा घर बनाउन थालेको प्रसङ्ग बडो रमाइलो पाराले चर्चा गरिएको छ । खण्ड ५ मा 'धनकुटादेखि बक्लाडससम्म'को जागिर अनुभव छ । जुन बेला प्रतिष्ठित केयर नेपाल संस्थासँग आबद्ध रही काम गरेको मीठो अनुभव छ । र, जागिरको क्रममा सबैभन्दा उच्च र जिम्मेवार पदमा रही धेरै वर्ष अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) मा काम गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवहरू खण्ड ६ मा समेटिएका छन् । त्यसैगरी इसिमोडमा काम गर्दागर्दै स्वेच्छाले जागिर छाडेर स्वतन्त्र निवृत्त जीवन जिउन थालेको प्रसङ्ग खण्ड ७ मा, आफ्नो जीवनमा सहयोग गर्ने व्यक्तिहरू र अन्य प्रेरक व्यक्तिहरूका बारेमा खण्ड ८ मा, 'जिन्दगीका केही सिकाइहरू' खण्ड ९ मा, 'आफ्ना केही मान्यताहरू' खण्ड १० मा, र पुस्तकको अन्तिम खण्डको रूपमा खण्ड ११ मा 'केही सुझावसहित समाप्ति' भनेर बिट मारिएको छ ।

## अनुभवको चास्नीमा चोपलेको ज्ञान

पुस्तकका प्रत्येक खण्ड र हरेक प्रसङ्ग कोट्याउन निश्चय नै मलाई 'सहभागिता'ले स्पेस दिँदैन । पुस्तकमा उहाँले भोगेका अथाह पाटा र परिवेश छन्, जो अरूलाई पनि काम लाग्ने खालका छन् । पुस्तकभित्रै डुबुल्की नमारी त्यो स्वाद लिन यस पुस्तक समीक्षाबाट मात्र निश्चय नै सकिँदैन। यहाँ त पुस्तकबारेमा सानो 'टिप्स' दिने प्रयास मात्र गरिएको हो। नेपानका पूर्व अध्यक्षसमेत रहनुभएका डा. सुवेदीप्रति हामीले देखाएको सम्मान र सामूहिक बधाई पनि हो यो आलेख !

जागिरका क्रममा सहकर्मीसँग हुनेगरेका उतारचढाव, बृहत् परिवारमा सँगै बस्दा बेलाबेलामा आइपर्ने सानातिना झञ्झट-झमेला, राष्ट्रोत्थानका लागि बेलाबेलामा मनमा उब्जने उच्च विचार र तिनलाई कार्यरूपमा उतार्न सहकर्मी तथा वरिष्ठहरूसँग गरिने अनुरोध/प्रस्ताव/छलफलमा हुने गरेका बेवास्ताबाट मनमा उब्जने खिन्नता, नेपालका विभिन्न स्थान र विश्वका विभिन्न देश घुम्दा सिकेका कुरा र बनाएका साथीहरूसँगको निरन्तर सम्बन्ध तथा नेटवर्किङका लाभ र जीवन जिउँदै गर्दा अन्तर्मनबाट निस्कने ज्ञानज्योतिको पनि राम्रो अभिलेख गर्नुभएको छ डा. सुवेदीले ।

जिन्दगीमा अनुभव गर्दै जाँदा धेरै कुरा आफैँ सिकेर अरूलाई पनि सिकाउनलायक सन्देश दिन पनि डा. सुवेदी पछाडि पर्नुभएको छैन। भनिन्छ- आदर्शबाट व्यवहार जन्मिन्छ, व्यवहारबाट आदर्श जन्मिन्छ । डा. सुवेदीका हकमा पनि यो सिद्धान्त लागू हुन्छ । खण्ड ९ मा उल्लेख भएका 'जिन्दगीका सिकाइ' (पृ. २०७-२३५) मा उल्लिखित केही कुरा यहाँ पस्कनु विशेष उपयुक्त ठान्छु। उहाँ भन्नुहुन्छ : *आफैँले आफैँलाई चिन्न सक्नुपर्दछ, मेहनत गरे एकदिन फल पाइन्छ, राम्रो हुन सिक्न आवश्यक हुन्छ, मनले नखाएको ठाउँ छोड्नु नै राम्रो, सबैभन्दा खराब अवस्था आएमा पनि तयारीमा रहनुपर्ने, जे प्राप्त भएको छ त्यसैमा रमाउन सिक्नुपर्छ, अर्काको ईर्ष्या गरेर फाइदा हुँदैन, साँचो मित्रता सबैभन्दा बलियो आधार हो, वस्तुपरक तथ्य नभएका कुरामा विश्वास नगर्नु राम्रो, पाहुनालाई सम्मान गर्न जान्नुपर्छ, सबै राम्रा बस्तुहरू पाइँदैनन्, आफ्नै बखान गर्नु राम्रो होइन, आधारभूत शिष्टता जहाँ पनि पाइन्छ, जिन्दगी भनेको सम्झौता हो, पढेलेखेका मानिसहरूसँग व्यवहार गर्न सबैभन्दा गाह्रो हुन्छ, कतिपय कुराहरू टारेर टर्दैनन् ।* यी कुरा केवल 'बुलेट'मा होइन आफ्नै अनुभवको चास्नीमा डुबाएर पत्रपत्र केलाउँदै विवेकको झाँजरले चलाउँदै निकालिएका छन्। कुराहरू मर्मस्पर्शी छन्। मनमा सधैँ बस्ने खालका छन्। विचार र 'दर्शन'को पुस्तक पढेजस्तो भान पनि बेलाबेलामा हुन्छ।

पूर्वीय दर्शनका अजस्र ग्रन्थहरूमा यी अर्ती उपदेश जताततै भेटिने भए पनि ती बुँदामा रहेर मैले यसो गरेँ, उसो गरेँ भन्दै जीवनको प्रत्यक्ष र अरूले मापन गर्न सक्ने अनुभव सुनाउन सक्नु नै महानता हो। यही महानताबाट नै कुनै व्यक्तिले आफ्ना जीवनका मूल्य र मान्यता सत्यको तराजुमा बसेर सार्वजनिक गर्न सक्छ। ती मूल्य र मान्यता समाजमा ग्रहणीय र अनुकरणीय पनि बन्न सक्छन् । डा. सुवेदी पनि यस पुस्तकमा ३० पृष्ठको एउटा पूरा खण्ड (१०) नै 'केही मान्यताहरू' भनेर पस्कन सफल हुनुभएको छ (पृ. २३६-२६५) । पुस्तकको बलियो पक्ष यो पनि हो ।

समग्रमा, पुस्तक अति पठनीय छ। लेखकले धेरै मेहनत गर्नुभएको छ। इमान्दारिता देखाउनुभएको छ। राष्ट्र र समाजप्रतिको लगाव र बफादारिताको सम्पूर्ण नेपालीजनले प्रशंसा गर्नैपर्छ । अझ विकासकर्मीमाझ यस पुस्तकका कारण उहाँ एक सिँढी माथि उक्लिएको अनुभूत गर्न सकिन्छ।


## टुङ्ग्याउनैपर्दा !

प्रस्तुत पुस्तक लेखक स्वयम्ले प्रकाशन गरेर नि:शुल्क वितरणमा ल्याउनुभएको छ । पुस्तकमा मूल्य पनि अंकित छैन । शायद नेपाली समाजका लागि उहाँको यो 'अमूल्य' उपहार हो । ६५ वर्षको उमेरमा देशलाई दिएको कहिल्यै नासिएर नजाने अतुलनीय र अलुटनीय 'उपहार' हो । करिब ३०० पृष्ठको आकर्षक कलेवरसहितको यो पुस्तकमा भाषिक सम्पादनका हिसाबले केही कमी रहे पनि 'गुदी'का दृष्टिले अब्बल छ, गुलियो छ, स्वादिलो छ । आउँदा दिन डा. सुवेदीका अझ क्रियाशील र उज्ज्वल बनून् । हामी अझ लाभान्वित बन्न सकौँ । शुभकामना र बधाई छ हाम्रो !! –

***समीक्षक : चैनाक हरित***
***राष्ट्रिय विकास केन्द्र (एनडीसी), काठमाडौं***

पुस्तक समीक्षा

# देश बनाउन "बत्तीमुनि उज्यालो" चिन्तन




बत्तीले चारैतिर उज्यालो दिन्छ तर आफूमुनि अँध्यारोको अँध्यारो नै हुन्छ । 'बत्तीमुनि अँध्यारो', उखान वा जनबोली, नकारात्मक सोचाइ भयो । यो भावलाई सकारात्मक सोचाइ हुनेले उल्टाइदिन्छन् र उज्यालोको कल्पना गर्छन् । जेमा पनि अवसर, आशावादिता, उज्यालो र सकारात्मकता देख्ने व्यक्तिको जीवन खेर जाँदैन, तिनले अरूलाई पनि प्रेरणा दिन्छन् र अघि बढ्न सहयोग गर्छन् । एकथरिको जिन्दगी सधैँ गुनासो र नकारात्मक चिन्तनमै बित्छ । मानिसले समय छँदै सकारात्मक चिन्तन समात्न सके आफू र अरूलाई बत्ती देखाउन सक्छन् । पत्रकार, अध्यापक, तालिमदाता, व्यवस्थापक आदि जिम्मेवारी सम्हालिसकेका र हाल पनि जिम्मेवारीमै रहनुभएका अश्विनकुमार पुडासैनी आफ्ना सकारात्मक चिन्तन अरूलाई पनि बाँड्न चाहनुहुन्छ - तालिमद्वारा, लेखरचनाद्वारा र पुस्तक प्रकाशनद्वारा । कुनै बेलाका पत्रकार पुडासैनी लेख्न रुचाइरहनु हुन्छ। उहाँले 'सदृश्यडटकम' अनलाइन न्युज पोर्टलमा 'बत्तीमुनि उज्यालो' शीर्षक स्तम्भमा धारावाहिक रूपमा २०७४-७५ मा लेखेका लेखहरूको सङ्ग्रहले सोही नाममा पुस्तकाकार रूप लिएको छ र अहिले बजारमा आइसकेको छ ।

नुवाकोट, बेलकोटगढी नगरपालिका-८, काशीटार (साविक जिलिङ-३, बाहुनडाँडा) का पुडासैनीको २०७७ मा प्रकाशन भएको कृति 'बत्तीमुनि उज्यालो: नयाँ नेपाल डक्ट्रिन' (दिव्य देउराली प्रकाशन प्रा.लि.) ले पाठकलाई सकारात्मक चिन्तन गर्न तथा नेपालको आर्थिक-सामाजिक कूटनीतिक अवस्था बुझ्न सहयोग गर्छ। 'समाज र संस्कृति', 'अर्थ र व्यवस्थापन' तथा 'राजनीति र कूटनीति' गरी कृतिलाई तीन भागमा बाँडेर पुडासैनीले सामान्य जीवनमा आवश्यक व्यवहारोपयोगीदेखि राष्ट्रिय, अन्तर्राष्ट्रिय राजनीति र कूटनीतिका धेरै विषय पाठकलाई दिनुभएको छ ।

आफ्ना हजुरआमा र हजुरबाबाट नै सकारात्मक ज्ञान लिनुभएका ५१ वर्षीय लेखक तिनै ज्येष्ठ नागरिकसँग सिक्नका लागि नयाँ पुस्तालाई आग्रह गर्नुहुन्छ। आफ्नै जीवनका भोगाइदेखि विभिन्न व्यक्तिका सफलताका कथा सुनाएर लेखक हामीलाई क्रियाशील हुन झकझक्याइरहनु हुन्छ। विभिन्न व्यक्तिसँग भेट्न, अन्तरक्रिया गर्न रुचि राख्ने पुडासैनी तिनैका विचार र भोगाइ पाठकका लागि काम लाग्ने ठानेर पस्कनु हुन्छ। किताबमुक्त ज्ञानका लागि ठाउँ-ठाउँमा घुम्न सल्लाह दिनुहुन्छ ।

ठमेलको तीन रोपनीको आफ्नो होटल बिक्री गरी मनाङमा स्याउखेती गर्ने सांसद पाल्देन गुरुङ, 'उत्तम ज्ञान'का लेखक तथा 'मोटिभेटर' उत्तमलाल महर्जन, अमेरिकामा पढाइ सकेर नेपालमा सस्तोमा पिज्जा खुवाउने सङ्कल्प, प्रसन्न, समिर र शैलेन्द्र, इमान्दारी, कडा परिश्रम र निरन्तरताका प्रतीक भाटभटेनी सुपरमार्केटका आरम्भकर्ता एवं सञ्चालक मीनबहादुर गुरुङ, गुणस्तरीय शिक्षा र स्वास्थ्य दिने काठमाडौँ विश्वविद्यालयका तत्कालीन उपकुलपति डा रामकण्ठ माकजुका रोचक कथाहरू प्रस्तुत कृतिमा पढ्न पाइन्छ ।

बैंकर पुडासैनी सबका बैंक खाता, 'क्यासलेस ट्रयान्ज्याक्सन' र मोबाइलबाटै दक्षिणा दिनुपर्छ भन्ने विचारका हिमायती हुनुहुन्छ। व्यवस्थापन र विकास अध्ययनमा स्नातकोत्तर र एमफिल

(दर्शनाचार्य) पुडासैनी व्यक्ति र संस्थाको सफलताका लागि सही व्यवस्थापनमा जोड दिनुहुन्छ। हाल चलिरहेको पाँचवर्षे योजनाको साटो चारवर्षे योजनाको सुझाव दिँदै तिनलाई ऊर्जा वा औद्योगिक विकास वा भौतिक पूर्वाधार वा कृषिको आधुनिकीकरण वर्ष वा औद्योगिक जागरण तथा उद्यमशीलता वर्ष नाम दिएर केन्द्रित हुन सरकारलाई सुझाव दिनुहुन्छ। राजनीतिको व्यापारको आलोचना गर्दै लेखकले प्रत्येक नेपालीलाई करका दायरामा ल्याउन, सबैबाट सम्पत्तिको घोषणा गराउन, प्रत्येक व्यक्तिको खर्चको अभिलेख राख्न, कर्मचारीको सेवावधि २५ र उमेर हद ५५ गराउन, वितरणमुखी नभई उत्पादनमुखी मान्यता तथा अन्य करिब डेढ दर्जन बुँदामा केन्द्रित भएर बजेट बनाउन उहाँले तत्कालीन अर्थमन्त्रीलाई दिएको सुझावको प्रसंग पनि पुस्तकमा छ।

चौबीसै घण्टा चल्ने सडक, उत्पादनशील क्षेत्रमा लगानी, सांसद विकास कोष र प्रतिष्ठानहरूलाई वितरण गरिने अनुदानको अन्त्य, दरिद्रताबाट मुक्ति पाउनका लागि योजनाबद्ध काम नै रामबाण हुने उहाँको मान्यता छ। यस सन्दर्भमा जापानी व्यवस्थापनको चर्चा पनि लेखकले गर्नुभएको छ जसमा प्रत्येकले प्रत्येकलाई सम्मान, आफ्नो भाषा-संस्कृतिप्रति गर्व, राष्ट्रप्रेम, समयको पालना, प्रकृति र वातावरणप्रति सचेतना, प्रविधिको व्यापक प्रयोग, कार्ययोजना र कार्यसमीक्षा, सम्पूर्ण गुणस्तर व्यवस्थापन, प्रत्येक तहमा मूल्य अभिवृद्धि, मानवीयताको ख्याल, कार्य-सम्पादनका आधारमा तलब वा ज्याला र सहभागीमूलक व्यवस्थापन पर्छन्। जापान आर्थिक समृद्धितिर जानुमा उसको सहभागितात्मक व्यवस्थापनबाट हो भन्ने कुरा लेखकले जनाएका छन्, जुन अहिले विश्वभर चर्चित छ।

सरकारले लिएको 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षालाई नारामा मात्र सीमित हुन नदिन 'इम्याजिन नेपाल'का संस्थापकमध्येका एक पुडासैनीले नेपालीको समग्र क्षमता विकासमा जोड दिनुभएको छ। विकास गरिने वस्तु र स्थानको प्राथमिकता निर्धारण, पूर्वाधार पहिचान, शिक्षामा व्यापक सुधार, सामाजिक सुरक्षा, स्वरोजगारका अवसर र सुशासनलाई मुख्य आधार मान्न उहाँको सुझाव छ। नारा वा अभियानको थ्योरी अफ चेन्ज (परिवर्तनको सिद्धान्त) स्पष्ट गर्न र अनुगमनका साथै सरकारमा कर्मचारीतन्त्र हावी हुन नदिई थिङ्क ट्याङ्क गठन गर्न उहाँको मुख्य सुझाव छ। मुलुक बनाउन चाहने स्वप्नदर्शीहरूलाई सघाउन र तिनको भावनाप्रति सकारात्मक धारणा बनाउन, नकि खिसीट्युरी गर्न लेखकको आग्रह छ। पुडासैनी भन्नुहुन्छ, "अबको राजनीतिक नेतृत्वमा देशको भविष्यको स्पष्ट तस्विर देखिनुपर्छ।"

तीन भागमध्ये 'राजनीति र कूटनीति'लाई नै लेखकले बढी पाना खर्चनुभएको छ। सरकारले लिएको समृद्धि नाराको मूल आधार संविधान कार्यान्वयन रहेको ठहर गर्दै लेखकले सरकारलाई नागरिक हकको सुनिश्चितता र त्यसका लागि संस्थागत संरचना, स्रोत-साधनको उपलब्धता र ठूला परियोजनाहरूको व्यवस्थापन, प्राकृतिक स्रोत-साधनमा नियन्त्रण, शान्ति-सुरक्षा, विधिको शासन, शिक्षा र स्वास्थ्यमा जोड तथा संस्कृतिको संरक्षणका लागि सुझाव दिनुभएको छ।

तत्कालीन प्रधानमन्त्री ओलीले छिमेकी भारत र चीनसँगको सम्बन्धमा ल्याएको नयाँ धारलाई लेखकले 'ओली डक्ट्रिन' (ओली सिद्धान्त) को संज्ञा दिनुभएको छ। ओलीको अघिल्लो प्रधानमन्त्रित्वकालमा भारतीय नाकाबन्दी र त्यसको डटेर गरिएको मुकाबिला तथा त्यसकै सन्दर्भमा छिमेकी चीनसँग पारवहन र यातायात सम्झौता भई हाम्रो परराष्ट्र नीतिको वास्तविक परख भएको थियो जसले नेपाललाई भूपरिवेष्ठितबाट भूजडित मुलुकमा परिणत गरिदियो। २०७४ फागुनदेखि २०७८ असारसम्मको दोस्रो प्रधानमन्त्रित्वकालमा पनि २३ वर्षपछि चिनियाँ राष्ट्रपतिलाई नेपालमा भित्र्याउन देखाएको सक्रियता तथा भारतसँग पारस्परिक सम्मानमा आधारित सम्बन्ध राखेर हाम्रो सन्तुलित, स्वाभिमानी र न्यायको वकालतसहितको बदलिँदो परराष्ट्र नीतिलाई 'ओली डक्ट्रिन' वा सिद्धान्तका रूपमा हेर्दा अतिशयोक्ति नहोला। कूटनीतिक वा आर्थिक सम्बन्ध एक हिसाबले एकातर्फ मात्र ढल्किरहेको प्रतीत भइरहेका बखत आफ्नो स्वाभिमान कायम राखेर पारस्परिक समानताका आधारमा राख्न छिमेकीलाई बाध्य पार्ने ओली चातुर्यले निरन्तरता पाउनुपर्छ। तत्कालीन परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डे (२०७१-७२) का सल्लाहकार पुडासैनी राजदूतहरूको नियुक्ति 'स्पोन्ससरसिप'मा हुन थालेकामा आलोचना गर्दै वैदेशिक सम्बन्धका सवालमा कूटनीतिक कौशलतामा जोड दिनुहुन्छ। सरकारका आन्तरिक र बाह्य कामकारवाहीमा पार्टीले स्वामित्व लिन नसकेकामा पनि लेखकको असन्तुष्टि छ।

मुलुकमा जताततै सम्भावना नै सम्भावना, अवसरै अवसर देख्ने लेखकका देश बनाउन चाहना राख्ने तथा राजनीति र सत्ताका माध्यमबाट राज्यलाई भूस्वर्गमा परिवर्तन गर्न चाहनेहरूलाई अनगिन्ती सुझावहरू छन्। प्रस्तुत कृतिमा कोठेगफ र बौद्धिक विलासमात्र हैन, देश बनाउन आवश्यक धरातलीय सुझाव छन्, वस्तुगत सल्लाह छन्। बग्रेल्ती कथा, कविता, घटना र उदाहरण दिइएकाले पुस्तक रोचक छ।

**अन्तमा,**

कृतिमा विषय र सन्दर्भ नमिल्ने कुरा पनि एकै ठाउँमा राखिएको छ भने धेरै बुँदा र विषय पुनरुक्ति भएका छन् । कतैकतै तथ्यतथ्याङ्कमै गल्ती (प्रुफरिडिङ) छ भने कतै एकै तथ्यमा फरक-फरक तथ्याङ्क परेको छ । वर्णविन्यासमा निकै कमजोरी भेटिन्छन् । कृतिको शीर्षकलगायत धेरै ठाउँमा अङ्ग्रेजी शब्द आएका छन्, जसलाई नेपालीकरण गर्न सकिन्थ्यो । स्तम्भलेखनअन्तर्गत लेखिएको लेखको लेखन वा प्रकाशित मिति अन्त्यमा दिइएको भए कतिपय सन्दर्भको ठ्याक्कै समय पत्ता लगाउन सकिन्थ्यो ।

कृति अर्थशास्त्र, व्यवस्थापन, राजनीति र सार्वजनिक प्रशासनमा संलग्नहरूका लागि मात्र नभई निराशाग्रस्त व्यक्तिहरूका लागि पनि निकै उपयोगी छ । बत्तीमुनि अँध्यारो नभई उज्यालो पाउन चाहनेहरूका लागि कृतिले जोकोहीलाई प्रेरणा दिन्छ, उज्यालो दिन्छ ।

***समीक्षक : श्याम रिमाल, रासस***

## नेपान स्रोत केन्द्रमा प्राप्त नयाँ प्रकाशनहरू

(२०७७ साउन १ देखि २०७८ भदौ ९ सम्म)

१ ***बत्तीमुनि उज्यालो : नयाँ नेपाल डक्ट्रिन,*** २०७७, लेखक: अश्विन पुडासैनी ।

२ ***जिन्दगीका अनेक मोडहरू (आत्मकथा),*** २०७७, लेखक: डा. नानीराम सुवेदी ।

३ ***आदर्श खबर*** राष्ट्रिय मासिक, काठमाडौँ, प्रधान-सम्पादक: टीकादास श्रेष्ठ ।

४ ***वार्षिकोत्सव विशेषाङ्क- २०७७*** (विविध लेख-रचनाको सँगालो), सम्पादन समूह नेबैलि, प्रकाशक: नेपाल बैंक लिमिटेड, केन्द्रीय कार्यालय, काठमाडौँ ।

५ ***हिउँ चितुवा वार्षिक पत्रिका*** (नेपाली तथा अंग्रेजी द्विभाषी), पूर्णाङ्क ६, २०७७ मङ्सिर, सम्पादक : अनिल अधिकारी, प्रकाशक : स्नो लेपर्ड कन्जर्भेन्सी (एसएलसी) ।

६ ***'मन्थन' रजत जयन्ती विशेष प्रकाशन २०७७,*** सम्पादक : श्रीराम फुटुङ्गे, प्रकाशक: मनमैजु सांस्कृतिक समाज, तारकेश्वर, काठमाडौँ ।

७ ***'साना किसान'*** द्वैमासिक, पूर्णाङ्क १८, साउन–भदौ २०७६, सम्पादक : झलेन्द्र भट्टराई, लिलाधर धिताल, प्रकाशक: साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., सुविधानगर, तीनकुने, काठमाडौँ ।

८ ***'साना किसान'*** १९औं वर्ष विशेषाङ्क, २७ फागुन २०७६, सम्पादक : झलेन्द्र भट्टराई, गोकुलचन्द्र अधिकारी, प्रकाशक: साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., तीनकुने, काठमाडौँ ।

९ ***Development in Practice*** Journal, Vol. 30, No. 5, Aug. 2020, Publisher: Routledge: Taylor and Francis Group, UK.

१० ***Development in Practice*** Journal, Vol. 30, No. 6, Sept. 2020, Publisher: Routledge: Taylor and Francis Group, UK.

११ ***Development in Practice*** Journal, Vol. 30, No. 7, Oct. 2020, Publisher: Routledge: Taylor and Francis Group, UK.

१२ ***Development in Practice*** Journal, Vol. 30, No. 8, Nov. 2020, Publisher: Routledge: Taylor and Francis Group, UK.

१३ ***Development in Practice*** Journal, Vol. 31, No. 1, Feb. 2021, Publisher: Routledge: Taylor and Francis Group, UK.

१४ ***Development in Practice*** Journal, Vol. 31, No. 4, June, 2021, Publisher: Routledge: Taylor and Francis Group, UK.

# नेपान अक्षयकोष : हालसम्मको स्थिति र अनुरोध

**अक्षयकोष स्थापनाको औचित्य :**

नेपाल सहभागीमूलक कार्य समूह (नेपान) एक नेटवर्किङ्ग संस्था भएको हुँदा यसले आफैं कुनै पनि प्रत्यक्ष सेवा प्रदान गरेर कोष संकलन गर्न सक्ने स्थिति छैन । जुन कुरा नेपानको विधान २०५१ मा स्पष्ट उल्लेख छ । नेपान सचिवालय सञ्चालनार्थ आवश्यक प्रशासनिक एवम् व्यवस्थापकीय खर्चका लागि जरुरत पर्ने रकमका निम्ति सधैँ दातृसंस्थामा नै भर पर्नुपर्ने स्थिति त्यति व्यावहारिक नदेखिने हुँदा नेपान अक्षयकोष स्थापना गर्ने सोच नेपान सदस्यहरूबाट प्रस्फुटन भई नेपानको विधानअनुरूप २०५४ सालको साधारण सभाले यस कोषको स्थापना गर्ने लक्ष्य राखेको हो । यसले दीर्घकालीन रूपमा नेपानलाई आर्थिक ढङ्गले सक्षम बनाउने छ । यसलाई निरन्तरता दिन एक अक्षय कोष नियमावलीको तत्काल आवश्यकता परेको हुँदा का.स.मा व्यापक छलफल र कार्याभ्यास गरी नेपानको विधान २०५१ को दफा २२ र २४ को प्रावधानअन्तर्गत नेपान अक्षयकोष नियमावली २०५६ पनि तयार भई लागू भएको छ ।

**अक्षयकोषको रकम प्रयोग प्रकिया :**

अक्षय कोष जम्मा रकम अमेरिकी डलर १५०,००० (एकलाख पचास हजार) वा सो बराबरको नेपाली रुपैयाँको हुनेछ । उक्त रकम नेपान अक्षय कोषको नाममा बैंकमा जम्मा गरिने छ । अक्षयकोषमा ब्याजस्वरुप प्राप्त रकममात्र नेपानको प्रशासनिक एवम् व्यवस्थापकीय प्रयोजनका् हेतु खर्च गरिने छ ।

यो नियम कम्तीमा पनि अक्षय कोष स्थापना भएको १५ (पन्ध्र) वर्षसम्म लागू हुनेछ । यदि यस नियममा कुनै परिवर्तन गर्नुपर्ने आवश्यकता देखिएमा साधारण सभाले छलफल गरी निर्णय गर्नेछ । यदि सावाँ रकम खर्च गर्नुपर्ने स्थिति आएमा पनि सो खर्च के कसरी गर्ने भन्नेबारे साधारण सभाले ने निर्णय गर्नु पर्नेछ । अन्यथा, अक्षय कोषको रकम खर्च गर्न सकिने छैन ।

**हालसम्मको उपलब्धि :**

नेपानको विधानअनुरूप स्थापित नेपान अक्षयकोषका लागि सहयोग गर्ने विभिन्न सङ्घ संस्था तथा नेपान सदस्यहरूलाई समय-समयमा भेटघाट तथा पत्राचार गर्दै आइरहेका छौँ । सोही प्रयासको परिणामस्वरुप हालसम्म स्वीस विकास नियोगबाट अमेरिकी डलर १०,००० (दश हजार), एक्सनएड नेपालबाट ने.रु. ३,६९,७५० (तीन लाख उनन्सत्तरी हजार सात सय पचास) (५ हजार डलर) रकम प्राप्त भई नेपान अक्षय कोषमा राखिसकिएको छ । यसैगरि, पहिले नै सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिसकेको बेलायतको आई.डी.एस. संस्थाबाट ने.रु. ३,२९,७५३ (तीनलाख उनन्तीस हजार सात सय त्रिपन्न) (५ हजार पाउण्ड स्टर्लिङ्ग) बराबरको रकम प्राप्त भई नेपान अक्षय कोषमा राखिएको छ ।

यसैगरि, नेपान अक्षय कोष नियमावलीअनुसार नेपानको वार्षिक सदस्यता शुल्कबाट उठेको रकममध्ये २५ प्रतिशत, कार्यक्रम सञ्चालनबाट बचत भएको रकममध्ये २५ प्रतिशत तथा अनुसन्धान कार्य गरेबापत बचत भएको रकममध्ये २५ प्रतिशत रकम अक्षयकोषमा जम्मा गर्नुपर्ने प्रावधान छ। त्यसैगरि, हालसम्म तपसीलमा उल्लेखित नेपान सदस्यहरूले पनि यस कोषको वृद्धिका लागि सहयोग गर्नुभएको छ । यसरी, हालसम्म २,४१,७०० (दुई लाख एकचालीस हजार सात सय) रुपैयाँ कोषको लागि व्यक्तिगत तवरबाट प्राप्त भएको छ ।

१. श्री रामदयाल प्रसाद यादव
२. श्री समिर कार्की (२ पटक)
३. श्री शशी रिजाल (२ पटक)
४. श्री सुस्मा बराकोटी
५. श्री पूर्णबहादुर चेम्जोङ्ग
६. श्री महेश दाहाल
७. श्री डार्लिन फुट
८. श्री भरतराज गौतम
९. श्री राघवराज रेग्मी (प्रत्येक वर्ष रु. ५,००० का दरले)
१०. श्री विमला चापागाईं
११. श्री गोविन्द न्यौपाने

१२. श्री हेमा के.सी.
१३. श्री विशालभक्त कशु
१४. श्री रोजी जोशी
१५. श्री राजबहादुर श्रेष्ठ
१६. डा. शिवेशचन्द्र रेग्मी
१७. श्री रमानन्दप्रसाद गुप्ता
१८. श्री चण्डीप्रसाद चापागाईं
१९. श्री रवि चित्रकार
२०. श्री कमल फुयाँल
२१. श्री मानबहादुर थापा
२२. श्री अश्विन पुडासैनी
२३. श्री भोलाप्रसाद दाहाल
२४. श्री तेजराज दाहाल
२५. श्री श्याम अधिकारी
२६. श्री उत्तम उप्रेती
२७. श्री निशा शर्मा
२८. श्री गोविन्दराज पौडेल (आ.व. २०७६/७७ देखि प्रत्येक वर्ष रु. ५,००० का दरले)
२९. श्री लजना मानन्धर
३०. श्री छिङ्गल्हामु शेर्पा
३१. श्री सीता राना
३२. श्री यशोधा श्रेष्ठ
३३. श्री विमला घिमिरे
३४. श्री द्रोण के.सी.
३५. श्री चेतनाथ कणेल
३६. श्री फणिन्द्र भण्डारी
३७. श्री निर्मल शर्मा (२ पटक)
३८. श्री राजेन्द्र गुप्ता
३९. श्री विनोद भट्ट
४०. श्री ब्रम्हध्वज गुरुङ
४१. श्री गोपाल तामाङ
४२. श्री बिनोद चापागाईं
४३. श्री प्रेमबहादुर थापा
४४. श्री अशोककुमार पौडेल
४५. श्री जिल्ला विकास समिति, भक्तपुर
४६. श्री रोवर्ट च्याम्वर्स
४७. श्री गोकुल भण्डारी, लण्डन
४८. श्री मुकेश सिंह

यसरी रकम बढ्दै जाँदा आ.व. २०७२/७३ सम्म यस अक्षयकोषमा जम्मा भएको रकम र नेपान-घर निर्माण कोषमा प्राप्त सहयोग गरी कुल रु. ६५,१४,२३९।- (पैंसट्ठी लाख चौध हजार दुई सय उनन्चालीस रुपैयाँ) भएकोमा ८७,००,०००।- (सतासी लाख रुपैयाँ) घर खरिद तथा थप निर्माण सुधारमा खर्च गरियो । अपुग रकम विभिन्न नेपान सदस्य र दाताहरूबाट उठाइयो । तत्पश्चात् पनि कोषमा रकम जम्मा गर्ने क्रम जारी रहेको छ। २०७३ असार मसान्तसम्ममा जम्मा रु. ८,९४,२६८।- (आठ लाख चौरानब्बे हजार दुई सय अठसट्ठी रुपैयाँ मात्र) अक्षयकोषमा सञ्चित थियो । आ.व. २०७४ को अक्षय कोषमा सञ्चित रकम रु. ८,९४,२६८।- (आठ लाख चौरानब्बे हजार दुई सय अठसट्ठी रुपैयाँ मात्र) भएकोमा रु. ४,९३,९८७।- घर खरिदको ऋण तिर्न प्रयोग गरियो । आ.व. २०७४ असार मसान्तसम्म जम्मा रु. ४,००,२८१।- मात्र अक्षय कोषमा सञ्चित थियो। सञ्चित रकम घरका लागि प्रयोग गर्ने र बाँकी रकम बैंकमा मौज्दात राख्ने क्रममा आ.व. २०७६/७७ असारमसान्तसम्म अक्षयकोष खातामा कुल रकम रु. ५,८२,०८१/- (अक्षरमा पाँच लाख बयासी हजार एकासी रुपैयाँ मात्र) रहेको थियो। यसमा नेपानका सदस्यहरूबाट थप रकम प्राप्त भई कोष वृद्धि भएर आ.व. २०७७/७८ को अन्त्य सम्ममा यस अक्षयकोषमा रु. ५,९७,०८१/- रहेको छ । नेपान अक्षयकोषका अतिरिक्त नेपान घर निर्माण कोषमा सहयोग गर्ने सहयोगी दाताहरूको नामावली यसप्रकार छ :

१. डा. भोलाप्रसाद दाहाल
२. अश्विनकुमार पुडासैनी
३. गोविन्दराज पौडेल
४. कृष्णप्रसाद न्यौपाने
५. गोविन्द न्यौपाने
६. महेश शर्मा
७. डा.समीर कार्की
८. हीरालाल श्रेष्ठ
९. पूर्णबहादुर चेम्जोङ्ग
१०. डा. दीर्घजीवी घिमिरे
११. डा. सन्जु कोइराला
१२. शान्तालक्ष्मी श्रेष्ठ
१३. पदम भुसाल
१४. मानबहादुर थापा
१५. अशोक पौडेल
१६. डा. अनोज क्षेत्री
१७. डा. कमल फुयाँल
१८. फटिकबहादुर थापा
१९. नीलकमल क्षेत्री श्रेष्ठ
२०. तुलसी सापकोटा
२१. हेरिना जोशी
२२. डा. जीव आचार्य
२३. भरतराज गौतम
२४. लाक्पातेन्जी लामा
२५. चेतनाथ कणेल
२६. मुकेश सिंह
२७. डा. कृष्णबाबु जोशी
२८. प्रेमराज न्यौपाने
२९. कृष्णप्रसाद सुवेदी
३०. गोपालप्रसाद तामाङ
३१. तेज सुनार
३२. ब्रम्हध्वज गुरुङ
३३. बृतकुमारी गुरुङ
३४. ललितबहादुर थापा
३५. राजबहादुर गिरी
३६. बालकृष्ण शर्मा
३७. घनश्याम अवस्थी
३८. रुपा बस्नेत
३९. निशा शर्मा

४०. निर्मला लामा
४१. श्रीधर लामिछाने
४२. डा. रोजी जोशी
४३. मीनबहादुर गुरुङ
४४. डा. प्रेमबहादुर थापा
४५. डा. राजबहादुर श्रेष्ठ
४६. सिंहबहादुर खड्का
४७. लालबहादुर ओली
४८. द्रोण के.सी.
४९. महादेव भट्ट
५०. डा. गोपाल शेरचन
५१. डा. उद्धव राई
५२. डा. मीनाक्षी दाहाल
५३. डा. विमला राई पौड्याल
५४. पूर्णबहादुर थापा
५५. जिमी लामा
५६. हेलभ्बु एजुकेशन एण्ड लाइभ्लीहुड प्रोजेक्ट
५७. प्रमोद उपाध्याय
५८. डा. नरविक्रम थापा
५९. डार्लिन फुट
६०. गम्भीरबहादुर हाडा
६१. नेत्रप्रसाद उपाध्याय
६२. यशोधा श्रेष्ठ
६३. डा. रमेशजङ्ग खड्का
६४. साहस नेपाल
६५. अनिरुद्धनाथ शुक्ल
६६. तेजराज दाहाल
६७. रामानन्दप्रसाद गुप्ता
६८. कालभान राई
६९. हुकुमबहादुर सिंह
७०. झविन्द्र भण्डारी
७१. डा. विष्णुराज उप्रेती
७२. यमुना घले
७३. दीपा आचार्य
७४. झेचुन लामा
७५. मीना गुरुङ
७६. प्रा.डा. रोबर्ट च्याम्बर्स
७७. नन्दलाल माझी
७८. दशरथ मोक्तान
७९. तारा गुरुङ
८०. छिङ्गल्हमु शेर्पा
८१. डा. मुक्ति रिजाल
८२. रामहरि अधिकारी
८३. पद्मा शाक्य
८४. श्रीराम के.सी.
८५. खेमराज भट्टराई
८६. बालकृष्ण देउजा
८७. घनश्याम अधिकारी
८८. डा. शिवेशचन्द्र रेग्मी
८९. डा. विनोद भट्ट
९०. राघवराज रेग्मी

**नेपाल सहभागीमूलक कार्य समूह (नेपान) (सन् १९९५-२०२०)**
**नेपानको स्थापना कालदेखि हालसम्मका अध्यक्षहरू**

१. रमेश सिंह
२. डा. शिवेशचन्द्र रेग्मी
३. डा. विनोद भट्ट
४. यशोधा श्रेष्ठ
५. हुकुमबहादुर सिंह
६. मानबहादुर थापा
७. राघवराज रेग्मी
८. डा. भोलाप्रसाद दाहाल
९. तेजराज दाहाल
१०. डा. नानीराम सुवेदी
११. छिङ्गल्हमु शेर्पा
१२. ब्रह्मध्वज गुरुङ
१३. उत्तम उप्रेती
१४. चेतनाथ कणेल
१५. डा. झविन्द्र भण्डारी

**नेपानको स्थापनाकालदेखि हालसम्मका सचिवालय संयोजकहरू**

१. हुस्नुबान्हु शेख
२. डा. कमल फुयाल
३. द्रोण के.सी.
४. चेतनाथ कणेल
५. डा. झविन्द्र भण्डारी
६. बच्चुराम बस्नेत
७. डम्मरबहादुर लोहोरुङ्ग राई
८. दलबहादुर जिसी
९. फटिकबहादुर थापा
१०. उषा अर्याल दाहाल
११. चन्द्रबहादुर सर्तुङ्गे

# नेपानको १८औं कार्यकारिणी समितिको चिनारी

### डा. फविन्द्र भण्डारी, अध्यक्ष



डा. फविन्द्र भण्डारी (गुल्मी) नेपानको सदस्य तथा यस संस्थाका वर्तमान अध्यक्ष हुनुहुन्छ । जनस्वास्थ्य र सामुदायिक विकासमा विशेष दख्खल हुनुभएका भण्डारीले विश्वव्यापी स्वास्थ्य प्रणाली (Global Health and Health System) विषयमा अनुसन्धान कार्य गर्नुका साथै नेपाल सरकार, विभिन्न मन्त्रालय, विभागहरू, संयुक्त राष्ट्र सङ्घ, राष्ट्रिय अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी सङ्घसंस्था, नागरिक समाज आदिसंगको समन्वयात्मक भूमिका निर्वाह गर्दै बसाइसराई र स्वास्थ्य क्षेत्रमा लामो समयदेखि काम गर्दै आउनु भएको छ ।

### चेतनाथ कणेल, निवर्तमान अध्यक्ष, (पदेन सदस्य)



नेपानका आजीवन सदस्य श्री चेतनाथ कणेल (गुल्मी) यस संस्थाका निवर्तमान अध्यक्ष तथा पदेन कार्यकारिणी सदस्य हुनुहुन्छ । उहाँ नेपानको पूर्व संयोजक पनि हुनुहुन्छ । सन् १९९७ मा नेपान सदस्य भएदेखि नै उहाँले नेपानको प्रकाशन समितिमा अविच्छिन्न रूपमा र विभिन्न समयमा कार्यकारिणी सदस्यको रूपमा कार्य गर्दै आउनुभएको छ । सहभागीमूलक विकास पद्धति, गरिबमुखी ग्रामीण पर्यटन तथा सहभागीमैत्री तालिम व्यवस्थापनमा उहाँको विशेष दख्खल रहेको छ र ती विषयमा अध्ययन, अनुसन्धान, स्थलगत अभ्यास, लेखन, प्रकाशन तथा तालिम पनि प्रदान गरेको करिब ३२ वर्षको लामो अनुभव रहेको छ । स्रोत व्यवस्थापन विषयमा बेलायतको एडिनवरा विश्वविद्यालयबाट तथा जनप्रशासन विषयमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गर्नुभएका श्री कणेलले काठमाडौं विश्वविद्यालयबाट विकास अध्ययन विषयमा पिएचडी गर्दै हुनुहुन्छ । विकास, शिक्षा र पर्यटनसम्बन्धी उहाँका सयौं लेख-रचनाहरू तथा केही पुस्तकहरू पनि प्रकाशित छन् । साथै उहाँले नेपानबाट प्रकाशित विभिन्न पुस्तकहरूको सम्पादन पनि गर्नुभएको छ । नेपाल सरकार, ओडीए, डीएफआइडी (पाखीबास), यूएनडीपी, एक्सनएड नेपाल, एशियाली विकास बैंक आदि जस्ता विभिन्न संस्थामा लामो समय कार्य गर्नुका साथै अन्तर्राष्ट्रिय पर्यटन परामर्शदाताको रूपमा भियतनाम सरकारको लागि विशेषज्ञ सेवासमेत प्रदान गरिसक्नुभएको छ । 'सहभागिता' सम्पादनका सल्लाहकारको रूपमा रहनुभएका श्री कणेलले नेपाली तथा अङ्ग्रेजी दस्तावेज सम्पादन गर्ने विशेष दख्खल राख्नुहुन्छ । विविध भूमिकामा नेपानलाई महत्वपूर्ण योगदान पुऱ्याउनुभएका श्री कणेल 'प्रसिद्ध सहभागीमूलक विकास लेखन पुरस्कार'का संस्थापक पनि हुनुहुन्छ ।

### दलबहादुर जि.सी. (कोषाध्यक्ष)



सन् १९९८ देखि नेपानसँग आबद्ध रहँदै आउनुभएका श्री दलबहादुर जि.सी. नेपानका साधारण सदस्य हुनुहुन्छ भने वर्तमान कार्यसमितिमा गत वर्षदेखि कोषाध्यक्ष पदमा कार्यरत रहनु भएको छ । उहाँले सन् २००६ देखि २००८ सम्म नेपानको संयोजकको रूपमा समेत कार्य गरिसक्नु भएको छ । उहाँ एड्स विरुद्ध राष्ट्रिय नेटवर्क समूह नेपाल (नानगान) का अध्यक्ष पनि हुनुहुन्छ । यसै सिलसिलामा जि.सी.ले नेपाल सरकारका मन्त्रालयहरू, विभाग, प्रदेश तथा स्थानीय निकायहरूसँग सहकार्यका लागि गरेको समन्वयकारी भूमिका उदाहरणीय रहेको छ । उहाँले त्रिभुवन विश्वविद्यालयबाट ग्रामीणशास्त्र विषयमा स्नातकोत्तर गर्नुभएको छ । विगतमा उहाँले कृषि आयोजना सेवा केन्द्र, न्यु एरा, लुथरन वर्ल्ड फेडेरेशन, क्रस ल्फो नेपाल, नर्मस, सशक्तीकरण समाज नेपाल लगायतका विभिन्न सङ्घ-संस्थामा झन्डै चार दशकको कार्यानुभव हासिल गर्नु भएको छ । फिल्ड सर्वेक्षण, सशक्तीकरण,

पैरवी, प्रशिक्षण, कार्यशाला गोष्ठी, परियोजना व्यवस्थापन, सुशासन, सामुदायिक विकास, संस्थागत विकास तथा व्यवस्थापन क्षेत्रमा उहाँको विशेष दक्षता रहेको छ ।

## अनिरुद्धनाथ शुक्ल (सदस्य)



सन् १९९६ देखि नेपानको सदस्य रहनुभएका श्री शुक्ल सन् २००० देखि नेपानको आजीवन सदस्य हुनुहुन्छ । हाल उहाँ तेस्रोपटक (२०७६-२०७८) नेपानको कार्यसमिति सदस्य हुनुहुन्छ । उहाँले भारतबाट कृषि विषयमा स्नातक तथा त्रिविविबाट समाजशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ । मौरीपालन विषयमा इजरायलबाट अन्तर्राष्ट्रिय कोर्ससमेत गर्नुभएका श्री शुक्ल यस विषयका विशेषज्ञ हुनुहुन्छ । वि.स. २०४० सालमा सरकारी सेवामा प्रवेश गरी कृषि विभागअन्तर्गत व्यावसायिक कीट विज्ञान आयोजना खोपासीमा सहायक व्यावसायिक कीटविज्ञ (तृतीय श्रेणी अधिकृत) भई सेवा शुरु गरी क्रमशः मौरीपालन तालिम तथा प्रसार सेवा आयोजना एसएनभी नेपालद्वारा सञ्चालित परियोजनामा सहायक मौरीविज्ञ रही काम गरिसक्नु भएको छ । उहाँसँग इसिमोड मौरीपालन प्रोजेक्टमा मौरी विशेषज्ञ/मौरी प्रसारकर्ता भई १५ वर्ष काम गर्नुभएको अनुभव पनि छ । इसिमोडपछि बहुराष्ट्रिय कम्पनी डाबरको समेत उहाँसँग अनुभव छ । भुटान, बंगलादेश, भारत, अफगानिस्तान, पाकिस्तान आदि देशहरूमा प्रमुख मौरी प्रशिक्षक भई उहाँले विभिन्न प्रशिक्षणहरू प्रदान गर्नुभएको छ । मौरीपालन क्षेत्रमा उहाँसँग करिब ३५ वर्षको अनुभव छ । हाल लुम्बिनी एपिकल्चर सेन्टरका सञ्चालक एवम् कार्यक्रम निर्देशक श्री शुक्ल नेपालका एक वरिष्ठ मौरी विशेषज्ञ हुनुहुन्छ ।

## तोया गौतम (सदस्य)



श्री तोया गौतम नेपानको कार्यसमितिका सदस्य हुनुहुन्छ । साधारण सदस्य बन्नुभन्दा पहिलेदेखि नै नेपानका विभिन्न क्रियाकलापमा योगदान गर्दै आउनु भएका गौतमको विकास सञ्चार, पत्रकारिता, तालिम सहजीकरण, परियोजना व्यवस्थापन, सामाजिक अध्ययन-अनुसन्धान, लेखन तथा सम्पादनका क्षेत्रमा विशेष दखल रहेको छ । उहाँले बेलायत सरकारको सहयोगमा सञ्चालन भएको पाखीबास कृषि अनुसन्धान केन्द्र, डेनिस सरकारको सहयोगमा नेपाल प्रेस इन्स्टिच्यूटबाट सञ्चालित क्षेत्रीय सञ्चार स्रोत केन्द्रहरू, नेपाल पत्रकार महासङ्घ, कान्तिपुर टेलिभिजन, एम.एस. नेपाल, एक्सनएड नेपाल लगायत विभिन्न संस्थामा सूचना तथा सञ्चार अधिकृत, प्रमुख, परियोजना संयोजक, कार्यक्रम प्रबन्धक, वरिष्ठ सम्पादक, राष्ट्रिय सञ्चार परामर्शदाता आदि पदमा रहेर कार्य गरिसक्नु भएको छ । सन् २०१० पछि विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रमा स्वतन्त्र ढङ्गले परामर्श सेवा प्रदान गर्दै आउनु भएका गौतम हाल ओजस्वी इन्स्टिच्यूसन प्रा.लि.का अध्यक्ष पनि हुनुहुन्छ ।

## शान्ति थापा (सदस्य)



नेपानकी साधारण सदस्य तथा वर्तमान कार्यसमितिकी सदस्य रहनु भएकी श्री शान्ति थापा मगर सन् २०१६ देखि नेपानमा आबद्ध रहँदै आउनु भएको छ । त्रिभुवन विश्वविद्यालयबाट शिक्षा शास्त्रमा स्नातकोत्तर गर्नुभएकी उहाँले विभिन्न स्थानीय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमा आबद्ध भएर एक दशकदेखि परियोजना सञ्चालनको अनुभव बटुल्नु भएको छ । हाल विश्व शिक्षा नेपालमा कार्यरत श्री थापा प्रारम्भिक शिक्षा, सहकारी सञ्चालन तथा लघुवित्तको क्षेत्रमा आफ्नो विशेष दखल तथा चासो राख्नुहुन्छ ।

## भोला भट्टराई (सदस्य)

नेपानको कार्यकारिणी समिति सदस्य श्री भोला भट्टराई करिब २५



वर्षदेखि सहभागितामूलक विकास प्रक्रियामा संलग्न हुनुहुन्छ । ग्रामीण तहदेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय तहसम्म विभिन्न सवालगत संगठन निर्माण गर्ने र सहभागितामूलक पद्धतिका लागि पैरवी गर्नेजस्ता पक्षमा भट्टराईको विशेष योगदान रहेको छ । भट्टराईले हाल स्थानीय तहको नीति, योजना तथा विकास प्रक्रियामा अन्तर्राष्ट्रिय संस्थासँग आबद्ध भई नेपाली नागरिक समाजका संघ-संस्था तथा सञ्चार क्षेत्रको पैरवी क्षमता अभिवृद्धि, सहभागितामूलक पद्धति र प्रमाणमा आधारित नीति निर्माण प्रक्रियामा सहजीकरण गर्दै आउनुभएको छ ।

## विर्ख क्षेत्री (सदस्य)



सन् २००४ मा नेपानमा आवद्ध विर्ख छेत्री यस संस्थाका साधारण सदस्य तथा २५औं कार्य समितिका सदस्य हुनुहुन्छ । सामाजिक अध्ययन अनुसन्धान तथा अभियान, स्थानीय सरकारको योजना तर्जुमा, संस्थागत विकास, साहित्यिक तथा समसामयिक लेखन, सामुदायिक विकास अवधारणा तथा योजना तर्जुमा क्षेत्रमा विशेष रुचि र संलग्नता भएका छेत्रीले स्वीस विकास नियोग, अमेरिकी सहयोग नियोग, क्यानाडियन विकास नियोग, युरोपेली सङ्घ, बेलायती सहयोग नियोग लगायतका थुप्रै परियोजनाहरूमा परामर्श सेवा दिनुभएको छ । सङ्घीय प्रणाली स्थापना यता करीब २ दर्जन स्थानीय तहको प्रोफायल, आवधिक योजना, एकीकृत शहरी विकास योजना, कृषि तथा पर्यटनका क्षेत्रगत योजनाहरू तयार गरिसक्नुभएको छ भने विकाससम्बन्धी करीब १ दर्जन प्रकाशित पुस्तक तथा प्रतिवेदनहरूको सम्पादन गर्नुभएको छ । नेपानबाट प्रकाशित सहभागिता पत्रिकामा उहाँले प्राय: लेखन योगदान गर्दै आउनुभएको छ । छेत्रीले इतिहास विषयमा स्नातक गर्नुभएको छ ।

## विनोद तिमिल्सेना (सदस्य)



सामाजिक विकासको क्षेत्रमा २७ वर्षदेखि कार्यरत श्री विनोद तिमिल्सेना नेपान सदस्य हुनुहुन्छ । नेपानको स्थापनाकालदेखि नै शुभचिन्तक रहदै आउनु भएको उहाँले सहभागिता पत्रिकाको पहिलो अंक निकाल्न समेत योगदान गर्नु भएको थियो । उहाँले त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्रमा स्नाकोत्तर गर्नु भएको छ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा २२ वर्षको अनुभव हासिल गर्नु भएका तिमिल्सेना पत्रकारिता, विकास सञ्चार, फोटोग्राफी, अध्ययन तथा अनुसन्धान, तालिमहरू सहजीकरण, लेखन तथा सम्पादनको क्षेत्रमा दक्ष हुनु हुन्छ । साथै, सार्वजनिक शिक्षा, बाल केन्द्रित शिक्षक सिकाइ, विपद् व्यवस्थापन र योगमा उहाँको राम्रो अनुभव छ । उहाँले समसामयीक विषय र सामाजिक सवालमा राष्ट्रियस्तरका पत्रपत्रिकामार्फत कलम चलाउँदै आउनु भएको छ । हाल उहाँ स्वतन्त्र परामर्शदाताको रूपमा कार्यरत हुनुहुन्छ ।

## डा. मीनाक्षी दाहाल (सदस्य)



प्रारम्भिक बाल विकास र शिक्षाको क्षेत्रमा विगत दुई दशकदेखि कार्यरत नेपानकी आजीवन सदस्य डा. मीनाक्षी दाहालले त्रिभुवन विश्वविद्यालयबाट प्राणी शास्त्रमा स्नातकोत्तर र काठमाडौं विश्वविद्यालयको स्कुल अफ एजुकेशनबाट विकास अध्ययनमा एम.फिल. र बालबालिकाको भाषिक तथा पठनसीप विषयमा विद्यावारिधी गर्नुभएको छ । उहाँ नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, राष्ट्रिय योजना आयोग, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूमा परामर्शदाता तथा अनुसन्धान कार्यमा लामो समयदेखि सक्रिय हुनुहुन्छ । कोभिड १९ को महामारीको अवस्थामा विभिन्न कार्यक्रममा बालबालिकाको सिकाइ र विकासका सन्दर्भमा उहाँका विचारहरू लेख रचना, अन्तर्वाता तथा वेबिनारहरू मार्फत सम्प्रेषित भइरहेका छन् । उहाँका विभिन्न शोध, अध्ययन, अनुसन्धान तथा समय सान्दर्भिक विश्लेषणात्मक लेखहरू नियमित रूपमा राष्ट्रिय अन्तर्राष्ट्रियस्तरका जर्नल तथा पत्रपत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । USA स्थित Childhood Education International (CEI) मार्फत बालबालिकाको अधिकारको लागि Advocacy Ambassdor को रूपमा आवद्ध हुनुहुन्छ । उहाँले USA l:yt Childhood Education International (CEI) tyf Childcare Exchange magazine बाट Exceptional Emerging Leader को सम्मान (अवार्ड) प्राप्त गर्नुभएको छ ।

## रुपा बस्नेत (सदस्य)



वि.सं. २०६९ मा नेपानसंग आवद्ध हुनुभएकी बस्नेत हाल कार्यसमिति सदस्य हुनुहुन्छ । त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्यमा र जेन्डर स्टडिज्मा स्नातकोत्तरको उपाधि लिनुका साथै चिनको सिचुवान युनिभर्सिटीबाट पोष्ट ग्राजुएटको शिक्षा लिनुभएको छ । हाल उहाँ सञ्चारिक समूहमा आवद्ध हुनुहुन्छ । उहाँले रुपान्तरण नेपालको बहुसरोकारवाला वन कार्यक्रममा लैङ्गिक

तथा सामाजिक समावेशीकरणको संयोजकको रूपमा कार्य गर्नुभएको थियो । बस्नेतले विभिन्न अध्ययन, अनुसन्धान तथा लैङ्गिक तथा सामाजिक समावेशीकरणको विषयमा आफ्नो दक्षता राख्दै आउनुभएको छ ।

## रुपा मुनाकर्मी (सदस्य)



रुपा मुनाकर्मी काठमाडौं विश्वविद्यालयवाट डेनिश फेलोसिपमा शिक्षकको पेशागत सदाचारिताको विषयमा विद्यावारिधि गर्दै हुनुहुन्छ। काभ्रे निवासी मुनाकर्मी लामो समय शिक्षकको रूपमा कार्यरत रहि विभिन्न सामाजिक सङ्घसंस्थामा अनुभव गरी आफ्नो अध्ययनलाई अगाडी बढाउनुभएको छ । काठमाडौं विश्वविद्यालयबाट दर्शनाचार्यको उपाधि लिनुका साथै विद्यालयमा अभिभावकको सहभागिता विषयमा विभिन्न प्रकाशनहरू प्रकाशित गर्नुभएको छ। मुनाकर्मीले गुणस्तरीय शिक्षा, शान्ति संस्कारको विकास, लैङ्गिक समानता, समावेशीकरण, छाउपडि प्रथा र विद्यालय सुशासनमा विभिन्न शोध गर्नुभएको छ । सन् २०१४ देखि नेपान सदस्यको रूपमा रहनुभएको मुनाकर्मी २०१७ देखि कार्य समितिमा समेत आवद्ध हुनुहुन्छ। उहाँ जीलु:निभा बाल सरोकार केन्द्र, रोटरी तथा नेल्टा आदि जस्ता सङ्घसंस्थामा सक्रिय रूपमा आवद्ध हुनुहुन्छ ।

## सुनीलकुमार यादव (सदस्य)



नेपानका आजीवन सदस्य श्री यादव (सर्लाही) सन् २०१६ देखि नेपानमा आवद्ध हुनुहुन्छ। वाणिज्य शास्त्रमा त्रिविविवाट स्नातक गर्नुभएका उहाँले सन् २००९ देखि नै विभिन्न स्थानीय गैरसरकारी संस्थामा रही अन्तर्राष्ट्रिय गैससँगको सहकार्यमा थुप्रै परियोजना सञ्चालनको अनुभव बटुल्नु भएको छ । शिक्षा, विपद् व्यवस्थापन, जीविकोपार्जन, गरिबी निवारण र खानेपानी तथा सरसफाइजस्ता विविध विकासमूलक विषयको स्थलगत अभ्यासमा उहाँ विशेष दखल राख्नुहुन्छ। करिब दुई वर्ष स्थानीय सहकारी संस्थाको अध्यक्ष पदसमेत सम्हाल्नुभएका श्री यादवले आफ्नो क्षेत्रमा विभिन्न सहकारी संस्थाहरू स्थापनामा सहजीकरणसमेत गर्नुभएको छ। हाल उहाँ सर्लाहीमा सक्रिय संस्था 'बाल विकास नेपाल' (सीडीएन) मार्फत् तराई-मधेसमा बालमैत्री विद्यालय, बालमैत्री पालिका बनाउनको लागि अभियानमूलक कार्यमा संलग्न हुनुहुन्छ ।

## नेपानको स्रोतकेन्द्र प्रवर्द्धनार्थ

- सहभागीमूलक विकाससम्बन्धी प्रकाशन, भिडियो, स्लाइड, फोटो आदि जे उपलब्ध गराउन सकिन्छ, उपलब्ध गराऔं ।
- सम्बन्धित प्रकाशकहरूसँग आपसी आदान-प्रदान गर्नेगरी प्रकाशन तथा प्रसारण गर्नका लागि आफूलाई जानकारी भएसम्मका प्रकाशकहरूसँग सम्पर्क बढाऔं र नेपान सचिवालयमा जानकारी गराऔं ।
- आफूलाई उत्कृष्ट लागेका विकाससम्बन्धी सवालका पुस्तकहरूको विवरण उपलब्ध गराऔं ।
- जे जसरी सकिन्छ नेपान स्रोत केन्द्र प्रवर्द्धन गर्नका लागि योगदान पुऱ्याऔं ।
- नेपान स्रोत केन्द्र अबदेखि डिजिटलाइज्ड भर्सनमा निकट भविष्यमा उपलब्ध हुने भएकोले यहाँको सहभागिता र सहकार्यको अपेक्षा गर्दछौं ।
- यहाँहरूलाई नेपान स्रोत केन्द्र प्रयोगका लागि उपलब्ध हुनेछ ।
- नेपानको सदस्य बनी यसको उपयोगिता अझै बढाऔं । नेपान एक स्वयंसेवी संस्था भएकोले स्वयंसेवा गर्न चाहने व्यक्तिहरूलाई हामी अझ प्रेरित गर्दछौं ।

नेपाल, नेपाली र नेपान

**नेपान सचिवालय**

# नेपान गतिविधिहरू

विश्वव्यापी महामारीको रूपमा देखा परेको कोभिड-१९ र यसका कारण भएको देशव्यापी बन्दाबन्दीको अवस्था र आवश्यक स्रोत-साधनको संकुचनका कारण मुलुकका अन्य थुप्रै सामाजिक संघ-संस्थाहरू झैँ गएको वर्ष नेपानले पनि आफ्ना क्रियाकलापहरूमा सोचेजस्तो सक्रियता र तीव्रता प्रदर्शित गर्न निसन्देह कठिन परिस्थिति रह्यो । यद्यपि सम्भव भएसम्मका उपायहरू अपनाउँदै नेपानले यस कठिन वर्षमा पनि विभिन्न क्रियाकलापहरू सञ्चालन गरेको थियो । त्यस्ता मूलभूत क्रियाकलापहरू निम्नानुसार रहेका छन् ।

## नेपानको २६ औं वार्षिक साधारणसभा

नेपाल सहभागीमूलक कार्य समूह (नेपान) को २६ औं वार्षिक साधारणसभा २०७७ असोज ३ गते शनिवारका दिन भर्चुअल माध्यमबाट सम्पन्न भएको थियो । नेपानका अध्यक्ष फणिन्द्र भण्डारीको अध्यक्षतामा सम्पन्न सो साधारणसभामा प्रमुख अतिथिको रूपमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य मीनबहादुर शाही रहनुभएको थियो । सभामा अतिथिको रूपमा गाउँपालिका राष्ट्रिय महासंघ, नेपालका अध्यक्ष र सप्रोस नेपालका केन्द्रीय कार्यक्रम निर्देशक तथा नेपानका पूर्व अध्यक्षहरू, संस्थापकहरू एवम् नेपान सदस्यहरू, आमन्त्रित अतिथि एवम् विभिन्न सङ्घसंस्थाबाट सहभागी हुनु भएका नेपानका शुभचिन्तकहरूको उपस्थिति उल्लेखनीय रहेको थियो । कार्यक्रममा प्रमुख अतिथिको रूपमा रहनुभएका शाहीले नेपानले आफ्ना विभिन्न क्षेत्रका विज्ञ सदस्यहरूको सक्रियतामा महत्वपूर्ण कार्यहरू गर्दै आएको र नेपान एउटा महत्वपूर्ण बौद्धिक थलोको रूपमा रहेको बताउनु भयो । उहाँले नेपानको २६ औं वार्षिक साधारणसभाको सफलताको कामना गर्दै नेपालका विभिन्न विकास प्रयास र सामाजिक रुपान्तरणका क्षेत्रमा विशेषज्ञतापूर्ण भूमिका खेलिरहेको नेपानसँग नेपालको राष्ट्रिय योजना आयोगले सहकार्य गर्दै जान चाहेको उल्लेख गर्नुभयो ।

सोही कार्यक्रममा नेपानका निवर्तमान अध्यक्ष चेतनाथ कणेल र उहाँको परिवारले नेपानमा स्थापना गरेको 'प्रसिद्ध सहभागीमूलक विकास लेखन पुरस्कार' २०७७ सालका लागि नेपालको दलित जागरण अभियान तथा सीमान्तकृत विकास बहस र समावेशीकरणमा लामो समयदेखि लेखन, पुस्तक प्रकाशन तथा पैरवी गर्दै आउनुभएका डा. मानबहादुर विश्वकर्मालाई प्रदान गरिएको थियो ।

त्यसैगरी नेपानका लागि स्वयम्सेवी योगदानको रूपमा 'पार्टिसिपेसन' जर्नल तथा 'सहभागिता' म्यागाजिनजस्ता प्रकाशनहरूमा अमूल्य सहयोग गर्नुहुने नेपान संस्थापकमध्येका एक तथा आजीवन सदस्य डा. अनोज क्षेत्री र आजीवन सदस्य श्रीराम के.सी.लाई 'उत्कृष्ट सदस्य'को रूपमा सम्मान गरिएको थियो । त्यसैगरी उत्कृष्ट कर्मचारी पुरस्कार चन्द्रबहादुर सर्तुङ्गेलाई प्रदान गरिएको थियो ।

साधारणसभाले नेपानका कोषाध्यक्ष तेजबहादुर सुनार र सदस्यद्वय पद्मा शाक्य एवम् पदम भुसालको पदावधि सम्पन्न भएकाले उहाँहरूको योगदानको उच्च कदर गर्दै उहाँहरूको ठाउँमा कोषाध्यक्षमा दलबहादुर जि.सी. तथा सदस्यहरूमा भोला भट्टराई र शान्ति थापालाई चयन गरेको थियो ।

सभामा नेपानका पूर्व अध्यक्षहरू रमेशकुमार सिंह, डा. शिवेशचन्द्र रेग्मी, डा. विनोद भट्ट, छिङ्बल्हमु शेर्पा, राघवराज रेग्मी, मानबहादुर थापा र तेजराज दाहाललगायत नेपानका सदस्यहरूले आ-आफ्ना महत्वपूर्ण विचारहरू प्रस्तुत गर्नुका साथै छलफलमा सक्रिय सहभागिता जनाउनु भएको थियो ।

## परियोजना गतिविधिहरू

कोभिड-१९ महामारीकै कठिन परिस्थितिका बीचमा पनि २०७७/७८ मा नेपानले सप्रोस नेपाल-डी.एफ.आई.डी.को सहयोग तथा मोट म्याकडोनाल्डको व्यवस्थापनमा सञ्चालित *पूर्णिमा परियोजनाअन्तर्गत सम्बोधन परियोजना*का बाँकी अवधिका कार्यहरू सम्पन्न गरिएका थिए भने राष्ट्रिय योजना आयोगसँगको सहकार्यमा नेपालका लागि 'एकीकृत प्रतिवेदनको राष्ट्रिय ढाँचा' निर्माण गर्ने कार्य सम्पन्न गरिएको थियो ।

यसैगरी, नेपानद्वारा एसिया फाउन्डेसनको सहयोगमा नेपालमा कार्यरत चारवटा संस्थाहरूको *संस्थागत सुदृढीकरण योजना तथा कार्यान्वयनसम्बन्धी क्षमता अभिवृद्धि*का कार्यहरू सञ्चालन गरी कुशलतापूर्वक सम्पन्न गरिएका थिए ।

नेपालद्वारा हाल सञ्चालन भइरहेको परियोजनाको रूपमा दिगो विकास लक्ष्यको स्थानीयकरणको अवस्था विश्लेषण रहेको छ । यूएनडीपीको सहयोग र राष्ट्रिय योजना आयोगसँगको सहकार्यमा सञ्चालन भइरहेको यस परियोजनाले नेपालका सातवटै प्रदेश र प्रतिनिधिमूलक २८ वटा पालिकाहरूमा दिगो विकास लक्ष्यको स्थानीयकरणको हालको अवस्थाको समग्र अध्ययन, विश्लेषण गरी आगामी दिनमा नेपालमा दिगो विकास लक्ष्यलाई प्रभावकारी रूपमा स्थानीयकरण गर्नका लागि सिफारिससहितको प्रतिवेदन तयार गर्ने उद्देश्य राखेको छ ।

## मासिक अन्तर्क्रिया तथा छलफल कार्यक्रम

अघिल्लो वर्ष झैं आ.व.२०७७/७८ समेत कोभिड-१९ महामारीले अस्तव्यस्त रहँदा रहँदै पनि नेपालले महत्वपूर्ण राष्ट्रिय सवालहरूमा विचार र बहस गरिने मञ्चको रूपमा सञ्चालन गर्दै आएको मासिक अन्तर्क्रिया कार्यक्रमका चारवटा शृङ्खलाहरू सम्पन्न गरेको छ । यी शृङ्खलाहरूमा रिफ्लेक्ट पद्धति, जे.पी.बी.एस. र यसको मानवीय पद्धति/शैक्षिक योगदान, दिगो विकास लक्ष्यको स्थानीयकरण एवम् संघीयताका सन्दर्भमा वडा समितिहरूको भूमिका : चुनौती र अवसरहरूजस्ता विषयहरू रहेका थिए । ती शृङ्खलाका प्रस्तुतकर्ताहरू क्रमशः श्री महन्तबाबु महर्जन, डा. महेश पन्त, श्री गणेशबहादुर राउत र श्री भोला भट्टराई रहनु भएको थियो ।

## सहकार्यात्मक कार्यक्रमहरूको आयोजना

नेपालले आ.व.२०७७/७८ मा विभिन्न सञ्जाल, प्राज्ञिक निकाय र संस्थाहरूसँग मिलेर पनि केही महत्वपूर्ण कार्यक्रमहरू आयोजना गरेको थियो । जसमा एच.आई.भी.को सन्दर्भमा कार्यरत नेपालको राष्ट्रिय स्तरको सञ्जाल 'एड्स विरुद्ध राष्ट्रिय नेटवर्क समूह, नेपाल (नानगान)' सँग मिलेर एच.आई.भी., स्वास्थ्य र विकास विषयक 'प्रथम राष्ट्रिय नागरिक समाज सम्मेलन'को सफलतपूर्वक सहआयोजना गरेको थियो । सन् २०२० को नोभेम्बरमा आयोजित सो सम्मेलनमा राष्ट्रिय योजना आयोग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, युनिसेफ, युएनएड्स, एफ.एच.आई. ३६०, सेभ द चिल्ड्रेन लगायतका संस्थाहरूको सहयोग र सहकार्य रहेको थियो । सो सम्मेलनको मुख्य सहजीकरण नेपालका तर्फबाट यसका अध्यक्ष फणिन्द्र भण्डारीले गर्नु भएको थियो ।

सन् २०२० को नोमेम्बरमै नेपालले 'द स्कूल अफ साइकोलोजी, नेपाल (टि.एस.ओ.पी. नेपाल)' सँगको सहकार्यमा मानसिक स्वास्थ्यका सवाल र एच.आई.भी./एड्ससम्बन्धी विषयमा छलफल कार्यक्रमको सहआयोजना गरेको थियो ।

यसैगरी, काठमाडौं विश्वविद्यालयसँग मिलेर नेपालले सन् २०२१ अप्रिलमा 'पर्फरमेन्स मेजरमेन्ट अफ लोकल गभर्मेन्ट अन एकेडेमिया एण्ड प्राक्टिस कोलाबोरेसन' का सन्दर्भमा विशेष छलफल कार्यक्रमको सहआयोजना गरेको थियो ।

## प्रकाशन कार्य

यस अवधिमा पनि विगतका अवधिहरूमा झैं नेपालले आफ्ना महत्वपूर्ण प्रकाशनहरू अङ्ग्रेजी भाषाको 'पार्टिसिपेसन' (२० औं अंक) र नेपाली भाषाको 'सहभागिता' (५४औं अंक) प्रकाशन गरेको छ । यी प्रकाशनहरूमा अनुसन्धानमूलक सामग्रीहरूका साथै विकास, सामाजिक रूपान्तरण, नीति-निर्माण, क्षमता अभिवृद्धि र समसामयिक सन्दर्भहरूमा विचारोत्तेजक एवम् प्राज्ञिक लेखहरू प्रकाशन गरिएका छन् । स्रोत र समग्र परिस्थितिको कठिनाइका बावजुद यी प्रकाशनहरूलाई अनलाइन संस्करणका रूपमा अगाडि ल्याइएको छ । यसैगरी २०७८ का दुवै प्रकाशनमा दिगो विकास लक्ष्य र स्थानीयकरणको सवाललाई विशेष रूपमा समेट्ने कार्य भएको छ ।

## अन्य गतिविधिहरू

उल्लिखित क्रियाकलापहरूका अलावा यस वर्ष नेपालका पूर्वअध्यक्षहरूसँग समसामयिक सन्दर्भहरूमा विशेष छलफल गर्दै वर्तमान कार्यसमितिले मार्गनिर्देश लिने, नेपालबाट प्रदान गरिने पुरस्कार कोषहरू व्यवस्थित गर्ने, भर्चुअल माध्यमबाट भए पनि नेपालका आन्तरिक बैठक तथा छलफलहरूलाई निरन्तरता दिँदै अघि बढ्ने, नेपालको उद्देश्यसँग मेल खाने महत्वपूर्ण वाह्य बैठक तथा छलफलहरूमा भाग लिई नेपालका दृष्टिकोणहरू प्रस्तुत गर्ने, सम्भाव्य परियोजनाहरूका लागि प्रस्तावहरू तयार गरी पेस गर्ने, कठिन परिस्थितिका बीच पनि नेपाल स्रोत केन्द्र र सचिवालय सञ्चालन गर्ने तथा अन्य आवश्यकीय कार्यहरूलाई नियमित ढङ्गले अघि बढाइरहनेजस्ता गतिविधिहरू सधैंझैं सञ्चालन गरी नेपाललाई कोभिड-१९ का कारण आमजनजीवन नै अस्तव्यस्त रहेको समयमा पनि जीवन्त संस्थाको रूपमा अघि बढाइरहने कार्यहरू गरिएका थिए ।

# एक वास्तविकता




शब्द/अवधारणा: बी.डी. गुरुङ  चित्र: भरत राई